# नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली विभागको
स्नातकोत्तर तह (एम.ए.) द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी
शिव पराजुली
त्रि.वि. दर्ता नं.: ६-३-१८-७८४-२००५



**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन
२०६७

# परिच्छेद एक

# शोध परिचय

## १.१ शोधपरिचय

नेपाली साहित्यको विकासयात्रामा आधुनिक काल सुरू भएपछि मात्र साहित्यका हरेक विधातर्फ उन्नति हुन लागेको हो । यद्यपि नवलपरासी जिल्ला भौगोलिक अवस्थिति, औलो रोगको प्रकोप, यातायातको असुविधा, आदिवासी जातिजनजातिका तत्कालीन समयमा शैक्षिक चेतनाको कमी जस्ता विभिन्न कारणले गर्दा यस जिल्लाको साहित्यिक क्षेत्रमा विकास हुन सकेको थिएन । २०११ सालदेखि पहाडी क्षेत्रलगायतका विभिन्न ठाउँबाट यस क्षेत्रमा मानिसहरू बसाइँ सरेर आउन थालेपछि यहाँको विविध क्षेत्रमा परिवर्तन आउन थालेको देखिन्छ । लुम्बिनी अञ्चलका सबै जिल्लाहरूमा साहित्यिक वातावरणको सृजना गर्ने उद्देश्यले स्थापना भएको **लुम्बिनी साहित्य परिषद्** (वि.सं. २०२१) ले वि.सं. २०३१ सालमा **लुम्बिनी सांस्कृतिक मण्डलको** गठन गरी नवलपरासी जिल्लामा समेत सांस्कृतिक कार्यक्रम गरेकाले यस जिल्लामा साहित्यिक सङ्घ-संस्थाहरू जन्माउन पृष्ठभूमिको रूपमा काम गरेको पाइन्छ । वि.सं. २०४४ माघ २४ गते **समस्मृति साहित्यिक सेवा समितिको** स्थापना भएदेखि वर्तमान समयसम्म स्थापित करिब १ दर्जनभन्दा बढी सङ्घ-संस्थाहरूमध्ये **त्रिवेणी साहित्य परिषद्, नवलपरासी साहित्य परिषद्, प्रेमा वाङ्मय प्रतिष्ठान, लक्ष्मी स्मृति साहित्य समाज** प्रमुख छन् । यिनै साहित्यिक सङ्घ-संस्थाहरूको व्यवस्थित अध्ययनमा केन्द्रित रहेर यस शोधपत्रका लागि **नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको अध्ययन** शीर्षक चयन गरिएको हो ।

## १.२ समस्याकथन

नवलपरासी जिल्लामा रहेका साहित्यिक सङ्घ-संस्थाहरूको व्यवस्थित र प्रामाणिक अध्ययन हुन सकेको छैन, यसैले नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको व्यवस्थित अध्ययन नै यस शोधपत्रको समस्या रहेको छ । प्रस्तुत शोधपत्रका खास समस्याहरू यसप्रकार छन् :-

क) नवलपरासी जिल्लामा के-कस्ता र कति साहित्यिक सङ्घ-संस्थाहरू छन् ?

ख) यस जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूले के-कस्ता साहित्यिक गतिविधिहरू गरेका छन् ?

ग) यस जिल्लाका साहित्यिक पत्रपत्रिका के-कस्ता छन् ?

घ) यस जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूले के कति कृति प्रकाशन गरेका छन् ?

ङ) यस जिल्लाका प्रमुख प्रतिभा र प्रमुख कृतिहरूको परिचय के रहेको छ ?

यो शोधपत्र यिनै समस्यामा केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

नवलपरासी जिल्लामा विगतदेखि वर्तमानसम्म थुप्रै साहित्यिक सङ्घ-संस्थाहरूको स्थापना भएको छ । तीमध्ये कतिपय जिल्ला प्रशासन नवलपरासीमा दर्ता भएका छन् भने कति नभइकन पनि आफ्ना साहित्यिक गतिविधिहरू सञ्चालन गरिरहेका छन् । यसै परिप्रेक्ष्यमा उपर्युक्त समस्याहरूलाई केन्द्र बनाई यस शोधकार्यका प्रमुख उद्देश्यहरू यसप्रकार निर्धारण गरिएका छन् :-

क) नवलपरासी जिल्लामा भएका साहित्यिक सङ्घ-संस्थाहरूको खोजी गरी परिचय दिनु ।

ख) यस जिल्लामा रहेका साहित्यिक सङ्घ-संस्थाहरूले गरेका साहित्यिक गतिविधिहरूको अध्ययन गर्नु ।

ग) यस जिल्लाका साहित्यिक पत्रपत्रिकाको परिचय दिनु ।

घ) यस जिल्लाका प्रमुख प्रतिभा र प्रमुख कृतिहरूको सामान्य परिचय दिनु ।

ङ) यस जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूले प्रकाशन गरेका कृतिको परिचय दिनु।

यो शोधकार्य यिनै उद्देश्यका अधीनमा रही तयार गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरू विगत दुई दशकभन्दा पूर्वदेखि यस जिल्लामा स्थापना भई साहित्यिक गतिविधिहरूमा संलग्न रहेको पाइन्छ । तर पनि छिटफुट रूपमा यी सङ्घ-संस्थाहरूको विभिन्न पत्रपत्रिकामा सामान्य टिप्पणीहरू मात्र भएको पाइन्छ । विवरणात्मक रूपमा मात्र भएका यस्ता कार्यले साहित्यिक सङ्घ-संस्थाहरूको योगदान र महत्त्वलाई समेट्न नसकेकोले यस्ता सङ्घ-संस्थाहरूको व्यवस्थित अध्ययन हुनु आवश्यक देखिन्छ । नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूका बारेमा भएका पूर्वकार्यको कालक्रमिक विवरण यसप्रकार छः-

क) श्रीज्ञानु सिंहले लेखेको ***परासीको साहित्यिक यात्रा, स्वदेश*** वर्ष १०, अङ्क २, २०४५ पृष्ठ ३३, मा समस्मृति साहित्यिक सेवा समितिको साहित्यिक कार्यको उल्लेख गरेको पाइन्छ ।

ख) नारायणप्रसाद खनाल, ***नलेखिएको इतिहासः त्रिवेणी साहित्य परिषद् नवलपरासी,*** **साप्ताहिक चितवन** वर्ष २, अङ्क २४, २०५४ पृष्ठ सङ्ख्या २ मा त्रिवेणी साहित्य परिषद्ले गरेका कामको चर्चा गरेको पाइन्छ ।

ग) भगवती अर्यालले **नवलपरासी जिल्लाका साहित्यिक गतिविधि** शीर्षकमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा २०५६ मा प्रस्तुत गरेको अप्रकाशित शोधग्रन्थ स्नातकोत्तरको पृष्ठ सङ्ख्या ७० मा नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको बारेमा चर्चा गरेको पाइन्छ साथै भगवती अर्याल ( पाण्डे) ले नै नवलपरासीको साहित्यिक गतिविधि नामक कृति, २०६३ को पृष्ठ संख्या १६१-१६५ मा ***नवलपरासीका साहित्यिक सङ्घ-संस्थाहरू र तिनको योगदान*** (प्रकाशकः लालीगुराँस मासिक र अन्य) शीर्षकमा पृष्ठभूमिसहित साहित्यिक सङ्घ-संस्थाहरूको चर्चा गरेको पाइन्छ ।

घ) टङ्कप्रसाद पौडेलले **गोविन्दराज विनोदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकमा वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग भरतपुरमा २०६० सालमा प्रस्तुत गरेको अप्रकाशित स्नातकोत्तर शोधपत्र पृष्ठ सङ्ख्या ७ मा कवि गोविन्दराज विनोदी आबद्ध रहेको नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाको परिचय दिएको पाइन्छ ।

ङ) भूपेन्द्र शर्मा भट्टराईले **नवलपरासीका साहित्यिक व्यक्ति र कृति ग्रन्थ** (साहित्य र पत्रपत्रिकाको संक्षिप्त इतिहास) (प्रकाशकः श्यामप्रसाद श्रेष्ठ २०६२ पृष्ठ सङ्ख्या १, २) मा नवलपरासीका साहित्यकारहरूको परिचय र कृतिको चर्चा गर्ने क्रममा साहित्यकारहरू आबद्ध साहित्यिक सङ्घ-संस्थाको नाम उल्लेख मात्र गरेको पाइन्छ।

च) टङ्कप्रसाद काफ्लेले **नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्वगत विशेषता** शीर्षकमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा २०६३, पृष्ठ सङ्ख्या २५, २६ मा प्रस्तुत गरेको अप्रकाशित शोधग्रन्थमा नवलपरासी जिल्लाका सङ्घ-संस्थासँग आबद्ध कविहरूको कृतित्वगत विशेषता दिने क्रममा साहित्यिक सङ्घ-संस्थाको सामान्य चिनारी गराएको पाइन्छ ।

माथिको विवरणहरूबाट नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको सम्बन्धमा छिटफुट रूपमा केही अध्ययन भएको देखिए पनि एउटै कृतिमा पूर्ण रूपले अध्ययन अनुसन्धान भने भएको देखिँदैन । त्यसैले नवलपरासी जिल्लाको साहित्यिक सङ्घ-संस्थाहरूको अध्ययन समग्र रूपमा यस शोधपत्रमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

नवलपरासी जिल्लाको साहित्यिक इतिहास छोटो छ तर यसले सिङ्गो नेपाली साहित्य आकाशमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । नवलपरासी जिल्लालाई कर्मक्षेत्र बनाएर यहाँको साहित्य, सङ्गीत र कला जस्ता अत्यन्तै महत्त्वपूर्ण विषयलाई अग्रगामी दिशातिर उन्मुख गराउँदै साहित्यको उत्थान गर्ने हेतुले यस जिल्लामा थुप्रै साहित्यिक सङ्घ-संस्थाहरू स्थापना भएका छन्। नवलपरासीका साहित्यकारले रचना गरेका साहित्यिक कृतिहरूको प्रकाशन, स्रष्टा सम्मान वा अभिनन्दन नव आगन्तुक स्रष्टा वा नवप्रतिभाहरूको खोजी गरी प्रेरणा-प्रोत्साहन दिने, विभिन्न विधाका साहित्यिक गौरव र गरिमालाई प्रस्तुत गर्दै आएका नवलपरासीको साहित्यिक सङ्घ-संस्थाहरूको बारेमा हालसम्म सामान्य टीकाटिप्पणी र चर्चा मात्र भएको पाइन्छ । जिल्लाभित्र रहेका स्रष्टाका सिर्जनालाई जन्म दिएर राष्ट्र तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत परिचित गराउँदै नवलपरासीको साहित्य जगत्‌लाई बलियो पार्ने यस्ता सङ्घ-संस्थाहरूको तथ्यपरक व्यवस्थित अध्ययन गर्नु निकै महत्त्वपूर्ण र आवश्यक कार्य हो । यस शोधकार्यबाट नवलपरासीका साहित्यिक सङ्घ-संस्थाहरूको बारेमा जान्न इच्छुक व्यक्ति, साहित्यानुरागी पाठक र अनुसन्धानकर्ता लाभान्वित हुनेछन् । यिनै कुराहरूबाट नै प्रस्तुत शोधकार्यको महत्त्व र औचित्य रहनेछ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको अध्ययनसँग सम्बन्धित रहेको छ । भौगोलिक दृष्टिले यस जिल्लाभित्र स्थापना भई जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका वा दर्ता नभई साहित्यिक उत्थान र कार्यमा सक्रिय रहेका साहित्यिक सङ्घ-संस्थाहरूको यस शोधपत्रमा अध्ययन गरिएको छ । यस जिल्लाभित्र स्थापना भएका साहित्यिक सङ्घ-संस्था, तिनका साहित्यिक गतिविधि, योगदान, ती सङ्घ-संस्थाबाट प्रकाशित कृति अभिनन्दन वा पुरस्कार, साहित्यिक कार्यक्रम, भावी योजना र साहित्यिक पत्रपत्रिकाहरूको परिचयात्मक अध्ययन गर्नु यस शोधपत्रको मुख्य क्षेत्र रहेको छ । साहित्यिक सङ्घ-संस्थासँग आबद्ध साहित्यकारको जीवनी र व्यक्तित्वलाई सामग्रीको रूपमा नलिएर तिनको परिचय दिनु मात्र यस शोधपत्रको सीमा क्षेत्र रहेको छ ।

## १.७ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा क्षेत्रीय र पुस्तकालयीय अध्ययन विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । क्षेत्रीय अध्ययनद्वारा सामग्री सङ्कलन गर्ने क्रममा सङ्घ-संस्थाका पदाधिकारीहरूसँग प्रत्यक्ष भेटघाट, अन्तर्वार्ता, लिखित तथा मौखिक जानकारी गरी सामग्री सङ्कलन गर्ने, सङ्घ-संस्थामा आबद्ध साहित्यकार र व्यक्तिहरूसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्पर्क गरी सामग्री सङ्कलन गरिएको छ । पुस्तकालयीय अध्ययन विधिद्वारा सामग्री सङ्कलन गर्ने क्रममा विभिन्न सङ्घ-संस्था र व्यक्तिगत प्रयासबाट प्रकाशित पुस्तकहरू एवम् पत्रपत्रिकाहरूमा प्रकाशित सङ्घ-संस्थाका समीक्षात्मक लेखहरूलाई अँगालिएको छ । जिल्लाभित्र रहेका साहित्यिक सङ्घ-संस्थाहरूबाट प्रकाशित कृतिमा लेखिएको प्रकाशकीयहरू पनि सामग्री सङ्कलनको स्रोत बन्नेका छन। विशेषतः साहित्यिक सङ्घ-संस्थासँग आबद्ध व्यक्ति, सङ्घ-संस्थाबाट उपलब्ध अभिलेखहरू प्रमुख स्रोतका आधार मानिएको छ ।

## १.८ शोधविधि

सामग्री सङ्कलनका क्रममा विभिन्न स्रोतबाट उपलब्ध सामग्रीहरूको विवेचना गर्ने क्रममा निगमनात्मक विधि अपनाइएको छ साथै आवश्यकता अनुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक, व्याख्यात्मक वा ऐतिहासिक पद्धति अपनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्रको संरचनालाई सन्तुलित र व्यवस्थित ढङ्गले प्रस्तुत गर्नका लागि पाँचवटा परिच्छेदमा विभाजन गरिएको छ ।

**क) पहिलो परिच्छेद :- शोधपत्रको परिचय**

**ख) दोस्रो परिच्छेद :- नवलपरासीको साहित्यिक रूपरेखा**

**ग) तेस्रो परिच्छेद :- नवलपरासी जिल्लाको साहित्यिक सङ्घ-संस्थाहरूको अध्ययन**

**घ) चौथो परिच्छेद :- नवलपरासी जिल्लाका प्रमुख प्रतिभाहरू र तिनका प्रमुख कृतिहरूको सामान्य परिचय**

**ङ) पाँचौ परिच्छेद :- उपसंहार**

यसरी प्रस्तुत शोधपत्रको पहिलो परिच्छेद शोधपत्रको परिचयको रूपमा रहेको छ । यस अन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि र शोधपत्रको रूपरेखा जस्ता शोधका औपचारिक शीर्षकहरू रहेका छन् । दोस्रो परिच्छेदमा नवलपरासी जिल्लाको परिचय, यस जिल्लाको साहित्य सिर्जना परम्परा रहेको छ । तेस्रो परिच्छेद यस शोधपत्रको मुख्य अङ्गको रूपमा रहेको छ । शोधपत्रको शीर्षकअनुसार नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको नाम, तिनीहरूका सम्पूर्ण गतिविधि र योगदानको वस्तुपरक विश्लेषण यस परिच्छेदमा गरिएको छ । चौथो परिच्छेदमा यस जिल्लाका प्रमुख प्रतिभाहरू र तिनका प्रमुख कृतिको सामान्य परिचय रहेको छ । पाँचौं परिच्छेदमा उपसंहार रहेको छ । यसमा पहिलो परिच्छेददेखि चौंथो परिच्छेदसम्मको सारांश दिइएको छ ।

यस प्रकार शोधपत्रको आवश्यक पूर्व भागका साथै मुख्य भाग समावेश गरिएको छ र पश्च भागका लागि सन्दर्भ सामग्रीसूची समावेश गरिएको छ । साथै परिशिष्ट १ मा यस शोधपत्रमा विभिन्न व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताको प्रश्नावली नमूना र अध्ययन गरिएको जिल्ला नवलपरासीको भौगोलिक नक्सा परिशिष्ट २ मा राखिएको छ । यसरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

## नवलपरासीको साहित्यिक रूपरेखा

### २.१ नवलपरासी जिल्लाको परिचय

यस शीर्षक अन्तर्गत नवलपरासी जिल्लाको भौगोलिक स्थिति, नामकरण हावापानी, जातजाति, धर्म संस्कृति, भाषाभाषीको अवस्था, जनसङ्ख्या, शिक्षा र स्वास्थ्य स्थिति, राजनैतिक तथा आर्थिक अवस्था, मठमन्दिर र तीर्थस्थलहरूको परिचय दिइएको छ ।

### २.१.१ नवलपरासी जिल्लाको भौगोलिक स्थिति, नामकरण र हावापानी

नेपालका पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने लुम्बिनी अञ्चलका ६ जिल्लामध्ये नवलपरासी पनि एक हो । भौगोलिक स्थितिको दृष्टिबाट यो जिल्ला २७', २१' उत्तरदेखि २७', ४७' उत्तर अक्षांश र ८३', ३६' पूर्वदेखि ८४', २५' पूर्व देशान्तरभित्र पर्दछ ।[1] यस जिल्लालाई चुरे पर्वतले उत्तर पूर्वबाट दक्षिण पश्चिममा झन्डै आधा पारेर विभाजन गरेको छ । अर्थात् सम्पूर्ण भू-भागलाई दाउन्ने डाँडाले बीचबाट बाँडेर पूर्वतर्फ नवलपुर क्षेत्र र पश्चिततर्फ परासी क्षेत्र गरी २ भागमा विभाजन गरेको छ । जिल्लाको लगभग मध्य भागमा ९९ किलोमिटर लामो महेन्द्र राजमार्ग पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल २१६३ वर्ग किलोमिटर रहेको छ ।[2]

लुम्बिनी अञ्चलका ६ जिल्लाहरूमध्ये भित्री मधेस, तराई, पहाड क्षेत्र रहेको एक मात्र जिल्ला नवलपरासी हो । नवलपरासी जिल्लाको पूर्वमा चितवन जिल्ला, पश्चिममा, रूपन्देही जिल्ला, उत्तरमा पाल्पा र तनहुँ जिल्ला तथा दक्षिणमा नारायणी नदी र भारतको उत्तरप्रदेश पर्दछ । यस जिल्लाको सदरमुकाम परासी बजार हो ।

वि.सं. २०१९ साल पूर्व यस जिल्लालाई पाल्ही जिल्ला भनिन्थ्यो । यो नाम पाल्हीदेवीको नामबाट रहन गएको थियो । यो मन्दिर परासी बजारबाट करिब ८/९ किलोमिटर जति दक्षिणमा रहेको छ । वि.सं. २०१९ मा नेपाल अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा पाल्ही जिल्लाको परासी क्षेत्र अन्तर्गतका नगवा, सतगवा, तैरेनी, बघोर तप्काहरूलाई रूपन्देही जिल्लामा गाभियो र पाल्ही जिल्लाका बाँकी रहेका गा.वि.स.हरू नवलपुर तथा पूर्व पाल्पाका केही गाउँहरू तनहुँको गैडाकोट गा.वि.स. आदि क्षेत्रलाई मिलाएर नयाँ जिल्ला नवलपरासी भनी नामकरण गरियो ।

नेपाल अधिराज्यको मध्य तराई क्षेत्रमा पर्ने नवलपरासी जिल्लामा महाभारत लेक र चुरेका पहाडी प्रदेश तथा त्यसका दक्षिणमा भित्री मधेस र तराई क्षेत्र समेत रहेकोले भौगोलिक स्थितिबाट यो स्थान निकै विविधता पूर्ण छ ।

---

१. **मेचीदेखि महाकाली,** श्री ५ को सरकार सूचना विभाग, वि.सं. २०३१ पृ.सं. ८७६ ।

२. जिल्ला विकास समिति नवलपरासी, **१७औं जिल्ला परिषद् प्रतिवेदन पुस्तिका २०६६,** पृ.सं. १ ।

त्यसैले यस जिल्लाका विभिन्न भागमा विभिन्न प्रकारको हावापानी पाइन्छ । "पहाडी क्षेत्र ५०० मिटर देखि १९३६ मिटर सम्मको उचाइमा छ । जिल्लाका कुल ७३ गा.वि.स. मध्ये १७ गा.वि.स. यस क्षेत्रमा पर्दछन् । भित्री मधेश सामुद्रिक सतहबाट ३०० देखि ५०० मि. सम्मको उचाइमा पर्दछ । यो भू-भाग महाभारत लेकको दक्षिण र चुरे पर्वत मालासँग जोडिएको पहिले औलिया प्रदेश भनी चिनिएको समथर भाग हो । यस क्षेत्रमा २० गा.वि.स. रहेका छन् । चुरे पहाडको पश्चिम दक्षिण क्षेत्र परासी खण्डको समथर भू-भागलाई तराई भन्ने गरिन्छ । यो क्षेत्रमा ३६ गा.वि.स. र १ नगरपालिका रहेका छन् । यो सामुद्रिक सतहबाट करिब ३०० मि. सम्मको उचाइमा रहेको छ ।[३]

यसरी यस जिल्लाको उच्च भागमा बढी जाडो र गर्मीको समयमा शीतल जलवायु पाइन्छ भने भित्री मधेश र तराई क्षेत्रमा निकै गर्मी हुन्छ । यो क्षेत्र दक्षिण पश्चिम मनसुन हावापानीको प्रभाव क्षेत्रमा रहेको पाइन्छ ।

### २.१.२ जातजाति धर्म-संस्कृति र भाषाभाषीको अवस्था

नवलपरासी जिल्लाको मूल आदिवासी थारूहरू नै हुन् तापनि यहाँ अन्य जातजातिहरूको बसोबास रहेको छ । औलो उन्मूलनसँगै व्यवस्थित ढङ्गबाट बसाइएको पुनर्वास क्षेत्रमा विभिन्न जातजातिको बसोबास हुन गएकोले यहाँ विभिन्न जातजातिको बसोबास पाइन्छ । यहाँको जीवन विविधतापूर्ण छ । यस क्षेत्रमा आदिवासी थारूहरू लगायत पहाडी क्षेत्रबाट बसाइँ सरेर आएका ब्राह्मण, क्षेत्री जातिको सङ्ख्या अधिक रहेको पाइन्छ । यसका अतिरिक्त नवलपरासीको पहाडी क्षेत्रमा मगर तथा तराई क्षेत्रमा गुरूङ, माझी, मुसहर र दलित जातिहरूको पनि बसोबास रहेको पाइन्छ । यहाँका आदिवासी, थारू, माझी, मुसहर तथा गुरूङ समुदायमा आफ्नै मातृभाषा प्रचलित रहेको पाइन्छ । अन्य नेपाली भाषा मातृभाषा भएका समुदायले नेपाली भाषाको पर्वतीय उपभाषिकाको प्रयोग गर्दछन् ।[४]

यस जिल्लामा विभिन्न जातजातिको बसोबास रहेकोले पनि यहाँको धर्म, संस्कृति र रहनसहनमा निकै विविधता पाइन्छ । हिन्दू धर्म मान्नेहरूको सङ्ख्या अत्यधिक रहेको यस जिल्लामा गुरूङ र मगर समुदायमा हिन्दूका साथै बुद्ध धर्मप्रति पनि आस्था रहेको पाइन्छ भने इसाई र मुस्लिम धर्म मान्नेहरू पनि छिटफुट रूपमा पाइन्छन् । यहाँका आदिवासी थारू र पहाडी क्षेत्रका मगर जातिको आफ्नै भेसभुसा र संस्कृति रहेको पाइन्छ ।

---

३. ऐजन ।

४. बालकृष्ण पोखरेल, **राष्ट्रभाषा** (साझा प्रकाशन, ललितपुर) नवौं सं. २०५०, पृ. २१ ।

दशैं-तिहार जस्ता ठूला चाडपर्व प्रायः सबै जातिमा र अनन्त जितिया जस्ता चाडपर्व थारू जातिमा प्रचलित चाडपर्व हुन् । आ-आफ्नै शैलीमा मनाइने यी चाडपर्वहरूमा पनि विविधता छ । यस दृष्टिले नवलपरासीमा विभिन्न जातजातिको समागमले यहाँको जनजीवन निकै विविधतापूर्ण र रोचक रहेको देखिन्छ ।

### २.१.३ जनसंख्या शिक्षा र स्वास्थ्य स्थिति

शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थलको रूपमा प्रख्यात लुम्बिनी अञ्चलका ६ जिल्ला मध्येको नवलपरासी जनसंख्याको हिसाबले दोस्रो स्थानमा रहेको छ । राष्ट्रिय जनगणना २०५८ का अनुसार यस जिल्लाको कुल जनसंख्या ५६२८७० रहेको देखिन्छ जसमध्ये महिलाको संख्या २४८६१३ र पुरूषको संख्या २७८२५७ रहेको देखिन्छ । यसलाई प्रतिशतको हिसाबले हेर्दा महिलाको संख्या ५०.५६% र पुरूषको संख्या ४९.४४% हुन आउछ ।[५] यसै गरी शिक्षातर्फ संस्थागत र सामुदायिक विद्यालय गरी उच्च मा.वि. ४५ वटा, मा.वि. १४४ वटा, नि.मा.वि. ३३६ वटा र प्रा.वि. ६३६ वटा रहेका छन् । हाल यस जिल्लामा उच्च शिक्षा अध्ययन अध्यापनका लागि १७ वटा कलेजहरू रहेका छन् ।[६] यसरी हेर्दा शैक्षिक जागरणका दृष्टिले नवलपरासी द्रुत गतिका साथ अगाडि बढेको पाइन्छ ।

स्वास्थ्यको क्षेत्रमा नवलपरासीको अवस्था मध्यम रहेको पाइन्छ । यस जिल्लाको सदरमुकाम परासीमा एउटा १५ शैयाको जिल्ला अस्पताल रहेको पाइन्छ । यस जिल्ला विभिन्न भागमा प्राथमिक स्वास्थ्य चौकी ५ वटा, स्वास्थ्य चौकी ८ वटा उपस्वास्थ्य चौकी ६३ वटा आयुर्वेदिक औषधालय ५ वटा र केही निजी तथा सामुदायिक अस्पतालहरूले पनि सेवा दिँदै आएको पाइन्छ ।

### २.१.४ राजनैतिक तथा आर्थिक अवस्था

नवलपरासी जिल्लाको राजनीतिक चेतना २०४६ सालपछि बहुदलीय ब्यवस्थाको पुनर्स्थापना सँगै विकास भएको पाइन्छ । यस जिल्लाका बासिन्दाहरूले २०६२/०६३ को जनआन्दोलनमा सक्रिय सहभागिता राखेको मानिन्छ । राजनैतिक विभाजनका दृष्टिकोणले नवलपरासी जिल्लामा १ नगरपालिका ७३ गा.वि.स. र १५ इलाकामा विभाजित छन् । यस जिल्लालाई संविधानसभा निर्वाचनका लागि ६ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ।

---

५. पूर्ववत्, पृ. १२ ।

६. पूर्ववत्, जि.वि.स. नवलपरासी पृ. ६ ।

आर्थिक दृष्टिकोणले नवलपरासीमा निम्न, मध्यम र उच्च वर्गका मानिसहरू बसोबास गर्ने गरेको पाइन्छ। यहाँका बासिन्दाको मुख्य पेसा कृषि नै हो । पहाडी क्षेत्रमा मकै, कोदो, जौ र केही भू-भागमा धान खेती गरेको पाइन्छ । फलफूल र पशुपालनका लागि राम्रो चरणको सम्भावना भए तापनि आधारभूत पूर्वाधारका अभावका कारण त्यस क्षेत्रका बासिन्दाको आर्थिक स्थिति माथि उठ्न सकेको छैन । भित्री मधेश र तराईमा भने चिम्टाइलो र बलौटे माटो भएकोले यहाँको खाद्यान्न बाली राम्रो हुने गर्दछ । यस क्षेत्रमा धान, मकै, गहुँ, उखु, दलहन र तेलहनका साथै नगदेबालीको खेती हुन्छ । रोजगारको सिलसिलामा धेरै युवा विदेश पलायन भएको भारतीय भूमिमा कामको खोजीमा गएको पनि पाइन्छन् ।

### २.१.५ नवलपरासी जिल्लाका मठ, मन्दिर र तीर्थस्थलहरू

#### क) त्रिवेणीधाम

त्रिवेणीधाम यस जिल्लाको दक्षिण भागमा पर्दछ । यो बर्दघाटबाट २५.५ कि.मि. तथा सदरमुकाम परासीबाट ३४ कि.मि. दक्षिण पूर्वमा अवस्थित छ । सोना, तमसा र सप्तगण्डकी नदीको सम्मिश्रण नै त्रिवेणी हो । जुन भारतको प्रयाग जतिकै श्रद्धाको आस्थाको केन्द्रको रूपमा रहेको छ । यहाँ वाल्मीकि आश्रम, राधाकृष्ण मन्दिर, हनुमान मन्दिर, लक्ष्मीनारायण मन्दिर, लवकुश शिक्षा स्थल, आदि धेरै मन्दिरहरू रहेका छन् । यहाँ माघेसंक्रान्तिको अवसरमा ठूलो मेला लाग्दछ । नेपाल तथा भारतबाट यस अवसरमा लाखौंको सङ्ख्यामा तीर्थयात्रीहरू यहाँ आउँदछन् । त्रिवेणीमा स्नान गर्नाले पुण्य मिल्छ, मोक्ष प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ । यो हिन्दू धर्मावलम्बीहरूको विशेष आकर्षणको स्थल बन्न पुगेको छ ।

#### ख) पाल्ही भगवती

सदरमुकाम परासीबाट करिब ८ कि.मि. दक्षिण परासी महेशपुर सडकको दायाँ भागमा यो मन्दिर प्रख्यात छ । श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नु पूर्व पाल्पाका सेनवंशी राजाहरूको अधिनमा रहेको यो क्षेत्र सेनवंशी राजाहरूको दरबारभित्र पुजिने इष्टदेवीको रूपमा पाल्ही भगवती रहेकी थिइन् भन्ने भनाइ छ ।[७] पाल्ही भगवती मन्दिरमा देवीको प्रतिमा अमूर्त पिण्डको रूपमा रहेको छ । यस मन्दिरमा हरेक वर्ष बडादशैं र चैते दशैंको अष्टमीमा मानव कल्याणको कामना गरी पञ्चबली दिने चलन छ ।

---

७. पूर्ववत्, जि.वि.स. नवलपरासी, पृ. ८ ।

**ग) रामग्राम स्तूप**

गौतम बुद्धको मावलीको रूपमा प्रसिद्ध रामग्राम स्तूप नवलपरासी जिल्लाको रामनगर नगरपालिका चोकदेखि ३ कि.मि. दक्षिणमा रहेको छ । यो स्तूपको खानी तथा भू-गर्भ विभागबाट उत्खनन भई विभिन्न पुरातात्त्विक वस्तुहरू समेत फेला परेका छन् ।

**घ) दाउन्नेदेवी**

परासी सदरमुकामदेखि पूर्व उत्तर दाउन्ने पहाडको काखमा रहेको यो मन्दिर वि.सं. १८८० मा प्रभाकरले स्थापना गरेको बताइन्छ । यो स्थानमा यातायातको सुगमता र हरियालीपूर्ण रमणीय वातावरणले पनि प्रशंसनीय छ । मन्दिर रहेको स्थान सामुद्रिक सतहदेखि १०३३ मि. उचाइँ रहेकोले यहाँ प्रायः वर्षभरि ठन्डा भइरहन्छ । आश्विन शुक्ल पक्षको नवरात्रीको नौ दिन मन्दिरमा श्रद्धालुहरूको घुँइचो नै रहन्छ ।

**ङ) देवचुली (तीन कन्यामाई)**

देवचुली नवलपरासी जिल्लामा पर्ने महाभारत पर्वत शृङ्खलाको सबैभन्दा उच्चचुली हो । यसको उचाइ १९३६ मि. रहेको छ । यहाँबाट उत्तरतर्फ मनै लोभ्याउने हिमाली दृश्य तथा दक्षिणतर्फ तराईका समथर मनोहर भूमिको दृश्यावलोकन गर्न सकिन्छ । यस चुलीको करिब १८०० मि. उचाइमा ३ मि. लम्बाइ रहेको प्राकृतिक गुफा रहेको छ, जसमा प्रवेशका लागि करिब ११ फिट लम्बाइको भऱ्याङको मद्दत लिनु पर्दछ । यस गुफामा द्वापर युगमा पाँच पाण्डव द्रौपदी सहित केही समय गुप्तवास बसेको किंवदन्ती समेत रहेको पाइन्छ । यहाँ प्रत्येक वर्षको चैत्र शुक्ल पूर्णिमाका दिन धुमधामसाथ तीनकन्या माईको नाममा पूजा गरिन्छ । तीन कन्याको भक्तिभावपूर्वक पूजाआजा गर्नाले सुखसम्पत्ति प्राप्त हुने जनविश्वास रहेको छ । यस क्षेत्रमा विभिन्न वनस्पति, जीवजन्तु तथा चराचुरुङ्गी एवम् लोपोन्मुख अवस्थामा रहेका जडिबुटीहरू पाइन्छन् ।

**च) मौलाकालिका मन्दिर**

२०३७ सालमा धार्मिक सेवा समिति मौलाकालिका मन्दिर गैडाकोट भन्ने औपचारिक नामकरण गरी एक समिति स्थापना भयो । हिन्दू संस्कृति अनुरूप धार्मिक कार्य गर्दै संस्कृति र सार्वजनिक सम्पदाको संरक्षण र सदुपयोग गर्ने पूजापाठ, जीर्णोद्धार र धार्मिक स्वच्छता कायम गर्दै यो संस्था अगाडि बढेको छ । समिति र स्थानीय जनताको व्यापक सक्रियता र सहयोगमा शाही सैनिक ब्यारेक पशुपतिप्रसाद गण भरतपुर र मध्यक्षेत्र प्रहरी तालिम केन्द्र भरतपुरको सहयोगमा तीनतले प्यागोडा शैलीमा हालको मन्दिर तयार भएको हो । मन्दिर जाने बाटोको कठिनतालाई मध्यनजर राखी देवघाट क्षेत्र विकास समितिको गुरु योजना बमोजिम मन्दिरसम्म

जानका लागि छपनी ढुङ्गाहरू राखेर मार्ग (ट्रयाक रोड) निर्माण भएको छ । धार्मिक तथा पर्यटकीय दुवै दृष्टिले महत्त्व रहेको यस मन्दिरमा दशैंका १० दिनसम्म दर्शनार्थीहरूको निकै भिड रहेको हुन्छ।

## २.२ नवलपरासीको साहित्य सिर्जना परम्परा र पृष्ठभूमि

यस अन्तर्गत नवलपरासी जिल्लामा साहित्यको थालनी, साहित्यिक पृष्ठभूमिका साथै यस जिल्लाको साहित्यलाई चरणगत रूपमा चर्चा गरिएको छ ।

### २.२.१ नवलपरासी जिल्लामा साहित्यको थालनी

नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि र साहित्यको थालनीलाई केलाउनु पर्दा थारूजातिको इतिहासलाई लिनुपर्छ । सन् ४८५ तिर लिच्छविकालीन राजा शिवदेव प्रथमको शासन कालमा लिखित शिलालेखमा 'थारूद्रङ्ग' शब्द प्रयोग गरिएबाट नवलपरासीका आदिवासीका रूपमा थारूजातिलाई लिइन्छ ।[८] यसमा पनि विशेष गरी नवलपरासी जिल्लालाई थारू जातिको मूल थलो मानिन्छ । त्यसो त सम्पूर्ण क्लासिकल साहित्य लोक साहित्यकै जगबाट उठेका छन ।[९] मानवीय भावनालाई सहज सरल निश्चल रूपमा अभिव्यक्त गर्ने माध्यमका रूपमा रहने लोक साहित्यले नै आधुनिक साहित्य वा लिखित साहित्यको जन्म गराउन सकेको हो । विश्व साहित्यको इतिहासमा लोक साहित्यको प्रभाव पर्याप्त मात्रामा रहेको पाइन्छ । यसरी नवलपरासीका आदिवासी थारूजाति भएको हुँदा यहाँ लोक साहित्यको पुरानो रूप थारूभाषामा नै रहेका पाइन्छ।

विशेषतः थारू समाजमा झमटा, वियाहके गीत, झुमरी, ढिकुवा, बिरहानी, सोरेठी आदि नामका विविध लोकगीतहरू देखिन्छन् । यी गीतहरू फागुपूर्णिमा, माघेसंक्रान्ति, ठूली एकादशी, तथा रोपाइँ आदिका बेलामा गाइन्छन् । लोकगीतका अतिरिक्त लोकगाथा पनि थारू जातिमा प्रचलित देखिन्छ । लोक कथाको रूपमा 'जितिया पवानी' मुख्य रूपमा रहेको छ ।

वि.सं. २०१५ सालदेखि तराईका विभिन्न जिल्लाहरूमा औलो उन्मूलन गर्ने कार्यक्रम सुरू भएको थियो । नवलपरासी जिल्लामा पनि वन फँडानी गरी बस्ती बसाउने काम पुनर्वास कम्पनीको माध्यमबाट भयो । अन्य जिल्लाबाट समेत यस जिल्लामा मानिसहरूको बसाइँ आउने क्रम सुरू भएपछि बसाइँ आउने हरेक जातजातिहरूले आफूसँगै आफ्नो लोक संस्कृतिलाई यस जिल्लामा भित्र्याएका छन् ।

---

८. श्यामसुन्दर थारू, **भइल भिनसहरा,** (नवलपरासीः थारू कल्याणकारिणी सभा २०५१) पृ. ३ ।

९. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** चौथो सं. (ललितपुर, साझा प्रकाशन २०४९) पृ. १३।

एकीकृत आधुनिक नेपालको जन्म भएपछि नेपालको राष्ट्र भाषाका रूपमा खस भाषा मानिएको र यसको नाम खस नभनेर नेपाली भनिएको पाइन्छ ।[१०] नेपाली भाषाको पूर्वेली भाषिका अन्तर्गतको पर्वती उपभाषिका यस जिल्लामा बोलिन्छ । पर्वतीउपभाषिकाका विभिन्न लोक साहित्यिक सामग्रीहरू पाइन्छन् । जसमा जुवारी, सोरठी, घाटु, चुट्का, रतेउली, माहल, गाउँ खानेकथा, उखान, टुक्का आदि छन् । नवलपरासी जिल्लाको मौखिक साहित्यको रूपमा परम्परामा बाँचेको लोक साहित्य नवलपरासीको साहित्यिक सम्पदाको रूपमा रहेको छ । यसले मानवजीवनका उकालीओरालीका, सुख-दुःखका भावधारालाई जस्ताको तस्तै देखाउने भएकाले नवलपरासीको लोक साहित्य समाजको शृङ्गार बनेको छ । यो लोक साहित्यभित्र सिङ्गो लोकजीवन झल्किन्छ।

## २.२.२ नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि

नेपाली साहित्यको विकास यात्रामा आधुनिककाल सुरू भएपछि मात्र साहित्यका हरेक विधातर्फ उन्नति हुन लागेको हो तर नवलपरासी जिल्लामा भने आधुनिक काल सुरू भएको झन्डै ३०/३२ वर्षपछि मात्र नवलपरासीका प्रतिभाहरूका सिर्जनाहरू प्रकाशन हुन थालेका देखिन्छन् । नेपाली साहित्यको आधुनिक कालको प्रारम्भतिर रामनाथ खनालको 'भुइँचालो' (१९९०) प्रकाशित भएता पनि यो समयमा उनी नवलपरासी जिल्लावासी नहुनु तथा यहाँका बासिन्दा भैसकेपछि 'प्रजातन्त्रोदय' महाकाव्य (२००८-२०११) बीच रचित भए पनि प्रकाशनको रूपमा नआउनु जस्ता कारणले वामदेव पण्डितको 'ब्रह्माण्डभित्र' (२०३१) काव्य नवलपरासी जिल्लाको प्रथम प्रकाशित कृति हुन पुगेको छ ।[११]

यसरी वि.सं. २०२१-२०२२ देखि कविता प्रकाशन र २०३१ देखि कृति प्रकाशनको थालनी भएको नवलपरासीको साहित्यिक यात्राले वर्तमान समयसम्म आइपुग्दा लामो यात्रा पूरा गरेको देखिन्छ । यस अवधिमा नवलपरासीका साहित्यिक प्रतिभाहरूले थुप्रै कृतिहरू प्रकाशन गरेका छन् । विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन भएको छ । साहित्यिक संघ संस्थाहरूको स्थापना र तिनका गतिविधिहरू महत्त्वपूर्ण रहेका छन् । यस दृष्टिले नवलपरासीको साहित्यिक गतिविधिको चार दशक लामो अवधिलाई चरणगत रूपमा विभाजन गरेर अध्ययन गर्ने प्रयास यहाँ गरिएको छ । नवलपरासी साहित्यको विकास क्रमलाई चरणगत रूपमा विभाजन गर्दा निम्न ३ चरणहरू देखा पर्दछन् ।[१२]

---

१०. बालकृष्ण पोखरेल, **राष्ट्रभाषा,** (ललितपुर, साझा प्रकाशन, नवौं, सं. २०५०) पृ. ३५ ।

११. भगवती (पाण्डे) अर्याल, **नवलपरासीको साहित्यिक गतिविधि**, (प्रका. लाली गुराँस मासिक र अन्य २०६३) पृ. ९ ।

१२. टङ्कप्रसाद काफ्ले, **नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्वगत विशेषता,** त्रिभुवन विश्वविद्यालय, केन्द्रीय नेपाली विभाग, कीर्तिपुर अप्रकाशित शोध ग्रन्थ (२०६३) पृ. २५ ।

क.	प्रथम चरणः वि.सं. २०३१ देखि वि.सं. २०४६ सम्म

ख.	द्वितीय चरणः वि.सं. २०४७ देखि वि.सं. २०५४ सम्म

ग.	तृतीय चरणः वि.सं. २०५५ देखि हालसम्म

यसरी चरणगत रूपमा हेर्दा प्रथम चरण समयावधि लेखनको अभ्यासकाल र प्रकाशनको शुरूवातकाल हो भने दोस्रो चरण लेखन प्रकाशनको विकासकाल तथा तृतीय चरण लेखन र प्रकाशनका दृष्टिले पनि उर्वर र उत्कर्षकाल हो । त्यसैले यो चरण नवलपरासी साहित्यको सुवर्ण काल पनि हो । यी तीन चरणलाई चरणगत रूपमा संक्षिप्त चर्चा गर्ने प्रयास यहाँ गरिन्छ ।

### क. प्रथम चरण (वि.सं. २०३१ देखि वि.सं. २०४६ सम्म)

नवलपरासी साहित्य सिर्जना परम्पराको थालनी २०३१ बाट २०४६ सम्मको अवधि प्रथम चरण हो । नवलपरासीको पहिलो कृति वामदेव पण्डितको **'ब्रह्माण्डभित्र'** कवितासङ्ग्रह २०३१ प्रकाशन भएपछि मात्रै नवलपरासीमा साहित्यको कृति प्रकाशन सुरू भयो । यस क्रममा केशवानन्द सापकोटाको 'भक्तिभागीरथी' २०३४ कवितासङ्ग्रह, वामदेव पण्डितकै **'हाम्रा पूर्वज'** खण्डकाव्य २०४०, भूपेन्द्र शर्मा भट्टराईको **'शिवबस्तीदेखि शिवबस्तीसम्म'** कवितासङ्ग्रह २०४५ र तीर्थराज कोइरालाको **'विजया-आविर्भाव'** खण्डकाव्य (२०४६) कृतिहरू प्रकाशित भएको पाइन्छ । यस चरणका कृतिहरूका मूल विशेषता वा प्रवृत्ति भगवान् र धर्मप्रति आस्था सत्कर्म र धर्ममा लाग्न आग्रह, मानव कल्याणको आग्रह, आध्यत्मिकताप्रति जोड जस्ता भक्तिधारा प्रवृत्तिहरू पाइन्छन् ।

यस चरणमा देखा पर्ने नवलपरासीका फुटकर रचनाकारहरूमा रामनाथ खनाल, गोविन्दराज विनोदी, हुमाकान्त पाण्डे, इन्द्रबहादुर शाही, तीर्थ कोइराला, रामहरि अधिकारी, खगेन्द्रप्रसाद बस्याल आदि हुन् । संरचनाका दृष्टिले यस चरणमा कविताको फुटकर रूपदेखि मझौला रूप खण्डकाव्यसम्मको रचना प्रकाशित भएको देखिन्छ । कविता र खण्डकाव्यबाहेक अन्य विधाका कृति भने प्रकाशित भएको पाइँदैन । पत्रपत्रिकातर्फ २०३५ देखि **त्रिवेणी** साहित्यिक पत्रिका लगायत **लाली गुराँस** (२०३७) **नयाँ आवाज** (२०४४), जस्ता पत्रिकाको प्रकाशन भएकोले यस अवधिका स्रष्टाको रचना प्रकाशित गरेर यस जिल्लाको साहित्यिक यात्रालाई अगाडि बढाउने काम हुन पुग्यो । वि.सं. २०४४ मा स्वर्गीय बालकृष्ण समको ८६औं जन्म जयन्तीका अवसरमा जिल्लाव्यापी कविगोष्ठीको आयोजना भएको पाइन्छ । **समस्मृति साहित्यिक संस्थाको** स्थापना पनि यसै चरणमा भएको पाइन्छ ।

यसरी यस चरणलाई नवलपरासीको अभ्यास कालको रूपमा लिन सकिन्छ ।

ख. **द्वितीय चरण (वि.सं. २०४७ देखि वि.सं. २०५४ सम्म)**

नवलपरासी जिल्लाको साहित्यिक यात्राको दोस्रो चरण वि.सं. २०४७ देखि वि.सं. २०५४ सम्मको ८ वर्षको अवधि हो । २०४६ सालको जनआन्दोलन र त्यसको परिणाममा देशमा भित्त्रिएको प्रजातन्त्रले देशका हरेक क्षेत्रमा ल्याएको उमङ्ग र स्वतन्त्रताको लहरसँगै साहित्य पनि मौलाउने सु-अवसर प्राप्त गरेको हुनाले नवलपरासी जिल्लामा पनि साहित्य उर्वर हुन थालेको हो । यस सन्दर्भमा नवलपरासीमा कृति प्रकाशन र पत्रिका प्रकाशनमा पनि प्रथम चरण भन्दा व्यापकता आएको देखिन्छ । वि.सं. २०४७ सालमा **त्रिवेणी साहित्य परिषद्को** गठनले यस जिल्लाको साहित्यलाई फस्टाउने ठूलो र महत्त्वपूर्ण अवसर प्रदान गरिएको छ । यस चरणमा **देवचुली** (२०४८), **सौदामिनी** (२०४८) पत्रिकाहरूको प्रकाशन शुरू भएको पाइन्छ । **सौदामिनी साहित्य परिषद्** (२०४९), **परासी साहित्य समाज** (२०५०) जस्ता संस्था र पत्रपत्रिकाहरूले साहित्यिक प्रतिभाहरूलाई क्रियाशील बनाउनुका साथै रचनाहरू प्रकाशनमा ल्याउने जस्ता महत्त्वपूर्ण काम गरेका छन् । कविता विधामा मात्र सीमित नरहेर अन्य विधाका कृतिहरूको प्रकाशन थालनी हुनुले पनि नवलपरासीको साहित्यमा दोस्रो चरणको प्रवेश गराएको देखिन्छ। कविताको वृहत् रूप महाकाव्यको प्रथम अवतरण पनि यसै चरणमा भएको हो । **'प्रजातन्त्रोदय'** (२०४८), **'पाण्डु'** (२०४९) यस चरणका प्रकाशित महाकाव्य हुन् । हुमाकान्त पाण्डेको वि.सं. २०४७ मा प्रकाशित **'आँसुका अक्षरहरू'** निबन्ध सङ्ग्रह, गोविन्दराज विनोदीको **मेरो वर्तमानता** कवितासङ्ग्रह (२०४७) डा. नारायणप्रसाद खनालको **'केही रहर केही ठहर'** समालोचनात्मक सङ्ग्रह (२०४९) तथा रामहरि अधिकारीको **'अपसोच'** कथा सङ्ग्रह (२०५१) यस चरणका प्रकाशित निबन्ध, समालोचना र कथाका प्रथम प्रकाशित कृतिहरू बन्न पुगेका छन् । यस चरणको अन्तिमतिर प्रकाशित टीकाराज पाण्डेको **'उपहार तिमीलाई'** उपन्यास, इन्द्र शाहीको **'नौलो परिचय'** गीति सङ्ग्रह, खगेन्द्रप्रसाद बस्यालको **'दैलातुङ्ग फाँटबाट शुरू भएको यात्रा'** गजल सङ्ग्रह जस्ता कृतिहरूको प्रकाशनबाट नवलपरासीको साहित्यिक यात्राको दोस्रो चरण विकास कालको रूपमा प्रस्तुत हुन्छ । यस चरणमा पुस्तकाकार कृति बाहेक पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरूले पनि साहित्यिक विकासमा टेवा पुऱ्याएको पाइन्छ । यस चरणमा देखा परेको मूल प्रवृति देशमा व्याप्त विसङ्गतिको चिरफार गर्नु हो । मानवीय मूल्य मान्यताको खोजी तथा समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचार, गरिब विरूद्धको आवाज, उठाउँदै तत्कालीन राज्य व्यवस्थाप्रति विद्रोह पनि ओकलेको पाइन्छ । संरचनाका दृष्टिबाट हेर्दा यस चरणमा मुक्तक जस्तो कविताको लघु रूपदेखि वृहत् रूप महाकाव्यसम्म र गद्यतर्फ कथा, समालोचना, निबन्ध आदि विधाका कृतिहरू प्रकाशित भएका छन् । लयात्मकताका दृष्टिले यस चरणमा परम्परागत शास्त्रीय छन्दका साथै मुक्त छन्द गीतिलय पनि पाइन्छ ।

### ग. तृतीय चरण (२०५५ देखि वर्तमानसम्म)

नवलपरासी जिल्लाको साहित्यिक यात्राको तेस्रो चरण २०५५ देखि हालसम्मको अवधि हो। यो चरण नवलपरासीको साहित्यको उत्कर्षकाल पनि हो । यस चरणमा नवलपरासी साहित्यमा विभिन्न विधाहरूका थुप्रै कृतिहरू प्रकाशित भएको पाइन्छ । सङ्ख्यात्मक र गुणात्मक रूपमा यो चरणमा साहित्यले फड्को मारेको छ । प्रवृत्तिका दृष्टिले यो चरण स्वच्छन्दतावादी, नवलेखन अस्तित्ववादी, विसंगतिवादी, प्रयोगवादी, प्रगतिवादी विचारधारालाई बहन गरेको छ । अगाडिका दुई चरणमा प्रकाशित विधाहरूबाहेक यस चरणमा नाटक, गीत, हाइकू, गजल विभिन्न विधा उपविधाका कृतिहरूको प्रकाशन पनि तीव्रताका साथ भएको पाइन्छ । यस चरणमा महाकाव्य उपविधाका उल्लेखनीय कृति **'तीन युग एक कथा'** (२०६०) र **'अग्निज्वाला'** (२०६१) प्रकाशित भएको देखिन्छ । यी दुबै कृति नवलपरासीका प्रसिद्ध कवि सदानन्द अभागीका हुन् । यसका साथै शोककाव्य, खण्डकाव्य, कवितासङ्ग्रह, गजलसङ्ग्रह, समालोचनासङ्ग्रह, निबन्धसङ्ग्रह पनि प्रकाशित भएका छन् । यस चरणमा नवलपरासी साहित्य परिषद्को स्थापना भई मासिक रूपमा घुम्ती साहित्यिक कार्यक्रम संचालन वार्षिक रूपमा स्रष्टा सम्मान र कृतिहरू प्रकाशन गर्दै आएको पाइन्छ । **'इन्दु', 'इन्द्रधनुष', 'सयपत्री'** जस्ता पत्रिकाहरूले साहित्यिक गतिविधिहरूलाई अगाडि बढाएका छन् । यसैगरी **'लक्ष्मी स्मृति साहित्य समाज', नारी साहित्य समाज, प्रेमा वाङ्मय प्रतिष्ठान** यस अवधिका सक्रिय साहित्यिक संस्थाहरू हुन् ।

यस दृष्टिले हेर्दा नवलपरासी साहित्यको तेस्रो चरण निकै महत्त्वपूर्ण मानिन्छ । यस चरणलाई उत्कर्षकाल भनिन्छ । यसले नवलपरासी जिल्ला साहित्य यात्रालाई उर्वर र भविष्यलाई उज्ज्वल बनाउने सुनिश्चित देखिन्छ ।

## २.३ निष्कर्ष

नवलपरासी जिल्ला भौगोलिक दृष्टिले विविधता भएको जिल्ला हो । यहाँको जलवायुमा दक्षिण-पश्चिम मनसुनको प्रभाव रहेको छ । जातजाति, धर्म, संस्कृतिको दृष्टिले यस जिल्लामा ब्राह्मण, क्षेत्री, थारू, मगर, गुरूङ्, माझी, मुसहर र दलित जातिको बसोबास बढी पाइन्छ । शिक्षा र स्वास्थ्यका दृष्टिले नवलपरासीको अवस्था मध्यम छ । उच्च शिक्षा अध्ययनका लागि १७ वटा कलेज रहेको यस जिल्लामा सबल सुविधा सम्पन्न अस्पतालको भने अभाव नै देखिन्छ । त्रिवेणीधाम, पाल्ही भगवती, रामग्राम स्तुप, दाउन्नदेवी, मौलाकालिका जस्ता पवित्र मठमन्दिरहरूले जिल्लाको गरिमालाई उच्च तुल्याएका छन् । नेपाली साहित्यको आधुनिक काल सुरू भएको झण्डै ३०/३२ वर्ष पछि मात्र नवलपरासीका प्रतिभाहरूका सिर्जना प्रकाशन हुन थाले पनि वर्तमान समयमा आइपुग्दा यस जिल्लामा धेरै साहित्यिक गतिविधिहरू भएकाले जिल्लाको साहित्य यात्रालाई उज्ज्वल देख्न सकिन्छ ।

# परिच्छेद तीन

## साहित्यिक सङ्घसंस्थाहरूको अध्ययन

### ३.१ विशुद्ध साहित्यिक सङ्घसंस्थाहरू

कुनै पनि सङ्घसंस्थाहरू निश्चित उद्देश्य राखेर स्थापना गरिएका हुन्छन् । साहित्य सेवाको उद्देश्य राख्ने र त्यही उद्देश्यले निर्क्योल गरिएको बाटोमा हिँड्ने सङ्घसंस्थाहरू विशुद्ध साहित्यिक सङ्घसंस्था हुन् । यहाँ नवलपरासी जिल्लामा स्थापना भएका विशुद्ध साहित्यिक सङ्घसंस्थाहरूको उल्लेख गरिएको छ ।

### ३.१.१ दर्ता भएका साहित्यिक सङ्घसंस्थाहरू

नवलपरासी जिल्लामा स्थापना भई दर्ता भएका साहित्यिक सङ्घसंस्थाहरूको अध्ययन कालक्रमिक आधारमा गर्न सकिन्छ ।

### ३.१.१.१ त्रिवेणी साहित्य परिषद् (२०४७)

**क) पृष्ठभूमि र परिचय**

नवलपरासी जिल्लाको साहित्यिक इतिहास छोटो छ तर त्यसले सिङ्गो नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । 'जाउँ नवलपुर हुँदै  कहिले रूदै कहिले मन बुझाउदै' जस्ता लोकगीतबाट सुरू भएको साहित्यक गतिविधि परिष्कारवादी साहित्यको क्षेत्रमा निकै पछाडि रहेको थियो । वि.स. २०४७ सालपूर्व एकदुईवटा पत्रिका प्रकाशन र एकदुईवटा साहित्यिक कार्यक्रमबाहेक प्रायः शून्य रहेको थियो । यही शून्यतालाई परिपूर्ति गर्नका लागि यस जिल्लाका केही सचेत साहित्य प्रेमीहरू जागरूक भएका थिए । वि.सं. २०४७ सालमा प्रजातन्त्रको अभ्युदयपश्चात् यस कार्यमा केही खुकुलो महसुस भएको थियो । साहित्य प्रेमीद्वय नारायणप्रसाद खनाल र पुष्पराज कोइरालाका माध्यमबाट कवि गोविन्दराज विनोदी र नारायणप्रसाद खनाल बीच परिचय र सम्पर्क भएपछि भेट र छलफलले नवलपरासीमा सबल साहित्यिक संस्थाको जन्म गराउनु पर्छ भन्ने सोचलाई ऊर्जा प्रदान गरियो । यिनै तीन जनाबीच छलफल र परामर्शहरूको फल स्वरूप शिवमन्दिर गा.वि.स. स्थित शिव उ.मा.वि.मा

जिल्लाका प्राज्ञिक व्यक्तित्व र साहित्य प्रेमीहरूको भेला गरियो र सोही भेलाले नवलपरासीमा साहित्य कला र सङ्गीतका क्षेत्रमा काम गर्ने संस्थाको जन्म गराउने उत्साहको अङ्कुरण वा बीजारोपण गऱ्यो । फलस्वरूप नारायणप्रसाद खनालको अध्यक्षतामा वि.सं. २०४७ मा त्रिवेणी साहित्य परिषद्को गठन हुन पुग्यो ।[1] यसले नवलपरासीको साहित्यलाई फस्टाउने काममा ठूलो अवसर प्रदान गऱ्यो ।

### ख) स्थापना र कार्य समिति

त्रिवेणी साहित्य परिषद्को स्थापना वि.सं. २०४७ साल आषाढ १५ गते भएको हो । संस्थालाई वैधानिकता प्रदान गर्ने क्रममा संस्था स्थापना भएको ६ वर्षपछि वि.सं. २०५३ मा जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा दर्ता नं. २०५३/१ मा दर्ता गरिएको छ ।[2] स्थापना समयमा ७ सदस्यीय तदर्थ कार्य समितिको गठन भएपछि हालसम्म सोही कार्य समितिले नै काम गर्दै आएको छ । यस संस्थाका संस्थापक तथा वर्तमान तदर्थ कार्य समितिका सदस्य निम्न अनुसार रहेका छन् :- [3]

| क्र.सं. | पद | पदाधिकारी | सल्लाकार |
|---|---|---|---|
| १. | अध्यक्ष | डा. नारायणप्रसाद खनाल | ८. पदेन क्याम्पस प्रमुख देवीभक्त |
| २. | उपाध्यक्ष | नारायण नेपाल 'सन्तोष' | ढकाल कुमारवर्ती वाणिज्य क्याम्पस |
| ३. | सचिव | गोविन्दराज विनोदी | ९. पदेन क्याम्पस प्रमुख मोहनीलाल |
| ४. | कोषाध्यक्ष | दुर्गादत्त खरेल | भुसाल पाल्ही क्याम्पस, परासी |
| ५. | सदस्य | पुष्पराज कोइराला | |
| ६. | सदस्य | एकनारायण अधिकारी | |
| ७. | सदस्य | प्रेम सापकोटा | |

तत्कालीन समयमा नवलपरासी जिल्लामा जम्मा २ वटा मात्र क्याम्पस रहेका थिए । ती दुई क्याम्पसका क्याम्पस प्रमुखहरुलाई पदेन संस्थाको सल्लाहकारमा मनोनयन गरिएको थियो ।

१. संस्थाका अध्यक्ष नारायणप्रसाद खनालसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

२. संस्थाका सचिव गोविन्दराज विनोदीले भरेको संस्था विवरण फारम अनुसार ।

३. ऐजन ।

## ग) उद्देश्य

साहित्यिक शब्दहरूका शक्तिले बौद्धिक जमातलाई एकतामा बाँध्छ । समाजलाई चतेनशील बनाई सत्मार्गमा हिंड्न सिकाउँछ । त्यसैले साहित्य समाजको अग्रगतितर्फ बाटो देखाउने माध्यम पनि बनेको छ । यही विचारलाई आत्मसात् गर्दै साहित्य, कला र सङ्गीतको त्रिवेणीको रूपमा त्रिवेणी साहित्य परिषद् नामकरण गरी यसको उत्थान गरी साहित्य, कला र सङ्गीतकै माध्यमबाट सभ्य समाजको निर्माण गर्ने, समाजलाई नयाँ दिशा बोध गराउने उद्देश्य यस संस्थाको रहेको छ । त्यस्तै कृति प्रकाशन, स्थापित स्रष्टाको सम्मान, दिवङ्गत साहित्यकारको जयन्ती, नव प्रतिभालाई साहित्यतर्फ प्रेरित गर्ने, प्रेरणा-प्रोत्साहन दिने तथा साहित्यको विकासका लागि विभिन्न किसिमका रचनात्मक साहित्यिक कार्यक्रमहरू गर्ने, अन्य साहित्यिक संस्थाहरूसँग भाइचारा एवम् मैत्रीपूर्ण सम्बन्ध राख्ने जस्ता उद्देश्यहरू यस संस्थाका रहेका छन् ।[४]

## घ) संस्थाले गरेका कार्यहरू

त्रिवेणी साहित्य परिषद्ले आफ्नो स्थापनाकालदेखि पुस्तक प्रकाशन, मानार्थ सदस्य, अभिनन्दन वा पुरस्कारका साथै अन्य विभिन्न किसिमका साहित्यिक कार्यक्रमहरू पनि गर्दै आइरहेको छ । तिनीहरूलाई निम्नानुसार उल्लेख गरिन्छः

### अ) पुस्तक प्रकाशन

यस संस्थाले हालसम्म महाकाव्यदेखि कविता सङ्ग्रह, समालोचना सङ्ग्रह, मुक्तक सङ्ग्रह, हाइकु सङ्ग्रह, निबन्ध सङ्ग्रह, खण्डकाव्य र शोक स्मारिका गरी जम्मा उनन्चालीस वटा कृतिहरू प्रकाशन गरेको पाइन्छ । यस संस्थाले सङ्ख्यात्मक मात्र नभई गुणात्मक रूपमा यी कृतिको प्रकाशन गरेर नवलपरासीको साहित्यमा अझ भनौं सिङ्गो नेपाली साहित्यको क्षेत्रमा योगदान गरेको छ । यस संस्थाबाट प्रकाशित कृतिहरूको कालक्रमिक विवरण निम्नानुसार रहेको छ ।[५]

---

४. ऐजन ।

५. नारायणप्रसाद खनाल, **स्वप्न यात्रा र चिठी**, (न.प. त्रिवेणी साहित्य परिषद् २०६६) पृ. ११० ।

| क्र.सं. | कृतिको नाम | विधा | वर्ष | लेखकको नाम |
|---|---|---|---|---|
| १ | मेरो वर्तमानता | कवितासङ्ग्रह | २०४७ | गोविन्दराज विनोदी |
| २ | नारी | काव्य | २०४७ | केशवराज डुम्रे (स्व.) |
| ३ | पञ्चगव्य | कवितासङ्ग्रह | २०४७ | हरिप्रसाद उपाध्याय (स्व.) |
| ४ | प्रजातन्त्रोदय | गीति महाकाव्य | २०४८ | रामनाथ खनाल (स्व.) |
| ५ | डमरूको आवाज | कवितासङ्ग्रह | २०४८ | डी.डी. शर्मा |
| ६ | केही रहर केही ठहर | समालोचनासङ्ग्रह | २०४९ | नारायणप्रसाद खनाल |
| ७ | पाण्डु | पौराणिक महाकाव्य | २०४९ | रामनाथ खनाल (स्व.) |
| ८ | वसन्तको प्रसवव्यथा | कवितासङ्ग्रह | २०५१ | विजयराज भट्टराई |
| ९ | प्रतिद्वन्द्वीको खोजी | कवितासङ्ग्रह | २०५३ | बाबुराम लामिछाने |
| १० | बुद्धको आँखामा देश | कवितासङ्ग्रह | २०५४ | कृष्ण कँडेल |
| ११ | बिहानी र आकाश | कवितासङ्ग्रह | २०५६ | पुष्पराज कोइराला |
| १२ | बाल्मीकि स्मृति | काव्य | २०५७ | तीर्थराज कोइराला (स्व.) |
| १३ | अर्थात् | मुक्तकसङ्ग्रह | २०५८ | धनराज गिरी |
| १४ | सत्ता साधना | मुक्तकसङ्ग्रह | २०५८ | केशवराज भट्टराई |
| १५ | पलपलका तलतलहरू | गजलसङ्ग्रह | २०५९ | विमलप्रकाश देवकोटा |
| १६ | प्रवासी व्यथा | गजलसङ्ग्रह | २०६० | धर्मप्रधान अकिञ्चन (स्व.) |
| १७ | कर्मभूमि | खण्डकाव्य | २०६० | केशवराज भट्टराई |
| १८ | खण्डहर | कवितासङ्ग्रह | २०६० | चेतनारायण भुसाल |
| १९ | मान्छेभित्र मान्छेको खोजी | हाइकुसङ्ग्रह | २०६१ | खनाल रेवतीरमण |
| २० | समीक्षाः प्रहर-प्रहरका | समालोचनासङ्ग्रह | २०६१ | नारायणप्रसाद खनाल |
| २१ | नारायणीका लहर-लहरमा | निबन्धसङ्ग्रह | २०६१ | नारायणप्रसाद खनाल |
| २२ | धरतीकी छोरी | कवितासङ्ग्रह | २०६२ | तीर्थराज कोइराला (स्व.) |
| २३ | मोहनीको मीठो म्वाइँ | कवितासङ्ग्रह | २०६२ | सदानन्द अभागी |
| २४ | स्मृतिको एक झिल्को | खण्डकाव्य | २०६२ | कृष्णादेवी शर्मा (श्रेष्ठ) |
| २५ | शब्द सङ्गोष्ठी | कवितासङ्ग्रह | २०६३ | सराह |

| | | | | |
|---|---|---|---|---|
| २६ | गुलाबको एस्ट्रेमा मृत्यु | कवितासङ्ग्रह | २०६३ | गोपी सापकोटा |
| २७ | फेरि पनि अचम्मको वात् | गजलसङ्ग्रह | २०६३ | श्यामप्रसाद न्यौपाने |
| २८ | नवलपरासीको साहित्यिक गतिविधि (सह प्रकाशन) | समालोचनासङ्ग्रह | २०६३ | भगवती अर्याल (पाण्डे) |
| २९ | निर्झरिणी | गजलसङ्ग्रह | २०६३ | कृष्णादेवी शर्मा (श्रेष्ठ) |
| ३० | स्वप्न यात्रा र चिठ्ठीहरू | निबन्धसङ्ग्रह | २०६६ | नारायणप्रसाद खनाल |
| ३१ | ऋणान्तकी | काव्य | २०६५ | युक्तिबल्लभ उपाध्याय |
| ३२ | अञ्जली | शोककाव्य | २०६५ | गणेश पाण्डेय 'बल्कल' |
| ३३ | सृष्टि सौगात | कवितासङ्ग्रह | २०६५ | कृष्णादेवी शर्मा (श्रेष्ठ) |
| ३४ | शोक स्मारिका | शोक स्मारिका | २०६५ | गोरावी+ सराह |
| ३५ | समीक्षाका आकारहरू | समालोचनासङ्ग्रह | २०६५ | नारायणप्रसाद खनाल |
| ३६ | समस्यापूर्ति परम्परामा लेखनाथका कविता काव्य | समालोचनासङ्ग्रह | २०६५ | नारायणप्रसाद खनाल |
| ३७ | निर्वचन र भाषिक सन्दर्भ | निबन्धसङ्ग्रह | २०६५ | नारायणप्रसाद खनाल |
| ३८ | अक्षर यात्री | कवितासङ्ग्रह | २०६६ | लोकनाथ खरेल |
| ३९ | ग्लोबमाथि उभिएको कङ्काल | कवितासङ्ग्रह | २०६७ | तेजेन्द्र सापकोटा |

उपर्युक्त पुस्तकहरूका साथै परिषद्ले आफ्ना क्रियाकलाप प्रकाशन गर्ने उद्देश्यले एक मुखपत्र 'त्रिवेणी' २०४८ प्रकाशन गरेको र यसमा रामनाथ र तीर्थराज कोइरालाका महत्त्वपूर्ण दुई अन्तर्वार्ताका साथै अनेक कवि कवयित्रीहरूका कविता, गजल, गीत, हाइकु आदि दर्जनौं रचना समाविष्ट छन् तर यो पत्रिका दुर्घटना ग्रस्त भएको थियो । त्यसैले एकप्रति मात्र हाल परिषद्का अध्यक्षसँग रहेको जानकारी पाइएको छ ।

**आ) अभिनन्दन तथा सम्मान**

यस संस्थाले भाषा, साहित्य र कलाका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने विशिष्ट व्यक्तिहरूलाई मानार्थ सदस्यता प्रदान गरेर सम्मान गरेको छ । यसरी संस्थाबाट मानार्थ सदस्यको रूपमा सम्मानित व्यक्तिहरू यस प्रकार छन् :-[६]

६. संस्थाका सचिव गोविन्दराज विनोदीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

| क्र.सं. | मानार्थ सदस्य | मानार्थ सदस्यता दिनुको कारण | वर्ष |
|---|---|---|---|
| १ | प्राज्ञ. मोहन कोइराला | नेपाली कविता र साहित्यमा समर्पित भएकाले | २०४८ |
| २ | प्राज्ञ. ईश्वरबल्लभ | नेपाली कविता र साहित्यमा समर्पित भएकाले | २०४८ |
| ३ | कवि विजराज भट्टराई | कविता साहित्यमा समर्पित | २०५१ |
| ४ | कवि तीर्थराज कोइराला | नेपाली कविता र साहित्यमा समर्पित भएकाले | २०५३ |
| ५ | कवि विष्णुप्रसाद धिताल | नेपाली कविता र साहित्यमा समर्पित भएकाले | २०५५ |
| ६ | प्रा. डा. चूडामणि बन्धु | नेपाली भाषा र साहित्यमा समर्पित भएकाले | २०५७ |

**इ) कोष स्थापना**

यस संस्थाले **कृष्णजङ्ग- डम्बर जङ्ग पुरस्कार कोषको** स्थापना गरेको छ । संस्थाका अध्यक्ष नारायणप्रसाद खनाल अध्यापनको सिलसिलामा चितवनको रामपुर रहँदा कृष्णजङ्ग रायमाझीकी छोरी साधना कुँवर र उनका पति तथा साहित्यकार उत्तम कुँवरका भाइ प्रा.डा. नारायण कुँवरसँगको भेट र सम्पर्कबाट साहित्यिक क्षेत्रमा कोष स्थापना गरिदिने इच्छा र संस्थाको कोष स्थापना गर्ने उद्देश्यका बीच छलफल गरी छोरी, पति र संस्थाका अध्यक्षको बीचको सहमति पछि रू. ३०,०००।- (तीस हजार) को कोष स्थापना गरिएको छ । यसै रूपियाँको ब्याजबाट प्रत्येक दुई वर्षमा जिल्लास्तरमा साहित्यका क्षेत्रमा समर्पित व्यक्तिलाई सम्मान तथा अभिनन्दन गर्ने काम संस्थाले गरेको छ । यस संस्थाले स्थापना गरेको कृष्ण जङ्ग-डम्बर जङ्ग पुरस्कारको राशि रू. ५,००१।- रहेको छ । यसबाट हालसम्म निम्नानुसार व्यक्तित्वहरूलाई सम्मान गरिएको छ :-[७]

| क्र.सं. | अभिनन्दित/सम्मानित व्यक्ति | अभिनन्दन तथा सम्मान गर्नुको कारण | वर्ष |
|---|---|---|---|
| १ | डा. चूडामणि बन्धु | भाषा र साहित्यमा समर्पित भएकाले | २०५१ |
| २ | तीर्थराज कोइराला | नेपाली कविता र साहित्यमा समर्पित भएकाले | २०५३ |
| ३ | बाबुराम लामिछाने | कथा र कविता साहित्यमा समर्पित भएकाले | २०५५ |
| ४ | डा. घनश्याम न्यौपाने | कविता र गजल साहित्यमा समर्पित भएकाले | २०५८ |
| ५ | गोपी सापकोटा | कविता, नाटक र बाल साहित्यमा समर्पित भएकाले | २०६१ |

माथि सम्मानित व्यक्तित्वहरू नवलपरासी जिल्लाका बासिन्दा रही सिङ्गो नेपाली भाषा, साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्व हुन् । त्यस्तै यस संस्थाले प्रत्येक दुईदुई वर्षमा पुरस्कृत गर्ने उद्देश्य लिए पनि ३०,०००।- को ब्याजबाट आउने रकम

७. संस्थाका अध्यक्ष नारायणप्रसादसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

पर्याप्त नभएकाले यसलाई निरन्तरता दिन नसकिएको जानकारी पाइएको छ । यसरी नै मानार्थ सदस्य वा अभिनन्दित व्यक्तिलाई सम्मान गर्दा संस्थाले कुनै निश्चित विधा वा क्षेत्र नतोकी विभिन्न विधा र साहित्यको क्षेत्रमा समर्पित स्रष्टालाई आमन्त्रण गरी सम्मान गरेको पाइन्छ ।

**ई) संस्थाले गरेका अन्य साहित्यिक कार्यक्रमहरू**

आफ्नो स्थापनाकालदेखि नै त्रिवेणी साहित्य परिषद्ले विभिन्न साहित्यिक कार्यक्रमहरू गर्दै आएको छ । संस्थाको सबैभन्दा पहिलो कार्यक्रम २०४७ सालको भानु जयन्ती हो । आफ्नो स्थापना भएको १५ दिन पनि नपुग्दै यस संस्थाले नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीको सुअवसर पारेर कवि गोष्ठी कार्यक्रम सम्पन्न गरेको थियो ।[८] **ऋतुकालीन साहित्यिक कार्यक्रम** गर्नु यस संस्थाको अर्को महत्त्वपूर्ण पक्ष हो । वि.सं. २०४८ सालमा वरिष्ठ साहित्यकार मोहन कोइरालाको प्रमुख आतिथ्यमा गैंडाकोटमा राष्ट्रिय स्तरको **'शरद साहित्य सम्मेलन'** गरेको छ । सम्मेलनमा देशभरिका करिब ३०० जति साहित्यकारहरू उपस्थित थिए । रचना वाचनका साथै साहित्यको उत्थानका बारेमा बृहत् चर्चा परिचर्चा यस सम्मेलनमा भएको थियो ।[९] यस्तै २०५० सालमा **हेमन्त काव्य यात्रा**, २०५२ सालमा **शिशिर साहित्य आरोहण**, २०५४ सालमा **वासन्तिक काव्य यात्रा** जस्ता ऋतुकालीन साहित्यिक कार्यक्रमहरू यस संस्थाका महत्त्वपूर्ण कार्यक्रम हुन् । यी साहित्यिक यात्रा र साहित्यिक आरोहणहरू प्रसिद्ध धार्मिक तीर्थस्थल त्रिवेणीधाम र गैंडाकोटको प्रसिद्ध मन्दिर मौलाकालिका मन्दिर परिसरमा एवम् नारायणी किनारमा सम्पन्न भएका हुन् । मौलाकालिका मन्दिरको फेदीबाट कविता वाचन गर्दै उकाली चढेर बेलुका मन्दिर परिसरमा बसी रचना वाचनका साथै साहित्यका विभिन्न पक्षमा रातभरि कार्यक्रम गरी सम्पन्न गरिएको थियो । २०४८ सालको **शरद साहित्य सम्मेलन**का अवसरमा कवि रामनाथ खनालको सार्वजनिक अभिनन्दन समेत गरिएको थियो ।

यस संस्थाको अर्को महत्त्वपूर्ण साहित्यिक कार्यक्रम भनेको **'काव्य शर्वरी २०५५'** हो । प्रत्येक नववर्षको विशेष अवसरमा आयोजना गरिने यो कार्यक्रम पुरानो वर्षलाई बिदाइ र नयाँ वर्षलाई स्वागत गर्दै वर्षको अन्तिम रात चैत्र मासन्तरका दिन विभिन्न साहित्यिक माहोलका साथ सम्पन्न गरिएको छ । २०५५ सालदेखि यो **काव्य शर्वरी** साहित्यिक कार्यक्रम सातौं शृङ्खलासम्म अर्थात् ७ वर्षसम्म आयोजना गरी सम्पन्न गरिएको छ ।

---

८. ऐजन ।

९. ऐजन

संस्थाले २०६० सालको नव वर्षका दिन 'नववर्ष कविता उत्सव २०६०' ले नवलपरासीका साहित्यप्रेमीलाई प्रेरणा र प्रोत्साहन गरेको पाइन्छ ।[१०] यस्तै यस संस्थाले लक्ष्मी जयन्ती, भानु जयन्ती, मोती जयन्ती आदिका अवसरहरूमा साहित्यिक कार्यक्रम गर्दै आएको छ भने हालसम्म ७० जति साहित्यिक कार्यक्रम एक्लै तथा अन्य संस्थाहरूसँग मिलेर सम्पन्न गरी सकेको छ ।

### ङ) भावी योजना

नेपाली भाषा, साहित्य र कलाका उन्नयनका लागि विविध साहित्यिक कार्यक्रम गर्ने उद्देश्यले निर्क्यौल गरेको बाटोमा हिंड्ने, कृति प्रकाशन, स्रष्टा सम्मान जस्ता कार्यक्रमलाई निरन्तरता दिने, संस्थाको दर्ता नवीकरण, कार्य समितिको पुनर्गठन र अक्षयकोषको स्थापना गर्ने जस्ता भावी योजनाहरू संस्थाले लिएको छ ।[११]

### च) निष्कर्ष

त्रिवेणी साहित्य परिषद् नवलपरासी जिल्लामा वैधानिक रूपमा स्थापना भएको पहिलो साहित्यिक संस्था हो । यस संस्थाको जन्म हुनु पूर्व यस जिल्लाको साहित्यिक अवस्था आइसल्याण्डको सर्प जस्तै थियो । २०४७ सालमा यस संस्थाको स्थापना भए पछि जिल्लामा जिल्लास्तरीय, क्षेत्रीय स्तरीय र राष्ट्रिय स्तरका विभिन्न कार्यक्रमहरू भए । राष्ट्रिय तहका प्रख्यात साहित्यकारको आगमन यस जिल्लामा हुन थाल्यो। यस संस्थाको सक्रियतामा भएका विभिन्न साहित्यिक गतिविधिले नयाँ स्रष्टा जन्माउनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । विभिन्न विधाका उनन्चालीसवटा कृति प्रकाशन गरेर यस संस्थाले जिल्लाकै सर्वाधिक कृति प्रकाशन गर्ने काम गरेको छ । संस्थाले कवि रामनाथ खनालका दुईवटा महाकाव्य जस्तो साहित्यको बृहत् विधालाई समेत प्रकाशन गरेको छ । प्रजातन्त्रको उदय हुनुपूर्व **'प्रजातन्त्रोदय'** जस्तो महाकाव्य प्रकाशन गर्नु निकै कठिन कार्य थियो । यस महाकाव्यको पाण्डुलिपिलाई जफत गर्न तत्कालीन प्रशासनले अनेक प्रयास गरेको थियो । यस अर्थमा संस्थाले साहित्यका क्षेत्रमा महत्त्वपूर्ण कार्य गरेको पाइन्छ । संस्थाका अन्य साहित्यिक कार्यक्रमहरू पनि निकै प्रभावकारी र प्रसिद्ध छन् । यति हुँदा हुँदै पनि संस्थाले सुरूका वर्षमा जस्तो कामहरू पछिल्ला वर्षहरूमा गरेको देखिदैंन । संस्थाले नवलपरासीको साहित्यिक गतिविधिमा पुऱ्याएको योगदान अन्य संस्थाका तुलनामा सबैभन्दा महत्त्वपूर्ण र उच्च छ ।

---

१०. संस्थाका सचिव गोविन्दराज विनोदीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

११. ऐजन ।

### ३.१.१.२ लालीगुराँस साहित्यिक कला प्रतिष्ठान (२०५६)

#### क) पृष्ठभूमि र परिचय

साहित्य, सङ्गीत र कलाको क्षेत्रमा केही गरौं भन्ने सोंचले देवचुली गा.वि.स. विशालटारमा भेला भएका युवा साहित्यप्रेमी व्यक्तिहरूबाट एउटा संस्थाको स्थापना गरी सामूहिक रूपमा साहित्यको क्षेत्रमा समर्पित हुने उद्देश्यले यस संस्थाको जन्म भएको हो ।[१२]

#### ख) स्थापना र कार्य समिति

लालीगुराँस साहित्यिक कला प्रतिष्ठानको स्थापना वि.सं. २०५६।११।१३ गते भएको हो । संस्थाले वैधानिकता प्राप्त गर्ने क्रममा वि.सं. २०५६।११।२६ गते जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा दर्ता नं. ०५६/६०८ मा दर्ता गरियो । यस संस्थाका संस्थापक कार्य समिति निम्नानुसार रहेका छन् ।[१३]

| क्र.सं. | पद | पदाधिकारी |
|---|---|---|
| १ | अध्यक्ष | नारायण दवाडी |
| २ | सचिव | राजु न्यौपाने |
| ३ | कोषाध्यक्ष | शिव भट्ट |
| ४ | सदस्य | हरिचन्द्र अधिकारी |
| ५ | सदस्य | सरस्वती शर्मा |
| ६ | सदस्य | मधुविलास न्यौपाने |
| ७ | सदस्य | शकुन्तला पराजुली |

संस्थाको स्थापना भएपछि एक पल्ट पनि कार्य समितिको पुनर्गठन भएको छैन भने दर्ता नवीकरण पनि भएको छैन । साहित्य जीवनमूलक हुनुपर्छ भन्ने उद्देश्यले साहित्यिक, सङ्गीत र कलाको क्षेत्रमा केही गर्ने उद्देश्य लिए पनि यस संस्थाले हालसम्म कुनै पनि कार्यक्रम गरेको पाइँदैन । संस्थाको जन्म दिनु र संस्था दर्ता गर्नुमा नै यो संस्था सीमित रहेको छ । हाल यो संस्था लोप भएको छ ।[१४]

---

१२. संस्थाका अध्यक्ष नारायण दवाडीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१३. ऐजन ।

१४. ऐजन ।

### ३.१.१.३ नवलपरासी साहित्य परिषद् (२०५७)

#### क) पृष्ठभूमि र परिचय

भौगोलिक दृष्टिले नवलपरासी प्रायः २ भागमा विभाजित छ । दाउन्ने डाँडादेखि पूर्वको भागलाई नवलपुर र पश्चिमको भागलाई परासी खण्ड भनी चिनिने गरिन्छ । साहित्यिक दृष्टिकोणले जिल्लाको पूर्व बिन्दु गैंडाकोटमा स्थापना भएको त्रिवेणी साहित्य परिषद्ले नवलपरासीको साहित्यिक विकासका लागि विभिन्न साहित्यिक कार्यक्रमहरू गरिरहेको थियो भने जिल्ला सदरमुकामसमेत रहेको परासी क्षेत्रमा पनि एउटा साझा साहित्यिक संस्थाको आवश्यकता खट्किरहेको थियो । परासीमा रहेका केही राष्ट्रसेवक कर्मचारी र साहित्यप्रेमीहरूको बीचमा यस किसिमको छलफल भइरहेको थियो । तत्कालीन प्रमुख जिल्ला अधिकारी विजयराज भट्टराई, साहित्यप्रेमी भूपेन्द्र शर्मा भट्टराई, इन्द्रबहादुर शाही, विष्णु लामिछाने, भूमिसुधार अधिकारी, विजयसागर श्रेष्ठको सक्रियतामा परासीमा रहेका साहित्यप्रेमी र साहित्यप्रति झुकाव राख्ने राष्ट्रसेवक कर्मचारीहरूको भेला को.ले.नि.का.मा बसी वि.सं. २०५० श्रावणमा परासी साहित्य समाज नामक संस्थाको स्थापना गरियो । इन्द्रबहादुर शाही डुम्राकोटीको संयोजकत्वमा भूपेन्द्र शर्मा भट्टराई, विष्णु लामिछाने, बालचन्द्र आचार्य र सीता गौतम रहेको समितिको गठन गरियो । सल्लाहकारमा प्रमुख जिल्ला अधिकारी विजयराज भट्टराई को.ले.नि.का. प्रमुख तीर्थराज अधिकारी र भूमिसुधार अधिकृत विजयसागर श्रेष्ठलाई सल्लाहकारमा राखियो । पछि २०५१।१।११ गते यस संस्थामा थप पाँच जना सदस्यको चयन गरियो । जसमा सृजना आचार्य, वत्सराज कोइराला, केदार कल्पित र फडेश्वरमणि त्रिपाठी रहनु भएको छ ।[१५] यस संस्थाले परासीको पाल्ही क्याम्पसमा दुईवटा कविगोष्ठी कार्यक्रम पनि सम्पन्न गरेको थियो । यस संस्थालाई परासी क्षेत्रमा मात्र सीमित नराखी क्षेत्र विस्तार गरी समग्र जिल्लालाई नै समेट्ने गरी जिल्लाभरि नै नवीन सोच र चिन्तनका साथ साहित्य, कला र संस्कृतिको उत्थानका लागि काम गर्नुपर्ने आवश्यकताको महसुस गरी नाम परिवर्तन सहित वैधानिक रूपमा संस्था दर्ता गरी अगाडि बढ्ने निर्णय गरियो । फलस्वरूप परासी साहित्य समाजलाई नवलपरासी साहित्य परिषद्मा परिणत गरी नयाँ तदर्थ कार्य समितिको गठन पनि गरियो ।

---

१५. संस्थाका वर्तमान सल्लाहकार भूपेन्द्र शर्मा भट्टराईले भरेको संस्था विवरण फारम अनुसार ।

## ख) स्थापना र कार्य समिति

वि.सं २०५७ साल श्रावण २ गतेका दिन परासी साहित्य समाजको नाम परिवर्तन गरी नवलपरासी साहित्य परिषद्को स्थापना गरिएको हो । वैधानिकता प्रदान गर्ने क्रममा यस संस्थालाई वि.सं. २०५७।४।२७ गते जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा दर्ता नं. ६३८ मा दर्ता गरियो । यस संस्थाका उठानकालका तदर्थ कार्य समितिका पदाधिकारीहरू यस प्रकार रहेका छन् ।[१६]

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार समिति |
|---|---|---|---|
| १ | अध्यक्ष | भूपेन्द्र शर्मा भट्टराई | १. डा.चूडामणि बन्धु |
| २ | उपाध्यक्ष | खगेन्द्रप्रसाद बस्याल | २. गोविन्दराज विनोदी |
| ३ | उपाध्यक्ष | नरेशराज लम्साल | ३. इन्द्रशाही डुम्राकोटी |
| ४ | सचिव | शेषराज दाहाल | ४. तीर्थराज कोइराला |
| ५ | सहसचिव | विष्णु लामिछाने | ५. डा.घनश्याम न्यौपाने |
| ६ | कोषाध्यक्ष | भवानीप्रसाद रेग्मी | |
| ७ | सदस्य | लोकनाथ खरेल | |
| ८ | सदस्य | माधवप्रसाद पराजुली | |
| ९ | सदस्य | दीपक भट्टराई | |
| १० | सदस्य | सरोज उजाड | |
| ११ | सदस्य | दीपक बराल | |
| १२ | सदस्य | हरिप्रसाद न्यौपाने | |

वि.सं. २०५८/१०/०३ गतेका दिन यस परिषद्को दोस्रो अधिवेशनले पुनः विष्णु लामिछानेको अध्यक्षतामा दश सदस्यीय कार्य समितिको चयन गरेको छ । जसमा निम्न अनुसार पदाधिकारी रहेका छन् :- [१७]

---

१६. संस्थाका वर्तमान अध्यक्ष विष्णु लामिछानेसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१७. ऐजन ।

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार समिति |
|---|---|---|---|
| १ | अध्यक्ष | विष्णु लामिछाने | १. इन्द्रशाही डुम्राकोटी |
| २ | निवर्तमान अध्यक्ष | भूपेन्द्र शर्मा भट्टराई | २. दीपकप्रकाश लोहनी |
| ३ | उपाध्यक्ष | रमेश मिश्र | ३. गोविन्दराज विनोदी |
| ४ | सचिव | खगेन्द्रप्रसाद बस्याल | ४. घनश्याम न्यौपाने |
| ५ | सहसचिव | दीपक बराल | ५. वी.आर.कल्याणी |
| ६ | कोषाध्यक्ष | विन्दु पौडेल | |
| ७ | सदस्य | शेषराज दाहाल | |
| ८ | सदस्य | सरोज उजाड | |
| ९ | सदस्य | रूक्माङ्गत बस्याल | |
| १० | सदस्य | हरिप्रसाद ढुङ्गाना | |

वि.सं. २०६० सालको भाद्र १७ गतेका दिन यस संस्थाले परासीमा जिल्लास्तरीय काव्यगोष्ठी गरी सोही दिनको तेस्रो अधिवेशनबाट विष्णु लामिछानेको अध्यक्षतामा उन्नाइस सदस्यीय कार्यसमितिको पुनर्गठन गरेको छ । जसमा निम्नानुसारका पदाधिकारी रहेका छन् [१८] :-

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार समिति |
|---|---|---|---|
| १. | अध्यक्ष | विष्णु लामिछाने | १. इन्द्रशाही डुम्राकोटी |
| २. | निवर्तमान अध्यक्ष | भूपेन्द्र शर्मा भट्टराई | २. गोविन्दराज विनोदी |
| ३. | उपाध्यक्ष | रमेश मिश्र | ३. डा.घनश्याम परिश्रमी |
| ४. | सचिव | खगेन्द्रप्रसाद बस्याल | ४. वी.आर. कल्याणी |
| ५. | सहसचिव | श्याम न्यौपाने | ५. देवीप्रसाद सुवेदी |
| ६. | कोषाध्यक्ष | भीमकान्त पौडेल | |

१८. ऐजन

| | | |
|---|---|---|
| ७. | सदस्य | कुशलराज भट्ट |
| ८. | सदस्य | रूक्माङ्गत बस्याल |
| ९. | सदस्य | दीपक बराल |
| १०. | सदस्य | लोकनाथ खरेल |
| ११. | सदस्य | सरोज उजाड |
| १२. | सदस्य | शेषराज दाहाल |
| १३. | सदस्य | विष्णु सापकोटा |
| १४. | सदस्य | विष्णुमाया विभु |
| १५. | सदस्य | रूद्र मरासिनी |
| १६. | सदस्य | धनपति कोइराला |
| १७. | सदस्य | ईश्वर खनाल |
| १८. | सदस्य | शङ्कर पन्थी |
| १९. | सदस्य | राधा पाण्डे |

वि.सं. २०६३/०६/११ गते यस संस्थाको चौथो अधिवेशनबाट पुनः विष्णु लामिछानेकै अध्यक्षतामा सत्र सदस्यीय कार्यसमितिको पुनर्गठन भएको छ । यही समिति नै वर्तमान कार्य समिति हो । संस्थालाई स्थापना कालदेखि ६२ सालसम्म प्रत्येक वर्ष दर्ता नवीकरण गरिएको पाइन्छ भने ६२ साल पछि संस्थाको दर्ता नवीकरण भएको छैन । यस संस्थाका वर्तमान कार्य समितिमा निम्नानुसारका पदाधिकारी रहेका छन् [१९] :-

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार समिति |
|---|---|---|---|
| १ | अध्यक्ष | विष्णु लामिछाने | १. गोविन्दराज विनोदी |
| २ | उपाध्यक्ष | रमेश मिश्र | २. डा.नारायणप्रसाद खनाल |
| ३ | सचिव | श्याम न्यौपाने | ३. डा.घनश्याम परिश्रमी |
| ४ | सहसचिव | दीपक बराल | ४. खगेन्द्रप्रसाद बस्याल |
| ५ | कोषाध्यक्ष | पिताम्बर चापागाई | ५. रामहरि शर्मा |

१९. ऐजन ।

| | | | |
|---|---|---|---|
| ६ | सदस्य | कुशलराज भट्ट | ६ भूपेन्द्र शर्मा भट्टराई |
| ७ | सदस्य | लोकनाथ खरेल | |
| ८ | सदस्य | विष्णुमाया विभु | |
| ९ | सदस्य | सरोज उजाड | |
| १० | सदस्य | धनपति कोइराला | |
| ११ | सदस्य | रूद्र मरासिनी | |
| १२ | सदस्य | शेषराज दाहाल | |
| १३ | सदस्य | राधा पाण्डे | |
| १४ | सदस्य | ईश्वर खनाल | |
| १५ | सदस्य | सत्यदेव पाण्डे | |
| १६ | सदस्य | कृष्णादेवी शर्मा श्रेष्ठ | |
| १७ | सदस्य | नारायण 'मौसम' | |

### ग) उद्देश्य

साहित्यको माध्यमबाट पनि समाजलाई अग्रगति प्रदान गर्न सकिन्छ । साहित्यिक साधनामा रम्ने साधकहरू अक्षरतत्त्व र शब्द शक्तिका माध्यमबाट समाज र राष्ट्रलाई आलोकित गर्दछन् । साहित्यमा जीवन छ जीवनमा साहित्य छ, यसै विचारलाई मनन गर्दै यस संस्थाले नवलपरासी जिल्लालाई साहित्यको उर्वर भूमि बनाउने उद्देश्य राखेको छ । जिल्लाका सबै क्षेत्रमा साहित्यिक जागरण ल्याउने, साहित्यिक अन्तरक्रिया गर्ने, साहित्यकारहरूको सम्मान गर्ने, नयाँ प्रतिभाहरूलाई प्रेरणा र प्रोत्साहन गर्ने, साहित्यिक कृति प्रकाशन कला, साहित्य र संस्कृतिको संरक्षण र संबर्द्धन गर्न जिल्लाका विभिन्न ठाउँमा साहित्यिक कार्यक्रम गर्ने उद्देश्य संस्थाको रहेको छ ।[२०]

### घ) संस्थाले गरेका कार्यहरू

नवलपरासी साहित्य परिषद्ले नवलपरासी जिल्लाको साहित्यिक गतिविधि र कलाका क्षेत्रमा विभिन्न रचनात्मक कार्यक्रमहरू गर्दै आएको छ । संस्थाले हालसम्म पुस्तक प्रकाशन, स्रष्टासम्मान र अन्य साहित्यिक कार्यक्रमहरू गरेको छ :-

२०. ऐजन ।

**अ. कृति प्रकाशन**

यस संस्थाले हालसम्म कविता सङ्ग्रह, गजलसङ्ग्रह, खण्डकाव्य, कथासङ्ग्रह, उपन्यास, मुक्तकसङ्ग्रह र समालोचना जस्ता अनेक विधाका सत्रवटा कृतिहरू प्रकाशन गरेको छ, तिनको विवरण यसप्रकार रहेको छ :-

| क्र. स. | कृतिको नाम | लेखकको नाम | विधा | वर्ष |
|---|---|---|---|---|
| १ | जीवन लीला | सदानन्द अभागी | उपन्यास | २०५८ |
| २ | नव जीवन | ज्ञानेन्द्र निश्चल चौधरी र प्रकाश चौधरी | कवितासङ्ग्रह | २०५९ |
| ३ | रित्तो गिलास र अनारका आँखाहरू | भूपेन्द्र शर्मा भट्टराई | कवितासङ्ग्रह | २०५९ |
| ४ | नवलपरासीको समसामयिक गजल भाग १ | संयुक्त | गजलसङ्ग्रह | २०६१ |
| ५ | फूल मुस्कुराउँदा | गोरखसागर खत्री | गजलसङ्ग्रह | २०६२ |
| ६ | जीवनका छालहरू | ईश्वर खनाल | गजलसङ्ग्रह | २०६२ |
| ७ | आफ्नै मुटु फाटेपछि | पिताम्बर चापागाई | गजलसङ्ग्रह | २०६२ |
| ८ | बबिता | शङ्कर बस्याल | उपन्यास | २०६२ |
| ९ | सोह्र दुनी आठ | श्याम न्यौपाने | मुक्तकसङ्ग्रह | २०६२ |
| १० | निर्दयी रात | मोहन आचार्य (जलद) | कवितासङ्ग्रह | २०६३ |
| ११ | झाँसीकी रानी | श्याम न्यौपाने | खण्डकाव्य | २०६३ |
| १२ | इन्द्रेणी शर्माका कथाहरू | इन्द्रेणी शर्मा | कथासङ्ग्रह | २०६३ |
| १३ | खुशीहरू बन्दकीमा | शालिकराम लम्साल | गजलसङ्ग्रह | २०६३ |
| १४ | नवलपरासीका साहित्यिक गतिविधि | भगवती अर्याल (संयुक्त प्रकाशन) | समालोचना | २०६३ |
| १५ | कर्द र खुर्पाहरू | श्याम न्यौपाने | कवितासङ्ग्रह | २०६५ |
| १६ | नियतिले छलेपछि | हरि विर्मशी | गजलसङ्ग्रह | २०६५ |
| १७ | नवलपरासीको समसामयिक गजल भाग २ | संयुक्त | गजलसङ्ग्रह | २०६५ |

### ङ) अभिन्नदन वा सम्मान

नवलपरासी साहित्य परिषद्ले आफ्नो उद्देश्य अनुसार साहित्यको क्षेत्रमा समर्पित ब्यक्तिहरूलाई सम्मान गरेको छ । विशेष गरी नवलपरासी जिल्लाको साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने यसै जिल्लाका ब्यक्तित्वहरूलाई अभिनन्दन वा सम्मान गरेको छ । यसरी अभिनन्दित वा सम्मानित हुने ब्यक्तिहरू निम्नानुसार रहेका छन् [२१] :-

| क्र.स. | अभिनन्दित वा सम्मानित ब्यक्ति | सम्मान गर्नुको उद्देश्य | बर्ष |
|---|---|---|---|
| १ | रमेश विकल | साहित्यको सेवामा समर्पित भएकाले | २०५० |
| २ | ज्ञानमणि नेपाल | साहित्यको सेवामा समर्पित भएकाले | २०५१ |
| ३ | नकुल सिलवाल | साहित्यको सेवामा समर्पित भएकाले | २०५२ |
| ४ | इन्द्रशाही डुम्राकोटी | साहित्यको सेवामा समर्पित भएकाले | २०५७ |
| ५ | गोविन्दराज विनोदी | साहित्यको सेवामा समर्पित भएकाले | २०५७ |
| ६ | खेचरनाथ नेपाल | साहित्यको सेवामा समर्पित भएकाले | २०५८ |
| ७ | चन्द्रप्रकाश अधिकारी | साहित्यको सेवामा समर्पित भएकाले | २०५९ |
| ८ | डा.घनश्याम न्यौपाने | साहित्यको सेवामा समर्पित भएकाले | २०६० |
| ९ | नीलकण्ठ उपाध्याय | साहित्यको सेवामा समर्पित भएकाले | २०६१ |
| १० | रमेश मिश्र | साहित्यको सेवामा समर्पित भएकाले | २०६२ |

यसरी सम्मान तथा अभिनन्दित ब्यक्तिहरूमा रमेश विकल, ज्ञानमणि नेपाल र नकुल सिलवाललाई नाम परिवर्तन नहुँदै तथा परासी साहित्य समाजबाट नै सम्मान गरिएको थियो भने अन्य ब्यक्तित्वहरूलाई भने नवलपरासी साहित्य परिषद्मा रूपान्तरण भएपछि सम्मान गरिएको हो । सम्मानीय ब्यक्तिहरूलाई निश्चित एउटा विधा वा क्षेत्र नतोकी साहित्य सेवामा समर्पित भएको भनी सम्मान गरेको पाइन्छ ।

---

२१. ऐजन ।

**च) अन्य साहित्यिक गतिविधिहरू**

आफ्नो स्थापनाको सुरूदेखि नै विभिन्न साहित्यिक कार्यक्रमहरू गर्दै आएको यस संस्थाले कृति प्रकाशन, स्रष्टा सम्मानका साथै अन्य साहित्यिक कार्यक्रमहरू पनि गरेको छ । साहित्य राष्ट्रको ऐना हो, कला र साहित्य विनाको राष्ट्र प्राण विनाको मानव शरीर जस्तै हुन्छ । यस अभियान वा भनाइमा राष्ट्रको प्राण भने तल्लीन यस संस्थाले जिल्लाका ७३ गा.वि.स. मध्ये झन्डै ६२ गा.वि.स.मा गएर विभिन्न समयमा साहित्यिक जागरण अभियान अन्तर्गत 'साहित्यिक घुम्ती कार्यक्रम' सम्पन्न गरेको छ । जिल्लाका तराई, भित्री मधेश र पहाडका अधिकांश क्षेत्रमा गई साहित्यिक घुम्ती कार्यक्रमका माध्यमबाट नव सिर्जनशील प्रतिभाहरूलाई प्रेरणा र प्रोत्साहन दिन, रचना वाचन गर्न, साहित्यिक प्रशिक्षण दिने, साहित्यिक प्रतिभाको कदर गर्ने आदि कार्यक्रम गरेर जिल्लामा सुषुप्त अवस्थामा रहेका साहित्यिक कोपिलाहरूको खोजी गरी तिनलाई पूर्ण रूपमा सुगन्धित फूल तुल्याउने अभियानमा यो परिषद् मलजल गर्न लागेको छ ।  साहित्यिक घुम्ती कार्यक्रमको ५० औं शृङ्खला यस संस्थाले बेलाटारीमा वृहत् साहित्यिक गोष्ठीको आयोजना गरी वि.सं. २०६२ मा मनाएको थियो। यसरी यस जिल्लाका प्रत्येक गाउँ कुनामा गएर साहित्यिक जागरण ल्याउने यो पहिलो संस्था हो । यस्तै यस संस्थाको दोस्रो महत्त्वपूर्ण कार्यक्रम भनेको साहित्यिक समागम कार्यक्रम हो । संस्थाले जिल्लाको पूर्वीय सिमाना गैंडाकोटदेखि परासीसम्म विभिन्न ठाउँहरूमा **'साहित्यिक समागम'** नामक मासिक कार्यक्रम गरी साहित्यिक गतिविधिमा छलफल, रचना वाचन, नवीनशैली आदि विषयमा अन्तरक्रिया गर्ने गरेको छ । जिल्लाको साहित्यिक क्षेत्रलाई तेजस्वी तुल्याउने अर्को महत्त्वपूर्ण कार्य आदिकवि भानुभक्त आचार्यको प्रतिमा स्थापना हो । शिवमन्दिर गा.वि.स. २ को २८ विगाह क्षेत्रलाई भानुआदर्श नगर नामकरण गरी उक्त स्थानमा ग्रामीण आवासीय कम्पनीको आर्थिक सहयोगमा आदिकवि भानुभक्तको प्रतिमा स्थापना गरिएको छ । प्रतिमा स्थापना पछि सोही दिन चितवन साहित्य परिषद्, त्रिवेणी साहित्य परिषद् र नवलपरासी साहित्य परिषद्को आयोजनामा क्षेत्रीय स्तरको वृहत् **कवि गोष्ठी कार्यक्रम** पनि सम्पन्न भएको भएको थियो ।[२२]

---

२२. ऐजन ।

### छ) भावी योजना

नवलपरासी साहित्य परिषद्ले उद्देश्यले देखाएको बाटो अनुसार आफ्ना साहित्यिक कार्यक्रम गर्दै जाने, नवलपरासी जिल्लामा स्थापना भएका सबै साहित्यिक संस्थाहरूको साझा छाता संस्था स्थापना गर्ने, साहित्यिक विकासका लागि अक्षयकोषको स्थापना गर्ने, संस्थाको नाममा आफ्नै कार्यालय भवन निर्माण गर्न पहल गर्ने जस्ता भावी योजनाहरू यस संस्थाले लिएको छ ।[२३]

### ज) निष्कर्ष

नवलपरासी साहित्य परिषद्को स्थापना भएपछि नवलपरासीका विभिन्न क्षेत्रमा साहित्यिक गतिविधिहरू तीव्रताका साथ हुन थालेको देखिन्छ । जिल्लाका अधिकांश गा.वि.स., स्कूल वा क्याम्पसमा गएर साहित्यिक घुम्ती कार्यक्रम मार्फत साहित्यिक जागरण ल्याउनु संस्थाको महत्त्वपूर्ण उपलब्धि हो । संस्थाले विभिन्न विधाका १७ वटा कृति प्रकाशन गरेर त्रिवेणी साहित्य परिषद् पछिको दोस्रो धेरै कृति प्रकाशन गर्ने संस्थाको रूपमा रहेको छ संस्थाको नवलपरासी जिल्लामा साहित्यिक कार्यक्रम गर्न र जिल्लाका सबै तहका व्यक्तिले साहित्यको रसानुभूति गराउने काममा उल्लेख्य योगदान छ ।

### ३.१.१.४ परासी नाट्यसमाज (२०६३)

### क) पृष्ठभूमि र परिचय

साहित्यिका विभिन्न विधामध्ये नाट्य विधा सबै भन्दा प्राचीन विधा हो । वि.सं. २०३१ सालमा वुटवलमा स्थापना भएको लुम्बिनी सांस्कृतिक मण्डलले नवलपरासीका विभिन्न स्थानमा सांस्कृतिक कार्यक्रम तथा नाटक मञ्चन गरेको थियो । नवलपरासीको परासीमा रहेका केही नाट्यप्रेमी व्यक्तिहरूले सडक नाटकको माध्यमबाट यस क्षेत्रका व्यक्तिहरूमा सचेतना दिन सकिन्छ भन्ने सोच राखेका थिए । जिल्लाको सदरमुकामसमेत रहेको यस क्षेत्रमा एउटा नाट्य समूहको साझा संस्थाको आवश्यकता रहेको कुरा महसुस गरी अभिनय कला र नाट्यप्रेमी व्यक्तिहरूको भेला गरी यस परासी नाट्य समाज (२०६३) संस्थाको स्थापना गरिएको हो ।

---

२३. ऐजन ।

## ख) स्थापना र कार्यसमिति

परासी नाट्य समाजको स्थापना वि.स. २०६३/४/२५ गतेका दिन परासीमा भएको हो । वैधानिकता प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालय नवलपरासीमा दर्ता नं. १०६५ मा २०५३/५/१५ गते यो संस्था दर्ता भएको छ । विष्णु लामिछानेको अध्यक्षतामा ७ सदस्ययीय कार्य समितिको विवरण निम्नानुसार रहेको छ [२४] :-

| क्र.स. | पद | पदाधिकारी | सल्लाहकार |
|---|---|---|---|
| १ | अध्यक्ष | विष्णु लामिछाने | १. श्याम न्यौपाने |
| २ | उपाध्यक्ष | प्रमोद अग्रहरि | २. भूपेन्द्र शर्मा भट्टराई |
| ३ | सचिव | अशोक श्रेष्ठ | |
| ४ | कोषाध्यक्ष | हरि शर्मा | |
| ५ | सदस्य | नारायण सुवेदी | |
| ६ | सदस्य | गीता ज्ञवाली | |
| ७ | सदस्य | मनीषा पाण्डे | |

## ग) उद्देश्य

नवलपरासीको परासी खण्डमा अधिकांश मधेसी मूलका नागरिकहरूको बसोबास बढी रहेको छ। यो क्षेत्र भारतसँग सिमाना जोडिएको क्षेत्र पनि हो । यहाँ धेरै मानिसहरूमा शैक्षिक चेतनाको कमी हुनुका साथै दाइजो प्रथा, बाल विवाह तथा अन्य सामाजिक कुसंस्कारहरू ब्याप्त रहेका छन् । त्यसैले ती क्षेत्रमा गई सडक नाटकहरू प्रदर्शन गरेर सचेतना फैलाउने तथा सामाजिक जागरण ल्याउने उद्देश्य संस्थाले लिएको छ ।

## घ) संस्थाले गरेका कार्यहरू

परासी नाट्य समाजले आफ्नो उद्देश्य अनुरूप विभिन्न ठाउँमा सडक नाटकहरू प्रदर्शन गरेको छ । हालसम्म संस्थाले प्रदर्शन गरेका सडक नाटकहरूको विवरण यसप्रकार रहेको छ। [२५]

---

२४. संस्थाका अध्यक्ष विष्णु लामिछानेले भरेको संस्था विवरण फारम अनुसार ।

२५. ऐजन ।

| क्र.स. | प्रदर्शन गरेको सडक नाटकको नाम | लेखक | स्थान | मिति |
|---|---|---|---|---|
| १ | दहेज | विष्णु लामिछाने | कुडिया, महेशपुर | २०६३।८ |
| २ | संविधानसभा | विष्णु लामिछाने | सुस्ता, परासी महेशपुर | २०६४।११ |
| ३ | बाल शिक्षा किन ? | प्रमोद अग्रहरि | जमुनिया,परासी सगाही | २०६५।जेष्ठ,असार |
| ४ | सफा पानी स्वस्थ जीवन | विष्णु लामिछाने | जमुनिया वर्दघाट सुस्ता सुनवल | २०६५चैत्र२०६६ भदौ |
| ५ | छोरा छोरी बराबरी | विष्णु लामिछाने | परासी, सुस्ता, कुडिया,पञ्चगङ्गा | २०६६ मंसिर र मार्ग |

माथि दिइएका नाटकहरू यस संस्थाले प्रदर्शन गरेर ग्रामीण समाजका जनतामा सचेतनामूलक सन्देश दिने काम गरेको छ । यस्तै यस संस्थाले सडक नाटक सम्बन्धि अभिनय कलाको प्रशिक्षण पनि दिएको छ ।

ङ) भावी योजना

यस संस्थाले आफूले प्रदर्शन गर्दै आएका सडक नाटकहरूलाई परासी खण्डमा मात्र नदेखाएर जिल्लाका अन्य ठाँउमा पनि प्रदर्शन गर्दै जाने आफ्ना कार्यक्रमहरूलाई सक्रियताका साथ अगाडि बढाउने अभिनय कला सम्बन्धी प्रशिक्षण दिने भावी योजना संस्थाको रहेको छ ।[२६]

## च) निष्कर्ष

नाट्य विधाका माध्यमबाट साहित्यको उत्थानमा सक्रियता देखाउदै ग्रामीण समाजमा विकृतिको अन्त्य गर्ने काममा लागेको यस संस्थाले परासी क्षेत्रमा मात्र नभई जिल्लाका ७३ वटा गा.वि.स.मा नै यो कार्यक्रमलाई लैजानु पर्ने देखिन्छ । अभिनयका क्षेत्रमा राष्ट्रिय तहका प्रशिक्षकहरूलाई आमन्त्रण गरी प्रशिक्षण दिएमा थप प्रभावकारी र कलाकारको कला कौशलमा निपूर्णता प्राप्त गर्न मद्दत पुग्ने थियो । यस संस्थाले विशेष गरी मधेस मूलका वासी रहेको ठाउँ आफ्ना ठाउँमा गतिविधि सञ्चालन गरेर महत्त्वपूर्ण कार्य गरेको छ ।

२६. ऐजन ।

### ३.१.१.५ जागरण सांस्कृतिक नाट्य समूह (२०६४)

**क) पृष्ठभूमि र परिचय**

नवलपरासी जिल्लाको ग्रामीण क्षेत्रको शैक्षिक चेतना वा जीवन स्तर अझ पनि विकास हुन सकेको छैन । यहाँका आदिवासी थारू, बोटे, मधेसी मूलका व्यक्तिहरूमा तथा पहाडी क्षेत्रका बासिन्दामा सचेतनाको कमी नै पाइन्छ । यस्तो परिप्रेक्षमा जिल्लाका गाउँगाउँमा पुगी सामाजिक, शैक्षिक, सांस्कृतिक र साहित्यिक जागरण ल्याउनु पर्ने आवश्यकताको खोजी हुन थालेको र त्यसका लागि सडक नाटकका माध्यमबाट सचेतना फैलाउँदा ग्रामीण समाजका नागरिकमा बुझाउन सजिलो र प्रभावकारी हुने कुरालाई महसुस गरी एउटा नाट्य समूहको गठन गर्ने हेतुले तम्सरीया गा.वि.स.मा केही सचेत व्यक्तिहरूको भेलाले यस संस्थालाई जन्म दिएको हो ।

**ख) स्थापना र कार्यसमिति**

जागरण सांस्कृतिक नाट्य समूहको स्थापना २०६४ सालको वैशाख महिनामा भएको हो । वैधानिकता प्राप्त गर्ने क्रममा वि.सं. २०६४।३।१७ गते यो संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता गरियो । संस्थाको दर्ता नं. १११७/०६४ रहेको छ। ७ सदस्यीय कार्य समिति रहेको यस संस्थाका संस्थापक तथा वर्तमान कार्य समितिको विवरण निम्नानुसार रहेको छ [२७] :-

| क्र.स. | पद | पदाधिकारी |
|---|---|---|
| १ | अध्यक्ष | कृष्ण नेपाल |
| २ | उपाध्यक्ष | सरस्वती पन्थी |
| ३ | सचिव | शिवराज घिमिरे |
| ४ | कोषाध्यक्ष | थमनारायण शर्मा |
| ५ | सदस्य | लोकमान ठकुरी |
| ६ | सदस्य | सुरेश कुमाल |
| ७ | सदस्य | रमेश काफ्ले |

२७. संस्थाका अध्यक्ष कृष्ण नेपालले भरेको संस्था विवरण फारम अनुसार ।

## ग) उद्देश्य

नवलपरासी जिल्ला भौगोलिक विविधता भएको जिल्ला हो । भित्री मधेस, तराई र पहाडी क्षेत्रको सम्मिश्रण भएको यस जिल्लामा पिछडिएको क्षेत्र र समुदायको पनि त्यत्तिकै धेरै जनसंख्या छ । यहाँ आदिवासी, जनजाति, मुस्लिम समुदाय र पहाडी क्षेत्रका मानिसहरू शिक्षाको उज्यालो प्रकाशबाट अझै पनि पिछडिएका अवस्थामा छन् । त्यसैले प्रत्येक पिछडिएको क्षेत्र, वर्ग र समुदायमा चेतनामूलक सडक नाटक र नाटकहरू प्रदर्शन गरी जनजागरण ल्याउने सभ्य, सुसंस्कृत, शैक्षिक समाजको निर्माण गर्नु यस संस्थाको मूल उद्देश्य रहेको छ । यसै गरी साहित्यिक व्यक्तित्व सम्मान, नाट्यकृति प्रकाशन र देशव्यापी नाटक र सडक नाटकको मञ्चन तथा प्रर्दशन गरी सामाजिक जागरण ल्याउने उद्देश्य संस्थाको रहेको छ ।

## घ) संस्थाले गरेका कार्यहरू

जागरण सांस्कृतिक नाट्य समूहले आफ्नो स्थापनाकालदेखि नै सडक नाटक र नाटकहरू प्रदर्शन गरेको छ । यस संस्थाले हालसम्म विभिन्न ठाउँमा प्रदर्शन गरेका नाटक तथा सडक नाटकको विवरण निम्नानुसार रहेको छ [२८] :-

| क्र. सं. | प्रर्दशन गरिएको नाटक तथा सडक नाटकको नाम | लेखक | विधा | स्थान | मिति |
|---|---|---|---|---|---|
| १ | प्रकृति | कृष्ण नेपाल | नाटक | कोल्हुवा-१ | २०६४।३ |
| २ | प्रजनन स्वास्थ्यमा पुरुष सहभागिता किन ? | कृष्ण नेपाल | सडक नाटक | कोल्हुवा, कावासोती | २०६४।५ |
| ३ | सुरक्षित मातृत्व | कृष्ण नेपाल | सडक नाटक | नारायणी,तमसरिया,देउराली | २०६५।१ |
| ४ | बाढी पहिरो | कृष्ण नेपाल | सडक नाटक | चोरमारा, देउराली | २०६५।१० |
| ५ | शुद्ध पानी, स्वस्थ जीवन | कृष्ण नेपाल | सडक नाटक | डण्डा, कावासोती | २०६५।१० |
| ६ | महिला हिंसा अन्त्य गर्न हामी सक्छौं | कृष्ण नेपाल | सडक नाटक | त्रिवेणी, बुटवल, परासी | २०६६।२, २०६६।७ |
| ७ | शिक्षा कि दाइजो ? | कृष्ण नेपाल | सडक नाटक | बुलिङ्टार, अर्खला | २०६६।१२ |
| ८ | अनुभूति | खगराज सापकोटा | सडक नाटक | नवलपरासीका विभिन्न १० गा.वि.स. | २०६६२०६७ असारसम्म |

---

२८. ऐजन ।

उल्लिखित सडक नाटकहरू अधिकांश नवलपरासी जिल्लामा नै मञ्चन गरिएका छन् । यस संस्थाले बुटवलमा **'महिला हिंसा अन्त्य गर्न हामी सक्छौं'** सडक नाटक प्रदर्शन गरेपछि पुरस्कार र सम्मान पनि प्राप्त गरेको छ ।

### ङ) भावी योजना

यस संस्थाले आगामी दिनमा सडक नाटक तथा नाटकहरू सशक्त रूपमा प्रदर्शन गर्ने, नाट्य विधाका कृति प्रकाशन गर्ने र कला र संस्कृतिको रक्षा गर्दै समाजमा सचेतना फैलाउने भावी योजनाहरू लिएको छ ।[२८]

### च) निष्कर्ष

जागरण सांस्कृतिक नाट्य समूहले नवलपरासी जिल्लाका विभिन्न ठाउँहरूमा आफ्नो सडक नाटक प्रदर्शन गरेर सचेतना फैलाउने काममा महत्त्वपूर्ण योगदान दिएको छ । विशेषगरी ग्रामीण क्षेत्र र पिछडिएका समुदायमा गएर सडक नाटकको माध्यमबाट जुन जागरण वा शिक्षा यसले दिएको छ, त्यो नवलपरासीको इतिहासमा नै पहिलो र महत्त्वपूर्ण कार्य हो । नवलपरासीका पहाडी, भित्री मधेस र तराई सबै ठाउँमा यस संस्थाले सडक नाटक मञ्चन गरेको पाइन्छ । संस्थाले अन्य सङ्घ संस्थासँग समन्वय गरी अगाडि बढे संस्थाको भविष्य र प्रभावकारी कार्य अझ सशक्त बन्न सक्छ ।

## ३.१.१.६ मध्यबिन्दु प्रज्ञा प्रतिष्ठान, नवलपरासी (२०६४)

### क) पृष्ठभूमि र परिचय

समग्र मानवीय व्यक्तित्वको विकास गर्न सके सभ्य  समाजको निर्माण हुन्छ । मानिसका अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी त्यसको विकास गर्न सके युगसापेक्ष जनशक्ति निर्माण गर्न सकिन्छ ।

---

२८. ऐजन ।

यही सोचका साथ एउटा साझा संस्थाको स्थापना गरी यसै संस्थाका माध्यमबाट मानिसका चौतर्फी विकासमा सम्भावनाका खोजी गर्ने विचारले कावासोतीका प्राज्ञिक व्यक्तित्वहरूको भेला गरी कला, साहित्य, सङ्गीत, संस्कृति र समाज विकास यी पाँचवटा क्षेत्रमा काम गर्ने साझा संस्थाको आवश्यकता पूर्तिका लागि यस संस्थाको स्थापना भएको हो ।

**ख) स्थापना र कार्य समिति**

मध्यबिन्दु प्रज्ञा प्रतिष्ठानको स्थापना कावासोतीमा २०६४।३।२० गते भयो । वैधानिकता प्राप्त गर्ने क्रममा संस्थालाई २०६४।८।२४ गते जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा दर्ता नं. १२२९ मा दर्ता गरियो । संस्थाका वर्तमान तथा संस्थापक कार्य समितिको विवरण निम्नानुसार रहेको छ [३०] :-

| क्र.स. | पद | पदाधिकारी | सल्लाहकार |
|---|---|---|---|
| १ | अध्यक्ष | जीवन सापकोटा | १. गोविन्दराज विनोदी (साहित्य विभाग प्रमुख) |
| २ | उपाध्यक्ष | हरिलाल भुसाल | २. प्रेमविनोद नन्दन (संस्कृति विभाग प्रमुख) |
| ३ | सचिव | विद्रोही गिरी | ३. के.वी. टण्डन (कला विभाग प्रमुख) |
| ४ | सह-सचिव | विश्वनाथ काफ्ले | |
| ५ | कोषाध्यक्ष | कमला सापकोटा | |
| ६ | सदस्य | भूपेन्द्र शर्मा भट्टराई | |
| ७ | सदस्य | धनपति कोइराला | |
| ८ | सदस्य | श्यामलाल महतो | |
| ९ | सदस्य | कृष्णबहादुर गुरौ | |

**ग) उद्देश्य**

साहित्य जान्नको लागि मात्र होइन, यो मानव विकासको सरल र प्रभावकारी माध्यम पनि हो । यसले व्यक्तिमा निहित जन्मजात चेतनालाई अङ्कुरित र विकसित गर्न गहिरो भूमिका निर्वाह गर्दछ । कला, साहित्य, सङ्गीत, संस्कृति र समाज विकास यी पाँच पक्षको एकीकृत सञ्जाल तयार गरी समग्र विकासको स्रोत पहिचान र परिचालन गर्ने उद्देश्य यस संस्थाले लिएको छ ।[३१]

---

३०. संस्थाका अध्यक्ष जीवन सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार ।

३१. ऐजन ।

## घ) संस्थाले गरेका कार्यहरू

यस संस्थाले कला र सङ्गीतको विकासका निम्ति 'वागीना पाठशाला' को स्थापना गरी ६ वर्षदेखि १४ वर्षसम्मका बालबालिकालाई कावासोतीमा नृत्य तथा गायन प्रशिक्षण दिएको छ । यस कार्यलाई संस्थाले निरन्तरता दिएको छ । यसरी किशोर अवस्थाका बालबालिकालाई नृत्य र गायनको प्रशिक्षण दिएर उनीहरूको प्रतिभा र क्षमतालाई विकास गर्ने काम यस संस्थाले गरेको छ । त्यस्तै यस प्रतिष्ठानले मा.वि. उच्च मा.वि मा गएर साहित्यिक कार्यक्रम, कविता, गजल, लघुकथा लेखन कार्य पनि गरेको छ । त्यस्तै 'यात्रा एकता' नामक चेतनामूलक सडक नाटक पनि संस्थाले जिल्लाका विभिन्न ठाउँमा देखाएको छ ।

## ङ) भावी योजना

उद्देश्यले निर्क्योल गरेको काम गर्नु, वागीना पाठशालालाई थप प्रभावकारी रूपमा अगाडि बढाउनु, मध्यविन्दु वाङ्मय कोषको स्थापना गर्नु, विद्यालय तहका विद्यार्थीको सृजनात्मक क्षमता वृद्धिका लागि विद्यालयसँग समन्वय गरी रचनात्मक कार्यक्रम सञ्चालन गर्नु संस्थाका भावी योजना रहेका छन् ।[३२]

## च) निष्कर्ष

प्रत्येक मानिसमा केही न केही चेतना हुन्छ । त्यसलाई ऊ जगाउन चाहन्छ । त्यसका लागि उसलाई मौका, अवसर र मार्गदर्शकको आवश्यकता हुन्छ । यदि त्यस्तो अवसर र मार्गदर्शक पाएन भने उस भित्रको प्रतिभा र चेतनाको विकास हुन सक्दैन र सेलाउँदै जान्छ । त्यसैले त्यस्तो प्रतिभाको पहिचान गरी उसलाई मौका, अवसर र मार्गदर्शन दिने उद्देश्य लिएको यस संस्थाले आफ्ना महत्त्वकांक्षी योजनालाई पूरा गर्न सकेको देखिँदैन । वागीना पाठशाला खोली बालबालिकालाई नृत्य र गायन सिकाउनु, सडक नाटक प्रदर्शन गरी सचेतना दिनु, विद्यार्थीको क्षमता विकासमा अग्रसर हुनु संस्थाले गरेका उपलब्धिपूर्ण कार्य हुन् यस संस्थाले आफ्नो लक्ष्यअनुसार अगाडि बढ्न सके समग्र मानव व्यक्तित्वको विकासमा योगदान पुग्नेछ ।

---

३२. ऐजन

### ३.१.१.७ मगर भाषाका आदिकवि स्व. रेखबहादुर सारूमगर साहित्य प्रतिष्ठान (२०६४)

**क) पृष्ठभूमि र परिचय**

नवलपरासी जिल्लाको साहित्यिक गतिविधि क्रममा यहाँको आदिवासी र जनजातिको इतिहास केलाउनु पर्छ । जुनसुकै र जस्तोसुकै समाजमा पनि आ-आफ्नो धर्म, संस्कृति, परम्परा, कला र साहित्यले आफ्नै किसिमको भूमिका निर्वाह गरेका हुन्छन् । मगर भाषा, धर्म, कला र साहित्यको श्रीवृद्धि गर्नका लागि समर्पित स्व.रेखबहादुर सारूमगरले बहुभाषी नेपालमा जनजातिलाई आफ्नो भाषाप्रति जागृत बनाउँदै राष्ट्रमा तथा विश्वमै मगर भाषालाई चिनाउने काममा अतुलनीय योगदान गर्नु भएकोले मगर भाषामा कविता, लेख तथा कथाको रचना गरी जातीय उत्थान संरक्षण र संबर्द्धनमा उहाँको योगदान स्तुत्य छ । तनहुँमा जन्म लिएर नवलपरासीको माकर गा.वि.स.मा बसाइँ सरेर आएका स्व. रेखबहादुर सारूमगरको सम्मान गर्दै उनले थालेको जातीय साहित्यको उत्थान गर्ने अभियानलाई पूरा गर्न उहाँका रचनाहरूको खोजी गरी प्रकाशन गर्न तथा मगर भाषाको साहित्यको उन्नयन गर्नु ब्यक्तिगत प्रयास भन्दा संस्थागत प्रयास गर्नु पर्ने आवश्यकतालाई महसुस गरेर इन्द्र राना, सुबीर पुनको स्रकियतामा नवलपरासीको बर्दघाटमा जिल्लाब्यापी मगर भेलाको आयोजना गरी सोही भेलाबाट यस संस्थाको उदय भएको हो ।[३३]

यसरी जातीय भाषा, साहित्य, संस्कृति, अस्तित्वको रक्षा र विकासको लागि स्थापना भएको यो साहित्यिक प्रतिष्ठान नवलपरासीको पहिलो संस्था हो ।

**ख) स्थापना र कार्यसमिति**

मगर भाषाका आदिकवि स्व. रेखबहादुर सारूमगर साहित्यिक प्रतिष्ठानको स्थापना २०६४/८/११ गते नवलपरासीको बर्दघाटमा भएको हो । वैधानिकता प्राप्तिका लागि मिति २०६४।८।२६ मा दर्ता नं. १२४२ मा जिल्ला प्रशासन कार्यलयमा दर्ता भएको छ । नौ सदस्यीय कार्यसमिति रहेको यस संस्थाको संस्थापक तथा वर्तमान कार्य समिति निम्नानुसार रहेको छ [३४] :-

---

३३. संस्थाका सचिव इन्द्रकुमार रानासँगको मौखिक अन्तर्वार्ता अनुसार ।

३४. जिल्ला प्रशासन कार्यालय, नवलपरासी संस्था दर्ता पुस्तिकाको अभिलेख अनुसार ।

| क्र.स. | पद | पदाधिकारी |
|---|---|---|
| १ | अध्यक्ष | सुवीर पुन |
| २ | उपाध्यक्ष | सुनबहादुर थापा |
| ३ | सचिव | इन्द्रकुमार राना |
| ४ | कोषाध्यक्ष | लक्ष्मी सारूमगर |
| ५ | सदस्य | दया दर्लामी |
| ६ | सदस्य | धर्मराज पल्लिमगर |
| ७ | सदस्य | केशवबहादुर बुढामगर |
| ८ | सदस्य | डवलबहादुर पुन |
| ९ | सदस्य | सर्मिला पुन |

**ग) उद्देश्य**

बहुभाषी, सामाजिक, जातीय, धार्मिक विविधताले धनी देश नेपालमा आदिकालदेखि नै बसोवास गर्दै आएका लगभग १०१ जनजातिमध्ये नेपालको संविधानमा सूचीकृत उनन्साठी आदिवासीमध्ये मगर जातिको भाषा,कला र साहित्यको उत्थान गर्नु, स्व. रेखबहादुर सारूमगरका कृतिको खोजी गरी प्रकाशन गर्नु यस संस्थाको मूल उद्देश्य हो । मुलुकमा विद्यमान रहेको जाति,भाषा,धर्म र संस्कृतिका असमान एकाधिकार समाप्त गरी मानवसेवा, समाजसेवा गर्दै विभिन्न जनचेतना र रचनात्मक कार्यक्रम गर्दै जाने यस संस्थाको उद्देश्य रहेको छ ।

**घ) संस्थाले गरेका कार्यहरू**

मगर भाषाका आदिकवि स्व. रेखबहादुर सारूमगर साहित्यिक प्रतिष्ठानले जातीय उत्थान, भाषा, साहित्य,कला, धर्म र संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै स्व. सारूमगरका कृतिहरूको अध्ययन, अनुसन्धान गर्ने, प्रकाशन गर्ने उद्देश्य राखे पनि खासै उल्लेखनीय कार्य गरेको छैन

। संस्थाले स्व. सारूमगरको कृतिहरूको खोजी र अध्ययन गर्ने कार्य जारी राखेको छ । २०६५ साउन १३ गते नेपाल मगर सङ्घ जिल्ला कार्य समिति नवलपरासीको आयोजनामा सम्पन्न खेलकुद प्रतियोगिताको समापनको अवसर पारेर यस संस्थाले कविता प्रतियोगिता कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा मगर भाषाका सात कविता र नेपाली भाषाका चौध कविता वाचन गरिएका थिए । उक्त कार्यक्रममा उत्कृष्ट कवितालाई पुरस्कृत समेत गरिएको थियो ।

संस्थाले गरेको अर्को महत्त्वपूर्ण कार्य एम्बुलेन्स सेवा सञ्चालन हो । मानवसेवा र समाजसेवाबाट नै समाजको उत्थान गर्न सकिन्छ भन्ने चिन्तनका साथ यस संस्थाले दाउन्ने अस्पतालको सहयोगमा बैंकबाट ऋण लिई आफ्नै संस्थाको नाममा एम्बुलेन्स खरिद गरी सेवा सञ्चालन गरेको छ । मानवसेवा क्षेत्रमा यो महत्त्वपूर्ण कार्य हो ।[३५]

## ङ) भावी योजना

यस संस्थाले आफ्नो उद्देश्यले दिशाबोध गरेको बाटोमा हिँड्न, मगर भाषा, साहित्य र संस्कृतिको रक्षामा लाग्ने मगर भाषाका आदिकवि स्व. रेखबहादुर सारूमगरका कृतिको प्रकाशन गर्ने जस्ता भावी योजना यस संस्थाले बनाएको छ ।[३६]

## च) निष्कर्ष

मगर जातिको भाषा, साहित्य तथा यस जातिको समग्र विकासका लागि स्व. रेखबहादुर सारूमगरको सम्मानमा उनैको नाम जोडेर स्थापना गरिएको यस प्रतिष्ठानले हालसम्म दुईवटा मात्र कार्य गरेको देखिन्छ । कतिपय पदाधिकारी रोजगारको सिलसिलामा विदेश पलायन भएका र कतिपय अध्ययनका लागि अन्यत्र नै गएकाले सोचे अनुसार कार्य गर्न नसकेको संस्थाका अध्यक्ष सुवीर पुन बताउनु हुन्छ ।

---

३५. संस्थाका अध्यक्ष सुवीर पुनसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

३६. ऐजन ।

### ३.१.१.८ प्रेमा वाङ्मय प्रतिष्ठान (२०६५)

#### क) पृष्ठभूमि र परिचय

नवलपरासीभित्र जन्म लिएका साहित्यिक सङ्घसंस्थाहरूले छिमेकी जिल्ला रूपन्देही र चितवनको जस्तो साहित्यिक गति लिन नसकेको अवस्थालाई महसुस गर्दै नवलपरासीको परासीमा केही साहित्यकारको भेला गरियो । नवलपरासीलाई कसरी साहित्यको ऊर्जाभूमि बनाउन सकिन्छ भन्ने विषयमा व्यापक छलफल भएको थियो । फलस्वरूप एउटा सबल साहित्यिक संस्थाको आवश्यकता महसुस गरी पुनः वि.सं. २०६४।०४।०३ गते बर्दघाटमा भेला भएका साहित्यकारहरूबाट यस संस्थाको जन्म भयो । नवलपरासीमा नवीन चिन्तनका साथ भाषा, साहित्य र पत्रपत्रिकाको समुन्नतिका लागि प्रेमा वाङ्मय प्रतिष्ठानको जन्म भएको हो ।

#### ख) स्थापना र कार्य समिति

प्रेमा वाङ्मय प्रतिष्ठानको स्थापना वि.सं. २०६५ साउन ३ गते भएको हो । वैधानिकता प्राप्तिका लागि यो संस्था २०६५।०५।०१ गते जिल्ला प्रशासन कार्यालय नवलपरासीमा दर्ता नं. १३२७ मा दर्ता भएको छ । संस्थाका संस्थापक तथा सल्लाहकार हिमलाल झवालीको निवास बर्दघाट चिसापानीमा आफ्नो कार्यालय स्थापना गरेको यस संस्थाका संस्थापक तथा वर्तमान कार्य समितिको विवरण निम्नानुसार रहेको छ ।[३७]

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार/संरक्षक |
|---|---|---|---|
| १. | अध्यक्ष | डा. घनश्याम न्यौपाने | हिमलाल झवाली |
| २. | उपाध्यक्ष | कृष्णादेवी शर्मा श्रेष्ठ | |
| ३. | सचिव | श्याम न्यौपाने | |
| ४. | कोषाध्यक्ष | दधिराम बस्याल | |
| ५. | सदस्य | डा. नारायणप्रसाद खनाल | |
| ६. | सदस्य | गोविन्दराज बिनोदी | |
| ७. | सदस्य | विष्णु लामिछाने | |

३७. जिल्ला प्रशासन कार्यालय नवलपरासीको संस्था दर्ता पुस्तिकाको अभिलेख अनुसार ।

## ग) उद्देश्य

प्रत्येक संस्थाको स्थापना गर्नुमा कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उद्देश्य बिनाको कार्य सफल हुन सक्दैन । यस संस्थाले पनि आफ्नो उद्देश्यहरू तयार गरेको छ । नवलपरासी जिल्ला भरिको साहित्य, कला, संस्कृति र सञ्चारको क्षेत्रमा भएगरेका प्रगतिको खोज गरी त्यसको संरक्षण र संवर्द्धन गर्ने संस्थाको उद्देश्य रहेको छ । विभिन्न किसिमका साहित्यिक कार्यक्रम गर्ने, स्रष्टा सम्मान, समाज सेवा, नवप्रतिभाको कदर, कृति प्रकाशन आदि संस्थाको उद्देश्य रहेको छ ।[३८]

## घ) संस्थाले गरेका कार्यहरू

यस संस्थाले आफ्ना साहित्यिक गतिविधिहरूलाई अगाडि बढाएको छ । पुस्तक प्रकाशन, अभिनन्दन तथा पुरस्कार, साहित्यिक गोष्ठी आदि कार्यक्रम गर्दै आएको छ । यसको विवरण निम्नानुसार रहेको छ :-

### अ) पुस्तक प्रकाशन

यस संस्थाले २ वटाकृतिहरू प्रकाशन गरेको छ । ती यस प्रकार छन् :-

| क्र.सं. | कृतिको नाम | लेखक | विधा | वर्ष |
|---|---|---|---|---|
| १. | कोही सुरक्षित छैन | श्याम न्यौपाने | मुक्तकसङ्ग्रह | २०६६ |
| २. | झरनाको पानी | ताराप्रसाद श्रेष्ठ | रोहिलासङ्ग्रह | २०६६ |

### आ) अभिनन्दन / पुरस्कार

यस संस्थाले हालसम्म शिक्षा सञ्चार र साहित्यको क्षेत्रमा नवलपरासी जिल्लाको उत्थानका लागि विशेष योगदान पुऱ्याउने यी व्यक्तित्वहरूलाई अभिनन्दन वा सम्मान गरेको छ :-

| क्र.सं. | पुरस्कृत व्यक्तित्व | पुरस्कृत गर्नुको मूल उद्देश्य | वर्ष |
|---|---|---|---|
| १. | नन्दलाल मिश्र | साहित्यको उन्नयनमा समर्पित भएकाले | २०६५ |
| २. | बाबा बस्नेत | साहित्यको उन्नयनमा समर्पित भएकाले | २०६५ |
| ३. | भगवती पाण्डे | साहित्यको उन्नयनमा समर्पित भएकाले | २०६५ |
| ४. | मदनबहादुर प्रधान | सञ्चार क्षेत्रमा योगदान पुऱ्याएकाले | २०६५ |
| ५. | कृष्णबहादुर कार्की | सञ्चार क्षेत्रमा योगदान पुऱ्याएकाले | २०६५ |

---

३८. संस्थाका सचिव श्याम न्यौपानेसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

| | | | |
|---|---|---|---|
| ६. | कृष्ण कार्की | सञ्चार क्षेत्रमा योगदान पुऱ्याएकाले | २०६५ |
| ७. | तृष्णा कुँवर | सञ्चार क्षेत्रमा योगदान पुऱ्याएकाले | २०६५ |
| ८. | भूपेन्द्र शर्मा भट्टराई | सञ्चार क्षेत्रमा योगदान पुऱ्याएकाले | २०६५ |
| ९. | दीपक सोती | साहित्यको उन्नयनमा समर्पित भएकाले | २०६६ |
| १०. | देवीप्रसाद वनबासी | साहित्यको उन्नयनमा समर्पित भएकाले | २०६६ |
| ११. | गोविन्दराज विनोदी | साहित्यको उन्नयनमा समर्पित भएकाले | २०६६ |
| १२. | नारायणप्रसाद खनाल | साहित्यको उन्नयनमा समर्पित भएकाले | २०६६ |
| १३. | प्रचण्ड बुढाथोकी | लोक गायन र लोक साहित्यमा समर्पित भएकाले | २०६६ |
| १४. | टीका पहाडी | अभिनय र कलाको क्षेत्रमा योगदान दिएकोले | २०६६ |
| १५. | मोती न्यौपाने | शिक्षाको क्षेत्रमा समर्पित भएकोले | २०६६ |
| १६. | लालकुमार भट्टराई | सञ्चारको क्षेत्रमा समर्पित भएकोले | २०६६ |
| १७. | रामबहादुर रञ्जितकार | सञ्चारको क्षेत्रमा समर्पित भएकोले | २०६६ |
| १८. | स्व. देवी सुवेदी | सञ्चारको क्षेत्रमा समर्पित भएकोले | २०६६ |
| १९. | सत्यदेव पाण्डे | शिक्षाको क्षेत्रमा योगदान दिएकोले | २०६६ |

यस संस्थाले शिक्षा, सञ्चार, कला लोक गायक र साहित्यको क्षेत्रमा योगदान दिनुहुने व्यक्तित्वलाई सम्मान गरेको छ । नवलपरासी जिल्लाका त्यस्ता व्यक्तित्वलाई सम्मान गरेर संस्थाले जिल्लामा नै उदाहरणीय कार्य गरेको छ । माथि सम्मान प्राप्त व्यक्तिहरूलाई साहित्य गोष्ठीको आयोजना गरी सम्मान तथा पुरस्कृत गरिएको हो ।

**ङ) कोष स्थापना**

यस संस्थाले शोभा गौतम लोक साहित्यिक कोष र प्रभाव विकास स्मृति सञ्चार कोषको स्थापना गरेको छ । यी दुबै कोषका माध्यमबाट लोक साहित्य र सञ्चारका क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गरिने छ ।[३९]

**च) भावी योजना**

नेपाली साहित्य सञ्चार र समाज सेवाको क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान गर्दै जाने, **लाली गुराँस** मासिक पत्रिकालाई यस संस्थाको मुख पत्रको रूपमा प्रकाशित गर्ने,

---

३९. संस्थाका सल्लाहकार तथा संरक्षक हिमलाल ज्ञवालीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

साहित्यको संरक्षण, संवर्द्धनमा अन्य सङ्घसंस्थासँग सहकार्य, छलफल गरी अगाडि बढ्ने, साहित्यिक गोष्ठीको आयोजना गर्ने, समाजमा भातृत्व भावनाको विकास गरी सेवा भावनाले कल्याणकारी कार्यका लागि भूमिका निर्वाह गर्ने, कला र साहित्यको विषयमा राष्ट्रिय स्तरका विशिष्ट व्यक्तित्वहरूलाई आमन्त्रण गरी सम्बन्धित विषयमा चर्चा, परिचर्चा, छलफल तथा बहस चलाएर त्यसबाट प्राप्त उपलब्धिलाई प्रकाशन गर्ने जस्ता भावी योजनाहरू यस संस्थाले लिएको छ ।[४०]

### छ) निष्कर्ष

प्रेमा वाङ्मय प्रतिष्ठान नवलपरासीका प्राज्ञिक व्यक्तिहरूको सक्रियतामा स्थापना भएको साहित्यिक संस्था हो । यस संस्थाले आफ्नो स्थापना भएको छोटो समयावधिमा पनि शिक्षा, संचार, लोक साहित्य र कलाका क्षेत्रमा योगदान पुऱ्याउने उन्नाइस जना व्यक्तित्वलाई सम्मान गरेर सबैभन्दा धेरै सम्मान वा अभिनन्दन गर्ने संस्थाको रूपमा रहेको छ । कृति प्रकाशन, साहित्यिक कोष स्थापना गरेर, संस्थाको आगामी दिनमा केही गर्ने कम्मर कसेको छ । यस संस्थाका पदाधिकारीहरूको सक्रियता देखिएमा यस संस्थाले नवलपरासी जिल्लाको साहित्यिक उन्नयनमा केही प्रगति गर्न सके आशा लाग्दो देखिन्छ ।

## ३.१.१.८ नारी साहित्य समाज (२०६६)

### क) पृष्ठभूमि र परिचय

नवलपरासीका साहित्यिक स्रष्टाहरूमा नारी स्रष्टाको स्थान पनि महत्त्वपूर्ण रहेको छ । यस जिल्लामा धेरै नै साहित्यिक संस्थाहरूको जन्म भए पनि नारी साहित्यका पक्षमा भने खासै काम हुन सकेको छैन । नारी समुदायले पनि केही गरौं भन्ने सोच रहदा-रहदै पनि सो कार्य पूरा हुन सकेको थिएन । कृष्णादेवी शर्मा श्रेष्ठ र राधा पौडेल यस विषयमा २०६४/०६५ देखि नै विशुद्ध नारीहरूको नेतृत्वमा साहित्य संस्थाको जन्म गराउन तल्लीनताका साथ लागेका थिए । नारी समुदायको पनि कला साहित्य र संस्कृतिको विकासमा महत्त्वपूर्ण योगदान दिन सक्छन् तर त्यसका लागि एउटा सङ्गठित संस्थाको आवश्यकतालाई महसुस गरी जिल्लाभरिका नारी साहित्यकारहरूको भेलाले यस संस्थाको स्थापना भएको हो ।

---

४०. संस्थाका अध्यक्ष घनश्याम न्यौपानेसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

## ख) स्थापना र कार्य समिति

नारी साहित्य समाजको स्थापना वि.सं. २०६६।०४।०५ गते भएको हो । वैधानिकता प्राप्त गर्ने क्रममा यो संस्था २०६६।१२।०४ गते जिल्ला प्रशासन कार्यालय नवलपरासीमा दर्ता नं. १४९१ मा दर्ता गरिएको छ । संस्थाको स्थापना हुँदा ११ सदस्यीय कार्य समितिको गठन भएको छ । सोही कार्य समिति नै संस्थापक तथा वर्तमान कार्य समिति हो । त्यसको विवरण यस प्रकार रहेको छ [४१]:-

| क्र.सं. | पद | पदाधिकारी |
|---|---|---|
| १. | अध्यक्ष | कृष्णादेवी शर्मा (श्रेष्ठ) |
| २. | उपाध्यक्ष | भगवती अर्याल (पाण्डे) |
| ३. | सचिव | राधा पौडेल पाण्डे |
| ४. | सह-सचिव | सावित्री सन्ध्या |
| ५. | कोषाध्यक्ष | मञ्जु घिमिरे |
| ६. | सदस्य | कमला गोधुली |
| ७. | सदस्य | तारा थनेत |
| ८. | सदस्य | शोभा गिरी |
| ९. | सदस्य | लीला ढुङ्गाना |
| १०. | सदस्य | हेमा आले |
| ११. | सदस्य | माया कंडेल |

## ग) उद्देश्य

नारी साहित्य समाजले नवलपरासी जिल्लाभरि रहेका साहित्यिक प्रतिभाहरूको खोजी गर्दै नवलपरासेली साहित्यको विकास गर्ने उद्देश्य लिएको छ । नारीहरू एकजुट भई नारी हित, अवसर र उत्थानको खोजी गर्ने, नारी प्रतिभाको कृति वा रचनालाई प्रकाशनमा ल्याउने यस संस्थाको उद्देश्य रहेको छ । त्यस्तै यस जिल्लाको प्रत्येक गा.वि.स.मा काव्य गोष्ठी सञ्चालन गर्दै बस्ती भित्रका हस्तीहरूको पहिचान गरी जिल्लालाई साहित्यिक ऊर्जा भूमिको रूपमा चिनाउने पनि यस संस्थाको उद्देश्य रहेको छ ।[४२]

---

४१. संस्थाकी अध्यक्ष कृष्णादेवी शर्मा (श्रेष्ठ) ले भरेको संस्था विवरण फारम अनुसार ।

४२. ऐजन ।

## घ) संस्थाले गरेका कार्यहरू

यस संस्थाले हालसम्म २ वटा मात्र कार्यक्रम गरेको छ । २०६६ सालको हरितालिका तीज पर्वको दिन प्रगतिनगर गा.वि.स. अन्तर्गत श्री जनज्योति उ.मा.वि.को प्राङ्गणमा भव्य रूपमा जिल्ला स्तरीय तीजगीत प्रतियोगिताको कार्यक्रम सम्पन्न गरेको छ । उक्त प्रतियोगितामा प्रथम द्वितीय र तृतीय हुने समूहलाई क्रमशः ३०००।-, २०००।- र १०००।- नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो ।[४३] यस्तै यस संस्थाको अर्को कार्यक्रम २०४७ साल भानु जयन्तीको अवसरमा सम्पन्न गरेको छ । २०४७ साल असार २९ गते आदिकवि भानुभक्त आचार्यको सम्मान र सम्झनामा लक्ष्मी उ.मा.वि. अमरापुरीमा, नवलपरासी साहित्य समाज र साहित्य कुञ्ज नवलपरासीसँग सहकार्य गरी जिल्ला स्तरीय कविगोष्ठी कार्यक्रम सम्पन्न गरेको छ ।

## ङ) भावी योजना

मौका र अवसर पाए कोक्रो हल्लाउने हातले देश र विश्वलाई नै हल्लाउन सक्छ । नारीभित्र रहेको क्षमतालाई नेपाली समाजमा स्वतन्त्र सदुपयोग र प्रदर्शन गर्न नपाईरहेको अवस्थामा यस संस्थाले सिङ्गो नारी समुदायको चौतर्फी विकासका निम्ति कला, साहित्य र संस्कृतिका माध्यमबाट उद्देश्यले अङ्गीकार गरेको बाटो लाग्ने भावी योजनाहरू यस संस्थाले लिएको छ ।[४४]

## च) निष्कर्ष

जसरी नारीबिना सृष्टिको अस्तित्व असम्भव हुन्छ त्यसै गरी साहित्यबिना समाजको अस्तित्व पनि असम्भव छ । 'समाजमा नारी स्रष्टा, साहित्यमा नारी' भन्ने नाराले समाजको उत्थान र प्रगति गर्न सक्छ । नारी स्रष्टाको प्रतिभा प्रस्फुटन गर्न र नारीले केही गर्नुपर्छ । आदर्श समाज निर्माणमा नारीको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने सोचले यस संस्थाले साहित्यको माध्यमबाट गर्न खोजेको कार्यहरू प्रशंसनीय छन् । आफ्नो स्थापना भएको १ वर्षमा यस संस्थाले जम्मा दुईवटा कार्यक्रम मात्र गरेको छ तर पनि संस्थाका पदाधिकारीहरू सक्रिय रहेमा संस्थाको उज्ज्वल भविष्य देखिन्छ ।

---

४३ ऐजन ।

४४. ऐजन ।

### ३.१.२ दर्ता नभए पनि सक्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू

### ३.१.२.१ समस्मृति साहित्य सेवा समिति २०४४

#### क) पृष्ठभूमि र परिचय

अहिले साहित्यिक गतिविधिमा धेरै अगाडि देखिने नवलपरासीको इतिहास त्यति लामो छैन। २०४४ सालपूर्व यस जिल्लाबाट साहित्यका क्षेत्रमा दुईतीन वटा साहित्यिक पत्रिकाको प्रकाशन बाहेक प्रायः सुषुप्त अवस्थामा नै थियो । लुम्बिनी अञ्चलका सबै जिल्लाको साहित्यिक वातावरणलाई उर्वर बनाउने उद्देश्यले २०२१ सालमा लुम्बिनी साहित्य परिषद्को स्थापना बुटवलमा भएको र यस परिषद्को समितिमा पं. माधवप्रसाद देवकोटा, गोपीकृष्ण शर्मा, जगतबहादुर जोशी, चेतबहादुर कुँवर, मोदनाथ प्रश्रित, भोजराज शर्मा, ठाकुरप्रसाद काफ्ले र दलु विश्वकर्मा रहेका थिए ।[४५] यस परिषद्‌द्वारा लुम्बिनी सांस्कृतिक मण्डल गठन गरी नवलपरासी जिल्लामा पनि साहित्यिक उत्थानमा सहयोग पुग्ने सांस्कृतिक कार्यक्रम हुन थालेको थियो । यस मण्डलीले नवलपरासीको साहित्यिक सङ्घ संस्था र पत्रपत्रिका जन्माउनमा पृष्ठभूमिको रूपमा काम गऱ्यो । त्यसपछि फाटफुट रूपमा यस जिल्लामा साहित्यिक क्रियाकलापहरू हुन थालेको पाइन्छ ।[४६] वि.सं. २०२८ सालमा नवलपुर क्षेत्रमा नयाँ कदम समूहको गठन गरी 'नयाँ कदम साहित्यिक पत्रिकाको प्रकाशन भयो ।[४७] तर यसले लामो समयसम्म निरन्तरता पाउन सकेन । यसै सिलसिलामा २०३५ सालमा **त्रिवेणी** र २०३६ सालमा **लाली गुराँस** पत्रिकाको प्रकाशन भयो । यसै सिलसिलामा नवलपरासीमा साहित्यिक संस्थाको आवश्यकता महसुस गरी २०४४ सालमा यस संस्थाको स्थापना भएको थियो ।

#### ख) स्थापना र कार्य समिति

समस्मृति साहित्य सेवा समितिको स्थापना २०४४ माघ १ गते भएको हो ।[४८] नेपाली साहित्यका विशिष्ट प्रतिभा नाट्य सम्राट् बालकृष्ण समलाई सम्मान गर्दै यसको नामकरण 'समस्मृति साहित्य सेवा समिति' राखिएको छ । समस्मृति साहित्य सेवा समिति नवलपरासीकै पहिलो साहित्य संस्था भएकोले यस संस्थाले स्थापनालाई साहित्यको संस्थागत कार्यको शुभारम्भ भएको मानिन्छ । "यस समस्मृति साहित्य सेवा समितिका पदाधिकारीहरू निम्नानुसार रहेका थिए ।[४९]

---

४५. भगवती पाण्डे, **नवलपरासीको साहित्यिक गतिविधि,** पूर्ववत् पृ.सं. १८२ ।

४६. भूपेन्द्र शर्मा भट्टराई, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति,** (नवलपरासी श्याम श्रेष्ठ २०६२) पृ. १ ।

४७. संस्थाका अध्यक्ष भूपेन्द्र शर्मा भट्टराईले गरेको संस्था विवरण अनुसार ।

४८. ऐजन ।

४९. ऐजन ।

| क्र.सं. | पद | पदाधिकारी |
|---|---|---|
| १. | संयोजक | भूपेन्द्र शर्मा भट्टराई |
| २. | सदस्य | केशवराज शर्मा ढुम्रे |
| ३. | सदस्य | काशीराम शर्मा गैरे |
| ४. | सदस्य | खुमकान्त देवकोटा |
| ५. | सदस्य | डोलराज भट्टराई |
| ६. | सदस्य | प्रकाश खनाल |
| ७. | सदस्य | शुभ शर्मा |

**ग) संस्थाले गरेका साहित्यिक गतिविधि**

समस्मृति साहित्य सेवा समिति नवलपरासी जिल्लाकै पहिलो साहित्यिक संस्था हो । यसले संस्थागत गतिविधिलाई लामो समयसम्म निरन्तरता दिन सकेन भने वैधानिक रूपमा दर्ता गर्ने प्रयास पनि गरेन । नवलपरासी, रूपन्देही र चितवन जिल्लाका साहित्यकारहरूलाई एकै ठाउँमा जमघट गराएर २०४४ साल माघ २४ गतेका दिन नाट्य सम्राट बालकृष्ण समको ८६औं जन्म जयन्तीको अवसरमा **'वृहत् कवि गोष्ठी'** कार्यक्रम सम्पन्न गरेको छ ।[५०] नेपालकै मध्यबिन्दुमा अवस्थित विकासोन्मुख नगरी कावासोतीको शिव उच्च मा.वि.को प्राङ्गणमा आयोजित उक्त कविगोष्ठीमा साहित्यकार गोविन्दराज विनोदी, तीर्थराज कोइराला, रामनाथ खनाल, पुष्पराज कोइराला, इन्द्रशाही खेचरनाथ नेपाल, चन्द्रप्रसाद अधिकारी आदिले कविता वाचन गरेका थिए ।

यसरी यस संस्थाले नवलपरासी जिल्लामा नै पहिलो पल्ट वृहत् कविगोष्ठीको आयोजना गरेर धेरै साहित्यकारलाई एकै ठाउँमा जमघट गराई नवलपरासीको साहित्य यात्रामा महत्त्वपूर्ण कार्य गरेको पाइन्छ । उक्त कार्यक्रम सम्पन्न गरेपछि यस संस्थाले अन्य कुनै पनि कार्य गरेको पाइँदैन । हाल यो संस्था लोप भई सकेको छ ।

### ३.१.२.२ अमित स्मृति साहित्यिक युवा समूह (२०५५)

**क) पृष्ठभूमि र परिचय**

नवलपरासी जिल्लाको पिठौली गा.वि.स.का साहित्यप्रेमी व्यक्तिहरूले २०५५ सालमा स्थापना गरेको साहित्यिक संस्थाको नाम हो अमित स्मृति साहित्यिक युवा समूह, पिठौली गा.वि.स र त्यस क्षेत्रका युवा साहित्य प्रेमी व्यक्तिहरूले सबै आबद्ध भई साहित्यिक चर्चा,

५०. ऐजन ।

परिचर्चा अनुभव र ज्ञानको आदान-प्रदान गरी साहित्यको उत्थानमा सक्रिय हुने उद्देश्यले साहित्यिक संस्थाको आवश्यकता महसुस गरी स्थानीय साहित्यकार अमितको सम्झनामा उक्त संस्थाको स्थापना गरेका हुन् । यो संस्था २०५५ सालदेखि हवाई साहित्यिक समूह, नेपाल केन्द्रीय समिति काठमाडौंसँग आबद्ध रहँदै आएको छ।

## ख) स्थापना र कार्य समिति

अमित स्मृति साहित्यिक युवा समूह को स्थापना २०५५ सालमा भएको हो। स्थापना भएको केही समयावधि पछि यस संस्थाले हवाई साहित्यिक समूह, नेपाल केन्द्रीय समिति काठमाडौ आबद्ध भई त्यसै संस्थाको सहयोग र संलग्नतामा नवलपरासी जिल्लामा साहित्यिक गतिविधि गर्दै आएको छ। संस्थाले यस जिल्लामा संस्था दर्ता नगरे पनि काठमाडौंमा दर्ता भएको हवाई साहित्यिक समूहसँग सहकार्य गर्न सफल छ। अमित साहित्यिक युवा समूह नवलपरासीका संस्थापक कार्य समितिमा निम्न अनुसारका पदाधिकारी रहेका छन् ।[५१]

| क्र.स | पद | पदाधिकारी |
|---|---|---|
| १ | अध्यक्ष | सरोज उजाड |
| २ | उपाध्यक्ष | लक्ष्मी पङ्गेनी |
| ३ | सचिव | पदम रानामगर |
| ४ | सहसचिव | अशोक काफ्ले 'आकान्त' |
| ५ | कोषाध्यक्ष | सन्तोष गुरूङ |
| ६ | सदस्य | हेमन्त अकेला |
| ७ | सदस्य | केशव बास्तोला 'अन्जान' |
| ८ | सल्लाहकार | सदानन्द अभागी |
| ९ | सल्लाहकार | भूपेन्द्र शर्मा भट्टराई |

उक्त कार्य समिति २०५५ देखि २०५७ सम्म रहेको थियो भने २०५७ मंसिर २२ गते यस संस्थाका सम्पूर्ण सदस्यहरूको वृहत् भेलाबाट पुरानो समितिको विघटन गरी निम्न अनुसारको समिति पुनर्गठन गरिएको छ र हालसम्म यही समितिले नै यस संस्थाको काम गर्दै आएको छ।[५२]

---

५१. संस्थाका अध्यक्ष सरोज उजाडले भरेको संस्था विवरण फारम अनुसार ।

५२. ऐजन ।

| क्र.स | पद | पदाधिकारी |
|---|---|---|
| १ | अध्यक्ष | सरोज उजाड |
| २ | उपाध्यक्ष | दिनेश शर्मा 'लहर' |
| ३ | सचिव | हरिप्रसाद लम्फू |
| ४ | सहसचिव | चन्द्रमणि चापागाइँ |
| ५ | कोषाध्यक्ष | अशोक काफ्ले |
| ६ | सदस्य | केशव बास्तोला 'अन्जान' |
| ७ | सदस्य | मोतीकुमारी काफ्ले |
| ८ | सल्लाहकार | सदानन्द अभागी |
| ९ | सल्लाहकार | भूपेन्द्र शर्मा भट्टराई |

## ग) उद्देश्य

विना लक्ष्य र विना उद्देश्य कुनै पनि कार्य सम्पादन गर्न सकिँदैन, त्यसैले यस संस्था पनि आफ्नै किसिमको उद्देश्य लिएर अगाडि बढेको छ । स्थानीय साहित्यिक स्रष्टाका रचनालाई साहित्यिक पत्रिकामार्फत प्रकाशन गर्ने, कृति प्रकाशन गर्ने, साहित्यिक कार्यक्रम, गोष्ठी, सम्मेलन, प्रतियोगिता आदि गर्ने नवलपरासी जिल्लाका अन्य साहित्यिक सङ्घ-संस्थाहरूसँग समन्वय गरी साहित्यिक उत्थानमा सक्रिय रहने जस्ता उद्देश्यहरू यस संस्थाले लिएको छ।[५३]

## घ) संस्थाले गरेका कार्यहरू

अमित स्मृति साहित्यिक युवा समूहले आफ्नो स्थापना वर्षदेखि नै भित्ते पत्रिका प्रकाशित गर्दै आएको छ भने कृति प्रकाशन र प्रतियोगितात्मक साहित्यिक गतिविधिहरू पनि गर्दै आएको छ। सुरुका वर्षहरूमा जस्तो सक्रियता पछिल्ला वर्षहरूमा नदेखिएकोले यस संस्थाले अझ सक्रियताका साथ अगाडि बढ्न आवश्यक देखिन्छ। यस संस्थाले गरेको कार्यहरूलाई निम्नानुसार देखाउन सकिन्छः-

### अ) पुस्तक प्रकाशन

अमित स्मृति साहित्यिक युवा समुहबाट हालसम्म निम्नानुसार पुस्तकहरू प्रकाशित भएका छन्ः-

५३. ऐजन

| क्र.स | कृतिको नाम | लेखक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | पत्थरको मुटु रहेछ तिम्रो | सरोज उजाड | गजलसङ्ग्रह | २०५५ |
| २ | पेशा अनुरूपको चलन | सरोज उजाड | मुक्तकसङ्ग्रह | २०५६ |
| ३ | लौ | सरोज उजाड | गजलसङ्ग्रह | २०५७ |
| ४ | अन्धो प्रेम | दिनेश शर्मा 'लहर' | कथासङ्ग्रह | २०५७ |
| ५ | पीडाका धब्बाहरू | हरिप्रसाद लम्फू | गजलसङ्ग्रह | २०५८ |
| ६ | मात्र शङ्का केही होइन | सरोज उजाड | कथासङ्ग्रह | २०५८ |

**आ) पत्रपत्रिका प्रकाशन**

| क्र.स | पत्रिकाको नाम | किसिम | अङ्क वर्ष |
|---|---|---|---|
| १ | अमित स्मृति भित्ते पत्रिका | मासिक | अङ्क १ देखि १२ सम्म (२०५५-०५६) |
| २ | अमित स्मृति हवाई पत्रिका | मासिक | अङ्क १ देखि १३ सम्म (२०५६-०५७) |

उल्लेखित पत्रिकाहरू यस संस्थाको कार्यालय पिठौली गा.वि.स.वार्ड नं. २ बाट प्रकाशित भएका हुन् । यी पत्रिकाहरूमा स्थानीय युवा साहित्यप्रेमीका रचनालाई प्राथमिकताका साथ प्रकाशित गरिएको छ। गजल, मुक्तक, समालोचनात्मक लेख, लघुकथा र कविता विधालाई स्थान दिएको पाइन्छ। नवलपरासी जिल्लाकै पहिलो हवाई पत्रिकाको प्रकाशन गरेर यस संस्थाले पत्रपत्रिका प्रकाशनको क्षेत्रमा नयाँ आयाम प्राप्त गरेको छ।

यस संस्थाका अन्य साहित्यिक गतिविधिमा कविता प्रतियोगिता २०५६ बालकविता प्रतियोगिता २०५७ र निबन्ध लेखन प्रतियोगिता २०५८ हुन् । स्थानीय नवसर्जकलाई प्रेरणा र प्रोत्साहन गर्दै उनीहरूका रचनालाई पत्रिकाका माध्यमबाट प्रकाशित गर्ने संस्थाको गौरवको विषय हो।

**ङ) भावी योजना**

नेपाली भाषा र साहित्यको उन्नयनमा विविध साहित्यिक कार्यक्रम गर्ने विभिन्न कारणले स्थगित भएको पत्रिका प्रकाशनलाई निरन्तरता दिने नयाँ प्रतिभालाई उत्साह र प्रेरणा प्रदान गर्दै वरिष्ठ प्रतिभाको सम्मान गर्ने पुस्तक प्रकाशन, स्रष्टा सम्मान गर्दै आफ्नो साहित्यिक गतिविधिलाई अगाडि बढाउदै जाने जस्ता भावी योजना यस संस्थाको रहेको छ।

## च) निष्कर्ष

नवलपरासीको साहित्यिक गतिविधिलाई सशक्त बनाउँदै साहित्यिक क्रियाकलापबाट व्यक्त प्रतिभा र समाजको श्रीवृद्धि गर्ने उद्देश्यले स्थापना भएको अमित साहित्यिक युवा समूह मूलतः युवाहरूलाई साहित्यिक क्षेत्रमा आबद्ध गर्न सक्रिय छ। आफ्नो स्थापना भएको केही वर्षसम्म निकै सक्रिय रहेको यस संस्थाले तीनवटा गजलसङ्ग्रह दुईवटा कथा सङ्ग्रह र मुक्तक सङ्ग्रह प्रकाशित गरेको छ । पत्रिका प्रकाशन र साहित्यिक प्रतियोगितात्मक कार्यक्रम गर्नु र हवाई पत्रिका प्रकाशन गर्नु यस संस्थाका प्रशंसनीय कार्य हुन् यद्यपि शुरूका वर्षहरूमा निकै सक्रिय देखिएको यस संस्थाले पछिल्ला वर्षहरूमा आफ्ना साहित्यिक कार्यक्रमहरू त्यति गरेको पाइँदैन र एक दशकसम्म पनि कार्य समितिको पुनर्गठन भएको छैन । यस संस्थाले आगामी दिनमा साहित्यिक क्रियाकलापमा सक्रियता देखाउनु पर्ने देखिन्छ ।

### ३.१.२.३ लक्ष्मी स्मृति साहित्य समाज (२०५६)

## क) पृष्ठभूमि र परिचय

वि.सं. २०५६ साल कार्तिक २२ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाको ९१औं जन्म जयन्ती मनाउने उद्देश्यले कावासोती-१, साँढका केही सक्रिय युवा विद्यार्थीहरू भूपेन्द्र लामिछाने, मोहन रेग्मी, जगतप्रसाद रिजाल, टुकनाथ चापागाई, सोमनारायण काफ्ले, इन्दिरा रिजालसहित धेरै साहित्यप्रेमी युवाहरूको भेला र सक्रियतामा लक्ष्मी जयन्ती मनाउने तयारी गरियो । साहित्यकार सदानन्द अभागीको सभापतित्वमा र रघुनाथ सापकोटाको प्रमुख आतिथ्यमा कविता प्रतियोगिता सम्पन्न भयो । कविता प्रतियोगितामा यदुनन्दन भट्टराई, दीपक भट्टराई, सरिता सापकोटा, नरेश लम्साल, माधव पराजुली आदिले १८ वटा कविता वाचन गरेका थिए ।[५४] कविता प्रतियोगिता कार्यक्रम सम्पन्न भएपछि लगत्तै उक्त कार्यक्रममा सहभागी साहित्यप्रेमीहरूको उत्साहजनक सहभागीताबाट प्रेरित भई सबैले यस क्षेत्रमा एउटा साहित्यिक संस्थाको आवश्यकता महसुस गरी तत्काल त्यसै स्थलमा सदानन्द अभागीको अध्यक्षतामा सात सदस्यीय कार्य समिति रहेको लक्ष्मी स्मृति साहित्य समाजको स्थापना गरियो ।

## ख) स्थापना र कार्य समिति

लक्ष्मी स्मृति साहित्य समाजको स्थापना २०५६ साल कार्तिक २२ गते भएको हो ।

---

५४. संस्थाका अध्यक्ष सदानन्द अभागीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

साहित्य संगीत र कलाका माध्यमले नेपाली वाङ्मयका क्षेत्रमा योगदान पुऱ्याउने पवित्र उद्देश्यले कावासोतीका साहित्यप्रेमी युवाहरूले यसको स्थापना गरेका हुन् । संस्था दर्ता गरेको छैन । यस संस्थाका संस्थापक कार्य समितिका पदाधिकारीहरू निम्नानुसार छन् ।[५५]

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार |
|---|---|---|---|
| १. | अध्यक्ष | सदानन्द अभागी | १. भूपेन्द्र शर्मा भट्टराई |
| २. | उपाध्यक्ष | नरेशराज लम्साल | २. मोहनीलाल भुसाल |
| ३. | सचिव | भूपेन्द्र शर्मा लामिछाने | |
| ४. | कोषाध्यक्ष | नारायणप्रसाद सापकोटा | |
| ५. | सदस्य | माधव पराजुली | |
| ६. | सदस्य | मोहन रेग्मी | |
| ७. | सदस्य | लोकनाथ खरेल | |

उक्त कार्य समितिले २०५६ सालदेखि २०६१ सालसम्म संस्थालाई विभिन्न साहित्यिक गतिविधिका साथ अगाडि बढाएको थियो । यसले स्थापना मितिका दिन वाचन गरिएका १९ कवितालाई **'कावासोतीका पन्ध्र प्रतिभाका १९ थुँगा फूलहरू'** नामक कृति पनि प्रकाशित गरेको पाइन्छ । २०६१ साल कार्तिक २७ गते संस्थाको दोस्रो अधिवेशनले तीन वर्षका लागि निम्नानुसारको कार्य समितिको पुनर्गठन गरेको थियो ।[५६]

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार |
|---|---|---|---|
| १. | अध्यक्ष | विष्णुमाया विभू | सदानन्द अभागी |
| २. | उपाध्यक्ष | रामचन्द्र भट्टराई | भूपेन्द्र शर्मा |
| ३. | सचिव | हिमलाल चापागाई | भूपेन्द्र शर्मा लामिछाने |
| ४. | कोषाध्यक्ष | रामचन्द्र रिजाल | |
| ५. | सदस्य | कोपिला शर्मा | |
| ६. | सदस्य | प्रवेश रिजाल | |
| ७. | सदस्य | दीपकराज देवकोटा | |
| ८ | सदस्य | उत्तम महतो दुःखी | |
| ९. | सदस्य | सुनिल देवकोटा | |

५५. सदानन्द अभागी, ***अभागीका गजलहरू, प्रकाशकीय,*** (लक्ष्मी स्मृति साहित्य समाज २०६५) पृ. ....।

५६. सदानन्द अभागीले भरेको संस्था विवरण फारम अनुसार ।

तीन वर्षे समयावधिका लागि गठन गरिएको कार्य समितिको समयावधि कुशलतापूर्वक सम्पन्न भएपछि २०६५-०६-०९ गते पुनः तेस्रो पटक यस लक्ष्मी स्मृति साहित्य समाजको संस्थापक अध्यक्ष सदानन्द अभागीकै अध्यक्षतामा ११ सदस्यीय कार्य समिति निम्नानुसार गठन गरिएको र यही कार्य समिति नै वर्तमान कार्य समिति रहेको छ ।[५७]

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार/संरक्षक |
|---|---|---|---|
| १. | अध्यक्ष | सदानन्द अभागी | १. भूपेन्द्र शर्मा भट्टराई (संरक्षक) |
| २. | उपाध्यक्ष | कृष्णादेवी शर्मा (श्रेष्ठ) | २. लोकनाथ खरेल (सल्लाहकार) |
| ३. | सचिव | हिमलाल चापागाई | ३. चेतनारायण भुसाल (सल्लाहकार) |
| ४. | कोषाध्यक्ष | श्याम किरण शर्मा | ४. धनपति कोइराला (सल्लाहकार) |
| ५. | सदस्य | उत्तम महतो 'दुःखी' | ५. माधव पराजुली (सल्लाहकार) |
| ६. | सदस्य | नारायणी भट्टराई | |
| ७. | सदस्य | रामचन्द्र रिजाल | |
| ८ | सदस्य | अनिल तिवारी | |
| ९. | सदस्य | के.वी. राना | |
| १० | सदस्य | इन्दिरा रिजाल | |
| ११ | सदस्य | कृष्ण सापकोटा | |

### ग) उद्देश्य

कुनै पनि सङ्घसंस्थाको स्थापना हुनुमा आफ्नै किसिमका लक्ष्य र उद्देश्यहरू हुन्छन् । विशुद्ध साहित्यिक सेवा र उत्थान गर्ने उद्देश्यले स्थापना भएको यस संस्थाले आगामी दिनमा नेपाली साहित्यको संवर्धन नवलपरासी जिल्लाको साहित्यिक उत्थानमा सक्रियताका साथ अगाडि बढाउने उद्देश्य यस संस्थाको रहेको छ । यस संस्थाको स्थापना महाकवि देवकोटाको स्मृतिमा भएकोले लक्ष्मीप्रसाद देवकोटासँग सम्बन्धी अध्ययन, अनुसन्धान, उनका कृतिहरूको विश्लेषण र साहित्यको नवीन खोज अनुसन्धान गर्ने उद्देश्य यस संस्थाको रहेको छ ।[५८]

---

५७. ऐजन ।

५८. ऐजन ।

### घ) संस्थाले गरेका कार्यहरू

लक्ष्मी स्मृति साहित्य समाजले आफ्नो स्थापना कालदेखि नै विभिन्न समयमा पुस्तक प्रकाशन, कृति विमोचन, स्रष्टा अभिनन्दनका साथै अन्य साहित्यिक कार्यक्रमहरू पनि गर्दै आएको छ । हालसम्म संस्थाले गरेका कार्यहरूलाई निम्नानुसार देखाउन सकिन्छ ः-

#### अ) पुस्तक प्रकाशन

यस संस्थाले हालसम्म कविता, उपन्यास र गजल विधाका ५ वटा कृतिहरू प्रकाशन गरेको र ती कृतिहरू निम्नानुसार छन् ।[५९]

| क्र.सं. | कृतिको नाम | लेखक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | कावासोती पन्ध्र प्रतिभाका १९ थुँगा फूलहरू | भूपेन्द्र शर्मा भट्टराई | कविता | २०५६ |
| २. | कोपिला | सदानन्द अभागी (सम्पादक) | (लघुकाव्य) | २०५९ |
| ३. | तन्नेरी हजुरबा | सदानन्द अभागी | उपन्यास | २०६१ |
| ४. | समभोग समाधि | सदानन्द अभागी | गजल सं. | २०६४ |
| ५. | अभागीहरू गजलहरू | सदानन्द अभागी | गजल सं. | २०६५ |

#### आ) अभिनन्दन/पुरस्कार

यस संस्थाले प्रायः प्रत्येक वर्ष लक्ष्मी जयन्तीका दिन गरिने कार्यक्रममा साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान दिने व्यक्तित्वलाई अभिनन्दन गर्दै आएको छ । हालसम्म अभिनन्दित व्यक्तित्वहरू निम्नानुसार रहेका छन् ।[६०]

| क्र.सं. | अभिनन्दित व्यक्तिको नाम | अभिनन्दित गर्नुको उद्देश्य | वर्ष |
|---|---|---|---|
| १. | नन्दकली रिजाल | साहित्य सेवामा समर्पित भएकाले (१०८ वर्षकी वृद्धा) | २०५८ |
| २. | मोहनीलाल भुसाल | शिक्षा क्षेत्रमा योगदान दिएकाले | २०५९ |
| ३. | भूपेन्द्र शर्मा भट्टराई 'गण्डर्षि' | साहित्य सेवामा समर्पित भएकाले | २०६० |
| ४. | विष्णु लामिछाने | नवलपरासी साहित्यको प्रचार र नाट्य क्षेत्रमा योगदान दिएकाले | २०६१ |

---

५९. ऐजन ।

६०. ऐजन ।

| | | | |
|---|---|---|---|
| ५. नारायणप्रसाद खनाल | निबन्ध र समालोचनाका क्षेत्रमा योगदान दिएकोले | २०६२ |
| ६. दीपक सोती | साहित्य सेवामा समर्पित भएकोले | २०६२ |
| ७. गोविन्दराज विनोदी | साहित्य सेवामा योगदान दिएकोले | २०६३ |
| ८. कृष्णादेवी शर्मा 'श्रेष्ठ' | साहित्य सेवामा योगदान दिएकोले | २०६४ |
| ९. लालकुमार भट्टराई | पत्रकारिता क्षेत्रमा योगदान दिएकोले | २०६४ |
| १०. धनराज गिरी | गजल विधामा योगदान दिएकोले | २०६४ |
| ११. हरिनारायण रेग्मी | पत्रकारिता क्षेत्रमा योगदान दिएकोले | २०६५ |
| १२. पुष्प अधिकारी 'अञ्जली' | साहित्यिक क्षेत्रमा योगदान दिएकोले | २०६५ |
| १३. सरस्वती शर्मा जिज्ञासु | महिला साहित्यिक क्षेत्रमा योगदान दिएकोले | २०६५ |

### ङ) अन्य साहित्यिक गतिविधि

यस संस्थाले गरेको अन्य साहित्यिक गतिविधिमा कृति विमोचन पनि रहेको छ । २०६१ सालदेखि २०६६ सालसम्म काशी भुसालको **देश दुखेको बेला** (कवितासङ्ग्रह) श्यामप्रसाद न्यौपानेको फेरि पनि **अचम्मको बात** (कविता सं.) हरिप्रसाद लम्फुको **आत्मिक ज्याला** (कविता सं.) आदि कृतिहरूको विमोचन यस संस्थाको आयोजनामा भएको छ ।[६१]

संस्थाको अर्को महत्त्वपूर्ण कार्य लक्ष्मी जयन्ती समारोह हो । यस संस्थाले आफ्नो स्थापना वर्षदेखि नै निरन्तर रूपमा प्रत्येक वर्ष लक्ष्मी जयन्तीको सु-अवसरमा कविता वाचनसहित विभिन्न कार्यक्रम गरी लक्ष्मी जयन्ती मनाउँदै आएको छ । २०६६ सालमा भने यस संस्थाका अध्यक्ष सदानन्द अभागीको मातृशोक परेकोले संस्थाले कुनै पनि साहित्यिक कार्यक्रम गरेको छैन । लक्ष्मी जयन्तीको अवसरमा २०६६ सालमा यस संस्थाले स्थानीय अस्पतालमा गई बिरामीहरूलाई फलफूल वितरण गरेको थियो ।

### च) भावी योजना

यस संस्थाले नेपाली साहित्य विकास संरक्षण र सम्बर्द्धनका लागि सधैं सक्रिय रहने, स्रष्टा सम्मान, कृति प्रकाशन, पत्रपत्रिका प्रकाशन गर्ने आफ्ना भावी योजना बनाएको छ । संस्थालाई वैधानिकता दिन अब यथाशीघ्र दर्ता प्रक्रियामा लाग्ने, साहित्यिक कार्यक्रमका लागि आर्थिक कोष सञ्चालन गर्ने आदि भावी योजनाहरू यस संस्थाले लिएको छ ।[६२]

---

६१. ऐजन ।

६२. ऐजन ।

**छ)	निष्कर्ष**

नवलपरासी जिल्लाको कावासोतीमा स्थापित लक्ष्मी स्मृति साहित्य समाजले नवलपरासीको साहित्य उत्थानमा महत्त्वपूर्ण योगदान दिएको छ । नवलपरासीका साहित्यिक संस्थाहरूमध्ये यसलाई सक्रिय संस्थाको रूपमा लिइन्छ । यद्यपि स्थापना भएको एक दशक बितिसक्दा पनि संस्थालाई दर्ता भने गरिएको छैन । पाँचवटा कृति प्रकाशन, धेरै साहित्यकारहरूको अभिनन्दन बेला-बेलामा कृति विमोचन, कविता वाचन प्रत्येक वर्ष लक्ष्मीप्रसाद देवकोटाको जन्म जयन्तीका अवसरमा साहित्यिक कार्यक्रम गर्दै आएको यस संस्थाले अन्य साहित्यिक संस्थासँग समन्वय गरी आफ्नो उद्देश्य र भावी योजना अनुरूप नवलपरासीको साहित्य क्षेत्रमा अझ सक्रियता साथ लाग्ने अपेक्षा राख्न सकिन्छ ।

### ३.१.२.४ आदर्श साहित्य समाज (२०५८)

**क)	पृष्ठभूमि परिचय**

नेपाली साहित्यको क्षेत्रमा विविध साहित्यिक गतिविधिहरूको माध्यमबाट नेपाली जनसमुदायको चेतनास्तरलाई अभिवृद्धि गर्दै अगाडि बढ्दै गरेका सङ्घसंस्थाहरूको कार्यमा अर्को एउटा इट्टा थपी साहित्यिक जगलाई बलियो बनाउने सोचसहित यस संस्थाको जन्म हुन पुगेको हो । छिमेकी जिल्ला चितवनमा साहित्यका विभिन्न गतिविधिहरू अगाडि बढी रहेको परिप्रेक्षमा नवलपरासी केही पछि परेको महसुस गरी गैंडाकोटका साहित्यप्रेमी व्यक्तिहरूले यस संस्थालाई २०५८ साल आषाढमा स्थापना गरेका हुन् ।

**ख)	स्थापना र कार्य समिति**

आदर्श साहित्य समाजको स्थापना २०५८ साल आषाढ १३ गतेका दिन गैंडाकोट गा.वि.स.मा रहेका साहित्यप्रेमी व्यक्तिहरूको भेलाले गरेका हुन् । साहित्य, सूचना र सञ्चारका क्षेत्रमा क्रियाशील रहँदै अगाडि बढ्ने सोचका साथ स्थापना भएको यस संस्थाका कार्य समितिमा निम्नानुसारका पदाधिकारीहरू रहेका छन् :- [६३]

---

६३. संस्थाका अध्यक्ष सुजन अधिकारीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार/संरक्षक |
|---|---|---|---|
| १. | अध्यक्ष | सुजन अधिकारी | १. मदनभक्त अधिकारी (संरक्षक) |
| २. | उपाध्यक्ष | कुलप्रसाद गैरे | २. गोविन्दराज विनोदी (सल्लाहकार) |
| ३. | सचिव | मिलन सापकोटा | |
| ४. | सह-सचिव | जमुना सापकोटा | |
| ५. | कोषाध्यक्ष | विकल्प नेपाल | |
| ६. | सदस्य | शारदा अधिकारी | |
| ७. | सदस्य | दुर्गा भुसाल | |

उल्लेखित कार्य समिति स्थापना भएको लामो समयसम्म पनि कार्य समिति नवीकरण हुन सकेको छैन । यस संस्थाका पदाधिकारीहरू कामको सिलसिलामा विदेश पलायन भएपछि कार्य समितिको पुनर्गठन नभएपनि यसले वैदेशिक क्षेत्रमा पनि आफ्ना गतिविधिहरू गर्न सफल भएको छ । हाल २०६७ सालको वैशाखमा यस संस्थाको कार्य समितिको पुनर्गठन भएको छ । यसमा निम्नानुसारका पदाधिकारी रहेका छन् । जो वर्तमान कार्य समिति हो [६४] :-

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार/संरक्षक |
|---|---|---|---|
| १. | अध्यक्ष | सुजन अधिकारी | १. मदनभक्त अधिकारी (संरक्षक) |
| २. | उपाध्यक्ष | दुर्गा भुसाल | २. गोविन्दराज विनोदी (सल्लाहकार) |
| ३. | सचिव | दिनेश पौडेल क्षेत्री | |
| ४. | सह-सचिव | अर्जुन बस्याल | |
| ५. | कोषाध्यक्ष | पुष्पा गुरौ | |
| ६. | सदस्य | इन्द्र अधिकारी | |
| ७. | सदस्य | श्याम राना | |

**ग) उद्देश्यहरू**

भावनात्मक सु-सम्बन्ध र परिवर्तनका लागि' मूल सन्देशका साथ स्वदेश तथा प्रभासी नेपालीहरूमा समेत आफ्ना विविध साहित्यिक तथा सामाजिक गतिविधिहरू सञ्चालन गर्दै आएको यस संस्थाले साहित्य, सूचना तथा संचारको पहुँचबाट टाढा रहेका सर्वसाधारण व्यक्तिहरूलाई

६४. ऐजन ।

साहित्यिक तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने, आदर्श व्यक्तिलाई तथा सङ्घसंस्थालाई सम्मान गर्ने, यस संस्थाको गतिविधिमा क्रियाशील रहने नवलपरासी र त्यसभन्दा बाहिरका व्यक्तिहरूको सम्मान गर्दै संस्थालाई जिल्लाभित्र सीमित नराखी राष्ट्रव्यापी रूपमा क्षेत्र विस्तार गर्ने, वैदेशिक गतिविधिहरूलाई अझ प्रभावकारी रूपमा अगाडि बनाउने जस्ता उद्देश्यहरू यस संस्थाका रहेका छन् ।[६५]

**घ) संस्थाले गरेका कार्यहरू**

आदर्श साहित्य समाजले थोरै भए पनि कृति प्रकाशन, पत्रपत्रिका प्रकाशन, साहित्यिक कार्यक्रम आदि कामहरू गर्दै आएको छ, जसलाई निम्नानुसार देखाउन सकिन्छ :-

**अ) पुस्तक प्रकाशन**

हालसम्म यस संस्थाले मदन भट्टराईद्वारा लिखित पहिलो हस्ताक्षर नामक गजलसङ्ग्रह (२०६२) मात्र प्रकाशन गरेको छ ।

**अ) पत्रपत्रिका प्रकाशन**

यस संस्थाले '**आदर्श राष्ट्रिय विविध**' नामक साहित्यप्रधान पत्रिकाको प्रकाशन गर्दै आएको छ । यो पत्रिका हाल सम्म वर्ष ८, पूर्णाङ्क २६, यही २०६७ सालको नववर्षको अवसरमा प्रकाशित भएको थियो । आदर्श साहित्य समाजको मुखपत्रको रूपमा प्रकाशित यस **आदर्श राष्ट्रिय विविध**ले नवलपरासी साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको छ । त्यस्तै यस संस्थाको प्रकाशन **आदर्श राष्ट्रिय विविध**लाई पूर्णाङ्क २६ लाई प्रवास संस्मरणको रूपमा पनि प्रकाशित गरिएको छ ।[६६]

**आ) अभिनन्दन /पुरस्कार**

आदर्श साहित्य समाज, नवलपरासीका प्रवास गतिविधिहरूमा अभिनन्दन कार्यक्रम पनि रहेको छ । संस्थाका अध्यक्ष सुजन अधिकारी र सचिव दिनेश पौडेल कामको सिलसिलामा कतार रहँदाको अवस्थामा निम्न लिखित व्यक्तिहरूलाई अभिनन्दन गरिएको थियो :-

---

६५. ऐजन ।

६६. ऐजन ।

| क्र.सं. | अभिनन्दित व्यक्तिको नाम | अभिनन्दित गर्नुको उद्देश्य | वर्ष |
|---|---|---|---|
| १. | बद्री पराजुली | छन्द कविताका क्षेत्रमा योगदान पुऱ्याए बापत | २०६६ |
| २. | सूर्यनाथ मिश्र | प्रभाबमा रहेका श्रमिकको हक हितको कार्यमा सक्रिय रहे बापत | २०६६ |

## ङ) अन्य साहित्यिक गतिविधि

यस संस्थाको अन्य साहित्यिक गतिविधि २०६१ मा गरिएको गजल प्रतियोगिता रहेको छ । गैंडाकोटको जनक उच्च मा.वि.को प्राङ्गणमा जिल्ला स्तरीय गजल प्रतियोगितात्मक कार्यक्रम यस संस्थाले भब्य रूपमा सम्पन्न गरेको छ । जिल्लाका वरिष्ठ साहित्यकारहरूको उपस्थितिमा २ दर्जन भन्दा बढी गजलका रचना वाचन गरिएको थियो उक्त कार्यक्रममा पुरस्कृत ब्यक्तित्वलाई सम्मान पत्रसहित पुरस्कार वितरण गरिएको थियो । यस संस्थाले २०६० सालमा गा.वि.स. स्तरीय तीजगीत प्रतियोगिता पनि सम्पन्न गरेको छ ।[६७] त्यस्तै एक विशेष कार्यक्रमका साथ साहित्यकार नवराज लम्सालबाट २०६४ सालमा **आदर्श** पत्रिकाको लोकार्पण गरिएको थियो ।

मुलुकबाहिर कतारमा रहेका प्रवासी नेपालीहरूका बीच समय-समयमा यस संस्थाले साहित्यिक कार्यक्रम गरेको छ, जसमा गजल प्रतियोगिता, कविता प्रतियोगिता, लोकगीत प्रतियोगिता प्रमुख छन् ।[६८]

## च) भावी योजना

संस्थाको उद्देश्यअनुरूप आफ्ना साहित्यिक कार्यक्रमहरू गर्दै जाने यस संस्थाको भावी योजनाहरू छन् । आदर्श वर्ष पुरस्कारको स्थापना गरी प्रत्येक वर्ष साहित्य, सञ्चार र सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने आदर्श ब्यक्तित्वलाई सम्मान गर्ने, आदर्श साहित्य सम्मान कोषको स्थापना गर्ने, संस्थालाई दर्ता प्रक्रियामा अगाडि बढाउने, प्रभाब क्षेत्रमा सक्रिय रहने जस्ता भावी योजना यस संस्थाका रहेका छन् ।[६९]

६७. ऐजन ।

६८. ऐजन ।

६९. ऐजन ।

**छ) निष्कर्ष**

आदर्श साहित्य समाज गैंडाकोटका स्थानीय युवा साहित्यप्रेमी व्यक्तिहरूले स्थापना गरेका संस्था हो यद्यपि यस संस्थाले हाल आएर नवलपरासी जिल्लालाई मात्र आफ्नो क्षेत्र नबनाएर क्षेत्र विस्तार गरेको छ । यस संस्थाका अध्यक्षलगायत केही पदाधिकारीहरू वैदेशिक रोजगारको सिलसिलामा कतार जाँदा त्यहाँ पनि यसै संस्थाको नाम विदेश विभाग भनी साहित्यिक गतिविधि गरेको पाइन्छ । यसले विदेशी भूमिमा पनि समाजसेवी र साहित्यिक व्यक्तित्वलाई सम्मान गर्नु प्रसंशनीय कार्य हो । नवलपरासी लगायत रूपन्देही, कपिलवस्तु, सुनसरी, बर्दिया, पर्वत, झापाबाट पनि यस संस्थाका ४५ जना आजीवन सदस्य रहेका छन् । यस संस्थाबाट प्रकाशित आदर्श विविध पत्रिका प्रवासमा पनि प्रकाशित हुनु अर्को महत्त्वपूर्ण पक्ष रहेको छ ।

यसरी हेर्दा एक कृति प्रकाशन, स्रष्टा सम्मान र अन्य साहित्यिक कार्यमा क्रियाशील यस संस्थाले आफूलाई वैधानिक रूपमा दर्ता गरी अगाडि बढ्नु आवश्यक देखिन्छ ।

### ३.१.२.५. मञ्जरी साहित्य सङ्गम (२०६०)

**क) पृष्ठभूमि**

नवलपरासी जिल्लाको पश्चिमी क्षेत्र परासी खण्डको माकर गा.वि.स. चिसापानीमा रहेको दिव्यज्योति बहुमुखी क्याम्पसमा पढ्ने साहित्यप्रेमी विद्यार्थीहरूको सक्रियतामा स्थापना भएको संस्था हो मञ्जरी साहित्य सङ्गम । क्याम्पस स्तरमा एउटा साहित्यिक संस्थाको जन्म गराउन सके विद्यार्थीका अन्तर्निहित प्रतिभालाई साहित्यको क्षेत्रमा ल्याई नयाँ आयाम थप्दै सृजनाका हातहरूलाई अगाडि बढाउन सके नवलपरासीको साहित्यमा अग्रसर हुँदै राष्ट्रिय स्तरकै साहित्यकारको जन्म गराउन सकिन्छ भन्ने भावनालाई आत्मसात गर्दै यस संस्थाको जन्म भएको हो ।

**ख) स्थापना र कार्य समिति**

मञ्जरी साहित्य सङ्गमको स्थापना २०६० साल भाद्र २४ गते दिव्यज्योति बहुमुखी क्याम्पसमा पढ्ने विद्यार्थीहरूले गरेका हुन् । क्याम्पस स्तरमा स्थापना भएको यस साहित्यिक संस्थामा कक्षा ११ देखि स्नातक तह सम्मका विद्यार्थीहरू कार्य समितिमा रहँदै साहित्य क्षेत्रमा सक्रिय छन् । संस्थापक अध्यक्ष सुवास अगमको अध्यक्षतामा ७ सदस्यीय कार्य समितिको गठन गरिएको थियो । २०६१ सालमा तिलक भट्टराई २०६२ मा प्रेम प्रत्येक भावुक र २०६३-२०६४ मा भुवनारायण चौधरीको अध्यक्षतामा कार्य समितिको गठन भई संस्था निरन्तर रूपमा अगाडि बढेको छ । क्याम्पस प्रमुख मोहन खनाल संरक्षक रहेको यस संस्थाको वर्तमान कार्य समिति १७ सदस्यीय रहेको छ जो निम्नानुसार रहेको छ :- [७०]

---

७०. संस्थाका सल्लाहार राजेश भट्टराई र अध्यक्ष कृष्ण न्यौपानेसँगको अन्तर्वार्ता अनुसार ।

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार/संरक्षक |
|---|---|---|---|
| १. | अध्यक्ष | कृष्ण न्यौपाने | १. जिज्ञासु पौडेल |
| २. | उपाध्यक्ष | जगदीश पाण्डे | २. राजेश भट्टराई |
| ३. | सचिव | नारायणी पोखे्रल | ३. दीनानाथ भुसाल |
| ४. | सह-सचिव | सुरेश राना | ४. सागर पाण्डे |
| ५. | कोषाध्यक्ष | गंगा रिमाल | ५. सरिता खनाल |
| ६. | सदस्य | रश्मी ज्ञवाली | |
| ७. | सदस्य | सीसम पाण्डे | |
| ८. | सदस्य | अमृत घिमिरे | |
| ९. | सदस्य | नवराज उपाध्याय | |
| १०. | सदस्य | सुलोचना अधिकारी | |
| ११. | सदस्य | विष्णु खनाल | |
| १२. | सदस्य | अनन्त पाण्डे | |
| १३. | सदस्य | गंगा खरेल | |
| १४. | सदस्य | अर्जुन सूर्यवंशी | |
| १५. | सदस्य | रूद्रिका खड्का | |
| १६. | सदस्य | सुरज पाठक | |
| १७. | सदस्य | कृष्ण पोखे्रल | |

**ग) उद्देश्य**

दिब्यज्योति बहुमुखी क्याम्पस चिसापानीमा उच्च शिक्षा अध्ययन गर्न आउने सबै विद्यार्थीको साझा साहित्यिक सङ्गमस्थल मञ्जरी साहित्य सङ्गम विद्यार्थीहरूको प्रतिभालाई ऊर्जा प्रदान गर्ने संस्था हो । यसले "नलेख्नेले लेखून र लेख्नेले अझ राम्रो लेख्न सकून" भन्ने मूल नारालाई आफ्नो उद्देश्य बनाएको छ । क्याम्पसमा अध्ययन गर्ने सबै साहित्यानुरागी विद्यार्थीले आफ्नो सृजनालाई परिष्कृत र परिमार्जित गर्दै लैजान सकून् भन्ने यस संस्थाको उद्देश्य छ ।[७१]

७१. ऐजन ।

## घ) संस्थाले गरेका कार्यहरू

मञ्जरी साहित्य सङ्गमले हालसम्म विभिन्न किसिमका साहित्यिक गतिविधिलाई सक्रियताका साथ अगाडि बडाउँदै आएको छ । यस संस्थाले दिव्यज्योति बहुमुखी क्याम्पसमा साप्ताहिक रूपमा रचना वाचन कार्यक्रम गर्दै आएको छ । हप्ताको अन्तिम दिन शुक्रबारको दिन क्याम्पस सञ्चालन भएको समयावधिमा विद्यार्थीहरूले आ-आफ्ना रचनाहरू लघुकथा कविता, गजल, मुक्तक आदि रचना वाचन गर्ने गरेका छन् ।[७२] यस रचना वाचन कार्यक्रमलाई यस संस्थाले आफ्नो साप्ताहिक कार्यक्रमको रूपमा हालसम्म सञ्चालन गर्दै आएको छ ।

यस संस्थाले विभिन्न समयमा चेतनामूलक सडक नाटक पनि मञ्चन गर्दै आएको छ । वि.सं. २०६५ सालको जेठ असारमा नवलपरासीको परासी, सुनवल, भुमही, चिसापानी, बर्दघाट र त्रिवेणी जस्ता ठाउँमा नारी हिंसा विरूद्धको **'सचेतना'** नामक सडक नाटक र युवाहरू विदेश पलायन भएर भाग्नु परेको दुःख, पीडा तथा युवा शक्ति विदेशिए पछि देशले भोगेको क्षतिलाई झल्काउने **'लाहुरे कान्छा'** नामक सडक नाटक प्रदर्शन गरिएको थियो । पछिल्लो समय नवलपरासी जिल्लाको पहाडी क्षेत्र बुलिङ्टारमा २०६७ जेठ १ र २ गते दाइजो विरोधी 'सामाजिक कुसंस्कारको अन्त्य गरौं' भन्ने जनचेतना मूलक सडक नाटकको मञ्चन गरेर यस संस्थाले सामाजिक विकृति र विसङ्गतिको अन्त्य गर्ने काममा सक्रिय रहेको छ ।[७३]

यो संस्थाको अर्को उपलब्धिपूर्ण काम हो पत्रिका प्रकाशन वि.सं. २०६२ सालको कार्तिकमा १ अङ्क र पौषमा २ अङ्क गरी जम्मा २ पटक मात्र यो पत्रिकाको प्रकाशन गरिएको छ । यसबाहेक अन्य कार्यक्रममा २०६५ साल श्रावण महिनामा यस संस्थाले आफ्नो साप्ताहिक कार्यक्रम रचना वाचनको अवसरमा संस्थाका सल्लाहकार राजेश भट्टराईद्वारा लिखित **तीजगीत सङ्ग्रहको** विमोचन पनि गरिएको छ ।

## ङ) भावी योजना

यस संस्थाको भावी योजनामा मञ्जरी साहित्यिक पत्रिकालाई प्रकाशन गर्ने क्रमलाई पुनः निरन्तरता दिने वैधानिकता प्राप्तिका लागि संस्था दर्ता गर्ने पुस्तक प्रकाशन गर्ने साहित्यिक कार्यशालाको निर्माण, गोष्ठी आयोजना र सडक नाटकलाई प्रभावकारी रूपमा जिल्लाका विभिन्न ठाउँमा मञ्चन गर्ने मा.वि., उच्च मा.वि. तथा अन्य साहित्यिक गतिविधि गरी विद्यार्थीलाई साहित्य क्षेत्रमा लाग्न प्रोत्साहन गर्ने आदि भावी योजनाहरू सञ्चालन गर्ने लक्ष्य यस संस्थाले लिएको छ ।

---

७२. ऐजन ।

७३. ऐजन ।

### छ) निष्कर्ष

नवलपरासी जिल्लाको दिव्यज्योति बहुमुखी क्याम्पसका साहित्यप्रेमी विद्यार्थीहरूको सक्रियतामा स्थापित यो संस्था क्याम्पस स्तरमा नवलपरासीकै पहिलो साहित्यिक संस्था हो । विशेष गरी विद्यार्थीहरूको सिर्जनालाई साप्ताहिक रूपमा वाचन गर्ने कामले सिर्जना प्रस्फुटन गरी अन्तर्निहित प्रतिभालाई विकास गर्न संस्था सधैं प्रयत्नशील देखिन्छ । यस साहित्यिक सङ्गमले हालसम्म थुप्रै साप्ताहिक कार्यक्रमका शृङ्खलाहरू पार गरिसकेको छ । यसका अतिरिक्त **'मञ्जरी'** नामक पत्रिकाको प्रकाशन र चेतनामूलक सडक नाटक प्रस्तुत गरेर थप स्तुत्य कार्य गरेको हो । साहित्य हितकारी हुन्छ (हितेन सहितम् साहित्यम्) । यसको मर्मलाई बुझ्नेहरूको सहयोग र समर्थनले साहित्य गतिविधिमा लाग्नेहरूका लागि प्रेरणाको पुञ्ज बन्दछ । मञ्जरीले पनि सायद यस्तै अपेक्षा गरेको होला । साहित्यिक उत्थानमा समर्पित यस्ता विद्यार्थीलाई क्याम्पस प्रशासन र परिवारबाट सहयोग गर्नु आवश्यक देखिन्छ ।

## ३.१.२.६ मध्यबिन्दु साहित्यिक समाज (२०६३)

### क) पृष्ठभूमि

नवलपरासीको कावासोतीमा २०६३ सालमा स्थापना भएको मध्यबिन्दु बहुमुखी क्याम्पसमा पढ्ने संस्थापक विद्यार्थीहरूले क्याम्पसस्तरमा एउटा साहित्यिक संस्थाको स्थापना गर्न सके विद्यार्थीहरूका सिर्जनात्मक प्रतिभालाई उजागर गर्न र नवलपरासेली साहित्यिक फाँटलाई उर्वर बनाउनमा सहयोग पुग्नेछ भन्ने सोच राख्ने साहित्यप्रेमी विद्यार्थीहरूले २०६३ साल मंसिरमा सल्लाह र परामर्श सुरू गर्न थालेपछि क्याम्पस प्रशासन, नेपाली विषयका प्राध्यापक धनपति कोइराला तथा प्रितम भुजेल र दिनेश बस्यालको सहयोगमा मंसिर २० गते यस क्याम्पसमा पढ्ने विद्यार्थीहरूको भेला भएपछि सोही भेलाबाट ५ सदस्यीय मध्यबिन्दु साहित्यिक समाज नामक साहित्यिक संस्थाको जन्म हुन गएको हो ।

### ख) स्थापना र कार्य समिति

मध्यबिन्दु साहित्यिक समाजको स्थापना २०६३ साल मंसिर ३० गते भएको हो । कावासोती स्थित मध्यबिन्दु बहुमुखी क्याम्पसमा पढ्ने विद्यार्थीहरूले स्थापना गरेका यस संस्थाको कार्यालय क्याम्पसभित्र नै छ भने संस्थाका पदाधिकारीहरू पनि कक्षा ११ देखि स्नातक तहसम्म अध्ययन गर्ने विद्यार्थीहरू छन् । यस संस्थाको संस्थापक कार्य समिति निम्नानुसार रहेको छ :- [७३]

---

७३. संस्थाका संस्थापक अध्यक्ष आशिष भुर्तेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार/संरक्षक |
|---|---|---|---|
| १. | अध्यक्ष | आशिष भुर्तेल 'स्वार्थी' | १. क्याम्पस प्रमुख (पदेन) |
| २. | उपाध्यक्ष | दिनेश बस्याल | २. धनपति कोइराला |
| ३. | सचिव | स्मिता देवकोटा | |
| ४. | कोषाध्यक्ष | विजय पाण्डे | |
| ५. | सदस्य | साकार सिग्देल | |

तीन वर्षको कार्यकाल समाप्त गरेपछि यस संस्थाले २०६६ साल माघ २१ गतेका दिन यस संस्थाका सम्पूर्ण सदस्यहरूको उपस्थितिले संस्थापक कार्य समितिको विघटन गरी वर्तमान कार्यसमितिको गठन गरेको छ, जसमा निम्नानुसारका पदाधिकारीहरू रहेका छन् :- [७४]

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार/संरक्षक |
|---|---|---|---|
| १. | अध्यक्ष | प्रभाखर चापागाई 'प्रवेश' | १. क्याम्पस प्रमुख, मुक्तिनाथ ढकाल (पदेन) |
| २. | उपाध्यक्ष | हेमराज दाहाल 'सुमन' | २. धनपति कोइराला |
| ३. | सचिव | हरिप्रसाद सिग्देल | ३. भूपेन्द्र शर्मा 'गण्डर्षि' |
| ४. | उप-सचिव | मन्सब अली सनसुर | |
| ५. | कोषाध्यक्ष | प्रतीक्षा बस्ताकोटी | |
| ६. | सदस्य | सचिन त्रिपाठी 'कान्छो' | |
| ७. | सदस्य | यादवप्रसाद लम्साल | |
| ८. | सदस्य | सुवास तिवारी | |
| ९. | सदस्य | काशीराम शर्मा 'आकाश' | |

## ग) उद्देश्य

यस मध्यविन्दु बहुमुखी क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरूलाई साहित्यका क्षेत्र लाग्न प्रेरणा र प्रोत्साहन गर्ने, विद्यार्थीभित्रको प्रतिभाको पहिचान गरी साहित्यका क्षेत्रमा त्यसको प्रयोग गर्ने विद्यार्थी-विद्यार्थीबीच कला, साहित्यका विषयमा चर्चा, छलफल बहस र निष्कर्षहरू निकाल्ने नवसर्जकहरूलाई प्रोत्साहन गर्ने पत्रिका प्रकाशन स्रष्टा सम्मान तथा साहित्यिक गोष्ठीहरू गर्दै साहित्यको उत्थानमा सक्रिय भई लाग्ने यस संस्थाका उद्देश्यहरू रहेका छन् ।"[७५]

---

७४. **भावाञ्जलि** (प्रका. मध्यविन्दु साहित्य समाज, अङ्क ४, वर्ष २, २०६७) ।

७५. संस्थाका अध्यक्ष प्रभाखर चापागाईँसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

## घ) संस्थाले गरेका कार्यहरू

यस संस्थाले हालसम्म विभिन्न साहित्यिक कार्यक्रम, लोकगीत महोत्सव, पत्रिका प्रकाशन तथा स्रष्टा प्रकाशन तथा स्रष्टा सम्मान गर्ने काम निम्नानुसार गरेको छ :-

### अ) पत्रिका प्रकाशन

मध्यबिन्दु साहित्यिक समाजको महत्त्वपूर्ण कार्य भनेको **भावाञ्जलि** नामक साहित्यिक पत्रिकाको प्रकाशन गर्नु हो । यस संस्थाको मुखपत्रको रूपमा रहेको यो पत्रिकाको सुरूका २ अङ्क भित्तेपत्रिकाको रूपमा र पछिल्ला २ अङ्क लघु पत्रिकाको रूपमा प्रकाशित छ । मध्यबिन्दु क्याम्पसमा पढ्ने विद्यार्थीहरूको रचनालाई समेटेर यसको प्रकाशन गरिएको हो ।

### आ) अभिनन्दन /पुरस्कार

यस संस्थाले नवलपरासीका प्रौढ साहित्यकार दीपक सोतीलाई २०६७ सालमा अभिनन्दन तथा सम्मान गरेको छ ।[७६] सम्मान प्राप्त व्यक्तित्व दीपक सोती नवलपरासीका वृद्ध साहित्यिक व्यक्तित्व हुन् । उनले नेपाली भाषा र साहित्यका क्षेत्रमा लम्जुङ र नवलपरासीमा रही ठूलो योगदान पुऱ्याएका छन् ।

## ङ) अन्य साहित्यिक गतिविधि

मध्यबिन्दु बहुमुखी क्याम्पसमा पढ्ने साहित्यप्रेमी विद्यार्थीहरूको उत्साह उमङ्गबाट यस संस्थाले आफ्नो स्थापना वर्षमा मोती जयन्तीको अवसर पारी गजल वाचन कार्यक्रम सम्पन्न गरेको थियो । २०६४ साल र २०६५ सालमा पनि मोती जयन्तीको उपलक्ष्यमा क्याम्पस स्तरीय कविता र गजल प्रतियोगिता सम्पन्न गरेको छ । त्यस्तै २०६७ सालको नववर्षका दिन वृहत् नवलपुर स्तरीय लोकदोहोरी कार्यक्रम सम्पन्न गरी लोक साहित्य र सङ्गीत कला र संस्कृतिको संरक्षण र संवद्धनमा संस्था सक्रिय रहेको देखिन्छ । राष्ट्रिय कलाकार प्रजापति पराजुली, दीपक खड्काको उपस्थितिमा हजारौं दर्शकका माझ भव्य रूपमा यो कार्यक्रम सम्पन्न भएको थियो ।

यस संस्थाको अर्को महत्त्वपूर्ण कार्यक्रम भनेको भानु जयन्तीको अवसरमा २०६७ असार २७ गते गरिएको कविता वाचन कार्यक्रम हो । गोविन्दराज विनोदीको प्रमुख आतिथ्यमा मध्यबिन्दु क्याम्पसमा आयोजना गरिएको उक्त कार्यक्रममा नवलपरासी तथा चितवनका साहित्यकारले आफ्नो रचना वाचन गरेका थिए भने उक्त कार्यक्रममा नै दीपक सोतीको अभिनन्दन सम्मान तथा **भावाञ्जलि** पत्रिकाको विमोचन गरिएको थियो ।

---

७६. ऐजन ।

**च) भावी योजना**

उद्देश्यले निर्क्योल गरेका बाटोमा हिँड्ने साहित्यिक पत्रिकाको प्रकाशनलाई परिष्कृत र परिमार्जनसहित प्रकाशनमा निरन्तरता दिने, नयाँ सर्जकलाई प्रेरणा र प्रोत्साहन गर्दै स्थापित स्रष्टाको सम्मान गर्ने, साहित्यको उन्नयनका लागि विभिन्न साहित्यिक कार्यक्रम गर्ने संस्थाको भावी योजना रहेको छ ।[७७]

### ३.१.२.७ नवलपरासी साहित्य समाज २०६६

**क) पृष्ठभूमि**

वि.सं. २०६४ सालदेखि नै अग्यौली गा.वि.स.का केही साहित्यप्रेमी युवाहरूको बीच यस क्षेत्रमा एउटा साहित्यिक संस्थाको जन्म गराई साहित्यको क्षेत्रमा केही गर्नु पऱ्यो भन्ने सोच र छलफल भइरहेको थियो । माया कंडेल, बाबु त्रिपाठी, हेमा आले र प्रितम भुजेल आदि साहित्यप्रेमी युवाहरूले साहित्यका क्षेत्रमा केही गरौं भन्ने सोच राखेका थिए तर त्यसका लागि सङ्गठित भई काम गर्ने उपयुक्त समयको खोजी भइरहेको थियो । त्यसै सिलसिलामा २०६६ साल असार ३ गते शनिबारका दिन नवलपुर क्षेत्रका धेरै साहित्यकारहरूको भेला गरियो र नवलपरासी साहित्य समाज, नवलपरासीको जन्म गराउने काम भयो ।

**ख) स्थापना र कार्य समिति**

नवलपरासी साहित्य समाजको स्थापना २०६६।०३।०६ गतेका दिन भएको हो । नवलपरासीको नवलपुर खण्डका युवा साहित्यप्रेमीहरूको भेलाबाट कावासोतीको कुमारवर्ती बहुमुखी क्याम्पसको प्राङ्गणमा यस संस्थाको बीजारोपण गरियो । संस्थाका संस्थापक तथा वर्तमान कार्य समिति निम्नानुसार रहेका छन् :- [७८]

---

७७. ऐजन ।

७८. संस्थाको अध्यक्ष प्रितम भुजेलले भरेको संस्था विवरण फारम अनुसार ।

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार/संरक्षक |
|---|---|---|---|
| १. | अध्यक्ष | प्रीतम भुजेल | १. बाबु त्रिपाठी (संरक्षक) |
| २. | उपाध्यक्ष | हेमा आले (वोगी) | २. सुधा शाही (सल्लाहकार) |
| ३. | सचिव | माया कंडेल | ३. निरज भट्टराई (सल्लाहकार) |
| ४. | सह-सचिव | कमल चापागाई | |
| ५. | कोषाध्यक्ष | अर्जुन अविरल (अभागी) | |
| ६. | सदस्य | दीपक चापागाई | |
| ७. | सदस्य | दिनेश अनुज | |
| ८. | सदस्य | रिङ्की पंगेनी | |
| ९. | सदस्य | सुरेश गिरी | |
| १०. | सदस्य | लोकनाथ पंगेनी | |
| ११. | सदस्य | जीवन सङ्घर्ष | |
| १२. | सदस्य | कृष्ण सापकोटा | |
| १३. | सदस्य | जनक माकिम | |

**ख) उद्देश्य**

साहित्य आवेग होइन, न यो लहडीको लहर नै हो । यसले त समाजको जीवन्त चित्र उतारेर सुधारको खोजी गर्दछ । जहाँ हरेक सजीव अनुभवहरूको कलात्मकता झल्काउन सकिन्छ । त्यसैले समाजका विकृति र विसङ्गतिको अन्त्य गर्दै सभ्य समाजको निर्माण गर्ने कार्य साहित्यको माध्यमबाट गराउने उद्देश्य यस संस्थाको छ ।[७९] साहित्य भोका नाङ्गा, भुत्रा र धोका पाएका, प्रेम मोहमा फसेकाका लागि मात्र हो भन्ने विपक्षीहरूको टिप्पणी गरेको पाइन्छ । त्यसको सशक्त प्रतिवाद गर्दै साहित्य युगान्तकारी परिवर्तनको बाहक सिद्ध हुन सक्छ भन्ने कुरा बोध गराउने उद्देश्य नै यस संस्थाको रहेको छ । साथै नवलपरासी जिल्लाको साहित्यिक गतिविधिलाई सशक्त तुल्याउँदै सर्जक, स्रष्टा र सिर्जनाको सम्मान गर्ने नवोदित युवा साहित्यकारलाई प्रोत्साहन गर्ने जस्ता उद्देश्य यस संस्थाको रहेको छ ।

७९. ऐजन ।

## ग) संस्थाले गरेका कार्यहरू

नवलपरासी साहित्य समाजले आफ्नो स्थापना भएको महिनामा नै भानु जयन्तीको शुभ अवसर पारेर कर्मचारी मिलन केन्द्रसँग सहकार्य गरी कावासोतीमा कविगोष्ठी कार्यक्रम सम्पन्न गरेको छ । त्यस्तै मोती जयन्तीको शुभ अवसरमा नवलपुर स्तरीय गजल प्रतियोगिता सम्पन्न गरेको छ । उक्त कार्यक्रममा नवलपुर क्षेत्रका दर्जनौं, गजलप्रेमीहरूले गजल वाचन गरेका थिए भने उत्कृष्ट गजलकारहरूलाई यस संस्थाले पुरस्कार वितरण गरेको थियो ।[८०] यस संस्थाको अर्को साहित्यिक कार्यक्रम भनेको **'पलेटीमा गजल २०६६'** हो । मध्य नेपालको कावासोती स्थित खानेपानी हलमा ऐतिहासिक रूपमा नै भव्य र गौरवमय तरिकाले २०६६/०६/२८ गते राष्ट्रिय स्तरको 'पलेटीमा गजल २०६६' कार्यक्रम सम्पन्न भएको छ । नेपालका नेपालगञ्ज, रामेछाप, जनकपुर, दोलखा, काठमाडौं, ललितपुर, पाल्पा, चितवन, रूपन्देही, पोखरा आदि ठाउँबाट करिब तीन सय साहित्यकारहरूको उपस्थिति यस कार्यक्रममा भएको थियो ।[८१] पैसा तिरेर टिकट लिई गजल सुन्ने साहित्यप्रेमीको सङ्ख्या धेरै थियो । साहित्यमा सम्राट पनि नाङ्गो हुन्छ भन्ने उक्तिको प्रयोग गर्दै सबै समान रूपमा पलेटी कसेर बस्ने व्यवस्था गरियो । उक्त कार्यक्रममा गजलकार बाबु त्रिपाठी, सुधा शाही, निरज भट्टराई घनश्याम परिश्रमी, गोविन्दराज विनोदी लगायत दर्जनौं गजलकारले धारा प्रवाह रूपमा सवाल जवाफसहित पलेटीमा बसेर गजल वाचन गरेका थिए । यस्तै २०६७ सालको भानु जयन्तीको अवसरमा यस संस्थाले नारी साहित्य समाज र साहित्य कुञ्ज नवलपरासीसँग सहकार्य गरी कविता वचन कार्यक्रम गरेको छ । यस्तै यस संस्थाले जिल्लाका विभिन्न मा.वि. र उच्च मा.वि. हरूमा गएर साहित्यिक कार्यक्रम गरी विद्यार्थीहरूको प्रतिभालाई प्रस्फुटन गर्ने अवसर पनि प्रदान गरेको छ ।[८२] कृति प्रकाशन, पत्रिका प्रकाशन तथा अभिनन्दन जस्ता कार्य भने संस्थाबाट भएको पाइँदैन ।

## घ) भावी योजना

संस्थाले आगामी दिनमा पत्रिका प्रकाशन गर्ने, संस्थालाई वैधानिकता प्राप्तिका लागि दर्ता गर्ने, अभिनन्दन वा पुरस्कारका लागि आर्थिक कोष स्थापना गर्ने उच्च मा.वि. र क्याम्पस तहमा गजल शिक्षण दिने, उद्देश्यले निर्क्योल गरेको बाटोमा निरन्तर लागिरहने यस संस्थाका भावी योजनाहरू रहेका छन ।[८३]

---

८०. ऐजन ।

८१. ऐजन ।

८२. ऐजन ।

८३. ऐजन ।

### ङ) निष्कर्ष

नवलपरासी साहित्य समाज युवा साहित्यकारहरूको महत्त्वपूर्ण साहित्यिक संस्था हो । यसको आफ्नो स्थापना कालदेखि नै साहित्यिक गतिविधिमा सक्रियता देखिन्छ । साहित्यको कान्छो विधा गजल विधामा बढी कार्यक्रम गरेको यस संस्थाले राष्ट्रियस्तरकै गजल वाचनको कार्यक्रम गर्नु उल्लेखनीय पक्ष हो । मा.वि. र उच्च मा.वि.मा साहित्य कार्यक्रम गरेर विद्यार्थीलाई साहित्यको रस स्वादन गराउने काममा यस संस्थाले काम गरेको छ । अन्य साहित्यिक संस्थासँग सहकार्य सहसम्बन्ध गर्दै अगाडि बढेको यस संस्थाबाट आगामी दिनमा कस्ता कार्य गर्ने हो । त्यो भने हेर्न बाँकी नै छ । छोटो समयमा नै आफ्नो सक्रियता देखाएको यस संस्थाको दीर्घ जीवनको आशा गर्न सकिन्छ ।

## ३.१.२.८ साहित्य कुञ्ज, नवलपरासी (२०६६)

### क) पृष्ठभूमि

नवलपरासी जिल्लामा थुप्रै साहित्यिक संस्थाहरू खोलिएका पृष्ठभूमिमा यस संस्थाको जन्म भएको छ । साहित्यिक संस्थाहरूको स्थापना भए पनि खासै गुणात्मक रूपमा नवलपरासीको साहित्यले गति लिन नसकी रहेकोले यसको जन्म हुन पुगेको छ भन्ने यसका पदाधिकारीबाट ज्ञात भएको छ ।[८४]

### ख) स्थापना र कार्य समिति

साहित्य कुञ्ज, नवलपरासी स्थापना वि.सं. २०६६ सालको भाद्रमा मोती जयन्तीका दिन शिवमन्दिर गा.वि.स.का साहित्यप्रेमीहरूको भेलाबाट भएको हो । यस संस्थाका संस्थापक र वर्तमान पदाधिकारीहरू यसप्रकार रहेका छन् [८५] :-

| क्र.सं. | पद | पदाधिकारी | सल्लाहकार/संरक्षक |
|---|---|---|---|
| १. | अध्यक्ष | सूर्य भट्टराई | १. भूपेन्द्र शर्मा भट्टराई |
| २. | उपाध्यक्ष | रमेश पराजुली | २. शिवशङ्कर बस्याल |
| ३. | सचिव | कृष्ण भट्टराई | ३. डा. घनश्याम न्यौपाने |
| ४. | सह-सचिव | शारदा सिग्देल | |
| ५. | कोषाध्यक्ष | सपना पाण्डे | |

---

८४. संस्थाका अध्यक्ष सूर्य भट्टराईले भरेको संस्था विवरण फारम अनुसार ।

८५. ऐजन ।

६. सदस्य हिरा भुसाल

७. सदस्य विक्रम सुवेदी

८. सदस्य अप्सरा के.सी.

९. सदस्य गोविन्द नेपाली

**ग) उद्देश्य**

गाउँबस्तीभित्र लुकेका प्रतिभाहरूको खोजी गरी उनीहरूमा साहित्यिक वातावरण फस्टाउने अवसर दिने, विद्यालयहरूदेखि क्याम्पस तहसम्म विद्यार्थीहरूलाई साहित्यका क्षेत्रमा प्रेरित गर्ने र नवलपरासीको साहित्यिक जगलाई बलियो बनाउने उद्देश्य यस संस्थाको रहेको छ ।

**घ) संस्थाले गरेका कार्यहरू**

यस संस्थाले आफ्नो स्थापना दिवसकै दिन २०६६ सालको मोती जयन्तीका अवसरमा कुमारवर्ती बहुमुखी क्याम्पसमा क्याम्पसका विद्यार्थीहरूको उपस्थितिमा गजल वाचन कार्यक्रम गरेको थियो । त्यस्तै २०६६ सालको विजयादशमीको उपलक्ष्यमा शुभकामना आदानप्रदान सहित नवलपुर स्तरीय कविता वाचन कार्यक्रम पनि सम्पन्न गरेको छ । त्यस्तै यस संस्थाको अर्को साहित्यिक कार्यक्रम हो, गजल प्रशिक्षण कार्यक्रम । गजलमा विद्यावारिधि गर्नुहुने गजलकार डा. घनश्याम परिश्रमीबाट एक दिन गजल लेखनको प्रशिक्षण लिएका थिए ।[८६] त्यस्तै यस संस्थाले २०६७ सालको भानुजयन्ती पनि नारी साहित्य समाज र नवलपरासी साहित्य समाजसँग सहकार्य गरी लक्ष्मी उच्च मा.वि. अमरापुरीमा भव्य रूपमा सम्पन्न गरेको छ ।

**ङ) भावी योजना**

आगामी दिनमा विभिन्न राष्ट्रिय स्तरका साहित्यकारको सम्मानमा जन्म जयन्ती मनाउने स्कुल र क्याम्पस स्तरमा गजल लेखन प्रशिक्षण दिने स्रष्टा सम्मान र पत्रिका प्रकाशन गर्नुको साथै उद्देश्य देखाएको बाटोमा निरन्तर अगाडि बढ्ने जस्ता भावी योजना यस संस्थाका रहेका छन् ।[८७]

---

८६. ऐजन ।

८७. ऐजन ।

### च) निष्कर्ष

वि.सं. २०६६ सालको मोती जयन्तीको सु-अवसरमा गजल वाचन कार्यक्रम गर्दै स्थापना भएको यस संस्थाले गजल विधालाई नै विशेष प्राथमिकता दिएको छ । गजलको सिद्धान्त र मर्मलाई नबुझी भावहीन नियमहीन शब्द थुपार्ने अवस्थाका धेरै व्यक्तिहरुलाई गजल खेलनको प्रशिक्षण दिएर यस संस्थाले महत्त्वपूर्ण काम गरेको छ । यस संस्थाका थप कार्यक्रम कस्ता हुने हुन् त्यो हेर्न बाँकी नै छ ।

## ३.२. साहित्येतर सङ्घसंस्थाका साहित्यिक कार्यहरू

नवलपरासी जिल्लामा धार्मिक, सामाजिक, शैक्षिक र सांस्कृतिक रूपमा धेरै सङ्घसंस्था मध्ये केही सङ्घसंस्थाले नवलपरासी जिल्लाको साहित्यिक माहोलमा एकाकार भई नवलपरासीको साहित्यिक उत्थानमा उल्लेखनीय काम गरेको पाइन्छ । सामाजिक तथा अन्य उद्देश्यले स्थापना भएका तर पनि साहित्यको विकासमा योगदान दिने सङ्घसंस्थाहरूको चर्चा स्थापनाको कालक्रमिक आधारमा गरिन्छ ।

### ३.२.१. विजय विकास स्रोत केन्द्र (२०३६)

विजय विकास स्रोत केन्द्र २०३६ साल आषाढ २६ गते विजय युवा क्लबको नामबाट स्थापना भएको मुनाफारहित एक गैर सरकारी सामाजिक संस्था हो । तथापि सुरू-सुरूका यसका कार्यक्रमहरूलाई हेर्दा बढी क्रान्तिकारी र समाजको आमूल परिवर्तनको काम गरेको देखिन्छ ।[८८] पछि आएर क्रमशः कार्यशैलीमा परिमार्जन गरी आफूलाई विशुद्ध सामाजिक सेवाको रूपमा उन्मुख गरेको छ । सामाजिक संस्थाको रूपमा राष्ट्रिय स्तरको संस्थाको रूपमा आफूलाई स्थापित गराउन सफल यस संस्थाले स्थापनाको पछिल्लो चरणमा आएर साहित्यिक क्षेत्रमा विभिन्न साहित्यिक कार्यक्रमहरू गरी साहित्यको उन्नयनमा महत्त्वपूर्ण योगदान दिदैं आएको छ । साहित्यिक कार्यक्रमको आयोजना, स्रष्टा सम्मान, पुस्तक प्रकाशन यस संस्थाका महत्त्वपूर्ण साहित्यिक गतिविधि हुन्, जो यहाँ प्रस्तुत गरिएका छन् ।

#### अ) बिसौं शताब्दीको अन्तिम काव्ययात्रा २०५६

यो कार्यक्रम २०५६ पौष १६ गते राती सुरू भएर २०५७ साल पौष १७ गते सम्पन्न भएको थियो । शब्द शताब्दी नेपाल र विजय विकास स्रोत केन्द्रले संयुक्त रूपमा आयोजना

८८. खेमराज सापकोटा, इन्द्रज्योति पौडेल, ***विगतदेखि वर्तमानसम्म*** **रजत स्मारिका विजय विकास स्रोत केन्द्र २०६०)** पृ. ३ ।

भएको उक्त कार्यक्रम सन् १९९९ को विदाइ र सन् २००० को आगमनको अवसरमा आयोजना गरिएको थियो ।[८९] सो कार्यक्रममा राजधानी र मोफसलका विभिन्न स्थानका कवि तथा कवयित्रीहरूको जमघट भएको थियो । विशुद्ध साहित्यरसास्वादनको उक्त कार्यक्रममा कविहरू तुलसी दिवस, सरूभक्त, प्रेमविनोद नन्दन, निर्मोही, ब्यास, घनश्याम न्यौपाने, गोविन्दराज विनोदी, गोपी सापकोटा, लक्ष्मण गौतम लगायत अन्य २ दर्जन भन्दा बढी कविले आफ्नो रचना वाचन गर्नु भएको थियो । सोही कार्यक्रममा गोपी सापकोटाले "बिसौं शताब्दीको साहित्यिक उपलब्धि र २१औं शताब्दीको चुनौती' विषयक संक्षिप्त कार्यपत्र प्रस्तुत गरेका थिए भने त्यस कार्यपत्रमाथि सरूभक्त, तुलसी दिवस, नेत्र एटम, गोविन्दराज विनोदी, र लक्ष्मणप्रसाद गौतमले टिप्पणी गरेका थिए ।[९०] उक्त कार्यक्रम गैंडाकोटको वि.वि.स्रो.के.को सभा भवनमा सम्पन्न भएको थियो ।

### आ) विजयश्री साहित्यिक पुरस्कार

नेपाली भाषा र साहित्यका क्षेत्रमा अविछिन्न विशिष्ट योगदान पुऱ्याउने एकजना राष्ट्रिय व्यक्तित्वलाई उनको उच्च मूल्याङ्कन र सम्मान गर्ने उद्देश्यले २०५२ सालमा विजय विकास स्रोत केन्द्रले यो पुरस्कारको स्थापना गरेको छ । हरेक २ वर्षमा प्रदान गरिने यो पुरस्कारको राशी रू. ११११११।- (एघार हजार एक सय एघार) रहेको छ । यस पुरस्कार सञ्चालनको आवश्यक व्यवस्था समेत गरेको छ । हालसम्म विजय श्री साहित्यिक पुरस्कारबाट पुरस्कृत व्यक्तित्वहरू निम्नानुसार रहेका छन् [९१] :-

| क्र.सं. | पुरस्कृत व्यक्तित्व | पुरस्कृत गर्नुको उद्देश्य | वर्ष | निवासी |
|---|---|---|---|---|
| १. | वसन्तकुमार शर्मा 'नेपाल' | नेपाली भाषाको उत्थानमा योगदान गरे बापत | २०५८ | काठमाडौं |
| २. | परशु प्रधान | साहित्यिक क्षेत्रमा योगदान गरे बापत | २०६० | विराटनगर |
| ३. | मुकुन्दशरण उपाध्याय | साहित्यिक क्षेत्रमा योगदान गरे बापत | २०६२ | पोखरा |
| ४. | सनत रेग्मी | साहित्यिक क्षेत्रमा योगदान गरे बापत | २०६५ | बाँके नेपालगंज |

### इ) काव्य शर्वरी २०५७ तथा अभिनन्दन

नववर्ष २०५८ को स्वागत र २०५८ विदाइ गर्दै २०५८ को चैत्र मसान्तको रात कवि गोविन्दराज विनोदीको सभापतित्वमा काव्य शर्वरी २०५७ तथा अभिनन्दन कार्यक्रम सम्पन्न भएको

---

८९. धर्म सापकोटा, ***नेपाली साहित्यको क्षेत्रमा विजय विकास स्रोत केन्द्र,*** पूर्ववत्, पृ.५२ ।

९०. ऐजन ।

९१ विजय विकास स्रोतको निर्णय पुस्तिकाबाट प्राप्त जानकारी ।

थियो । समारोहमा निर्मोही व्यास, नारायणप्रसाद खनाल, कपिल अज्ञात लगायत ३५ जना साहित्यकारले आफ्नो रचना वाचन गर्नु भएको थियो । सोही अवसरमा विजय विकास स्रोत केन्द्रले विगत ३८ वर्षदेखि 'रत्नश्री' नामक द्वैमासिक पत्रिकाको प्रकाशन र सम्पादन गर्दै आउनु भएका श्री शान्तदेव भट्टराईलाई अभिनन्दित गरेको थियो ।[९२]

### ई) काव्य वासन्ती २०५९ तथा रजत काव्य सन्ध्या २०६०

२०५९ वैशाख १ गते विजय विकास स्रोत केन्द्रको चेतना सदनमा यो कार्यक्रम सम्पन्न भएको थियो । कवि एवं साहित्यकार गोविन्दराज विनोदीको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा नवलपरासी र चितवन जिल्लाको करिब ३० जना स्रष्टाहरूले कविता पाठ गरेका थिए । यस्तै यस संस्थाले २०६० साल असार २६ गते यस संस्थाको २५औं वर्ष प्रवेशको शुभ उपलक्ष्यमा रजत काव्य सन्ध्या २०६० नवलपरासी र चितवनका कविहरूको उपस्थितिमा सम्पन्न गरेको थियो।

यस संस्थाको अर्को महत्त्वपूर्ण कार्य भनेको कृति प्रकाशन हो । २०५९ सालमा कवि एवम् साहित्यकार गोविन्दराज विनोदीको **'अविश्रान्त'** नामक कवितासङ्ग्रह प्रकाशन गरेको थियो । ५९ वटा समसामयिक छन्दोवद्ध कविता रहेको यस कृतिको लोकार्पण साहित्यकार मुकुन्दशरण उपाध्यायद्वारा गरिएको थियो ।[९३]

यसरी भिन्न उद्देश्यले स्थापना भए पनि हितेन सहितम् साहित्यम् भन्ने मर्मलाई आत्मसात गर्दै विजय विकास स्रोत केन्द्र, गैंडाकोट नवलपरासीले साहित्यिक गतिविधिमा आफ्नो सक्रिय सहभागिता देखाउँदै साहित्यकार र साहित्यप्रेमीलाई प्रेरणा प्रदान गरेको पाइन्छ ।

## ३.२.२. अफिसर्स क्लब नवलपरासी (२०४९)

अफिसर्स क्लब, नवलपरासी, नवलपरासी जिल्ला स्थित विभिन्न सरकारी, अर्ध सरकारी कार्यालय एवम् सङ्घ संस्थामा कार्यरत राष्ट्र सेवक कर्मचारीहरूको सक्रियतामा २०४९ सालमा स्थापना भएको संस्था हो । यस जिल्लाका विभिन्न कार्यालयमा सेवा गर्ने कर्मचारीहरूका बीचमा मित्रता, पारस्परिक संवाद, अनुभूतिको आदान-प्रदान, सुखदुःख बिसाउने साझा विश्राम स्थल, कर्मचारी हकहितको संरक्षण र समुदायको सेवा गर्ने उद्देश्यले स्थापित भएको संस्था हो ।[९४]

---

९२. धर्मराज सापकोटा, पूर्ववत् पृ. ५३ ।

९३. ऐजन ।

९४. **पाल्ही नन्दन, *सम्पादकीय,*** (प्रका. अफिसर्स क्लब नवलपरासी वर्ष ५, अङ्क ३ २०५४) ।

यस क्लबले कर्मचारीहरूको मानसिक, बौद्धिक विकास गराउने केन्द्रको रूपमा समेत कार्यरत छ । सभा समारोह गर्न मिल्ने सभाकक्षसहितको कार्यालय भवन र खेल मैदानसहितको निर्माण गरी पूँजीगत सम्पत्ति समेत आर्जन गरेको यस संस्थाले साहित्यिक गतिविधिमा समेत उल्लेखनीय कार्य गरेको छ, जसलाई निम्नानुसार देखाउन सकिन्छ ः-

**क) पत्रिका प्रकाशन**

अफिसर्स क्लब, नवलपरासीको महत्त्वपूर्ण कार्य भनेको 'पाल्ही नन्दन' पत्रिकाको प्रकाशन गर्नु हो । यस संस्थाको स्थापना वर्ष देखि पहिले अङ्क २०५१ मा दोस्रो अङ्क २०५४ मा तेस्रो अङ्क, २०५७ मा, चौथो अङ्क २०५८ मा, पाँचौ अङ्क २०६१ मा, छैठौं अङ्क र २०६३ मा सातौ अङ्क गरी आजसम्म जम्मा ७ अङ्क प्रकाशन गरेको छ । **पाल्ही नन्दन** साहित्यमूलक पत्रिका होइन यद्यपि यस पत्रिका सबै अङ्कहरुमा साहित्यिक रचनाहरूलाई प्राथमिकताका साथ प्रकाशन गरेको पाइन्छ । अघिल्लो अङ्कका तुलनामा पछिल्ला अङ्कहरू अझ परिष्कृत र परिमार्जित देखिन्छन् । नवलपरासी जिल्लाको परिचयसहित विभिन्न कार्यालयका गतिविधिहरूलाई प्रकाशन गरेको पाल्ही नन्दन पत्रिकाले नवलपरासीका साहित्यकार भूपेन्द्र शर्मा भट्टराई, गोविन्दराज विनोदी, नारायणप्रसाद खनाल, विष्णु लामिछाने, श्याम न्यौपाने, घनश्याम न्यौपाने 'परिश्रमी', बुँद राना, बसन्त पौडेल, वि.आर. कल्याणी, सदानन्द अभागी जस्ता एक दर्जन भन्दा बढी साहित्यकारहरू प्रायः सबै विधाका रचनाहरू प्रकाशित गरेको छ । अङ्क १ देखि ३ अङ्कसम्म सम्पादक मण्डलमा ज्ञवाली, शरदचन्द्र परासर र भरतराज गौतम रहेका थिए भने २०५७ को चौथो अङ्कमा मुकुन्दप्रसाद ढकाल, नारायणप्रसाद पाण्डे र खगेन्द्रप्रसाद बस्याल रहेका थिए । त्यसैगरी अङ्क ६ र ७ का सम्पादक मण्डलको संयोजकमा कृष्णप्रसाद पौडेल र भीमकान्त शर्मा पौडेल रहेका थिए ।

यसरी अफिसर्स क्लब नवलपरासीको प्रकाशन **पाल्ही नन्दन** पत्रिकाले नवलपरासीका विशिष्ट साहित्यकारहरूका साहित्य र रचनाको प्रकाशन गरी नवलपरासीको साहित्यिक यात्रामा उल्लेखनीय योगदान दिएको छ ।

अफिसर्स क्लब, नवलपरासीको अर्को महत्त्वपूर्ण साहित्यिक कार्यक्रम भनेको कविता प्रतियोगितात्मक कार्यक्रम २०५१ हो । यस संस्थाले आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीको अवसर पारेर २०५१ साल असार महिनामा जिल्ला स्तरीय कविता प्रतियोगिता कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा जिल्लाका ३० जना भन्दा बढी कविहरूले आफ्नो कविता वाचन गरेका थिए । उक्त प्रतियोगितात्मक कार्यक्रममा प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गर्ने कविहरूलाई प्रमाणपत्रसहित पुरस्कृत गरिएको थियो । यसै गरी परासी नाट्य समाजसँग समन्वय गरी अफिसर्स

क्लब नवलपरासीले चेतनामूलक 'सडकनाटक' पनि प्रदर्शन गर्दै आएको छ । जिल्ला सदरमुकाम परासीमा २०६० सालको विजयादशमीको पूर्व सन्ध्या र २०६१/०६२ मा पनि यस किसिमका चेतनामूलक सडक नाटक यस संस्थाले प्रदर्शन गरेको छ ।

यसरी राष्ट्र सेवक कर्मचारीहरूको संस्था अफिसर्स क्लबले आफ्नो फुर्सदको समयलाई सदुपयोग गर्दै नवलपरासीको साहित्य उन्नयनमा महत्त्वपूर्ण कार्य गरेको पाइन्छ ।

### ३.२.३. थारू कल्याणकारिणी सभा (२०४८)

नवलपरासी जिल्लाका आदिबासी थारू जाति नै हो । सन् ४८५ तिर लिच्छविकालीन राजा शिवदेव प्रथमको शासनकालमा लिखित शिखालेखनमा 'थारूद्रङ' शब्द प्रयोग गरिएबाट नेपालका आदिबासीका रूपमा थारू जातिलाई लिइन्छ ।[८५] नवलपरासी जिल्लामा रहेका थारू सम्प्रदायको हक, हित अधिकार अस्तित्व रक्षा थारू कला सभ्यता र संस्कृति संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले २०४८ सालमा श्याम सुन्दर थारूको अध्यक्षतामा यस संस्थाको स्थापना भएको हो ।[८६] यस संस्थाले थारू लोक साहित्य संरक्षण र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। थारू जातिमा रहेको लोक साहित्यलाई लिखित रूपमा ल्याउन, थारूजातिलाई चेतनशील बनाएर उनीहरूमा साहित्यिक भावना जगाउने उद्देश्यले २०५१ सालमा यस संस्थाले 'भइल भिन सहरा' नामक लोक साहित्य पत्रिका प्रकाशन गरेर नवलपरासीको साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको छ । पत्रिकाको सम्पादक तथा प्रकाशक पनि थारू कल्याणकारिणी सभा समिति नवलपरासी रहेको छ । थारू साहित्य सम्बन्धी लोक गीत, लोककथा, लोकगाथा अनि उखान टुक्कालाई प्रकाशनमा ल्याएर थारू लोक साहित्यको संरक्षणमा यस पत्रिकाको प्रकाशनले उल्लेखनीय योगदान दिएको छ । विशेषतः थारू समाजमा झमटा, बियाहके गीत, झमरी, ढिकुना, सोरठी पँराती नामका लोक साहित्यहरू कृष्ण अष्टमी, जितिया पर्व, विवाह आदिका समयमा गाउने गरिन्छ । सबै लोक साहित्यलाई **'भइल भिन सहरा'** मा प्रकाशित गरिएको छ । त्यसो त सम्पूर्ण क्लासिकल साहित्य लोक साहित्यकै जगबाट उठेका छन् । लोककथा लोकगाथा नभएका भए वाल्मीकि, ब्यास र होमरका गगनचुम्बी साहित्यिक पिरामिड उभिने थिएनन् । त्यसैले यस संस्थाले योजनाबद्ध रूपमा थारू जातिका लोक सामग्रीको खोजी गर्न सक्यो भने अझ थुप्रै यस्ता लोक साहित्यसँग सम्बन्धित कुराहरू भेटिने सम्भावना देखिन्छन् ।

---

८५. श्यामसुन्दर थारू, **भइलनभिनसहरा** (थारू कल्याणकारिणी सभा नवलपरासी २०५१) पृ. ३ ।

८६. ऐजन ***प्रकाशकीय*** ।

थारू कल्याण कारिणी सभाको अर्को लोक साहित्यिक कार्यक्रम भनेको लोक गीत प्रतियोगिता हो । थारू गीत गायन टोलीको गठन गरी यस संस्थाले थारू महिलाहरूको विशेष पर्व जितियामा प्रत्येक वर्ष जिल्ला तथा क्षेत्रीय स्तरीय झमटा गीत प्रतियोगिताको आयोजना गरी थारू भाषा, संस्कृति, कला र साहित्यको क्षेत्रमा सबै थारू जातिलाई चेतनशील बनाएको छ ।

### ३.२.४. विजय एफ.एम. (२०६१)

विजय एफ.एम. नवलपरासी जिल्लाकै पहिलो स्थानीय स्तरमा समाचार र सूचना सम्प्रेषण गर्ने रेडियो संस्था हो । छिमेकी जिल्ला चितवनमा सिनर्जी एफ.एम. र कालिका एफ.एम. को स्थापना भइसकेको पृष्ठभूमिमा नवलपरासी जिल्लाको गैंडाकोटबाट सामाजिक, सांस्कृतिक, साहित्यिक जागरण ल्याउने ध्येयले विजय विकास स्रोत केन्द्रले विजय एफ.एम.को स्थापना गरेको हो ।"[८७] तत्कालीन श्री ५ को सरकार सूचना तथा सञ्चारको नीति अनुसार यस क्षेत्रमा स्थापीत विजय एफ.एम.ले स्थानीय समुदायका गतिविधि, राष्ट्रिय गतिविधि, कला, साहित्य र सांस्कृतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । साहित्यका क्षेत्रमा यस संस्थाको महत्त्वपूर्ण कार्य भनेको नै साहित्यिक कार्यक्रमहरूको सञ्चालन गर्नु हो। साहित्यका विभिन्न विधाहरूलाई समेटेर सञ्चालन गरिएका ती साहित्यिक कार्यक्रम यस प्रकार रहेका छन् ।[८८]

| क्र.सं. | कार्यक्रम | प्रस्तोता | प्रसारित समय र बार | कार्यक्रमको विशेषता |
|---|---|---|---|---|
| १. | स्पर्श | सन्ध्या/क्षितिज | सोमबार राती ९:१५-९:५५ समय | गजल र मुक्तक केन्द्रित साहित्यिक कार्यक्रम |
| २. | शब्द शिविर | सन्ध्या सापकोटा | आइतबार ९:१५-९:५५ बिहान | साहित्यका सबै विधा समावेश |
| ३. | काब्य सुधा | विनिता खरेल | बुधबार ९:१५-९:५५ विहान | साहित्यका सबै विधा समावेश |
| ४. | समीपमा | स्वर्णिम र सन्ध्या | बिहीबार ९:१५-९:५५ (राती) | जीवन दर्शन केन्द्रित |
| ५. | कृति सौरभ | सन्ध्या सापकोटा | शनिबार ९:३०-१०:०० बिहान | स्रष्टाहरूका कृति वाचन |
| ६. | मनको कथा | रमेश क्षितिज | बुधबार ९:१५-१०:०० राती | कथा विधा मात्र |

---

८७. विजय विकास स्रोत केन्द्रका अध्यक्ष केशवप्रसाद सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार ।

८८. साहित्यिक कार्यक्रम प्रस्तोता सन्ध्या सापकोटासँगको मौखिक अन्तर्वार्ता अनुसार ।

उल्लिखित साहित्यिक कार्यक्रमहरूको प्रचार-प्रसार गरेर स्थापित तथा नवसर्जकहरूलाई प्रोत्साहन, प्रेरणा, साहित्य सिर्जनामा नवीन तथा सैद्धान्तिक जानकारी दिदैं नवलपरासीको साहित्यिक गतिविधिमा उल्लेखनीय योगदान दिएको पाइन्छ । यसका अतिरिक्त संस्थाले आफ्नो स्थापनाको समयावधिदेखि भानु जयन्ती, मोती जयन्ती, लक्ष्मी जयन्ती आदि अवसरहरूमा साहित्यिक कार्यक्रम प्रसारण गर्दै आएको छ ।

यसरी विजय एफ.एम.ले आफ्नो उद्देश्यले निर्क्योल गरेको पथमा हिँड्दै सामुदायिक उत्थानका लागि महत्त्वपूर्ण कार्य गरेको पाइन्छ । व्यावसायिक उद्देश्यले स्थापना गरिएको भए पनि साहित्यिक क्षेत्रमा यस एफ.एम.ले गरेका कार्यहरू प्रशंसनीय छन् ।

### ३.२.५. मध्यबिन्दु एफ.एम. (२०६५)

नवलपरासी जिल्लामा एकमात्र स्थानीय सामुदायिक रेडियो विजय एफ.एम.को स्थापना भइसकेको पृष्ठभूमिमा अर्को पनि एफ.एम. खोलेर सामाजिक सांस्कृतिक तथा सामुदायको गतिविधि सूचना, समाचार, स्वास्थ्य, मनोरञ्जन आदि विविध गतिविधिलाई समेटेर समुदायको उत्थान गर्ने लक्ष्यानुरूप मध्यबिन्दु एफ.एम.को स्थापना गरिएको जानकारी पाइन्छ ।[९९] नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयबाट प्रसारण अनुमति प्राप्त गरी सामुदायिक रेडियो एफ.एम.को छाता सङ्गठनमा आबद्ध रही यस संस्थाले विभिन्न रचनात्मक कार्यक्रमहरू गर्दै आएको छ । साहित्यिक गतिविधिको क्षेत्रमा पनि मध्यबिन्दु एफ.एम.ले साहित्यका विभिन्न विधाहरूलाई समेटेर साहित्यिक कार्यक्रमहरू प्रसारण गर्दै आएको छ । यस संस्थाले बस्तीभित्रका साहित्यिक हस्तीहरूको रचनालाई आफ्ना कार्यक्रममा प्रसारण गरेर समुदायमा परिचालन र प्रोत्साहन दिएको पाइन्छ । यस संस्थाबाट प्रसारण गरिने साहित्यिक कार्यक्रमहरू यसप्रकार रहेका छन् [१००] :-

| क्र.सं. | कार्यक्रम | प्रस्तोता | प्रसारित समय र बार | कार्यक्रमको विशेषता |
|---|---|---|---|---|
| १. | समय साहित्य | गोविन्द लामिछाने | आइतबार ९:१५-१०:०० बिहान | साहित्यका सबै विधालाई समावेश गरिनु |
| २. | भन्नु नभाको | खगराज सापकोटा | आइतबार ५:००-५:३० साँझ | सचेतना मूलक |

---

९९. संस्थाका स्टेशन प्रमुख दिनेश भण्डारीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१००. कार्यक्रम प्रस्तोता प्रेम न्यौपाने सँगको मौखिक अन्तर्वार्ता अनुसार ।

| | | | | |
|---|---|---|---|---|
| ३. | गजलमाला | दिनेश बस्याल | विहीबार ८ः१५-१०ः०० बेलुका | गजल केन्द्रित साहित्यिक कार्यक्रम |
| ४. | जीवन दर्शन | भुपेन्द्र शर्मा भट्टराई प्रेम न्यौपाने | शुक्रबार र शनिबार ४ः३० देखि ५ः०० बिहान | साहित्य र दर्शनसँग सम्बन्धित |
| ५. | मनको बिसौनी | दिनेश बस्याल | बुधबार ८ः१५-१०ः०० बेलुका | साहित्यका सबै विधा |

उल्लिखित कार्यक्रमका अतिरिक्त नेपाली साहित्यका वरिष्ठ साहित्यकार भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, पारिजात आदि धेरै राष्ट्रिय साहित्यिक व्यक्तित्वहरूको जन्मजयन्तीका अवसरमा सम्बन्धित स्रष्टाको विषयलाई लिएर साहित्यिक विशेष कार्यक्रम पनि यस संस्थाले प्रसारण गर्दै आएको छ ।

### ३.२.६. कर्मचारी मिलन केन्द्र (२०६३)

कर्मचारी मिलन केन्द्र नवलपरासी जिल्लाको नवलपुर क्षेत्रमा रहेका राष्ट्र सेवक निजामती कर्मचारीहरूको सक्रियतामा स्थापित संस्था हो । भौगोलिक दृष्टिकोणले दुई भागमा विभाजित यस जिल्लाको दाउन्नेदेखि पूर्व क्षेत्र नवलपुरका निजामती कर्मचारीहरूले कर्मचारी हक, हित अधिकारको संरक्षण गर्दै आपसी मेलमिलाप, सहयोग समक्षदारी गरी आफ्नो कर्तब्य पालनामा इमान्दारीता देखाउँदै कर्मचारीहरूको बौद्धिक शारीरिक मानसिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले २०६२/०६/०४ गते जिल्ला प्रशासन कार्यालय दर्ता नं. १०८० मा यो संस्था दर्ता गराएका थिए।[१०१] विशेषतः कर्मचारीहरूको चौतर्फी विकास गर्ने र आपसी मेलमिलाप र हातेमालो गर्दै अगाडि बढ्ने उद्देश्य स्थापना भए पनि यस संस्थाले सामाजिक तथा साहित्यिक क्षेत्रमा पनि उल्लेखनीय कार्य गर्दै आएको छ । यसलाई निम्नानुसार देखाउन सकिन्छ :-

#### क) नवलपुर सन्देश स्मारिका प्रकाशन

कर्मचारी मिलन केन्द्रले 'नवलपुर सन्देश' नामक स्मारिका २०६६ को प्रकाशन गरेको पाइन्छ । साहित्य केन्द्रित तर विविध विषयलाई समेटेर प्रकाशित गरिएको 'नवलपुर सन्देश' का सम्पादक मण्डलमा कृष्णराज न्यौपाने, गुरुदत्त सुवेदी, सीताराम पौडेल, ऋषिराम श्रेष्ठ र तेजेन्द्र हमाल रहका छन् । यस **नवलपुर सन्देश** स्मारिकामा साहित्यका विभिन्न विधाहरूका साहित्यिक रचना प्रकाशित गरिएको छ भने 'मनलाई सम्बोधन' कविता संग्रहको विवेचनासमेत गरिएको पाइन्छ ।

---

१०१. कर्मचारी मिलन केन्द्रका अध्यक्ष गुरुदत्त सुवेदीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

यस संस्थाले साहित्यका क्षेत्रमा रहेको अर्को महत्त्वपूर्ण कार्य भनेको कविगोष्ठी कार्यक्रम हो । आदिकवि भानुभक्त आचार्यको सम्मानमा २०६६ को भानु जयन्तीको सु-अवसरमा यस संस्थाले नवलपरासी साहित्य समाजसँग समन्वय गरी जिल्ला स्तरीय कविगोष्ठी नवलपरासीको कावासोतीमा सम्पन्न गरेको थियो । त्यस्तै २०६६ को मोती जयन्तीको सु-अवसरमा नवलपुर स्तरीय गजल प्रतियोगिताको आयोजना गरी कार्यक्रमलाई भव्य रूपमा सम्पन्न गरेको पाइन्छ । उक्त प्रतियोगितामा उत्कृष्ट गजल वाचन गर्ने व्यक्तिलाई प्रमाणपत्रसहित पुरस्कृत गरिएको थियो । यसैगरी नवलपरासी साहित्य समाजले आयोजना गरेको राष्ट्रियस्तरकै कार्यक्रम **'पलेटीमा गजल २०६६'** लाई भव्य रूपमा सम्पन्न गर्न यस संस्थाले आर्थिक सहयोगसमेत प्रदान गरेको थियो ।

यसरी निजामती कर्मचारीहरूले पनि आफ्नो फुर्सदको समयको सदुपयोग गर्दै यस संस्थाको माध्यमबाट एकजुट भई सामाजिक तथा साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदान अनुकरणीय तथा प्रशंसनीय छ । यस संस्थाले आगामी दिनमा सामुदायिक पुस्तकालय, आफ्नो निजी कार्यालय भवन, खेलकुद स्थल, निर्माण गर्ने भावी योजना लिएको छ ।

## ३.३. नवलपरासी जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरू

### ३.३.१ पृष्ठभूमि

नवलपरासी जिल्लाको साहित्य सिर्जना परम्परा तथा यसको विकासमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान महत्त्वपूर्ण छ । साहित्यिक पत्रपत्रिकाहरूले भाषा, कला, संस्कृति र वाङ्मयका क्षेत्रमा यसको आधार उठान र उत्थानका लागि पोषण तत्त्व प्रदान गर्ने काम गरेको हुन्छन् । यस सन्दर्भमा नवलपरासी जिल्लाको साहित्यिक गतिविधिलाई अवलोकन गर्दा २०२९ सालको 'नयाँ कदम' नामक साहित्यिक पत्रिकाबाट प्रारम्भ हुन्छ । नयाँ कदम नै नवलपरासी जिल्लाको पहिलो पत्रिका हो । छिमेकी जिल्ला रूपन्देही र चितवनबाट केही साहित्यिक गतिविधि हुँदै गरेको परिप्रेक्ष्यमा यस जिल्लाबाट नयाँ कदमको प्रकाशन हुने महत्त्वपूर्ण कार्य थियो । त्यसपछि वर्तमान समयसम्म १ दर्जन भन्दा बढी साहित्यिक पत्रिकाहरू प्रकाशित भएका छन् तर यस्ता साहित्यिक सिर्जनाका थुँगाहरूलाई नवलपरासीको माटोले लामो अवधिसम्म हुर्काउन सकेको छैन । नवलपरासी जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूको कालक्रमिक रूपमा परिचय यहाँ उल्लेख गरिएको छ ।

### ३.३.२. नयाँ कदम (२०२९)

वि.सं. २०२९ सालमा नवलपुर क्षेत्रका युवा साहित्यकारहरूले मार्क्सवादी, प्रगतिवादी चिन्तनधारालाई अङ्गाली नयाँ कदम पत्रिकाको प्रकाशन गरेको पाइन्छ । प्रेस अभावका कारण कलकत्तामा छापी नवलपुरमा वितरण गरिएको 'नयाँ कदम' को पहिलो कदम नयाँ वर्षको अवसरमा वैशाखमा प्रकाशित गरिएको थियो । नवलपरासी जिल्लाको साहित्यिक पत्रिकाको इतिहासमा यो नै पहिलो प्रकाशित पत्रिका मानिन्छ ।[१०२] नयाँ कदम परिवार, नवलपुर प्रकाशक रहेको यस पत्रिकाका प्रधानसम्पादकमा इन्द्रप्रसाद अकेला र सम्पादकमा काशीराम गैरे 'दुःखी' प्रकाश अधिकारी 'बैरागी', बलबहादुर के.सी. र विष्णु प्रकाश प्यासी रहनु भएको थियो ।[१०३]

यस पत्रिकामा प्रथम अङ्कमा पन्ध्र जना स्रष्टाको रचना समावेश गरिएको छ । यसमा द्वन्द्वबद्ध कविता, गद्य कविता, लेख र कथा समावेश भएका छन् । २०२९ सालदेखि २०५० साल तथा २१ वर्षको समयावधिमा ४ अङ्क मात्र प्रकाशन भएको नयाँ कदमको चौथो अङ्क भने २०५० साल आश्विनमा बडा दशैंको अवसरमा नवलपरासी मै छापी प्रकाशन गरिएको पाइन्छ । पहिलो अङ्कको तुलनामा चौथो अङ्कसम्ममा आकार र स्तरमा समेत प्रगति गरेको यस पत्रिकाको प्रकाशन हाल बन्द छ ।

**'नयाँ कदम'** साहित्यिक पत्रिकाले नवलपरासी जिल्लाको साहित्यकाशमा चम्किलो प्रकाश छरेको छ । तत्कालीन अवस्था शिक्षितको त के कुरा साक्षर पनि पाँच प्रतिशत पुग्न गाह्रो होला । यहाँका मानिसहरू **'पढे लिखे कौने काम हर जोते हतै माम'** भन्छन् । यस्तो अशिक्षित र पिछडिएको ठाउँबाट कुनै पत्रिका वा साहित्यिक संगालो निकाल्नु कठिन कार्य रहे तापनि नवलपरासी जिल्लाको नवलपुर क्षेत्रका साहित्यप्रेमी व्यक्तित्वहरूको सक्रियतामा यस पत्रिकाको प्रकाशनले निरन्तरता पाउन नसके पनि साहित्यिक जग हाल्ने काम गरेको पाइन्छ ।

### ३.३.३. त्रिवेणी (२०३५)

अनादिकालदेखि विभिन्न जातजाति, भाषाभाषीको बासस्थान रहिआएको यस जिल्लामा हाल साहित्यिक र सांस्कृतिक गतिविधिहरू प्रशस्त हुँदै आएको छ । ऐतिहासिक, सांस्कृतिक र धार्मिक विशिष्टता बोकेको यस जिल्लाको अलिखित लोक साहित्यको पक्ष पनि महत्त्वपूर्ण रहेको पाइन्छ । लिखित साहित्यको पक्षमा भने नवलपरासी जिल्लाको माटोमा उम्रिएर विविधत् दर्ता भई कानुनी मान्यता प्राप्त गरी प्रकाशित पत्रिका त्रिवेणी द्वैमासिक पत्रिका हो ।

---

१०२. भगवती अर्याल, पूर्ववत् पृ. १०९ ।

१०३. नयाँ कदम, (**नयाँ कदम परिवार नवलपुर** वर्ष १, अङ्क १, ***प्रकाशकीय*** २०२९) ।

जिल्ला प्रशासन कार्यालय नवलपरासीमा २०३५ साल असोज ११ गते दर्ता भएको यस पत्रिकाको दर्ता नं. ०३५/१ रहेको छ । कानुनको परिधिभित्र रही औपचारिकता प्राप्त गरी प्रकाशनमा आएको पहिलो साहित्यिक पत्रिका **त्रिवेणी** द्वैमासिकले २०३५ साल असोजबाट तीन अङ्क क्रमशः प्रकाशित गरेपछि आफ्नो आयु लम्ब्याउन सकेन र यो पत्रिकाको प्रकाशन रोकियो ।[१०४]

यस पत्रिकाका सबैं अङ्कमा कविता, कथा, लेख, समालोचना र गजल जस्ता विधालाई समेटेर प्रकाशन गरिएको छ । गजललाई बढी स्थान दिएको यस पत्रिकाका रचनाहरू नवलपरासी र अन्य जिल्लाका स्रष्टालाई स्थान दिएको पाइन्छ । प्रकाशक तथा सम्पादक हिमलाल ज्ञवाली र सुरेन्द्र आचार्य रहेको यो पत्रिका प्रेस सुविधाको खोजीमा बुटवलमा छापिने गर्दथ्यो ।[१०५] नवलपरासी जिल्लाको साहित्यिक इतिहासमा यस पत्रिकाको गरिमामय स्थान छ ।

### ३.३.४. लाली गुराँस (२०३६)

२०२६ साल भदौमा जिल्ला प्रशासन कार्यालयमा विधिवत् दर्ता भई प्रकाशनमा आएको यस पत्रिकाले जिल्ला प्रशासन कार्यालय नवलपरासीमा मासिक पत्रिकाको रूपमा दर्ता गरे पनि साप्ताहिक लाली गुराँसको रूपमा प्रकाशित भयो ।[१०६] २०३६ सालदेखि २०३८ सालसम्म साहित्य र समाचार दुबै पक्षलाई समेटेर प्रकाशित लाली गुराँस साप्ताहिकले २०४० सालदेखि यता कानुनी रूपमा यस पत्रिकाले आफूलाई अनुशासनमा राख्न सकेन । २०४० देखि विशुद्ध साहित्यिक पत्रिकाको रूपमा परिमार्जन गरी प्रकाशन गर्न शुरू गरिएको यस पत्रिकाका सम्पादक र तथा प्रकाशक हिमलाल ज्ञवाली हुनुहुन्छ । प्रकाशकको व्यक्तिगत सक्रियतामा प्रकाशित भएको यस पत्रिकाका हालसम्म जम्मा २६ अङ्क मात्र प्रकाशित छन् ।[१०७] यस पत्रिकाका प्रकाशक तथा सम्पादक हिमलाल ज्ञवाली जता गयो तेतै अर्थात कहिले बुटवल कहिले नवलपरासी, पोखरा, काठमाडौंबाट आफ्नो अनुकूल समयमा प्रकाशित यस पत्रिकाले साप्ताहिक वा मासिक अङ्कको रूपमा प्रकाशित हुन सकेन ।

लाली गुराँस मासिकको २६औं अङ्क नवलपरासीबाट नै २०६६ साल फागुनमा प्रकाशित भएको छ । प्रकाशक हिमलाल ज्ञवाली रहेको यस अङ्कका सम्पादकमा घनश्याम न्यौपाने र श्याम न्यौपाने रहनुभएको छ भने सल्लाहकारमा नारायणप्रसाद खनाल, गोविन्दराज विनोदी र कृष्ण देवी शर्मा श्रेष्ठ छन् ।

---

१०४. हिमलाल ज्ञवाली, **लाली गुराँस** मासिक, ***नवलपरासीको साहित्यिक गतिविधि,*** हिमलाल ज्ञवाली वर्ष १८, अङ्क १, २०६४।२ ।

१०५. **त्रिवेणी** द्वैमासिक पत्रिकाका सम्पादक हिमलाल ज्ञवालीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१०६. **लाली गुराँस** मासिकका सम्पादक हिमलाल ज्ञवालीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१०७. हिमलाल ज्ञवाली, **लाली गुराँस** मासिक पूर्ववत् पृ. १८ ।

यस लाली गुराँस मासिक साहित्यिक पत्रिकालाई आगामी अङ्कदेखि नियमित रूपमा प्रेमा वाङ्मय प्रतिष्ठानको मुखपत्रको रूपमा प्रमाशित गर्ने सोच रहेको पत्रिकाका प्रकाशक हिमलाल ज्ञवालीबाट प्राप्त भएको छ ।

यस पत्रिकाले हालसम्म प्रकाशित अङ्कहरूमा कविता, कथा, गजल साहित्यिक व्यक्तिको परिचय, समालोचना, निबन्धका साथै पूर्वीय तथा पाश्चात्य साहित्यकारको सिद्धान्तका विविध पक्षहरूलाई पनि आफ्नो विषयवस्तुको रूपमा प्रकाशित गर्दै आएको छ । २०६४ साल जेठमा प्रकाशित वर्ष २८ अङ्क १ मा नवलपरासी जिल्लाका व्यक्तित्वको सामान्य परिचय दिएको छ ।

**लाली गुराँस** मासिकको अर्को महत्त्वपूर्ण प्रकाशन भनेको **'नवलपरासीको साहित्यिक गतिविधि'** नामक समालोचनात्मक कृति हो । भगवती अर्याल (पाण्डे) द्वारा लिखित उक्त कृति लाली गुराँस मासिक र अन्य संस्थाको सह-प्रकाशनमा प्रकाशित भएको छ ।

आफ्ना विभिन्न समस्याहरूलाई पार गर्दै नवलपरासी केन्द्रित रही समय र परिस्थिति अनुरूप जिल्लाभित्र र जिल्लाबाहिरका विभिन्न ठाउँबाट प्रकाशित हुँदै २६औं शृङ्खला पार गरेको **लाली गुराँस** साहित्यिक पत्रिकाले नवलपरासी जिल्लाको साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान गरेको छ ।

### ३.३.५. सौदामिनी (२०४८)

वि.सं. २०४८ साल जेठ २८ गते जिल्ला प्रशासन कार्यालय दर्ता नं. ०४८/६ मा दर्ता भई असोज महिनामा एक अङ्क मात्र प्रकाशित भएको **सौदामिनी** मासिक साहित्यिक पत्रिका अङ्क एक पछि नै प्रकाशित हुन सकेन । प्रधान सम्पादक घनश्याम न्यौपाने, सहसम्पादक तथा प्रकाशक वी.आर. कल्याणी रहेको यस पत्रिकालाई उच्चस्तरको साहित्यिक पत्रिकाको दाँजोको राखेर प्रकाशन गर्ने जमर्को गरिएको छ। गजल विधालाई प्राथमिकताका साथ प्रकाशित गरिएको यस पत्रिकामा, कविता, साहित्यिक लेख, साहित्यकारवाद, गीतका साथै ज्ञानविज्ञानका सन्दर्भहरू पनि यसमा प्रकाशित छन् । आफ्नै **सौदामिनी** परिवारका रचनाबाहेक अरू रचनाहरू नवलपरासी जिल्ला बाहिरका व्यक्तित्वलाई प्राथमिकता दिइएको छ ।

जम्मा १६ जना स्रष्टाहरूका रचना समावेश गरिएको उक्त पत्रिकामा प्रधानसम्पादक घनश्याम परिश्रमी, सहसम्पादक तथा प्रकाशक वीर.आर. कल्याणी र पत्रिका प्रकाशन सहयोगी चन्द्र विप्लवी गरी तीन जना मात्र नवलपरासीका लेखसामग्री छापिएका छन् । यसरी हेर्दा यस पत्रिकाले स्थानीय क्षेत्रका प्रतिभा उमार्ने वा स्थानीय स्रष्टालाई प्रोत्साहित गर्ने गरेको पाइँदैन । जगदीशचन्द्र भण्डारी

सरूभक्त, मुकुन्दशरण उपाध्याय जस्ता स्थापित साहित्यिक स्रष्टाका रचनालाई यस साहित्यिक पत्रिकाले प्रकाशित गरेको छ ।

यसरी अङ्क एक मात्र प्रकाशित भएर पूर्ण विराम लागेको यस पत्रिकाले आफ्नै किसिमको प्रभाव नवलपरासीको साहित्य यात्रामा थपेको छ ।

### ३.३.६. देवचुली (२०४८)

देवचुली मासिक पत्रिका नवलपरासी जिल्ला प्रशासन कार्यालयको दर्ता नं. ५/०४७/०४८ मा दर्ता भएको साहित्यिक पत्रिका हो । २०४७ साल चैत्रमा दर्ता गरी २०४८ साल साउन भदौदेखि प्रकाशन हुन थालेको यस मासिक पत्रिकाले स्थानीय समाचार र साहित्यमूलक पत्रिकाको रूपमा यसका केही अङ्क प्रकाशित भएपछि मासिक रूपमा यो पत्रिका प्रकाशित हुन सकेन ।[१०८] कहिले मासिक त कहिले त्रैमासिक रूपमा तथा कहिले अर्धवार्षिक रूपमा नै भए पनि प्रकाशित हुँदै आएको 'देवचुली' अतिरिक्त अङ्कसमेत २०६२ साल असोज सम्म पूर्णाङ्क ७२ प्रकाशित गरेपछि यो बन्द भएको छ ।[१०९] २०४८ सालदेखि २०६२ सम्म ७२ अङ्कहरू प्रकाशित गरेर नवलपरासी जिल्लाको साहित्य यात्रामा यस देवचुली पत्रिकाले अविस्मरणीय योगदान प्रदान गरेको छ । नवलपरासी जिल्लाकै इतिहासमा सबैभन्दा बढी साहित्यिक कोसेलीहरू प्रकाशित गरेको देवचुली साहित्यिक पत्रिकाले नवलपरासी जिल्ला र अन्य जिल्लाका स्रष्टाहरूको रचना प्रकाशित गरेको पाइन्छ । यस पत्रिकाले साहित्यका प्रायः सबै विधालाई स्थान दिएको छ । यस जिल्लामा साहित्यिक जागरण ल्याउन, नवप्रतिभाहरूको पहिचान गरी उनीहरूका रचना प्रकाशन गर्नु प्रोत्साहन दिने पुराना स्रष्टालाई सम्मान गर्ने काममा यो पत्रिका अग्रस्थानमा रहेको पाइन्छ ।

**देवचुली** पत्रिका प्रकाशनको महत्त्वपूर्ण कार्य गजल विशेषाङ्क प्रकाशन पनि हो । २०४९ सालमा खगेन्द्रप्रसाद बस्याल, गोविन्दराज विनोदी र भूपेन्द्र शर्मा भट्टराईका गजलहरू समेत गजल विशेषाङ्क प्रकाशित गरेर गजलका क्षेत्रमा नवलपरासीलाई उर्वर बनाउन यस प्रकाशनको महत्त्वपूर्ण स्थान रहेको छ ।[११०] **देवचुलीको** गजल विशेषाङ्कको प्रकाशनपछि नवलपरासीको गजल साहित्यका क्षेत्रमा धेरै स्रष्टाका कलम दौडन थालेको पाइन्छ ।

---

१०८. **देवचुलीका** प्रकाशक भूपेन्द्र शर्मा भट्टराईसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१०९. ऐजन ।

११०. ऐजन ।

देवचुली साहित्यिक पत्रिकाले आफ्नो सहप्रकाशनको रूपमा **पाल्ही सन्देश** साप्ताहिक, **परासी टाइम्स** साप्ताहिक, **रामग्राम सन्देश** साप्ताहिक तथा **लुम्बिनी स्मारिका** पत्रिकाहरू प्रकाशन गरेको पाइन्छ । यी सबै पत्रिकाका सम्पादक **देवचुली** पत्रिकाकै प्रकाशक भूपेन्द्र शर्मा भट्टराई हुन् । माथि उल्लेखित पत्रिकाहरूमध्ये **लुम्बिनी स्मारिका**, लुम्बिनी आदर्श कलेजको मुखपत्र थियो भने अन्य साप्ताहिक पत्रिकाहरू समाचारमूलक थिए । देवचुली साहित्यिक पत्रिकाले पत्रिका मात्र प्रकाशित नगरेर कृति प्रकाशन गर्ने उल्लेखनीय कार्य पनि गरेको छ । देवचुली प्रकाशनको नाममा प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् ।[१११]

| क्र.स. | कृतिको नाम | लेखक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | दैलातुङ् फाँटबाट शुरू भएको यात्रा | खगेन्द्रप्रसाद बस्याल | गजल सं. | २०४८ |
| २. | डायरी भित्रका सुस्केराहरू | केदार कल्पित | उपन्यास | २०५० |
| ३. | राष्ट्रिय गीत | रमेश मिश्र | गीति संगालो | २०५० |
| ४. | रित्तो गिलास र अनारका आँखाहरू | भू.श.भ. गण्डर्षि | कविता | २०५८ |
| ५. | नवलपरासीको साहित्यिक गतिविधि | भगवती शर्मा (पाण्डे) | समालोचना | २०६३ |

देवचुलीको अर्को उल्लेखनीय कार्य स्रष्टा सम्मान हो । गजलमा विद्यावारिधि गर्ने नवलपरासी निवासी घनश्याम न्यौपाने 'परिश्रमी' लाई २०६१ सालमा 'गजल ज्ञानमणि' उपाधिद्वारा यस पत्रिकाले विशेष कार्यक्रमको आयोजना गरी सम्मान गरेको छ ।[११२]

यसरी **देवचुली** साहित्यिक पत्रिकाले पत्रिका प्रकाशन गर्नुको साथै कृति प्रकाशन र स्रष्टा सम्मान जस्ता कार्यहरू गरेर नवलपरासीको साहित्यिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### ३.३.७. हिमायती (२०६०)

हिमायती साहित्यिक युवा समाज, कावासोतीद्वारा प्रकाशित साहित्यिक द्वैमासिक पत्रिका **'हिमायती'** २०६० सालको कार्तिक मंसिरदेखि २०६३ सालको कार्तिकमंसिरसम्म नियमित रूपमा आफ्नो प्रकाशन गरेपछि यो पत्रिका बन्द भएको देखिन्छ ।[११३]

---

१११. ऐजन ।

११२. ऐजन ।

११३. **हिमायती** पत्रिका कार्यकारी सम्पादक उत्तम महतो सँगको मौखिक अन्तर्वार्ता अनुसार ।

नेपाली साहित्याकाशमा जुर्मुराएका नवोदित प्रतिभाहरूको साहित्य सृजनालाई नवलपरासीको नवलपुर क्षेत्रबाट यस पत्रिकाले प्रकाशित गरेको पाइन्छ । **हिमायती**का अधिकांश अङ्कमा गजल विधाले प्राथमिकता पाएको देखिन्छ । गजलका अतिरिक्त कविता, लघुकथा, गाउँ खाने कथा, कृति परिचय, मुक्तक लगायत साहित्यिक समाचारहरू यस पत्रिकाका विषयवस्तु बनेका छन् । सानो आधारमा १२ देखि १५ पृष्ठसम्मको अङ्कहरू प्रकाशन भएको **हिमायती** द्वैमासिकले विशेष गरी नवलपुर क्षेत्रका नवसर्जकहरूलाई उत्साहित र साहित्यप्रति अभिरुचि जगाउने काम गरेको छ । नवलपरासीका वरिष्ठ गजलकार गोविन्दराज विनोदी र घनश्याम 'परिश्रमी'देखि भर्खरै साहित्यतर्फ बामे सर्ने प्रयास गरेका युवाहरूको सिर्जनालाई **हिमायती**ले प्रकाशित गरेको छ । प्रधानसम्पादक लोकनाथ खरेल तथा कार्यकारी सम्पादक उत्तम महतो रहनु भएको यस साहित्यिक पत्रिकाले नवलपरासेली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको छ ।

### ३.३.८. इन्द्र धनुष (२०६०)

**'इन्द्र धनुष'** साहित्यिक तथा सूचनामूलक वार्षिक पत्रिका हो । वर्ष १ अङ्क १ को रूपमा २०६० सालमा एक अङ्क प्रकाशित भएपछि यो पत्रिका प्रकाशित हुन सकेन । संरक्षक तथा प्रकाशक राइजिङ्ग स्टार सामुदायिक विकास प्रतिष्ठान रहेको यस पत्रिकाका प्रधान सम्पादकमा श्यामप्रसाद न्यौपाने र सम्पादन सहयोगीमा भोलाप्रसाद न्यौपाने, बलराम चापागाई रहेका छन् ।[११४] रामनगर, भुमही, नवलपरासीबाट प्रकाशित यस साहित्यिक पत्रिकामा ७४ जना स्रष्टाका रचना प्रकाशित छन् । भैरहवा, रूपन्देही, गुल्मी र पर्वतका कोही स्रष्टाका रचनाबाहेक अधिकांश रचना नवलपरासीका स्रष्टाकै रहेका छन् । साहित्यका सबै विधालाई समावेश गरी प्रकाशन गरिएको यस पत्रिकाको एक अङ्क मात्र प्रकाशन भएपनि नवलपरासीको साहित्यमा यस पत्रिकाको योगदान महत्त्वपूर्ण छ ।

### ३.३.९. इन्दु (२०६१)

*साहित्यमा गजलको उत्थान गरौं साथी*

*गजल भावनाको सम्मान गरौं साथी*

प्रस्तुत मूल भावनालाई आत्मसात् गर्दै नवलपरासीको गैंडाकोटबाट प्रकाशित **'इन्दु'** गजल प्रधान द्वैमासिक पत्रिका हो । २०६१ साल फागुन-चैत्रबाट १६ पृष्ठको सानो आकारको पत्रिका

११४. इन्द्र धनुष, (प्रका. राइजिङ्ग स्टार सामुदायिक प्रतिष्ठान, वर्ष १, अङ्क १ २०६०), ***प्रकाशकीय*** ।

प्रकाशन गरेर आफ्नो यात्रा सुरू गरेको यस द्वैमासिक साहित्यिक पत्रिकाले २०६४ भाद्र आश्विनमा अङ्क १० प्रकाशन गरेपछि आफ्नो यात्राबाट विश्राम लिएको ।"[११५] कला साहित्यको माध्यमबाट पनि समाजमा आदर्श स्थापित गर्न सकिन्छ भन्ने विचारबाट पत्रिका प्रकाशन गरेर आफ्नो यात्रा सुरू भएको यस पत्रिकाका सम्पादकमा कुलप्रसाद गैरे र सुजन अधिकारी रहेका छन् । कला संयोजकमा नवीन अधिकारी तथा सल्लाहकार गोविन्दराज विनोदी रहेका छन् । आदर्श राष्ट्रिय विविध प्रकाशक रहेको यस पत्रिकालाई नवलपरासीका वरिष्ठ समाजसेवी स्व. सूर्यभक्त अधिकारीको स्मृतिको अवसर पारेर प्रकाशन प्रारम्भ गरिएको थियो । नवलपरासीका स्रष्टाको मात्र नभएर चितवन, दाङ, लमजुङ, उदयपुर, दोलखा, महोत्तरी, स्याङ्जा, तनहुँ, रूपन्देही, काठमाडौं, पाल्पा र रोल्पा आदि धेरै जिल्लाका साहित्यिक व्यक्तित्व वा स्रष्टाहरूका रचनालाई प्रकाशित गरी राष्ट्रिय स्तरकै पत्रिका बन्न पुगेको यस 'इन्दु' द्वैमासिकमा मलेसिया, क्यानाडामा रहेका स्रष्टाका रचना पनि प्रकाशित भएको पाइन्छ ।

यसरी गजल प्रधान 'इन्दु' पत्रिकाले गजलका अतिरिक्त अन्य विधाका केही रचनालाई पनि प्रकाशित गरेर नवलपरासी जिल्लाको साहित्यिक उत्थानमा उल्लेख्य काम गरेको छ ।

### ३.३.१०. मिरमिरे (२०६१)

**'मिरमिरे'** त्रैमासिक साहित्यिक पत्रिका हो। २०६१ सालको बैशाख-असारमा एक अङ्कमात्र प्रकाशित भएको यस पत्रिकाका प्रधानसम्पादकमा मेघनाथ बस्नेत तथा कार्यकारी सम्पादकमा दुर्गाबहादुर गुरूङ रहेका छन् । सहसम्पादक दुजमान सिरपाली र विकास रिमाल रहेको यस पत्रिकाको प्रकाशक भने मिरमिरे साहित्यिक मञ्च, अग्यौली डण्डा रहेको छ ।[११६] स्थानीय युवा नवप्रतिभाहरूको सिर्जनालाई प्राथमिकताका साथ प्रकाशनमा ल्याएर यस पत्रिकाले स्थानीय नवसर्जकलाई प्रेरणा र प्रोत्साहन गर्ने काम गरेको पाइन्छ । जम्मा २९ जना व्यक्तित्वहरूको रचनालाई प्रकाशित गरिएको यस पत्रिकाले कथा, कविता, गजल, निबन्धका साथै यात्रा संस्मरणलाई पनि छापेको छ । एक अङ्क मात्र प्रकाशन गरी बन्द भएको 'मिरमिरे'ले नवलपरासीको साहित्यिक क्षेत्रमा थोरै भए पनि योगदान पुर्‍याएको छ ।

### ३.३.११. सिर्जनाका फूलहरू (२०६२)

जनज्योति साहित्य सदन, जनज्योति उच्च मा.वि. प्रगतिनगरबाट प्रकाशित 'सिर्जनाका फूलहरू' साहित्यिक लघु पत्रिका हो । जनज्योति उच्च मा.वि.मा पढ्ने विद्यार्थीहरूको सक्रियतामा

---

११५. **इन्दु** पत्रिका सम्पादक सुजन अधिकारीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

११६. हिमलाल ज्ञवाली, **लाली गुराँस** मासिक पूर्ववत् पृ. २०/२१ ।

प्रकाशित यस पत्रिकामा सबै रचना त्यसै विद्यालयका विद्यार्थीहरूको मात्र छ । विद्यार्थीहरूभित्र रहेको प्रतिभाको प्रस्फुटन गर्ने साझा फूलबारी बनेको यस पत्रिको मुख्य उद्देश्य विद्यार्थीहरूलाई साहित्यप्रति अभिरुचि जगाउँदै उनीहरूको लेखन क्षमतालाई तिखार्दै परिष्कृत र परिमार्जित गर्नु रहेको छ । २०६२ साल चैत्रमा १ अङ्क र २०६३ सालको बैशाख, जेठमा २ र तीन अङ्क गरी जम्मा तीन अङ्क प्रकाशन गरेपछि **'सिर्जनाका फूलहरू'** लघु पत्रिकाको प्रकाशन रोकियो । यस पत्रिकामा प्रकाशक तथा सम्पादक मण्डलमा सुजन श्रेष्ठ, प्रितम भुजेल, कमल चापागाई, मीना सुवेदी र गंगा भुसाल रहेका थिए ।[११७]

### ३.३.१२. मञ्जरी (२०६२)

**'मञ्जरी'** दिब्यज्योति बहुमुखी क्याम्पस, चिसापानीका विद्यार्थीहरूको सक्रियतामा प्रकाशित साहित्यिक पत्रिका हो । यस क्याम्पसमा स्थापना भएको **'मञ्जरी साहित्य संगम'** प्रकाशक रहेको यो पत्रिका २०६२ साल कार्तिकमा १ अङ्क र २०६२ सालकै पौषमा २ अङ्क गरी जम्मा २ पटकमात्र प्रकाशित भएको छ । **'नलेख्नेले लेखून्, लेख्नेले अझ राम्रो लेखून्'** भन्ने मूल नारालाई लिएर अगाडि बढेको यस पत्रिकाका प्रधान सम्पादक कमल अस्तित्व, सहसम्पादक सन्तोष सापकोटा, सानु राना रहेका छन् । त्यस्तै संरक्षक दिब्यज्योति बहुमुखी क्याम्पस र सल्लाहकारमा विष्णु लामिछाने, वि.आर. कल्याणी, श्याम न्यौपाने रहेका छन् ।[११८] **मञ्जरी** अङ्क एकको तुलनामा अङ्क २ परिष्कृत र परिमार्जित देखिन्छ । गजल, कविता, कथा, समालोचना जस्ता विधालाई आफ्नो विषयवस्तु बनाएको यस पत्रिकाका अधिकांश रचनाहरू दिब्यज्योति क्याम्पसमा पढ्ने विद्यार्थीहरूकै छन् । विद्यार्थी कालीन अवस्थाबाट नै साहित्य सृजनामा लागेर काब्य र साहित्यको उन्नति गर्न कम्मर कसेका क्याम्पसका विद्यार्थीहरूले यस पत्रिकालाई भने निरन्तरता दिन सकेका छैनन् । नवलपरासी जिल्लाको साहित्य विकासमा अझ भनौ क्याम्पस स्तरका विद्यार्थीहरूमा साहित्यिक प्रेरणा, प्रोत्साहन र उत्साह थप्न यो पत्रिका सफल रहेको देखिन्छ ।

### ३.३.१३. आदर्श (२०६२)

'आदर्श' भावनात्मक सु-सम्बन्ध र परिवर्तनको लागि भनी प्रकाशित राष्ट्रिय विविध पत्रिका हो । राष्ट्रिय विविध भनेर नामकरण गरिए पनि यो पत्रिका पूर्ण रूपमा साहित्यप्रधान रहन पुग्यो । प्रकाशक आदर्श साहित्य समाज, नवलपरासी रहेको यस पत्रिकाका प्रधानसम्पादकमा सुजन

---

११७. **सिर्जनाका फूलहरू** पत्रिकाका सम्पादक प्रितम भुजेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

११८. **मञ्जरी** (प्रका. **मञ्जरी साहित्य सङ्गम**) वर्ष १, अङ्क २, २०६६ ।

अधिकारी, सम्पादक दुर्गा भुसाल र श्याम रानाभाट रहेका छन् । त्यस्तै सल्लाहकारमा गोविन्दराज विनोदी र संरक्षकमा मदनभक्त अधिकारी रहेको 'आदर्श' पत्रिका नवलपरासीको गैडाकोटबाट हालसम्म पूर्णाङ्क २६ प्रकाशित भइरहेको छ ।[११९] सुरूका अङ्कहरू गुणात्मक दृष्टिकोणले केही कमजोरी र लघु आकारका रहे पनि यसले क्रमशः आफूलाई परिष्कृत र परिमार्जन गरेको पाइन्छ । पाठक प्रतिक्रियालाई पनि प्रकाशित गर्दै पाठक कै सल्लाह र सुझावबाट अगाडि बढ्दै गएको यस पत्रिकामा साहित्यिक कोसेलीको रूपमा साहित्यिक समीक्षा, कथा, कविता, गजल, स्रष्टा सम्झना, प्रतिभा चिनारी, निबन्ध, समालोचना आदि विषय वस्तुहरू प्रकाशित हुँदै आएका छन् । नवलपरासीका मात्र नभई देशका विभिन्न क्षेत्रका स्रष्टाको रचनालाई प्रकाशित गरेको यस पत्रिकाको २०६७ साल बैशाख-जेठको अङ्क २६ औं देखि प्रवास संकरणको रूपमा खाडी मुलुक कतारबाट पनि प्रकाशन सुरू गरेको छ । यस पत्रिकाको प्रकाशक संस्था आदर्श साहित्य समाजका केही पदाधिकारीहरू वैदेशिक रोजगारको सिलसिलामा कतारमा रहनु भएकोले यस पत्रिकाले वैदेशिक क्षेत्रमा पनि आफ्नो गतिविधिलाई अगाडि बढाउन सफल भएको पाइन्छ ।[१२०]

'आदर्श'को अर्को महत्त्वपूर्ण कार्य 'इन्दु' साहित्यिक पत्रिका प्रकाशन हो । आदर्श राष्ट्रिय विविधले **इन्दु** गजल प्रधान द्वैमासिक साहित्यिक पत्रिकाको दश अङ्कसम्म प्रकाशित गरेको छ । यसरी नवलपरासीको साहित्यिक फाँटमा लहलहएको यस पत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ ।

### ३.३.१४. प्रसून (२०६३)

तिलपुर साहित्य समाजको साहित्यिक पत्रिका 'प्रसून' २०६३ साल बैशाख र असारमा वर्ष १ अङ्क १ र २ गरी जम्मा २ अङ्क मात्र प्रकाशित भएको साहित्यिक सङ्गालो हो ।[१२१] स्थानीय नवसर्जकका रचनालाई प्राथमिकताका साथ प्रकाशन गरेर स्थानीय युवा साहित्यकारलाई अगाडि बढ्न प्रोत्साहन गर्ने प्रसूनले कथा, कविता लघुनाटक र गजल जस्ता विधालाई समेटेको पाइन्छ । प्रधानसम्पादक नेत्रलाल न्यौपाने, कार्यकारी सम्पादक ओमप्रकाश अधिकारी, सहसम्पादक केशव भट्टराई रहेको यस पत्रिकाको बजार व्यवस्थापक आशिष पौडेल र सल्लाहकारमा विष्णु लामिछाने तथा गोविन्दराज विनोदी रहेका छन् । दुई अङ्क मात्र प्रकाशित भएर हाल बन्द रहे पनि यस पत्रिकाले नवलपरासीको साहित्यिक गतिविधिमा महत्त्वपूर्ण योगदान दिएको छ ।

---

११९. **आदर्श राष्ट्रिय विविध,** (प्रका. **आदर्श साहित्य समाज** पूर्णाङ्क २६, २०६६/०६७ बैशाख, जेष्ठ) ।

१२०. **आदर्श राष्ट्रिय विविधका** सम्पादक सुजन अधिकारीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१२१. पत्रिकाका कार्यकारी सम्पादक ओमप्रकाश अधिकारीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

### ३.३.१५ सम्मिश्रण (२०६३)

**सम्मिश्रण** जनभावना सिर्जनशील समाजद्वारा प्रकाशित अर्धवार्षिक साहित्यिक पत्रिका हो । नवलपुर क्षेत्रको कावासोतीका युवा साहित्यप्रेमी व्यक्तिहरूको सक्रियतामा २०६३ सालको नववर्षका पावन अवसरमा वर्ष १ अङ्क १ र २०६३ कै कार्तिकमा अङ्क २ गरी जम्मा २ अङ्क प्रकाशित **सम्मिश्रण**को प्रकाशन हाल बन्द भएको छ । बस्तीभित्र लुकेका हस्तीहरूको खोजी गरी उनीहरूको रचनालाई प्रकाशनमा ल्याउने यस पत्रिकाले स्थानीय युवाहरूको साहित्य सिर्जनामा जोड दिएको छ ।[122] एकैचोटि सगरमाथा चढ्न नसकिए पनि एक-एक खुड्किला पार गर्दै लक्ष्यमा पुग्ने नयाँ सपना बोकेको विचार लिएका यस पत्रिकाका सम्पादक मण्डलमा अर्जुन अभागी, नवीनश्री, कार्यकारी सम्पादक अनिल शर्मा, हिसा न्यौपाने रहेका छन् । साथीहरू अध्ययनको सिलसिलामा काठमाडौं, भरतपुर लगायत अन्य स्थानमा गएपछि सोचेअनुरूप काम गर्न सकिएको छैन । विशेष गरी गजल, लघुनाटक, कविता, मुक्तक, लघुकथा जस्ता विधालाई समावेश गरिएको यस पत्रिकामा बालकोसेलीलाई पनि स्थान दिएको छ । पहिलो अङ्कको तुलनामा दोस्रो अङ्क केही परिष्कृत र परिमार्जनसहित प्रकाशन भएको पाइन्छ । नवलपरासीका वरिष्ठ गजलकार, घनश्याम न्यौपानेको अन्तर्वार्तासहित, स्रष्टा चिनारीको स्तम्भसहित पाठक प्रतिक्रियालाई पनि समावेश गरिएको 'समिश्रण'ले यस जिल्लाको साहित्यको उत्थानमा विशिष्ट योगदान पुऱ्याएको पाइन्छ ।

### ३.३.१६ धरा (२०६४)

**'धरा'** मासिक साहित्यिक पत्रिका हो । यो पत्रिका भेरी अञ्चल कार्यालयमा २०३४/०३५ मा दर्ता नं. १ मा दर्ता भएको छ । यस पत्रिकाका प्रकाशक तथा सम्पादक दीपक सोती हुनुहुन्छ ।[123] धरा साहित्यिक पत्रिकालाई प्रकाशन दीपक सोती कामको सिलसिलामा जहाँ जान्छन् त्यहींबाट उनको निजी लगानीमा यस पत्रिकाको प्रकाशन हुँदै आएको छ । यसका अधिकांश अङ्कहरू पोखरा, काठमाडौं, बुटवल र स्याङ्जाबाट प्रकाशित छन् । **'धरा'** नियमित मासिक रूपमा प्रकाशित हुन पनि सकेको छैन। हाल यस पत्रिकाका पछिल्ला तीन अङ्कहरू नवलपरासीको कावासोतीबाट प्रकाशित भएको पाइन्छ । वर्ष ३० पूर्णाङ्क २१७, २१८ र २१९ वि.सं. २०६४ साल कार्तिकदेखि २०६५ बैशाखसम्ममा प्रकाशित अङ्कहरू हुन् । नवलपरासीको कावासोतीबाट प्रकाशित भएका यी तीन अङ्कहरूका प्रकाशक तथा सम्पादकमा दीपक सोती, कार्यकारी सम्पादक अर्जुन अभागी, व्यवस्थापक यादव लम्साल र सल्लाहकारहरूमा गोविन्दराज विनोदी, गोर्खे साइँलो भू.श.भ. 'गण्डर्षि', धनपति कोइराला

---

१२२. **सम्मिश्रणका** कार्यकारी सम्पादक अनिल शर्मासँगको अन्तर्वार्ता अनुसार ।

१२३. **'धरा'** का प्रकाशक तथा सम्पादक दीपक सोतीसँगको अन्तर्वार्ता अनुसार ।

र शङ्कर बस्याल रहेका छन् ।[१२४] राजनीतिलाई पनि साहित्य कला र संस्कृतिले निर्देशन गरेको हुनुपर्दछ भन्ने चिन्तनका साथ प्रकाशित हुँदै आएको **धरा** पत्रिका आफ्नो आवरण पृष्ठमा नै हरेक साहित्यानुरागीहरूको मुटुको स्पन्दन भनी प्रकाशित हुँदै आएको छ । कविता, गजल, कथा, नाटक, संस्मरण, पत्र सन्देशका साथै साहित्यिक व्यक्तित्वको अन्तर्वार्तासहित अन्य साहित्यिक गतिविधिलाई प्रकाशित गरेको यस पत्रिकाले नवलपरासी जिल्लाका स्रष्टालाई नै सम्मान गर्दै लक्ष्मी स्मृति साहित्य समाजका अध्यक्ष सदानन्द अभागी र नवलपरासी साहित्य परिषद्का संस्थापक अध्यक्ष भू.श.भ. 'गण्डर्षि'को अन्तर्वार्तालाई प्रकाशनमा ल्याएको छ । लामो समय आर्थिक अवस्थाले चीरनिद्रामा परी पुनः ब्युँझने काम गरेका छौं ।[१२५] भनिएको यस साहित्यिक पत्रिकाले लामो इतिहास राष्ट्रिय स्तरमा कायम गरेको र पछिल्ला ३ अङ्क नवलपरासीको कावासोतीबाट प्रकाशन गरेर नवलपरासीका साहित्यप्रेमीलाई उत्साह र प्रोत्साहन गर्दै ठूलो गुन लगाएको छ ।

### ३.३.१७ भावाञ्जलि (२०६७)

भावाञ्जलि पत्रिका पूर्णरूपेण साहित्यिक पत्रिका हो । मध्यबिन्दु साहित्यिक समाजको मुखपत्रको रूपमा प्रकाशित यो साहित्यिक पत्रिकाका अघिल्ला २ अङ्क भित्ते पत्रिकाको रूपमा मध्यविन्दु बहुमुखी क्याम्पसमा टाँसिएको थियो भने पछिल्ला २ अङ्क लघु पुस्तकका रूपमा प्रकाशित भएको छ । तेस्रो अङ्क २०६६ सालमा र चौथो अङ्क २०६७ सालको असार २७ गते एक साहित्यिक कार्यक्रमका साथ विमोचन गरिएको हो । साहित्य र स्रष्टाको सम्मान गरौं भन्ने मूल नारालाई आफ्नो आवरण पृष्ठमानै लेखिएको यस पत्रिकालाई मध्यविन्दु बहुमुखी क्याम्पसमा पढ्ने साहित्यप्रेमी विद्यार्थीहरूले प्रकाशित गरेका हुन् । अधिकांश गजल विधाका रचनाहरूलाई समावेश गरिएको यस पत्रिकाका रचना क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूकै बढी मात्रामा रहेका पाइन्छन् । प्रधानसम्पादक यादव लम्साल सम्पादक हेमराज दाहाल, सम्पादक सहयोगी हरिप्रसाद सिग्देल र काशीराम शर्मा रहेको यस पत्रिकाले विद्यार्थी वर्गमा साहित्यिक कार्यमा प्रेरणा र प्रोत्साहन थपेको पाइन्छ ।[१२६] भावाञ्जलि साहित्यको फूलबारी बनेको छ । यहाँ विभिन्न किसिमका लेख रचना छन्, यसमा गजल, मुक्तक, कविता, गीत, भावना, लेख आदि देख्न पाइन्छ । जसमा कोही मायाप्रेमका कुरा राजनीतिक जीवन भोगाई, राष्ट्रियता सामाजिक विकृतिका कुराहरू मुखरित भएका छन् । भावाञ्जलिले नवलपरासीको साहित्य यात्रामा अझ भनौं विद्यार्थी वर्गका सिर्जनशील क्षमता रुचि र जिज्ञासामा महत्त्वपूर्ण योगदान थपेको छ ।

---

१२४. **धरा** मासिक पत्रिका (प्रका. दीपक सोती वर्ष ३० पूर्णाङ्क ११७ कार्तिक/चैत्र २०६४) ***सम्पादकीय*** ।

१२५. ऐजन ।

१२६. **भावाञ्जलि,** (प्रका. **मध्यविन्दु साहित्य समाज** वर्ष २, अंक ४, २०६७) ।

## ३.४ निष्कर्ष

साहित्यको उत्थान र उन्नयनमा सामूहिक सहभागिता हुन सङ्घसंस्थाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । नवलपरासी जिल्लाको साहित्यलाई र उर्वर बनाउन यस जिल्लामा स्थापना भएका साहित्यिक सङ्घसंस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । जसमा ३९ वटा कृतिहरू प्रकाशनसहित विभिन्न साहित्यिक कार्यक्रम गरेर त्रि.सा.प. अग्रस्थानमा रहेको छ । नवलपरासी जिल्ला प्रकाशन कार्यालयमा दर्ता भएका ९ वटा र दर्ता नभए पनि सक्रिय रहेका ८ वटा संस्थाहरू छन् । साहित्येतर सङ्घसंस्थाका साहित्यिक कार्यक्रमका साथै नवलपरासीबाट प्रकाशित जम्मा १६ वटा साहित्यिक पत्रपत्रिकाहरूले नेपाली साहित्यमा पुऱ्याएको योगदान महत्त्वपूर्ण र स्तुत्य छ । यस परिच्छेदमा यिनै संस्था र पत्रिकाका गविधिको बारेमा चर्चा गरिएको छ ।

# परिच्छेद-चार

## नवलपरासी जिल्लाका प्रमुख प्रतिभाहरू र तिनका प्रमुख कृतिहरूको सामान्य परिचय

### ४.१. नवलपरासीका प्रमुख कवि र काव्यको परिचय

यहाँ नवलपरासीमा महाकाव्य, खण्डकाव्य, कवितासङ्ग्रह, गजलसङ्ग्रह, नाटकसङ्ग्रह, समालोचना, कथा, उपान्यास, निबन्ध र तिनका स्रष्टाहरूका परिचय दिइएको छ ।

### ४.१.१ महाकाव्यकार र महाकाव्य

कवित्वका दृष्टिले महाकाव्यलाई उच्च रचना मानिन्छ । महाकाव्यको विशाल काव्यपटभित्र पाठकलाई रसास्वादन गराउने साहित्यका सम्पूर्ण विधामध्ये महाकाव्यलाई कविता विधाको सर्वश्रेष्ठ उपविधा मान्न सकिन्छ । महाकाव्यलाई अंग्रेजीमा इपिक भनिन्छ । इपिक शब्द ग्रिसेली शब्द इपोसबाट बनेको हो । यसको साधारण अर्थ शब्द हो । लाक्षणिक अर्थ वाणी वा वीरकाव्य हो ।[१] नेपालीमा भने महाकाव्य संस्कृत महत् काव्यम्बाट व्युत्पन्न भएको हो । यसको अर्थ ठूलो काव्य, महान् काव्य भन्ने बुझिन्छ । नवलपरासी जिल्लामा पनि महाकाव्यको रचना हुनाले यस जिल्लाले साहित्यिक उच्चता प्राप्त गरेको देखिन्छ । महाकाव्यको रचना गरेर नवलपरासी जिल्लाले साहित्यलाई व्यापक र विस्तृत बनाउने प्रतिभा हुन् रामनाथ खनाल र सदानन्द अभागी । **'प्रजातन्त्रोदय'** ऐतिहासिक गीति महाकाव्य ( २०४८) र **पाण्डु** पौराणिक महाकाव्य (२०४९), महाकाव्यकार खनालका महत्त्वपूर्ण महाकाव्य हुन् । **त्यस्तै तीन युग एक कथा** (२०६०) र **अग्निज्वाला** (२०६१) महाकवि सदानन्द अभागीका दुई महाकाव्य हुन् ।

#### ४.१.१.१ रामनाथ खनाल र उनका महाकाव्यहरू

रामनाथ खनालको जन्म वि.सं. १९६६ साल कार्तिक २६ गते कास्की जिल्लाको फल्याङकोट गा.वि.स. मा भएको हो । बसाइँ सराइँका क्रममा नवलपरासी जिल्लाको मुकुन्दपुरमा स्थायी रूपमा बसेका खनालका २ वटा महाकाव्यका साथै अन्य फुटकर कविताहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । कवि खनाल राष्ट्रिय भावना, सामाजिक यथार्थताका कविता लेख्ने कवि हुन् । उनका महाकाव्यहरू निम्नानुसार रहेका छन् :-

---

१. ईश्वर बराल र अन्य सहयोगी (सम्पा.), **नेपाली साहित्य कोश,** (काठः ने.रा.प्र.प्र. २०५५) पृ. ५९९ ।

**क)   प्रजातन्त्रोदय ( ऐतिहासिक गीति महाकाव्य २०४८)**

कृतिमा महाकवि खनालले सरल नेपाली भाषाशैलीमा लोकलयको प्रयोग गरेका छन् । सामाजिक यथार्थवादी भावधारामा महाकाव्य संरचित छ । वस्तु निर्देशनबाट सुरू भएको यस महाकाव्यमा प्रत्येक सर्गहरूका अन्त्यमा छन्द परिवर्तन गर्ने एवम् भावी सूचनाको सङ्केत दिने जस्ता पूर्वीय महाकाव्यका सिद्धान्तको पालना गरिएको छैन । त्यस्तै पूर्वीय काव्य सिद्धान्त अनुसार महाकाव्यको अन्त्य संयोगान्तमा हुनुपर्छ तर यो वियोगान्तमा टुङ्गिएको छ । महाकाव्यको प्रमुख नायक राजा त्रिभुवनलाई बनाएर देशमा राणाहरूले गरेको अन्याय अत्याचारको यथार्थ वर्णन गरेका छन् । नेपालको राजधानी काठमाडौं र भारतीय भूमि परिवेश हो । विभिन्न छन्दको प्रयोग गरेर महाकाब्य लेखिनु पर्ने मान्यता भन्दा भिन्न रहेर लोकलयमा मात्र यसको रचना भएकोले यसको काब्यात्मक पक्ष शिथिल छ भने वस्तुपक्ष तीव्र देखिन्छ । महाकाब्य शान्तरसप्रधान रहेको छ। आङ्गिक रसका रूपमा शृङगार, वीर, करूणरसको प्रयोग पाइन्छ। राणाहरूले देशमा गरेको अन्याय, अत्याचारलाई यथार्थरूपमा चित्रण गर्दा कविले वीररसको सहारा यसरी लिएका छन् :-

खुकुरी खुँडा बन्दुक तरवार
लिएर निस्के चाहन्थे उनी त्रिभुवन सर्कार (१६/६४)

महाकाब्यमा अलङ्कार विधान पनि पाइन्छ । उपमा र रूपक अलङकार प्रमुख रहेको यस काब्यमा माधुर्य, ओज, प्रसाद गुणको सम्मिश्रण पाइन्छ।

उपमाः स्वरमा सोझै कोइली जस्तै छ मीठो अमृत (६।४८)

महाकाब्यमा जातभन्दा काम महत्त्वपूर्ण हुन्छ भन्ने पक्षलाई देखाउनु काब्यगत विशेषता हो । सत्रौं सर्गमा विभाजित यस काब्यका प्रमुख प्रवृत्तिलाई देखाउँदा राष्ट्रिय चेतना, ऐतिहासिक कथावस्तुमा काब्य सिर्जना र स्वतन्त्रता प्रेमी प्रवृत्ति रहेका छन् । यस कृतिले नवलपरासीको साहित्यिक श्रीवृद्धिका लागि महत्त्वपूर्ण योगदान दिएको छ।

**ख) पाण्डु (महाकाब्य २०४६)**

'पाण्डु' महाकाब्य कवि रामनाथ खनालको दोस्रो महाकाब्य हो । वि.सं. २०४६ सालमा त्रिवेणी साहित्य परिषद् नवलपरासीबाट प्रकाशित यो महाकाब्य पौराणिक कथावस्तुमा आधारित छ । यस कृतिको 'उपजीब्यता' महाभारतलाई मानिएको छ। महाभारतका प्रमुख पात्र पाण्डुलाई नै नायक बनाएर लेखिएको यस कृतिमा कुन्ती र माद्री दुई स्त्री पात्रहरू छन् । राजा पाण्डु र रानी कुन्तीका बीच असाध्यै प्रेम बस्दाबस्दै पनि कुन्ती सन्तानहीन हुन पुगेकीले पाण्डुको पुनः विवाह भएको प्रसङ्गदेखि पाण्डु पाँच जना सन्तानहरूका बाबु बन्न पुगेसम्मको घटना नै यस कृतिको प्रमुख विषयवस्तु बनेको छ । वस्तु निर्देशात्मक मङ्गलाचरणका आधारमा कथा वस्तु अगाडि बढेको पाइन्छ। प्रत्येक सर्गको अन्त्यमा छन्द

परिवर्तन नभए पनि काव्यभरि उपजाति, वसन्ततिलका, स्वागता, अनुष्टु र शार्दूलविक्रीडित पाँच छन्दहरू प्रयोग भएको पाइन्छ। वर्णनात्मक शैलीमा महाकाव्य लेखिएको हुनाले आख्यानले कवितालाई समात्नुको सट्टा कविताले आख्यानलाई डोऱ्याएको  छ। त्यसैले आख्यान पक्ष कमजोर देखिन्छ।

कवितामा प्रसस्त उखान-टुक्काको प्रयोग गरिएको छ । जस्तैः-

ढुङ्गो खोज्दा मिले घौता (१४।२३)

आफू ताक्छ मुढो अचानक घुँडो ताक्ने भयो बन्चरो (१५।२४)

संयोग-शृङ्गार रस प्रमुख रूपमा रहेको यस काव्यमा करुण र अद्‌भुतरसहरू पनि सहायक रूपमा आएका छन् ।

लठ्याउने भगवती सब लोठपरी

सौता पसी अकलबन्द छ मेख मारी (५।४६)

यस महाकाव्यले नारी चेतना जगाउने प्रयास गरेको पाइन्छ । पौराणिक विषयवस्तु रहेतापनि नारी चेतना जगाउनु कविको विशेषता हो । महाकाव्यको मूल प्रवृत्ति नै नारीवादी चिन्तन र पौराणिक पात्रको सम्मान रहेको छ। काव्यको अन्त्यानुप्रास र शिल्पगत पक्ष सबल नै देखिन्छ । मानवतावादी चिन्तन र भावगत सघनता काव्यमा पाइन्छ। प्रसादगुण र माधुर्यगुणको प्रचुरता रहेको यस काव्यले सत्यम् शिवम् सुन्दरम्को भावलाई आङ्गीकर गरेको छ । कविता स्वच्छन्दतावादी परिष्कारवादी भाव धारामा संरचित छन् ।

महाभारतलाई विषयवस्तु बनाएर लेखिएको पौराणिक विषय भएपनि प्रतीकात्मक रूपमा राणाकालीन परिवेशलाई झल्काइएको देखिन्छ। यस महाकाव्यले नवलपरासीको साहित्यिक उन्नयनमा महत्त्वपूर्ण योगदान दिएको छ।

### ४.१.१.२ सदानन्द अभागी र उनका महाकाव्य

नेपाली साहित्य क्षेत्रमा 'अभागी' उपनामले चिनिने ब्यक्तित्व सदानन्द जैसीको जन्म वि.सं. २००३ सालमा पर्वत जिल्ला शङ्कर पोखरी गा.वि.स. नुवार भन्ने ठाउँमा भएको हो । हाल उनी नवलपरासी जिल्लाको कावासोतीका स्थायी बासिन्दा हुन् । बी.एस्सी. (एजी) उत्तीर्ण गरी लामो समयसम्म कृषि क्षेत्रमा माटो विशेषज्ञका रूपमा सरकारी सेवा गर्दै आएका 'अभागी' माटो विज्ञानका ब्यक्तित्व भए पनि साहित्यका क्षेत्रमा त्यतिकै प्रबल रूपमा देखिएका छन् । दुई महाकाब्यका साथै उनका अन्य कथासङ्ग्रह, कवितासङ्ग्रह, गजलसङ्ग्रह प्रकाशित छन् । समसामयिक युगीन परिवेश, सामाजिक वर्ग विभेदको विरोध, राष्ट्रियता, देशप्रेम, प्रकृति प्रेम, क्रान्तिकारी एवम् विद्रोही भाव, उनका भावगत विशेषता हुन्।

**क) तीन युग एक कथा (महाकाव्य २०६०)**

सदानन्द अभागीको **तीन युग एक कथा** महाकाव्य (२०६०) अठार सर्गहरू भएको लोक छन्दमा रचिएको ६०० श्लोकहरू भएको पारिवारिक इतिहासको पृष्ठभूमिमा रचिएको मानवतावादी स्वर र नारी सम्मानको भावना भएको महाकाव्य हो । यो सामाजिक समस्याहरूप्रति संवेदनशील रहेको छ ।

महाकाव्यका प्रमुख पात्र मधुसूदन बाजेको जीवनी र उनका साथी भवानीको दिनचर्याबाट सुरू भएको महाकाव्य उनका छोरा 'यज्ञधर' नाति 'गङ्गाधर' र पनाति खगेश्वरसम्मका जीवन चरित्रहरूमा फैलिएको छ । नाति गङ्गाधरको उत्तरार्द्ध जीवन र उनको पूर्व स्मृतिहरूमा महाकाव्यले विश्राम लिएको छ। महाकाव्यको विशेषता वा प्रकृतिहरूलाई देखाउनु पर्दा मानवतावादी दृष्टि, नारीवादी स्वर, जातिप्रथा र छुवाछुतको विरोध प्रकृति चित्रण एवम् भावुकता र जीवनवादी, आशावादी प्रवृत्ति रहेका छन् । कविले दशौं सर्गमा मानवतावादी स्वरलाई यसरी प्रस्तुत गरेका छन् ।

मानव भै मानवता किन लुकाउने
हृदयमा वाण हानी किन दुखाउने (दसौं सर्ग, पृ.६३)

सहभागीका आधारमा पुरुष पात्रहरू मधुसूदन, यज्ञधर, गंगाधर, वासुदेव, खगेश्वर र स्त्री पात्रहरू भवानी, नौली, चन्दकला आदि हुन् । कार्यका हिसावले सवै गतिशील नै छन् । महाकाव्यले तृतीय पुरूष दृष्टिबिन्दुलाई अवलम्वन गरेको छ। महाकाव्यको शिल्पगत पक्ष सामान्य छ । लोकछन्दमा कविता लेखिएकाले अन्त्यानुप्रास मिलेको छ तर कवितामा लयात्मकताको कमी छ। केहीठाउँमा बिम्व र प्रतीकहरू त छन् तैपनि हुनपर्ने जति आलङ्कारिक भाषा छैन भाषा सरल र अभिधार्थी नै छ । सोह्रौं सर्गमा लोकोक्ति अलङ्कार प्रयोग भएको वाक्य यसप्रकार रहेको छ ।

सौको त लाठी बन्छ एकको त भारी
बुँद बुँद थोपा पानी बग्छ कुलो पारी-सोह्रौं सर्ग ..२१)

साहित्यिक धारालाई स्पष्टतया नपकडिएको भएपनि सामाजिक यथार्थता र अस्तित्ववादी चिन्तनको प्रभाव पाइन्छ तर काव्यमा नायकहरूले सामाजिक बन्धनमा नबाँधिएर स्वतन्त्र विचार र कार्य प्रस्तुत गरेकाले यस महाकाव्यलाई स्वच्छन्दवादी महाकाव्य भन्न सकिन्छ।

**ख) अग्निज्वाला महाकाव्य (२०६१)**

**अग्निज्वाला** महाकाव्य सदानन्द अभागीको दोस्रो महाकाव्य हो । शंकर पोखरी समाज, काठमाडौंबाट प्रकाशित यस कृतिमा १८ वटा सर्ग रहेका छन् । नेपाली परिवेशमा बाँचेको एक परिवारको जीवन कहानीलाई विषयवस्तु वनाइएको यस महाकाव्यले जीवनको भौतिक तथा मानसिक दुवै प्रकारको विश्लेषण गरेको छ । महाकाव्यका प्रमुख पात्र अग्नि, ज्वाला र शिखा हुन् । यी एउटै परिवारका सदस्य हुन् । मङ्गलाचरणसहित यिनीहरूको पारिवारिक जीवनीबाट कथाको थालनी गरी वहुविवाह, सौतेनी

मामला र त्यसमा परेका प्रभावलाई देखाउँदै देशको राजनैतिक परिवेश, निरङ्कुश पञ्चायती व्यवस्था, प्रजातन्त्रको प्राप्ति माओवादी जनयुद्धलाई देखाउँदै प्रजातान्त्रिक आन्दोलनमा सक्रिय भएकाले अग्निज्वाला र शिखा अपहरणमा परेपछि मानव अधिकार र राष्ट्रियताको कामना गर्दै कथा समाप्त भएको छ।

स्वच्छन्दतावादी धारामा यथार्थिक दृष्टिकोण प्रस्तुत गरेर नारी स्वतन्त्रता र मुक्तिको आवाज महाकाव्यले मुखरित गरेको छ । यस काव्यमा गीतिलय वा लोक छन्द र मुक्तलय वा छन्दको प्रयोग गरिएको छ भने तृतीय पुरूष दृष्टिबिन्दुमा यो संरचित छ । अनुप्रास युक्त स्वच्छन्द र भावुक अभिव्यक्तिले भरिएका सरल भाषा शैली महाकाव्यमा पाइन्छ। उखान टुक्काहरूको प्रयोग शब्दबिम्व र प्रतीकको प्रयोग कवितामा यसरी रहेको पाइन्छ :-

कलिली मुना बनेकी टुना रूपकी ती जुना
जसमती वीणा लिएका छिना गर्दथिन् ती टुना

नौसर्ग, श्लोक ४५

समाजको रूढीबुढी छुट्टै एकातिर
ज्वाला नानी कुमलोबोकी लाग्ने ठिमीतिर

सातौ सर्ग श्लोक १८

रसगत विविधता रहेको यस महाकाव्यलाई मानसिक द्वन्दको मार्मिक काव्य भनी यसको भूमिकामा राष्ट्रकवि घिमिरेले लेखेका छन् । यस कृतिले नवलपरासीको साहित्यमा महत्त्वपूर्ण योगदान दिएको छ ।

### ४.१.२ खण्डकाव्य र खण्डकाव्यकार

कविताको लघुरूप फुटकर कविताभन्दा माथिल्लो र वृहत्रूप महाकाव्य भन्दा सानो रूपको भागको मझौला रूप नै खण्डकाव्य हो । खण्डकाव्य कविताकै विस्तारित एवम् वर्गीकृत रूप हो । खण्डकाव्यमा कुनै एक निश्चित घटना वा भागको वर्णन भएको हुन्छ र यसमा महाकाव्यका कतिपय लक्षण हुन्छन् भनिन्छ।[२] खण्डकाव्यमा समग्र जीवन मध्येको एक भागलाई धर्म, अर्थ काम मोक्ष मध्ये एकलाई तथा नौ रस मध्ये एक रसको परिपाक प्रयोगसहित एउटा मूल भावको प्रवाहमा कवितात्मक अभिव्यक्तिको संरचनाभित्र सु-सम्बद्ध संयोजनसहित प्रस्तुत गरिन्छ ।[३] यहाँ नवलपरासी जिल्लाको काव्य सिर्जना परम्परामा खण्डकाव्य वा सो समकक्षी काव्यको चर्चा गर्ने प्रयास गरिन्छ ।

२. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठः ने.रा.प्र.प्र. २०६०) पृ.३४ ।

३. ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य** (कीर्तिपुर, न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०६०) पृ. १६।

### ४.१.२.१ केशवराज शर्मा डुम्रे र उनको 'नारी' लघुकाव्य (२०४८)

वि.सं. २0२0 सालमा स्याङ्जा जिल्लाको सिरिवानी भन्ने ठाउँमा जन्मी नवलपरासी जिल्लाको शिवमन्दिर गा.वि.स. कोइलापानीका स्थायी बासिन्दा हुन् । साहित्य आनन्दका लागि मात्र हैन मानवहितका लागि पनि हुनुपर्छ भने कवि डुम्रेको 'नारी' लघुकोक खण्डकाव्य समकक्षको कृति मान्न सकिन्छ । यस कृतिको प्रकाशन वि.सं. २०४८ सालमा त्रिवेणी साहित्य परिषद्द्वारा भएको हो । इन्द्रबज्रा, उपेन्द्रव्रजा, उपजाति छन्दहरूको प्रयोग गरी लेखिएको यस कृतिमा नारी चेतना प्रबल भएर आएको छ । प्राचीन कालमा मानिस शक्तिशाली बन्न सक्नु भनेको गायत्री मन्त्र जप्नु र ध्यान गरेर बस्नु थियो । यिनै कार्यमा नारीहरू प्रतिबन्धित थिए भन्दै नारी उन्मुक्तिको चाहना राखिएको पाइन्छ।

प्रवृत्तिगत दृष्टिले नारीवादी स्वर, जीवनवादी आशावादी दृष्टिकोण र सामाजिक विभेदको विरोध पाइन्छ । कविता स्वच्छन्दतावादी, प्रगतिवादी धारामा रचिएका छन् । समाजमा व्याप्त कुसंस्कारले निर्मूल पार्दै परिवर्तनको आशा कविले यसरी व्यक्त गरेका छन् ।

परम्परालाई सबै हटा भन्ने
कुरा हैन नयाँ बताउँ
समाजमा चल्दछ रूढिवाद
छ अन्धविश्वास अनेक आज । पृ.११

नरनारी दुवैको सहयोगबाट मात्र सृष्टि सम्भव हुने कुरालाई यसरी व्यक्त गर्दै समनताको वकालत कवितामा गरेका पाइन्छ :-

दुवै जनाको रज वीर्य मिल्दा
मनुष्यको उत्पति हुन्छ भन्दा । पृ.१२

काव्यको भाषाशैली सरल र सहज छ । बिम्व, प्रतीक विधान काव्यमा खासै पाइँदैन । काव्य शान्तरसप्रधान छ भने माधुर्यगुण रहेको छ । काव्य नारीवादी चिन्तनमा केन्द्रित छ । यस कृतिले महिलालाई सक्रिय गराउन सके यसको उद्देश्य पूरा हुने थियो । नवलपरासीको साहित्यका लागि यो कृति महत्त्वपूर्ण छ ।

### ४.१.२.२ केदारनाथ उपाध्याय र उनको 'संसारदेखि लाग्छ सारै उराठ' काव्य (२०५८)

भक्ति कवि केदारनाथ उपाध्याय अधिकारी पाल्पामा जन्मलिई हाल नवलपरासी जिल्लाको अग्यौली गा.वि.स. ८ डण्डामा बसोबास गर्दै आएका छन् । बाबु माधवप्रसाद शर्मा २३।११८ दुध विनायक

वाराणासी-१ प्रकाशक रहेको "संसारदेखि लाग्छ सारै उराठ" काव्य वि.सं. २०५८ मा प्रकाशित महत्त्वपूर्ण कृति हो । यसमा समाजमा व्याप्त विकृति र विसङ्गतिको चित्रण गर्दै सांसारिक मोहजालमा जीवन दुःखी हुनुपर्ने कुरालाई देखाइएको छ ।

कविता उपजाति छन्दमा देखिएको छ भने यसले आस्थावादी, अहिंसावादी जीवन दर्शन बोकेको छ । कृतिमा आख्यान पक्ष क्षीण छ, कवित्व पक्ष प्रबल देखिन्छ । युवाहरूले जाँड, रक्सी, चोरीतिर लाग्ने सन्तानको अकर्मण्य व्यवहारले बुबा-आमा दुःखी बन्नु परेको देवी, देवताको पूजाको निहुँमा काटमार गर्ने दानवीय प्रवृत्ति स्वार्थी खिचातानीबाट देश अशान्त र आक्रान्त बनेको कुरालाई देखाउँदै सभ्य र शिष्ट समाजको निर्माण गर्न आह्वान गरेका छन् । कृतिमा नैतिकवान् चरित्रवान् आत्म चिन्तन र मानवतावादी प्रवृत्ति रहेको पाइन्छ । सरल, सुबोध, शालीन भाषाशैलीको प्रयोग गरिएको छ र कवितामा परिष्कारवादी धारा पाइन्छ । कण, शान्त, रस प्रधान रहेको यस काव्यमा माधुर्य गुण प्रबल छ । कवितात्मक शक्तिद्वारा कथ्यलाई परिष्कार लयात्मक, कलात्मक सुबोध्य प्रभावशाली बनाई दुष्कर्महरूप्रति घृणाभाव र सत्कर्मप्रति सम्मान भाव जगाउन यो आध्यामिक प्रकृतिको कृति सफल देखिन्छ। नवलपरासीको भक्ति साहित्य यात्रामा यस कृतिको महत्त्वपूर्ण स्थान रहेको छ।

### ४.१.२.३ कवि सदानन्द अभागी र उनको 'जीवनलीला' खण्डकाव्य (२०५८)

कवि सदानन्द अभागीको 'जीवनलीला' खण्डकाव्यले सामाजिक यथार्थतालाई प्रस्तुत गरेको छ। कविले नेपाली समाजमा देखिने चेलीवेटी बेचबिखनको सामाजिक समस्यालाई यस काव्यको मूल विषयवस्तु बनाएका छन् । यो समस्या आज राष्ट्रकै समस्या वनेको छ। राष्ट्रिय सवालको विषयमा काव्यलाई केन्द्रित गर्दै सहज भाषा शैलीमा काव्यको रचना गर्नु कविको विशेषता हो । यस काव्यमा कविले सामाजिक यथार्थवादी धाराको अवलम्वन गरेका छन् भने प्रकृति चित्रण तथा अभिव्यक्ति स्वच्छन्द प्रकारको छ । कथा नाटकीय लाग्छन्, यसर्थ यसलाई स्वच्छन्दवादी प्रवृत्ति पनि भन्न सकिन्छ । कविता वा खण्डकाव्य लोक छन्दमा रचिएका छन् । त्यसैले काव्य गेयात्मक सङ्गीतात्मकताको स्वाभाविक रूप रहेको छ ।

यस खण्डकाव्यमा शब्दबिम्बहरू, अर्थबिम्बहरू, प्रतीकहरूको प्रयुक्ति पनि पाइन्छ । शब्दालङ्कार पनि सजिएकै छन् । यसका केही उदाहरणहरू यी रहेका छन् :

बज्र परेसरी हाम्रा बोली बोल्नु पर्छ
दुई जिब्रे शब्दावली सधैं त्याग्नु पर्छ । एकादश पाद श्लोक ५७

रूपरू अलङ्कार र फूलको थुँगा प्रेमीको प्रतीकको रूपलाई कविले यसरी प्रस्तुत गरेका छन् ।

कता कता फूलको थुँगा हराएको थियो

आज मात्र भेटे अघि दर्शन दियो                    एकादश पाद श्लोक. ५

तेह्र खण्ड वा सर्गमा संरचित यस कृतिले नारी चेतना प्रस्तुत गर्दै नारी हकहित अस्मिताको रक्षा गर्ने कविको उद्देश्यलाई आलोकित गरेको पाइन्छ । यस कृतिले नवलपरासीको साहित्य भण्डारमा महत्त्वपूर्ण स्थान प्राप्त गरेको पाइन्छ ।

### ४.१.२.४ श्यामप्रसाद न्यौपाने र 'झाँसीकी रानी' खण्डकाव्य (२०६३)

वि.सं. २०२६ सालमा स्याङ्जा जिल्लाको निबुवाखर्कमा जन्मिएका श्यामप्रसाद न्यौपाने रामनगर-१ नवलपरासीका स्थायी बासिन्दा हुन् । प्राध्यापन पेशामा संलग्न न्यौपाने **देवचुली** र **इन्द्रधनुष** पत्रिकाका सम्पादक तथा विभिन्न साहित्यिक सङ्घसंस्थामा आवद्ध छन् । नवलपरासी साहित्य परिषद्द्वारा वि.सं. २०६३ सालमा प्रकाशित **झाँसीकी रानी** खण्डकाव्य कवि न्यौपानेको तेस्रो प्रकाशित कृति हो । छिमेकी मित्र देश भारतको ऐतिहासिक वीराङ्गना **झाँसीकी रानी**को गाथालाई लिएर काव्य संरचित छ।[४] वीर र वीराङ्गना जुनसुकै देशका भएपनि सार्वजनीन, सार्वकालीन एवं सर्वदेशीय हुन्छन्। प्रस्तुत काव्य वर्णमात्रिक छन्दका विभिन्न लयहरूमा समेटिएको भएपनि मूल रूपमा वर्णमात्रिकका अनुष्टुप छन्दमा लेखिएको छ । प्रस्तुत काव्यले ऐतिहासिक राष्ट्रिय महिमालाई दर्साएको छ। काव्यको भाषाशैली सहज, सरल र परिष्कृत रहेको छ । कविको काव्यिक चेतना प्रवाह स्वच्छन्दतावादी देखिन्छ। कवि स्वयम् सर्वज्ञ भएर यसको वर्णन गरेका छन् । तृतीय पुरूष दृष्टि बिन्दुलाई अवलम्बन गरेको यो कृति नायिका प्रधान कृति हो । काव्यकी नायिका झाँसीकी रानी मनु हुन् । मनुको शौर्य, वीरत्व एवम् बलिदानी जिन्दगीको सुखदुःखात्मक अनुभूति ऋतु बिम्बका माध्यमबाट कविले यसरी प्रस्तुत गरेका छन् ।

जिन्दगी कहिले वर्ष भेलझैं बग्छ भल्मल

कहिले शारङ्गीयाम नौरंगे रश्मि झल्मल (पृ.१८)

वीर रस अङ्गी भएको यस काव्यमा करुण, शृङ्गार, वीभत्स शान्त आदि रस अङ्गका रूपमा रहेको पाइन्छ । आलङ्कारिक रूपमा उपमा, उत्प्रेक्षा, रूपकादि अलङ्कारको प्रयुक्ति देखिन्छ। नेपाली वाङ्मयजगतमा युगबोधी, जीवनबोधी, राष्ट्रबोधी र मानवीय अस्मिताबोधी प्रस्तुत कृति नवलपरासीको साहित्यका क्षेत्रमा महत्त्वपूर्ण मानिन्छ ।

---

४. दैवज्ञराज न्यौपाने, ***सम्मतिका केही शब्दहरू, झाँसीकी रानी*** श्यामप्रसाद न्यौपाने (नवलपरासीः नवलपरासी साहित्य परिषद्, २०६३) पृ. क ।

### ४.१.३. कवि र कवितासङ्ग्रह

विद्वान्हरूका अनुसार कविता भनेको "कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना हो ।[५] कविता कविद्वारा रचिन्छ । त्यहाँ उनका भावना, विचार र भावहरूको उसका भाषा शैली शिल्पको प्रयोग गरिन्छ । मानव सभ्यताको विकासको क्रममा भाषाको विकास भयो । त्यसपछि लोकगीत, गाथा र गाथाचक्रका क्रमिक शृङ्खला हुँदै कविताको प्रारूप तयार भएको हो । कविताले मानवीय जीवनजगत्को भावनालाई प्रस्तुत गर्न केन्द्रीय लक्ष्यलाई श्रुतिमधुर र लयात्मक तरिकाले वर्णन गर्दै आएको छ ।[६] नवलपरासीको साहित्यिक यात्रामा कविता विधा अन्य विधाका तुलनामा उर्वर देखिन्छ । यहाँ नवलपरासी जिल्लाका प्रमुख कवि र कविता सङ्ग्रहको सामान्य चर्चा गर्ने प्रयास गरिन्छ ।

#### ४.१.३.१. कृष्ण कँडेल र उनको 'बुद्धका आँखामा देश' कवितासङ्ग्रह (२०५४)

जनकविकेशरी धर्मराज थापाद्वारा प्रभावितभई साहित्यिक फाँटमा कलम चलाउन थालेका कवि कृष्ण कँडेलको जन्म वि.सं. २०17 सालमा बाग्लुङको बिहुँकोटमा भएको हो । हाल उनी नवलपरासी जिल्लाका स्थायी बासिन्दा हुन् । वादमुक्त र स्वतन्त्र लेखनमा रुचि राख्ने कँडेल आफूले देखेको समाज र भोगेको जीवनलाई यथार्थपरक रूपमा लेख्ने गर्दछन् । वि.सं. २०५४ सालमा प्रकाशित बुद्धका आँखामा देश कविता सङ्ग्रहमा समाजमा ब्याप्त विसङ्गतिप्रति आक्रोश जनाउँदै मानवताको पक्षमा वकालत गरेको पाइन्छ । प्रगतिवादी धारामा लेखिएका उनका कविताहरूले जनआन्दोलन प्रजातन्त्रको प्राप्तिपछि पनि समाजमा ब्याप्त विकृति र विसङ्गतिको अन्त्य नभएकोमा कवि दुःख ब्यक्त गर्दछन् । राष्ट्रवादी चिन्तन र यथार्थवादी दृष्टिकोण प्रस्तुत गर्नु कविको प्रवृत्ति हो । भावगत विविधता भित्र देशभक्तिको भावनालाई बिम्ब र प्रतीकका माध्यमबाट कविले यसरी ब्यक्त गरेको छन् ।

बुद्ध युद्ध पनि हुन सक्छ
मैनबत्तीको प्रकाशसँगै अब हामी उठ्नु पर्छ । पृ. १५
केही सिर्जनालाई
केही मुक्तिका अध्यायहरूलाई
पासोले बाँधेको छ । (पृ. २९)

---

५. बालकृष्ण पोखरेल (नि.) **नेपाली वृहत् शब्दकोष** (दो.सं.) (काठः ने.रा.प्र.प्र. २०५२) पृ.२२५ ।

६. गुणराज भुसाल, (सम्पा.) **नेपाली नाटक र कविता** (काठः क्षितिज प्रकाशन, २०५९) पृ. ९६ ।

अधिकांश कवितामा सरल र सहज भाषाशैलीको प्रयोग पाइन्छ भने अभिधा अर्थमा अर्थबोध गराउनुका साथै गद्य कवितामा पनि साङ्गीतिकता र अनुप्रासमयता पाइनु कविको विशेषता हो । प्रसाद, ओज गुण रहेका यस कविता सङ्ग्रहमा वीर, शृङ्गार, करुण शान्त रस प्रधान छन् । स्वतन्त्र र मानवतावादी जीवनदृष्टि प्रस्तुत गर्दै रचना गरिएको यस कृतिले नवलपरासी जिल्लाको साहित्य उत्थानमा महत्त्वपूर्ण योगदान दिएको छ ।

### ४.१.३.२. गोविन्दराज विनोदी र 'मेरो वर्तमानता' कवितासङ्ग्रह (२०४७)

वि.सं. २०१० सालमा कास्की जिल्लाको रुपाकोटमा जन्मलिई हाल नवलपरासी जिल्लाको गैंडाकोटमा स्थायी रूपमा बस्दै आएका गोविन्दराज विनोदी नवलपरासी जिल्लाका स्थापित साहित्यकार हुन् । साहित्यमा युगबोध, यथार्थता, कोमल बौद्धिकता र कलात्मकता हुनुपर्छ[७] भन्ने विनोदी त्यस्तो व्यक्तित्व हुन् । जसले शास्त्रीय छन्दलाई मदक्रीले मुरलीका तालमा सर्प नचाएझैं नचाउन सक्छन् ।[८] कवितामा पूर्ण परिष्कृत, सुन्दर, भावादिव्यक्ति र कवि माधव घिमिरे झैं थोरैमा पनि परिपूर्ण अभिव्यक्ति दिनु कवि विनोदीको विशेषता हो । **मेरो वर्तमान** कवितासङ्ग्रह २०४७ सालमा प्रकाशित कवि गोविन्दराज विनोदीको पहिलो प्रकाशित कविता सङ्ग्रह हो । यस कवितासङ्ग्रहले सामाजिक विकृति र विसङ्गतिलाई प्रतिकार गर्नका निम्ति पाठकलाई आन्दोलित गराउँछ । यस कृतिमा जम्मा ४५ वटा कविताहरू छन् । अधिकांश कविताहरू शार्दूलविक्रीडित, वसन्ततिलका, इन्द्रवज्रा, अनुष्टुप आदि छन्दका छन् । जसमा शिक्षक जीवनवृत्तको अनुभूति राष्ट्रिय चेतना प्रकृति प्रेमको भावनाका साथै सामाजिक विसङ्गति र विकृतिप्रतिको विरोध रहेको पाइन्छ । कवितामा कतै आदर्श बोकेको पाइन्छ भने कतै यथार्थको प्रस्तुति गरेको पाइन्छ । विभिन्न भाव र बिम्बको प्रयोग गरी कवितामा सजीवता भर्नु कविको विशेषता हो । क्रूर शासन जमाउने सत्तासीनमाथि बिम्ब र प्रतीकको सहायता लिएर व्यङ्ग्य गर्दै स्वतन्त्ररूपमा जन्मिएको मान्छेले पछिसम्म पनि स्वतन्त्रताकै चाहना गर्दछन् भन्दै मानवीय स्वतन्त्रताको वकालत 'ढाडे बिरालोको आत्मकथा' शीर्षकमा कविले यसरी व्यक्त गरेका छन् :-

चिरी कालो रात्री नव दिवस चाहन्छ हृदय
हिमाली छायाँमा विपुल सुख चाहन्छ हृदय
दबाएमा दब्ला तन, तदापि दब्दैन हृदय
कसैको पञ्जामा निमिषभर बस्दैन हृदय । (पृ. २४)

कवितामा ओज, प्रसाद, माधुर्य गुण रहेका छन् । कृतिमा शास्त्रीतावादी, स्वच्छन्दतावादी, प्रगतिवादी धाराका साथै राजनैतिक सचेतता पाइन्छ ।

---

७. गोविन्दराज विनोदीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

८. नारायणप्रसाद खनाल, **समीक्षाका आकारहरू** (नवलपरासी, त्रिवेणी साहित्य परिषद् २०६५) पृ. ११८ ।

### ४.१.३.३ बाबुराम लामिछाने र उनको, प्रतिद्वन्द्वीको खोजी कवितासङ्ग्रह (२०५३)

बाबुराम लामिछानेको जन्मस्थान पर्वत जिल्लाको सिरसुवा भन्ने ठाउँमा भएको हो । हाल उनी नवलपरासी जिल्लाको मुकुन्दपुर गा.वि.स. वडा नं. ७ मा स्थायीरूपमा बसोबास गर्दै आएका छन् । **वागीश्वरी**, **गोरखापत्र**, **रूपरेखा**, **गरिमा** र **मधुपर्क** जस्ता विभिन्न पत्रिकामा कथा र कविता प्रकाशित गरेका लामिछानेको कवितातर्फ पुस्तकाकार कृति प्रतिद्वन्द्वीको खोजी कवितासङ्ग्रह (२०५३) हो । उनका अन्य दुई कथासङ्ग्रह पनि प्रकाशित छन् । यो कविता सङ्ग्रह जनआन्दोलन २०४६ सँग सम्वन्धित छ जनआन्दोलन पूर्वका र आन्दोलनपछि गरी दुई समूहमा छुट्टिएका छन् । राष्ट्रिय जनआन्दोलन हुनुभन्दा अगाडिको परिवेशमा लेखिएका कविताहरूमा तत्कालीन पञ्चायती व्यवस्थाको विरोध गर्नुका साथै प्रजातन्त्रको चाहनालाई व्यक्त गरिएको छ । कवितामा पञ्चायती व्यवस्थामा भोग्नु परेको अन्याय र अत्याचारबाट कवि हृदय ज्यादै आन्दोलित भएको छ । भाषिक सरलता, सबलता, समाजचेतना, राष्ट्रवादी चेतना, युगचेतना, परिवर्तन र विद्रोही भावना कविताका विशेषता हुन् । अधिकांश कविता, प्रगतिवादी, स्वच्छन्दतावादी धारामा संरचित छन् । ओज, प्रसाद गुण प्रधान रहेका यस कवितासंग्रहमा वीर, करुण, प्रमुख छन् । कविले यस सङ्ग्रहका कवितामा काल्पनिकतालाई महत्त्व नदिई देश काल परिस्थिति अनुसार यथार्थतालाई बोध गरेका छन् । 'प्रतिद्वन्द्वीको खोजी' शीर्षकको कविताले यस कृतिको शीर्षक सार्थकता गर्दै अन्यायको विरोधमा खबरदारी गर्दै प्रजातन्त्रप्रेमी भावलाई यसरी व्यक्त गरेका छन्ः-

मर्न लोभ लागोस्  
र महसुस गर्न परोस् मैले  
मलाई हाँक हुन सक्ने यहाँ अर्को कुनै  
प्रतिद्वन्दी पनि छ । (पृ. ३७)

यसरी गद्य कविताभित्र काव्यिक कोमल कला प्रस्तुत गर्दै स्वतन्त्रतावादी जीवनदृष्टि र न्यायको खोजी गर्ने उनको यस कवितासङ्ग्रहले नवलपरासीको साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

### ४.१.३.४ पुष्पराज कोइराला र उनको 'बिहानी र आकाश' कवितासङ्ग्रह (२०५६)

वि.सं. २००६ सालमा लमजुङ जिल्लाको खमारीबोट कुन्छा भन्ने ठाउँमा जन्मिएका कवि पुष्पराज कोइराला हाल नवलपरासी मुकुन्दपुर - ८ का स्थायी बासिन्दा हुन् । 'बिहानी र आकाश कवितासङ्ग्रह उनको एकमात्र प्रकाशित पुस्तकाकार कृति हो । वि.सं. २०५६ सालमा लेखनाथ जयन्तीको अवसर पारी त्रिवेणी साहित्य परिषद् नवलपरासीद्वारा प्रकाशित यो कृति आकारका दृष्टिले सानो जम्मा

चौंतीस पृष्ठको रहेपनि महत्त्वपूर्ण मानिन्छ । गद्य, पद्य र लोकलयलाई कवितात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत गरिएको यस कृतिमा जम्मा सैंतीसवटा कविताहरू छन् ।

यसलाई तीन खण्डमा छुट्याई प्रथम खण्डमा गद्य शैलीका आठ कविता द्वितीय खण्डमा गीतिलयका चौध कविता र तेस्रो खण्डमा पद्य शैलीमा पन्ध्र कविता रहेका छन् । स्वच्छन्दतावादी भावधारामा कवितात्मक अभिव्यक्ति दिन सफल कवि कोइरालाका कविताहरूले उत्कृष्ट साहित्यिक प्रतिभा देवकोटा, मोतीराम र भानुभक्तको सम्झना एवम् प्रशंसा गरेर स्रष्टा सम्मानको प्रवृत्ति अङ्गालेका छन् । सरल बोधगम्य भाषा शैलीको प्रयोग, रसविविधता सौन्दर्यप्रेमी जीवनदृष्टि कवितामा पाइन्छ । राष्ट्रियता, प्रकृति वर्णन, सामाजिक, विसङ्गति कविताका विषयवस्तु हुन् । पाठकलाई कर्तव्यबोधको पाठ सिकाउँदै कार्ययोगी बन्नु पर्ने सन्देश कवितामा पाइन्छ ।

### ४.१.३.५ एकनारायण पौडेल र 'उनको बादलका चोटहरू' कवितासङ्ग्रह (२०५५)

कवि एकनारायण पौडेल वि.स. २०२३ सालमा स्याङ्जा जिल्लामा जन्मभई हाल नवलपरासीको दुम्किबासका स्थायी बासिन्दा हुन् । प्राध्यापन पेसामा संलग्न कवि पौडेलका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छापिएका भए पनि पुस्तकाकार कृति भने 'बादलका चोटहरू' कविता सङ्ग्रह (२०५७) मात्र हो । चितवन वाङ्मय प्रतिष्ठानबाट प्रकाशित यस कृतिमा युगीन चेतना मानवीय संवेदना, प्रेमप्रणयता एवम् सामाजिक चेतना मुखरित भएको छ । सामाजिक यथार्थवादी धारा, प्रगतिवादी चिन्तन तथा स्वच्छन्दतावादी प्रवृत्ति कविताहरूमा पाइन्छ । यस कृतिमा जम्मा २२ वटा कविताहरू सङ्ग्रहित छन् । तिनलाई २ भागमा विभाजन गरी पहिलो भागमा १५ वटा कविता गद्यात्मक शैलीमा संरचित छन् भने दोस्रो भागका ७ कविता लोकलयमा लेखिएका छन् । करुण, शान्त रस प्रमुख रहेका कविताहरूमा सुमधुर पदावली सरस र सरल भाषाशैली रहेको छ । कलात्मक सौन्दर्य चेतनाले युक्त बनाउनका लागि मूर्त-अमूर्त चित्रात्मक संयोजनालाई अपनाइएकाले कृति ओजस्वी बनेको छ । कारूणिक भावमा मानवेत्तर वस्तुलाई मानवीकरण गरी कवितात्मक अभिव्यक्ति दिनले कवि सफल छन् । 'प्रतिबन्धित खम्बा' शीर्षकमा खम्बा पनि समस्याले जकडिएको मानव प्रतीकको रूपमा कवि यसरी व्यक्त गरेका छन् ।

दुई तीनतिरबाट कस्सिएको छ बेस्सरी  
नढलोस् भनेर हावा हुरी देखि । पृ. ६

युग जीवनका कटु यथार्थलाई अभिव्यक्त गर्दै सन्देशात्मक शैली देखाउनु कविको प्रवृत्ति देखिन्छ । कवितामा प्रयुक्त शब्द चयन अभिव्यक्ति कला एवम् भाव सबलता नै कविका प्रमुख वैशिष्ट्य भएका छन् ।

### ४.१.३.६ सदानन्द अभागी र उनको 'आफ्नै व्यथाहरू' कवितासङ्ग्रह (२०५७)

सिद्धार्थ प्रिन्टिङ्ग प्रेस, कनिवहाल ललितपुरबाट मुद्रित आफ्नै व्यथाहरू कवितासङ्ग्रह वि.सं. २०५७ सालमा प्रकाशित अभागीको प्रथम पुस्तकाकार कृति हो । छोटो समयमा महाकाव्य, खण्डकाव्य, उपन्यास जस्ता साहित्यका हरेक विधामा कमल चलाउने कवि सदानन्द अभागी नवलपरासी जिल्लाको साहित्य भण्डार भर्न टेवा पुऱ्याउने एक विशिष्ट व्यक्तित्व हुन् । प्रस्तुत आफ्नै व्यथाहरू कवितासङ्ग्रहमा जम्मा उनान्पचासवटा फुटकर कविता र एउटा गीत सङ्ग्रहित छन् । कविताहरू अधिकांश लोकछन्दमा रचिएका छन् । अनुप्रासहरू खुब मिलेका छन् । सहज र सरल अभिव्यक्ति भएको धेरैजसो कविता अभिधार्थ बोध्य छन् । तैपनि कतिपय कविताहरू भने बिम्व र प्रतीकहरूले सजिएका र भाव गम्भीरताले गरिएका छन् । एक्लो रात शीर्षकको कवितामा कविले बिम्ब वा प्रतीकको माध्यमबाट गम्भीर अर्थ बोध यसरी व्यक्त गरिएको छ :-

प्रकाशको खोजी गर्दै, दहिलो खोल्न गएँ
दैलो खोली हेर्दा खेरी, एक्लो रात पाएँ । पृ. ३८

कविता चोटिलो मुक्तक जस्तै लाग्छ । भाषा-शिल्पको परिष्कारलाई लोकछन्दमा त्यति महत्त्व दिइँदैन । जहाँ सम्म वस्तुताको कुरो वा भाव विचारको कुरो हो, विचार र भावका दृष्टिले कविता सबल छन् । अधिकांश कविताहरू स्वच्छन्दतावादी एवम् शृङ्गारिक धाराका छन् । कतिपय कविताहरू सामाजिक भावना र देशभक्तिका भावपूर्ण ललित स्वर पाइन्छ । जस्तै :

यो मेरो जीवन कथा हो ।
यस देशको माटोबाट अलग्याई,
कसैले लेख्न खोजे लेखिदैन । पृ. ३२

यस कवितासङ्ग्रहले नवलपरासको साहित्य क्षेत्रमा महत्त्वपूर्ण योगदान प्रदान गरेको छ ।

### ४.१.३.७. कवि भूपेन्द्र शर्मा भट्टराई र उनको रित्तो गिलास र अनारका आँखाहरू' कवितासङ्ग्रह (२०५९)

साहित्यका क्षेत्रमा भू.श.भ. गण्डर्षि उपनामले परिचित भूपेन्द्र शर्मा भट्टराई नवलपरासी जिल्लामा साहित्यिक सङ्घ-संस्था स्थापनाका लागि सक्रिय भएर लाग्ने व्यक्तित्व हुन् । उनको जन्म २०21 सालमा नवलपरासी जिल्लाको कुस्नहरी गाउँमा भएको हो । कवि भट्टराईका कथा, कविता, निवन्ध र समालोचना **गरिमा, रत्नश्री, पाल्ही नन्दन स्वदेश राष्ट्रवाणी** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यिनी अस्तित्ववादी प्रयोगवादी चिन्तन धाराका कवि तथा समालोचक हुन् । उनले **मृगनयनी, देवचुली, परासी टाइम्स साप्ताहिक, पाल्ही सन्देश, छुनामुना** जस्ता पत्रिकाहरूको सम्पादन गरेका छन् ।

भट्टराईको **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रह नवलपरासी साहित्य परिषद् तथा देवचुली प्रकाशन कावासोतीद्वारा वि.सं. २०५८ मा प्रकाशित कृति हो । जम्मा एक्काइसवटा फुटकर कविताहरू सङ्ग्रहित यस कृतिमा विसङ्गत एवम् जटिल जीवनबीच अस्मिताको खोजी गरेका छन् । गद्य शैलीमा संरचित यस कवितासङ्ग्रहमा जस्ता आनुप्रासिक सचेतना, भावगत तरलता, स्वस्फूर्त मूर्त शब्द संयोजन र बिम्बात्मक अर्थ पाइनु यिनका कविताको विशेषता हो । **अनारको आँखा** शीर्षकको कवितामा कविले अनारको बिम्बका सहाराले नेपालको भौगोलिक र भाषिक एकीकरणका साथै शान्तिको कामना यसरी प्रस्तुत गरेका छन् ः

मेरो देशको आँगनमा फक्रिएको आँखा
अनारको आँखा
पृथ्वी र भानुको आँखा
रातो तातो र नरम-नरम आँखा
स्वयंभूको आँखा । (पृ. ७)

**युगबोध, राष्ट्रप्रेम,** ऋषिभावले युक्त यस कवितासङ्ग्रहका कविता नेपाली साहित्यको प्रयोगधर्मी समसामयिक धारामा प्रवाहित छन् । रसालङ्कारादिले विविधता रहेको यस कृतिले नवलपरासीको साहित्यमा महत्त्वपूर्ण योगदान दिएको छ ।

### ४.१.३.८ गोविन्दराज विनोदी र उनको 'अविश्रान्त' कवितासङ्ग्रह (२०५८)

**अविश्रान्त** कवितासङ्ग्रह विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि. गैंडाकोटद्वारा वि.सं. २०५८ सालमा प्रकाशित कवि विनोदीको चौथो कवितासङ्ग्रह हो । यस कविता सङ्ग्रहमा जम्मा ६८ वटा कविताहरू सङ्ग्रहित छन् । मूलतः प्रकृतिको तन्मय र मन्मय चित्रण गर्दै जीवनका अनुभूति र भोगाइको प्रकटन एवं समसामयिक युगबोध र जीवनबोध कविताका विषय बनेका छन् । **अविश्रान्त** छन्द प्रयोगशालामा छन्दरसायनको प्रजनक हो । भाव सौन्दर्य र शिल्पसौन्दर्यको समीकरण हो ।[९] मृदु-मधुर पदावली र शब्दसंयोजनमा कलात्मक उच्चता कविताहरूमा देखिन्छ । अधिकांश कविता अनुष्टुप् र शार्दूलविक्रीडित छन्दका छन् शिल्प विधानमा सुक्ष्मांशतः परिष्कारवादी चेतना र भाव एवं वस्तुविन्यासको अभिव्यञ्जनामा पूर्णतः नवस्वच्छन्दतावादी प्रवृतिको सुस्पष्टता कवितामा पाइन्छ । प्रकृति जगत् र अन्य परिवेशबाट ग्रहण

९. लक्ष्मणप्रसाद गौतम, ***अविश्रान्तभित्रका अविश्रान्तिहरूः सूत्रात्मक समीक्षा,*** **अविश्रान्त** गोविन्दराज विनोदी (वि.सा.सू.स.स.के.) पृ.फ

गरिएका बिम्ब र प्रतीकहरूको व्यापक प्रयुक्ति एवं सरल र सहज अभिव्यक्तिले कविता उच्चकोटीका छन् । शरद्‌रजनीको तनमय र मनमय चित्रण गर्दै प्रकृतिलाई मानवीकरण गरी अलङ्कार र बिम्वको सघन प्रयुक्ति शरद्‌रजनी शीर्षकको कवितामा कविले यसरी प्रस्तुत गरेका छन् :-

काली छ आफू तर सुन्दरी छ

ऊ भित्र सम्मोहन माधुरी छ

छन् नेत्र काला तर दृष्टितारो

छ विश्वकै निम्ति सदैव प्यारो । पृ. २५

विविध संवेदना र भावहरूको स्वच्छन्द कल्पना प्रसूतको अभिव्यञ्जना भएको यस कवितासङ्ग्रह सङ्ख्यात्मक र गुणात्मक दृष्टिले महत्त्वपूर्ण कृति रहेको छ । नवलपरासीको साहित्यमा यस कृतिको महत्त्वपूर्ण स्थान छ ।

### ४.१.३.८ चेतनारायण भुसाल र उनको 'खण्डहर' कवितासङ्ग्रह (२०६०)

वि.स. २०१७ सालमा पर्वतको मुडकुवा भन्ने ठाउँमा जन्मिएका चेतनारायण भुसाल हाल नवलपरासी जिल्लाको कावासोतीका स्थानीय वासिन्दा हुन् । विभिन्न पत्रपत्रिकामा कविता र कथाहरू प्रकाशित गरेका भुसालको **खण्डहर** कवितासङ्ग्रह (२०६०) पहिलो पुस्तकाकार कृति हो । त्रिवेणी साहित्य परिषद्‌द्वारा प्रकाशित यस कवितासङ्ग्रहमा जम्मा पैंतालीसवटा कविता संग्रहित छन् । कवितात्मक वैशिष्ट्यलाई केलाउँदा कविताहरूमा राष्ट्रवादी स्वर, युगीन चेतना, मानवाधिकार र स्वतन्त्रताका, भावलहरी सल्बलाएको पाइन्छ । कवितामा स्वतन्त्रवादी जीवनदर्शन देखाउँदै मानवताको पाठ सिकाइएको छ । सामाजिक यथार्थवादी तथा समसामयिक धारामा लेखिएका कविताहरूले देशमा आन्तरिक द्वन्द्व पीडाले मानवताको ह्रास आएको देखाउदै परिवर्तनको आशा गरेका छन् । गद्यात्मक शैलीमा लेखिएका कविताहरूमा बिम्ब र प्रतीक विधानको पनि अवलम्बन गरिएको छ । कविले मानव अधिकारको हनन र द्वन्द्व पीडाबाट मुक्तिको चाहना गर्दै बिम्ब र प्रतीकका माध्यमबाट 'बहाना चाहिएको छ अलिकति' शीर्षकको कविता यसरी व्यक्त गरेका छन् :-

सेता काला र पहेला वर्गमा

विभक्त मान्छेहरू !

खबरदार,

तिमीहरू निम्त्याउन खोज्दैछौ

तेस्रो विश्व युद्ध ।

सरल भाषाशैलीको प्रयोग गरिएको यस कवितासङ्ग्रहका कवितामा माधुर्य ओजगुण तथा वीर, करुणरस प्रमुख रहेका छन् । भावका दृष्टिले विविधतामय रहेका कविताहरू छन् । सामाजिक परिवेशमा फेला परेका दुःख पीडा विसङ्गतिलाई कविता शक्तिद्वारा प्रकट गर्नु कविको विशेषता देखिन्छ । नवलपरासी जिल्लामा यस कृतिको महत्त्वपूर्ण स्थान रहेको छ ।

### ४.१.३.१० कृष्णादेवी शर्मा (श्रेष्ठ) र उनको 'सृष्टि सौगात' कवितासङ्ग्रह (२०६४)

कृष्णादेवी शर्मा वि.सं. २००८ सालमा पर्वत जिल्लामा जन्मलिई हाल नवलपरासी जिल्लाको प्रगतिनगर - ३ की स्थायी बासिन्दा हुन् । नेपाली साहित्यको गद्य-पद्यका दुवै विधामा कलम चलाउने नारी प्रतिभा शर्मा नवलपरासीको साहित्य उत्थानमा निकै सक्रिय छन् । **सृष्टि सौगात** कवितासङ्ग्रह वि.सं. २०६४ सालमा त्रिवेणी साहित्य परिषद् नवलपरासीद्वारा प्रकाशित कृति हो । यस कवितासङ्ग्रहमा शास्त्रीय वार्णिक एवम् मात्रिक छन्दमा जम्मा ५४ वटा कविताहरू रहेका छन् । जम्मा २८ वटा छन्दमा रचना गरिएको यस कृतिलाई छन्द प्रयोगको महत्त्वपूर्ण कृति मानिन्छ । छन्दमा कविता लेख्ने प्रवृत्तिमा ह्रास आइरहेको बेलामा नवोदित स्रष्टालाई छन्दमा कविता लेख्नु पर्छ भन्ने भावनालाई यस कृतिले अभिप्रेरित गरेको छ । भावगत सघनता, कलात्मकता, सम्प्रेषणीयता र प्रभावोत्पादकता सृष्टि सौगातको विशेषता नै बनेको छ ।[१०] विषय विविधता र भावगत विविधताका अभिव्यञ्जना कवितामा पाइन्छ । माधुर्य र प्रसाद गुण रहेका उनका अधिकांश कविता सरल भाषा शैलीमा बोधगम्य छन् । परिष्कारवादी शास्त्रीयतावादी चेतनालाई आत्मसात् गरेका यस कृतिले काव्यिक गरिमामा उचाई थपेको छ । शान्त, करुण र शृङ्गार रसप्रधान रहेका कवितामा उपमा उत्प्रेक्षा र रूपकादि अलङ्कारको प्रयुक्ति देखिन्छ । यस कविता सङ्ग्रहले जीवनप्रतिको अनुराग, गरिबीबाट मुक्ति, स्वतन्त्रता, नारी जागृतिप्रति आह्वान, शान्तिको कामना, प्रकृति वर्णनका साथै प्रेमभावको झङ्कार पनि कृतिमा पाइन्छ । सुकोमल शब्द संयोजन एवम् पदलालित्यको श्रुतिमधुरता यस कृतिको विशेषता हो । नवलपरासीको साहित्यिक क्षेत्रमा यस कृतिको महत्त्वपूर्ण स्थान रहेको छ ।

### ४.१.३.११. लोकनाथ खरेल र उनको 'अक्षर यात्री' कवितासङ्ग्रह (२०६५)

कवि लोकनाथ खरेलको जन्म २०२० सालमा गुल्मी जिल्लाको अर्लाङ्कोटमा भएको थियो । हाल नवलपरासी जिल्लाको शिवमन्दिरमा स्थायीरूपमा बसोबास गर्ने खरेल प्राध्यापन पेसामा संलग्न छन् । त्रिवेणी साहित्य परिषद्द्वारा वि.सं. २०६५ सालमा प्रकाशित कवि लोकनाथ खरेलको **अक्षर**

---

१०. सदानन्द अभागी, ***सृष्टि सौगातलाई नियाल्दा,*** **जनमत** साहित्यिक मासिक (वर्ष २६, अङ्क ४, २०६६) पृ.४१ ।

**यात्री** कवितासङ्ग्रह प्रथम प्रकाशित कृति हो । जम्मा ६८ ओटा पद्यकविता सङ्ग्रहित प्रस्तुत कृतिमा कविका विभिन्न विषय र विभिन्न भावका कविताहरू रहेका छन् । यस सङ्ग्रहमा शार्दूलविक्रीडित छन्दका ३६ कविता छन् भने मन्दाक्रान्ता, वसन्ततिलका, तोटक, वंशस्थ, उपेन्द्रबज्रा र झ्याउरे छन्दमा लेखिएका छन् । अक्षरयात्री कवि लोकनाथ खरेलका जीवनानुभूति यथार्थ र कोमल कल्पनाहरूको मनोहर सङ्गम हो ।[११] स्वच्छन्दतावादी परिष्कारवादी धारामा लेखिएका यस सङ्ग्रहमा युगबोध, प्रणयचेतना प्रकृति चेतनाको सबलता, कलात्मक सौदर्न्यको परिपाक पाइन्छ, विभिन्न रस, माधुर्य गुण, अलङ्कारहरूको समीकरण कवितामा पाइन्छ । कविले भाषिक सरलता एवं सहजतामा प्रौढ अभिव्यक्तिको कुशलता दिएका छन् । कृतिभित्र सत्य र प्रकृतिका रहस्यहरूको शाश्वत गर्जन सुन्दर ढङ्गमा गरिएको पाइन्छ । मृदु-मधुर पदावली र शब्द संयोजनमा कलात्मक उच्चताको सम्प्राप्रि छन्देली कवि लोकनाथ खरेलको विशेषता बनेको छ नवलपरासीको साहित्य यात्रामा छन्दोबद्ध कविताका क्षेत्रमा उनको यस कृतिले महत्त्वपूर्ण योगदान प्राप्त गरेको छ ।

### ४.१.३.१२ गोविन्दराज विनोदी र उनको 'हिमस्पर्श' कवितासङ्ग्रह (२०६६)

**हिमस्पर्श** कवितासङ्ग्रह, पल्लव साहित्य प्रतिष्ठान चितवनद्वारा वि.स. २०६६ मा प्रकाशित कवि गोविन्दराज विनोदीको कवितासङ्ग्रह हो । छन्दका कुशल शिल्पी कवि गोविन्दराज विनोदीका अनुष्टुप् छन्दमा रचित सयओटा कविताको यो सङ्ग्रह अनुभूति र चिन्तनको बेजोड प्रस्तुति हो । प्रस्तुत कृतिमा मानतावादी स्वर, याथार्थिक बिम्वाङ्कनको सूक्ष्मरूपका साथै तार्किकता, बौद्धिकता, हार्दिकता पाइन्छ । स्वच्छन्दतावादी र सामाजिक यथार्थताको धारामा रचिएका उनका कविताहरू एक रस एक भावको साटो विविध रस विविध अलङ्कार र विविध आस्वादनयुक्त भावनाका साथ श्रुतिमनोहर भावविन्यासयुक्त प्रसाद र माधुर्यजस्ता काव्यगुण युक्त रहेका छन् । पदलालित्यमयी अर्थगुरुताको शब्दगुम्फनयुक्त काव्यिक कुशलताको आलङ्कारिक प्रयुक्तिलाई आस्थाको ज्योति शीर्षक कवितामा कविले यसरी अभिव्यञ्जित गरेका छन् :-

पहाडी बक्ष फोरेर निस्किएतुल्य निर्झर
उषाको लालिमायुक्त ह्यूँचुलीझैँ मनोहर । पृ. ८८

यो कवितासङ्ग्रह प्रकृति, समाज, राष्ट्र र जीवन भोगाइका आरोह-अवरोहसँगै लहरिएका छन् । सरस र पदलालित्य युक्त भाषाशैलीको प्रयोग गर्दै कतै देश दुखेको अभिव्यक्ति, कतै देश उठेको खुसियाली पोखिएको छ । नवलपरासीको काव्यिक परिवेशमा कला र भावको उच्चतम गुणगरिमाले आच्छन्न **हिमस्पर्श** कवितासङ्ग्रहको महत्त्वपूर्ण स्थान रहेको छ ।

---

११. गोविन्दराज विनोदी, ***अक्षरयात्रीका स्रष्टालाई शुभकामनाको पुष्पमाला, अक्षरयात्री*** लोकनाथ खरेल (नवलपरासीः त्रिवेणी साहित्य परिषद् २०६५) पृ ग ।

### ४.२. गजल र गजलकारहरू

गजल शब्दको उद्‌गम अरबी भूमिबाट भएको हो । यो स्त्री लिङ्गी शब्द हो । मनु ब्राजाकीका अनुसार ग + ज + अल् पदहरूको यौगिक विधानबाट गजल शब्दको व्युत्पादन भएको हो ।[१२] यो अरबीमा जन्मेर उर्दू फारसी र हिन्दी हुँदै नेपाली साहित्यको माध्यमिक कालमा युवक कवि मोतीराम भट्टद्वारा भित्र्याइएको कविताको उपविधा हो ।[१३] गजल आधुनिक साहित्यिक जगत्‌मा अत्यन्त प्रभावकारी रूपमा देखापरेको छ । यसमा बुद्धिभन्दा हृदय पोखिएको हुन्छ । गेयता, मितव्ययिता, भावको तीव्रता, चमत्कारपूर्णता र सूक्तिमयता गजलका विशेषता नै हुन् । गजलमा शेर, काफिया, रदिफ, मतला, मक्ता र बहरको महत्त्वपूर्ण भूमिका हुन्छ । नवलपरासी जिल्लाको साहित्य सिर्जनामा गजल चालीसकैं दशकको उत्तरार्द्धमा सुरूभएको हो । यहाँ नवलपरासीका प्रमुख गजल र गजलकारको सामान्य परिचय दिने प्रयास गरिन्छ ।

#### ४.२.१. खगेन्द्रप्रसाद बस्याल र उनको 'दैलातुङ फाँटबाट सुरू भएको यात्रा' गजलसङ्ग्रह (२०४८)

खगेन्द्रप्रसाद बस्यालको जन्म वि.सं. २०१६ सालमा पाल्पा जिल्लामा भएको हो । हाल उनी नवलपरासी जिल्लाको शिवमन्दिर गा.वि.स. मा बसोवास गर्दै आएका छन् । कथा, कविता हास्यव्यङ्ग्य, निबन्ध आदि क्षेत्रमा कलम चलाउने बस्यालको यो **दैलातुङ फाँटबाट सुरू भएको यात्रा** गजलसङ्ग्रह (२०४८) नवलपरासी जिल्लाकै पहिलो गजलसङ्ग्रह हो ।[१४] जम्मा ४८ वटा गजलहरू सङ्ग्रहित रहेका यस कृतिका विषयवस्तुलाई हेर्दा आधाभन्दा बढी गजलहरूमा प्रेममूलक पक्ष रहेका छन् । यस बाहेक सामाजिक मूल्य मान्यता र धार्मिक नैतिक आदिलाई विषय बनाइएको छ । कृतिगत विशेषतालाई हेर्दा गजलका प्रत्येक हरफहरू लयात्मक संरचनामा आवद्ध हुनु पर्ने मान्यताअनुसार नै यस सङ्ग्रहमा गजलहरू रहेका छन् । समान काफिया र रदीफमा बाँधिएको गजलले ध्वन्यात्मक वातावरणको सृजना गर्दछ । यस दृष्टिमा यो गजल सङ्ग्रह सफल देखिन्छ । गजलमा भावलाई पूर्णता प्रदान गर्नका लागि रूपक अलङ्कारको प्रयोग यसरी गरिएको छ :-

---

१२. नारायण पौडेल, (सम्पा.) **नवलपरासीका समसामयिक गजल-२,** (नवलपरासीः नवलपरासी साहित्य परिषद् २०६५) पृ. क ।

१३. रामनाथ ओभा र मधुसूदन गिरी, **लोक साहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** (काठ. स्टुडेण्टस बुक्स् पब्लिसर्स एण्ड डिस्ट्रिब्यटर्स, तेस्रो सं. २०६०) पृ. २३१ ।

१४. भगवती अर्याल (पाण्डे), **नवलपरासी जिल्लाको साहित्यिक गतिविधि,** नवलपरासी (लालीगुराँस मासिक र अन्य २०६३) पृ. १२८ ।

कैयौं हिउँद कटिसके खोज्दा मनको दियो

भेट्न अझै गाह्रो भयो जिन्दगीको थियो । पृ. १२

कृतिगत विशेषतालाई केलाउनु पर्दा प्रथम शृङ्गारिकता देखिन्छ भने देशप्रेम र समाज सुधार पनि गजलमा मुखरित भएका छन् । गजलका शेरहरू पाँचभन्दा बढी सङ्ख्यामा हुनुपर्ने मान्यतालाई यस सङ्ग्रहमा पूर्ण पालना गरिएको छैन । गजलकारले यस कृतिमा कतिपय गजलमा उखानको प्रयोग गरेका छन् भने तीनवटा गजलमा खगेन्द्र नामक शब्दद्वारा तखल्लुसको प्रयोग गरेका छन्।

युवाकवि मोतीराम भट्टदेखि सुरू भएको नेपाली गजल साहित्यको परम्परालाई नवलपरासी जिल्लामा प्रवेश गराउने यस कृतिको योगदान महत्त्वपूर्ण रहेको छ ।

### ४.२.२ घनश्याम न्यौपाने र उनको 'यो मौसम' गजलसङ्ग्रह (२०५०)

सौदामिनी प्रकाशनबाट वि.सं. २०५० सालमा प्रकाशित **यो मौसम** गजलसङ्ग्रह गजलकार घनश्याम न्यौपानेको पहिलो गजलसङ्ग्रह हो । यस कृतिमा जम्मा ७५ वटा गजलहरू सङ्ग्रहित छन् । यी गजलहरूमध्ये धेरैजसो गजलहरू वि.सं. २०४४ देखि २०४८ सालका बीचमा **मधुपर्क, गरिमा, आरोहण, विजया, सुर्खेती शब्द-संग्राम** जस्ता विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यस सङ्ग्रहमा न्यौपानेले जीवनमुखी दृष्टिकोण एवम् समसामयिक चेतनाको अभिव्यक्ति दिएका छन् । यस कृतिले स्वच्छन्दतावादी र प्रगतिवादी धारालाई आत्मसात गरेको पाइन्छ । कतिपय गजलमा नारी चेतना र मानवतावादी स्वर पाइन्छ । लयात्मक र भावविविधता भएको यस सङ्ग्रहमा काफिया, रदिफ, बहर जस्ता गजलतत्त्वहरूको सुन्दर संयोजन गरिएको छ भने १६ वटा गजलमा 'घनश्याम' या धनु शब्दको प्रयोग गरी तखल्लुस प्रयोग गरेका छन् । प्रजातन्त्रले मानव हित गर्नुको सट्टा उपाहस गरेको कुरालाई प्राकृतिक बिम्ब, प्रतीकको माध्यमबाट गजलकारले यसरी प्रस्तुत गरेका छन् :-

अनेक रङ्गका फूल टिपी बल्लतल्ल उनैं माला

प्रशंसाको लोभ गरैं तर उल्टै उपहास भएछ । (पृ. ६१)

प्रजातन्त्र कस्तो हुनु पर्छ भन्ने कुरामा यसरी अभिव्यक्त गरेका छन् ।

जुठिएको छ यो समाज स्वार्थीहरूको करतुतले

चोखो बनाउन सफा पानीले पखाल्नु पर्छ । (पृ. ६५)

क्रान्ति चेतनालाई प्रतिनिधित्व गर्ने उनको यस गजलसङ्ग्रहले नवलपरासीको साहित्यलाई ऊर्जा प्रदान गरेको पाइन्छ ।

### ४.२.३. गोविन्दराज विनोदी र उनको 'निर्मम-निर्मम घडीहरू' गजलसङ्ग्रह (२०५६)

साहित्यका कविता र कथा विधामा सशक्त कलम चलाई सकेका साहित्यकार विनोदीको गजलसङ्ग्रह **निर्मम-निर्मम घडीहरू** वि.सं. २०५६ सालमा प्रकाशित दोस्रो पुस्तकाकार कृति हो । यस कृतिमा प्रजातन्त्रको पुनस्थापना पछि मुलुकमा अभाव, महङ्गी भ्रष्टाचार जस्ता सङ्क्रामक रोगहरूले नेपाली जनजीवनले भोग्नु परेको पीडादायी व्यथालाई मूल विषय बनाइएको छ । चालिसवटा गजलहरू सङ्ग्रहित यस कृतिमा चित्र पनि समावेश गरिएको छ । चित्रमा प्रस्तुत गरिएका प्रत्यक्ष एवं अप्रत्यक्ष सङ्केतहरूले गजललाई बोधगम्य बनाएका छन् । सरल र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको यस कृतिमा कतिपय गजलहरूमा मर्मस्पर्शी करुण रसको प्रयोग यसरी देखाइएको छ :-

छ जीर्ण-शीर्ण अस्मिता धुजा-धुजा छ कल्पना
बट्याई एक साथमा म गाँसिदिन्छु जिन्दगी । पृ. ८

४ शेर सङ्ख्या भएका गजल १२ वटा, ५ शेर सङ्ख्या भएका गजलहरू १८ वटा र ६ शेर सङ्ख्या भएका गजलहरू १३ वटा छन् । गजलको मुटु मानिने काफियाको समुचित प्रयोग यस सङ्ग्रहमा भएको छ भने 'फाटेका छन् मनहरू' शीर्षकको गजलमा कविले तखल्लुस प्रयोग गरेका छन् ।

### ४.२.४ गोरखसागर खत्री र उनको 'फूल मुस्कुराउँदा' गजलसङ्ग्रह (२०६२)

वि.सं. २०३७ सालमा बाग्लुङ गल्कोटमा जन्मलिई हाल नवलपरासीको स्वाँठीमा स्थायीरूप बसोवास गर्दै आएका गोरखसागर खत्री नवलपरासीले गर्व गर्न लायक नवयुवा प्रतिभा हुन् । गजल सिर्जना गर्दै अरूलाई पनि यस क्षेत्रमा आकर्षित हुन अभिप्रेरित गराउने खत्रीको **फूल मुस्कुराउँदा** गजलसङ्ग्रह नवलपरासी साहित्य परिषद्बाट वि.स. २०६२ सालमा मोती जयन्तीको अवसरमा प्रकाशित प्रथम कृति हो ।

यस कृतिमा युग चेतना, सौन्दर्य चेतनाका साथै सामाजिक चेतनाको प्रचुरताले पाठकको मनलाई रोमाञ्चित बनाउन सक्षम छ । शब्दहरू स्पर्शमुखी सारगाम्भीर्यता, प्रतीकात्मकता, बिम्बको प्रयोग, कोमलता, सूक्ष्मता, सौन्दर्यप्रधानता, कथ्यगत विविधता आदिका नजिक देखिन्छन् ।[१५] यी गजलका अपरिहार्य तत्त्व हुन् । रदिफ र काफियामा गजलकार सचेत देखिन्छन् । कतिपय गजलमा प्रगतिवादी चेतना पाइन्छ । नेपालको तत्कालीन द्वन्द्वलाई प्रतीकात्मक रूपमा गजलकारले प्रस्तुत गरेका छन् :-

---

१५. खगेन्द्रप्रसाद बस्याल, ***शुभकामना, फूल मुस्कुराउँदा*** गजलसंग्रह (नवलपरासीः नवलपरासी साहित्य परिषद् २०६३) पृ. ञ।

ढाल तरवार लिई उभिएको बुद्ध देखें

बुद्ध-बुद्ध लडेको त्यो घमासाम युद्ध देखें पृ. ४८

प्रकृति र मानवजीवनको तुलना गर्दै अर्को शेरमा सरल, सुबोध, सरस, पदलालित्य, कोमल भाषाशैलीमा गजलकार यसरी प्रस्तुत भएका छन् ः

लालुपाते फूल जस्तै फूले कति राम्रो

जिन्दगीको पिर व्यथा भुले कति राम्रो । पृ. ३३

नवलपरासीको साहित्य यात्रामा सामाजिक यथार्थतालाई अङ्गालेको यस कृतिको महत्त्वपूर्ण स्थान रहेको छ ।

### ४.२.५ नवलपरासीका समसामयिक गजलहरू (२०६५)

गजल आधुनिक साहित्यिक जगतमा अत्यन्त प्रभावकारी काव्यका रूपमा देखा परेको छ । गजल नवलपरासी जिल्लामा ढिलो सुरू भएर अत्यन्त उर्वर अवस्थामा रहेको देखिन्छ । यस जिल्लामा गजलको क्षेत्रलाई व्यापक बनाउनका लागि नवलपरासी साहित्य परिषद्ले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । परिषद्ले प्रत्येक गजलकारहरूका तीन-तीन ओटा गजलसहित जिल्लाका जम्मा ३४ वटा स्रष्टाहरूका गजललाई नवलपरासीका समसामयिक गजल-१ नाम पुस्तक २०६१ सालमा प्रकाशित गऱ्यो । त्यस्तै २०६५ मा ६४ जना जिल्लाका गजलकारहरूको दुई-दुईवटा गजल र उनीहरूको फोटोसहित नवलपरासीका समसामयिक गजल-२ का रूपमा प्रकाशित गरेको छ । नवलपरासीका स्रष्टाहरूलाई सिर्जनाक्रममा हौस्याउने साहित्यिक महायज्ञमा लाग्न रौस्याउने र आन्तरिक प्रतिभाको प्रस्फुटन गराउनमा सहयोग पुऱ्याउने यस नवलपरासी साहित्य परिषद्ले यति धेरै स्रष्टाका गजलहरू प्रकाशन गरेर गरिमामय कार्य गरेको पाइन्छ । यसमा समावेश गरिएका गजलहरू विविध विषयवस्तुमा लेखिएका छन् । कृतिको सुरूमानै गजलमा विद्यावारिधि गर्ने घनश्याम न्यौपाने 'परिश्रमी'ले गजल परिचय र गजल विकास क्रमको संक्षिप्त अभिलेखसमेत रहेका छन् । नवलपरासीको साहित्यिक यात्रामा यी दुई कृतिको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

## ४.३. नाटक र नाटककार

नवलपरासीको नाट्य साहित्य अन्य विधा जस्तो उर्वर छैन । यो विधा नवलपरासी साहित्य शृङ्खला कै सबैभन्दा कान्छो विधा हो । नाटक लेख्ने र मञ्चन गर्ने कार्य धेरै नै पहिले भए पनि नाट्य कृति प्रकाशनका रूपमा भने निकै पछि देखिन्छ । नवलपरासीको साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण

भूमिका खेल्ने नवलपरासी साहित्य परिषद्का अध्यक्ष विष्णु लामिछानेले स्कूले जीवनदेखि नै नाट्य मण्डली गराएर नाटक मञ्चन गरे तापनि कृति प्रकाशनको रूपमा आउन सकेको छैन । नाट्य तत्त्वका दृष्टिले यस जिल्लाको प्रकाशित प्रमुख नाट्य कृतिको सामान्य परिचय यहाँ दिइएको छ ।

### ४.३.१. गोपी सापकोटा र उनको 'खरानी' नाट्यसङ्ग्रह (२०६०)

युवा नाटककार गोपी सापकोटाको **खरानी** नाट्यसङ्ग्रह २०६० नेपाल लेखक सङ्घ काठमाडौंद्वारा प्रकाशित कृति हो । यस कृतिमा खरानी र लासघर गरी जम्मा दुईवटा नाटकहरू रहेका छन् । यी दुवै नाटक **गरिमा**मा प्रकाशित रचनाहरू हुन् । आकारका दृष्टिले नाटक छोटा छन् तर भावका दृष्टिले यी ओजपूर्ण बनेका छन् । नाटककार सापकोटाको लेखन यस सङ्ग्रहमा चिन्तनमूलक एवम् विचारप्रधान छ । प्रेम, जीवन र मृत्युबारे दार्शनिक चिन्तन मुखरित भएको पाइन्छ । नाटककारको **खरानी** नाटक तीन दृश्यहरूमा विभाजन गरी लेखिएको छ । नाटक जेलबाट सुरूवात हुन्छ । घटनाक्रमलाई अगाडि बढाउन नाटककारले बौद्धिकताको सहारा लिएका छन् **नाटकको अप्रत्याशित मृत्यु** भएको देखाइन्छ । दार्शनिक चिन्तन, व्यङ्ग्य, आक्रोश आदिको बाहुल्यता तथा प्रेम, घृणा, करूणा पीडाको गम्भीर अभिव्यक्तिले नाटक उच्च बनेको पाइन्छ । नाटकले वर्तमान राजनैतिक सामाजिक विसङ्गति, शिक्षित युवावर्गका बीच रहेको द्वन्द्वलाई नाटकीय रूप प्रदान गरेका छन् । नाटककारले धनी-गरीब, जनता-नेता, जात संस्कारका बीच देखा परेका विभेदले युवाहरूमा पारेको प्रभाव प्रति चिन्तशील बन्नु पर्ने देखाएको पाइन्छ ।

'लासघर' नाटकले विसङ्गत परिवेशमा मानवीय अस्तित्वको खोजी गरेको छ । सबै पात्रहरूले आफ्नो अस्तित्वको लागि मृत्युपश्चात् पनि सङ्घर्ष गरिरहेका छन् । मानिसका इच्छा र आकांक्षाले स्वतन्त्र भएर मूर्तरूप लिन पाएनन् भने मृत्युपश्चात् पनि उसले सङ्घर्ष गरिरहन्छ भन्दै यस नाटकमा नाटककारले अस्तित्ववादी मान्यतालाई पूर्ण अवलम्बन गरेका छन् ।

जीवन विसङ्गतिपूर्ण छ । मान्छेले जीवनभर सङ्गति मिलाउन प्रयास गरिरहन्छ तर उसले गरेका प्रयास सङ्घर्ष वा युद्ध केवल अप्राप्तिका लागि मात्र हुन्छन् भन्ने तथ्यलाई 'खरानी' नाटकबाट प्रमाणित गर्न खोज्नु र वैज्ञानिक उपकरण इन्टरनेट मार्फत जीवनका हरेक पक्षहरू पढ्ने प्रयास **लासघर** नाटकमा गर्नु नाटककारको नवीन प्रयास वा विशेषता हो । सरूभक्त र ध्रुवचन्द्र गौतमले अवलम्बन गरेको मानवीय अस्तित्वको खोजी गर्ने प्रवृत्ति यी दुवै नाटकमा पाइन्छ ।

## ४.४. समालोचना र समालोचक

नवलपरासीको साहित्य सिर्जना परम्परामा साहित्यिक स्रष्टाहरूको कृतिहरूको चर्चा परिचर्चा गर्ने परम्परा केही अघिदेखि रहे तापनि सैद्धान्तिक स्पर्शमा समालोचना गर्ने प्रवृत्ति भने वि.सं. २०४९ देखि भएको हो । नारायणप्रसाद खनाल यस क्षेत्रका अगुवा समालोचक बन्न पुगेका छन् । विभिन्न लेखकहरूले समालोचना लेखेतापनि हालसम्म यिनका समालोचना सम्बन्धी निम्न लिखित कृतिहरू त्रिवेणी साहित्य परिषद्बाट प्रकाशित भएका छन् । **केही रहर केही ठहर (२०४९), समीक्षाः प्रहरप्रहरका (२०६१), समीक्षाका आकारहरू (२०६५), समस्यापूर्ति परम्परामा लेखनाथका कविता काव्य (२०६५), निर्वचन र भाषिक सन्दर्भ (२०६५), गोर्खाको डायरी (संस्मरण र समीक्षा) (२०६१)** । साहित्यमा वाद समयको माग हो तर यो सङ्कीर्ण हुनु हुँदैन भन्ने खनालका समालोचनात्मक सङ्ग्रहले नवलपरासीको साहित्यको श्रीवृद्धिका लागि महत्त्वपूर्ण योगदान दिएका छन् । यहाँ उनका ती कृतिहरूमध्येबाट नवलपरासीका समालोचनात्मक कृतिको सामान्य चर्चा गरिएको छ ।

### ४.४.१. नारायणप्रसाद खनाल र उनको 'केही रहर केही ठहर' समालोचना सङ्ग्रह (२०४९)

वि.सं. २००९ सालमा प्युठान जिल्ला पूजा गा.वि.स. बिर्नातमा जन्मिएर २०२६ सालदेखि नवलपरासीमा बस्दै आएका नारायणप्रसाद खनाल त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका प्राध्यापक हुन् । नवलपरासीको साहित्यिक उत्थानका निम्ति मनसा, वाचसा र कर्मणा तिनै रूपमा खनालको भूमिका महत्त्वपूर्ण छ । त्रिवेणी साहित्य परिषद्का अध्यक्ष सहित रहेका खनालका कृतिहरूले यस जिल्लाको साहित्यिक श्रीवृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्रिवेणी साहित्य परिषद्द्वारा प्रकाशित यस समालोचनात्मक सङ्ग्रहमा रामनाथ खनाल, कालिदास, गोविन्दराज विनोदी, भीमनिधि तिवारी, भैरव अर्याल जस्ता साहित्यकारहरू एवम् तिनीहरूका रचनाबारे संक्षिप्त विश्लेषण गरिएको छ । लोक साहित्य एवम् संस्कृत साहित्य सम्बन्धी समालोचना पनि यसमा रहेका छन् । समालोचनात्मक लेखमध्ये कवि रामनाथ खनालको साहित्यिक यात्रा **पाण्डु** र **प्रजातन्त्रोदय** महाकाव्यको समीक्षा गर्दै रामनाथ खनाल उत्कृष्ट साहित्यकार भएको पुष्टि गरिएको छ । संस्कृत साहित्यका महाकवि कालिदासद्वारा विरचित मेघदूत खण्डकाव्यको विषयवस्तु, पात्र विधान, साहित्य सिद्धान्त, रससन्दर्भ, जीवन दृष्टि र भाषाशैलीका आधारमा समीक्षा गर्दै मेघदूतलाई सूक्ष्मतय प्रकृति निरीक्षण, गहनतम कल्पनाशीलता, ध्वन्यात्मक प्रखरता, भावनात्मक लालित्य साङ्गितिक उच्चता र अभिव्यक्तिगत सरलताको सङ्गमस्थलको रूपमा प्रतिष्ठित गरिएको छ । यस्तै कवि विनोदीको व्यक्तित्व र ऐतिहासिक नाट्य

चेतनाका विकासमा भीमनिधि तिवारीको योगदानको चर्चा गरिएको छ । त्यस्तै लोक गीतको परिचय र विशेषतालाई केलाउदै भावुकता भन्दा सत्यताको आश्रय लिई लोक भावना अनुकूल लोक गीत संरचित हुनु पर्ने देखाइएको छ । लीलबहादुर क्षेत्रीद्वारा लेखिएको **बसाइँ** उपन्यास र भैरव अर्यालद्वारा लिखित **जयभुँडी** ब्यङ्ग्य निवन्धका बारेमा चर्चा गरिएको छ ।

यसरी प्रशस्त अध्ययन र अनुसन्धान गरी लेखिएको समालोचनात्मक कृति 'केही रहर केही ठहर' ले नवलपरासी जिल्लाको साहित्यिक इतिहासमा महत्त्वपूर्ण स्थान प्राप्त गरेको छ ।

### ४.४.२. 'समीक्षा : प्रहर-प्रहरका' समालोचना सङ्ग्रह (२०६१)

**समीक्षा : प्रहर-प्रहरका** समालोचना सङ्ग्रह नारायणप्रसाद खनालको दोस्रो समालोचनात्मक कृति हो । त्रिवेणी साहित्य परिषद्द्वारा वि.सं. २०६१ मा प्रकाशित यस कृतिमा तेईसवटा समीक्षात्मक लेखहरू सङ्कलित छन् । पाँच खण्डमा विभाजन गरिएको यस सङ्ग्रहका अधिकांश लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यस सङ्ग्रहको पहिलो खण्ड 'क' मा पूर्वीय दर्शनका ऋग्वेद, अलङ्कार सिद्धान्त, काब्यपुरुषोत्पत्तिको विभिन्न कोणबाट समीक्षा गरिएको छ । खण्ड 'ख' मा कविकुलगुरू कालिदासदेखि नाट्यसम्राट् बालकृष्ण सम, कथाकार विश्वेश्वरप्रसाद कोइराला र राष्ट्रकवि माधव घिमिरेको ब्यक्तित्वमाथि प्रकाश पार्दै अग्रज स्रष्टाप्रतिको सम्मान गरिएको छ । ओझेलमा परेका कवि गोपाल वैद्य किञ्जल्कको ब्यक्तित्व र कृतित्वको परिचय पनि दिइएको छ ।

तेस्रो खण्ड 'ग' मा लेखनाथ र उनका रचना-विषयका समीक्षात्मक लेखहरू प्रस्तुत गरिएका छन् । खण्ड 'घ' मा लोक साहित्यको सन्दर्भको चर्चा गर्दै लिखित साहित्यमा यसको योगदानलाई देखाएर समीक्षकले गहन दृष्टि पोखेका छन् । कृतिको अन्तिम खण्ड 'ङ' मा हरिप्रसाद उापध्याय खनालको शोक काब्य, डमरूदेव शर्माको **डमरूको आवाज** कृतिको परिचय, गोविन्दराज विनोदीको **छन्द विनोद** कृतिको समीक्षा गरिएको छ भने यसमा हाइकु सङ्ग्रहको पनि चर्चा गरिएको छ ।

यसरी समीक्षकले विविध विधा र विषयवस्तुका पक्षमा गम्भीरतापूर्ण कृति र ब्यक्तित्त्वको चर्चा गर्दै प्रकाशित गरिएको यस सङ्ग्रहले यस जिल्लाको साहित्य यात्रामा महत्त्वपूर्ण योगदान प्रदान गरेको छ।

### ४.४.३ 'समस्यापूर्ति परम्परामा लेखनाथका कविता-काब्य' समालोचना (२०६५)

'समस्यापूर्ति परम्परामा लेखनाथका कविता-काब्य' समालोचनात्मक कृति नारायणप्रसाद खनालको चौथो समालोचनात्मक कृति हो । खनालको यो कृति त्रिवेणी साहित्य परिषदको ३६ औं प्रकाशित कृति

हो । प्रस्तुत कृति खोजमूलक र ज्ञानमूलक छ । कविशिरोमणि लेखनाथ पौड्यालको प्रकृति काव्य **ऋतुविचार**को अलङ्कारको विषयमा विद्यावारिधि प्राप्त गरेका खनालले प्रस्तुत कृतिमा समस्यापूर्ति कविताकाव्यको विशद चर्चा र लेखनाथीय समस्यापूर्ति काव्यकलाको विश्लेषण गरिएको पाइन्छ ।

कुनै पद, पदावली वाक्य वा कविताको चार पाउमध्ये कुनै एक पाउलाई समस्याका रूपमा लिई सम्बन्धित विषयमा रचिने कवितालाई समस्यापूर्ति भनिन्छ[१६] विषय, प्रसङ्ग आवश्यकता र औचित्य हेरी कविता लामा वा छोटा हुन्छन् । यस्तो समस्यापूर्ति एक श्लोक मात्राको पनि र एउटा खण्डकाव्यकै रूपमा पनि देखिएको छ । प्रभावपरक र यथार्थपरक समालोचनाका निकटस्थ खनालले नेपाली समालोचनाका क्षेत्रमा यस विषयको एउटा नौलो कृति प्रकाशन गरेर आफ्नो महत्त्वपूर्ण स्थान बनाएका छन् । खासगरी पूर्वीय काव्यशास्त्रलाई आधार बनाई लेखिएको हुनाले यस समालोचनात्मक कृति गहनतालाई साहित्यप्रेमी पाठकले स्वीकार गरेका छन् । लेखनाथका समस्यापूर्तिमूलक कविता-काव्यका विविध पक्षमा केन्द्रित यस कृतिमा 'बुद्धि विनोद' तथा 'मेरो राम' जस्ता काव्यकृतिहरूको विशेषताको विवेचना गरिएको छ । यो नवलपरासीको साहित्य यात्रामा महत्त्वपूर्ण स्थान गर्न सफल कृति रहेको छ।

## ४.५. कथा र कथाकारहरू

कथ् धातुमा 'आ' प्रत्यय जोडिएर 'कथा' बनेको शब्दको अर्थ कथ् धातुमा नु प्रत्यय लागेर कथ्नुको जस्तै कुरा अज्भाउनु, कुरा सिकाउनु, कल्पना गर्नु, कथ्नु भन्ने रहेको देखिन्छ ।[१७] कथाका विभिन्न परिभाषा छन् देवकोटाले एउटा सानो आँखी भ्यालबाट देखिने संसारलाई कथा मानेका छन्। वास्तवमा कथा भनेको निश्चित प्रकारको संरचनामा निबन्ध र सीमित आयतन भएको समय र स्थान भित्र विस्तारित विचार वा आभभिब्यञ्जक सङ्क्षिप्त आख्यानात्मक गद्य रूप नै हो।

नवलपरासीको साहित्यिक यात्रामा कथा विधा त्यति उत्कर्षरूपमा स्थापित हुन नसके पनि केही स्थान यसले पनि प्राप्त गरेको छ । यस विधाका प्रकाशन भने नवलपरासीमा पचासको दशकदेखि मात्र भएको पाइन्छ । यहाँ नवलपरासीका प्रमुख कथा र कथाकारको सामान्य परिचय दिइएको छ ।

---

१६. चूडामणि बन्धु, ***दुई शब्द* समस्यापूर्ति परम्परामा लेखनाथका कविता काव्य**, नारायणप्रसाद वाग्ले (नवलपरासीः त्रिवेणी साहित्य परिषद् २०६५) ।

१७. गुणाकर भुसाल (सम्पा.) **इन्द्रेणी सङ्गालो**, (काठः क्षितिज प्रकाशन २०५८) पृ. १ ।

### ४.५.१ रामहरि अधिकारी र उनको 'बाबुको चेलो' कथासङ्ग्रह (२०५५)

सौदामिनी साहित्य परिषद्द्वारा प्रकाशित **बाबुको चेलो** कथासङ्ग्रह २०५५ रामहरि अधिकारीको दोस्रो पुस्तकाकार कृति हो । जम्मा ११ वटा कथाहरू रहेका यस कृतिमा प्रगतिशील धारणा मूलरूपमा मुखरित भएको पाइन्छ । राजनैतिक विकृति र विरोधाभासको वितृष्णा तथा कथामा भावनात्मक मनोविश्लेषणका स्वरहरू रहेका छन् । कथाका घटना र पात्रहरू सामाजिक परिवेशलाई नै प्रतिनिधित्व गर्ने खालका छन् । सरल भाषाशैली एवम् संवादात्मक अभिव्यक्तिले कथालाई सम्प्रेषणयुक्त बनाउन सहयोग गरेको छ । देशमा भएको आन्तरिक द्वन्द्वले देश उन्नतितर्फ लाग्न नसक्ने कुरालाई देखाउदै कथामा कथाकारको राष्ट्रवादी र मानवतावादी विचार व्यक्त गरेको पाइन्छ ।

### ४.५.२ सदानन्द अभागी र उनको 'पश्चात्तापको आँसु' कथासङ्ग्रह (२०५८)

सदानन्द अभागीको **पश्चात्तापको आँसु** कथासङ्ग्रह वि.सं. २०५८ मा प्रकाशित कृति हो । जम्मा १२ वटा कथाहरू सङ्ग्रहित यस कृतिमा नेपाली समाजमा घट्ने सामाजिक घटनालाई नै मूल विषयवस्तु बनाइएको छ । सरल र सहज भाषामा कटु यथार्थताको चित्रण गर्नु यस कृतिको विशेषता हो । कतिपय कथाहरू लेखक स्वयम्को जीवनीसँग मेल खाने खालका छन् । कथाहरूमा समाजवादी चिन्तन पनि पाइन्छ । नेपाली परिवेशमा बाँचेको बोक्सी, धामी जस्ता अन्धविश्वासको विरोध गरिएको छ । नेपाली ग्रामीण समाजका पात्रहरूको चयन गरेर बाल विवाह, श्रीमान् गुमाई वैधव्य जीवन जिउनु पर्ने अवस्थाका महिलाप्रति समाजको दृष्टिकोणलाई देखाउन समाज सुधारको खोजी गरिएको छ । ठाउँ-ठाउँमा उखान टुक्काको प्रयोग गर्दै लेखिएका यी कथाहरूमा पूर्णरूपमा कथात्मकतालाई समेट्न नसक्दा घटनाक्रमको वृत्तान्त प्रतीत हुने गरेको छ । कथात्मक प्रवृत्तिलाई नियाल्दा रसिक भावना, यथार्थिक दृष्टि र नारी सम्मानको भावना पाइन्छ । अधिकांश कथा तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन् । यस कथासङ्ग्रहले नवलपरासीको साहित्यमा महत्त्वपूर्ण योगदान दिएको छ ।

### ४.५.३. कृष्णादेवी शर्मा र उनको 'घरभेटी भाउजू' कथासङ्ग्रह (२०५९)

वि.सं. २०५९ सालमा उद्योगबहादुर श्रेष्ठद्वारा प्रकाशित **घरभेटी भाउजू** कथासङ्ग्रह कृष्णादेवी शर्माको आख्यान क्षेत्रको पहिलो कृति हो । चौबीसवटा कथाहरू रहेका यस कृतिमा समसामयिक घटनाक्रमलाई नै मूल विषयवस्तु बनाइएको छ । छोराछोरीबीचको भेदभाव छोरी-बुहारीबीचमा सासूहरूको वक्रदृष्टि, अपरिपक्व राजनीति, गरीब निमुखाप्रति समाजको धारणा आदि भावलाई समेटिएका

कथाहरू यस सङ्ग्रहमा समावेश गरिएका छन् । देशमा व्याप्त विसङ्गति र विकृतिले गर्दा मानवीय जीवन अत्यन्त दुःखदायी बन्न पुगेको अवस्थालाई पनि कथामा देखाइएको छ । ग्रामीण समाजमा घट्ने घटना र राजनैतिक विचलनबाट विचलित समाज सुधारको खोजी गर्नु यस कथासङ्ग्रहका विशेषता हुन।

### ४.६. उपन्यास र उपन्यासकार

उपन्यास साहित्यको एक नवीन विधा हो । यसलाई आधुनिक समयको महाकाव्य पनि भनिन्छ किनभने यसले जीवनको व्यापक क्षेत्रलाई अभिव्यक्त गर्दछ । 'उप' र 'नि' उपसर्ग लागेका 'आस' धातुमा 'घञ्' प्रत्यक जोडिएर उपन्यास शब्द निर्माण भएको छ ।[१८]

नेपाली साहित्यमा यो आख्यानको रूपमा प्रयुक्त भएको पाइन्छ । यहाँ नवलपरासी जिल्लाका प्रकाशित प्रमुख उपन्यासकार र उपन्यासको सामान्य चर्चा गरिएको छ ।

#### ४.६.१ उपन्यासकार गिरीराज गिरी र उनको 'सफलता' उपन्यास (२०५७)

वि.सं. २०३५ सालमा प्यूठान जिल्लाको लिवाङ्-८ भुङ्दी भन्ने ठाउँमा जन्मिएका युवा प्रतिभा गिरीराजको हालको ठेगाना नवलपरासी जिल्लाको कोल्हुवा - २ हो । उनको यो पहिलो कृति 'सफलता' (२०५७) सामाजिक उपन्यास हो । स्वयम्बाट प्रकाशन गरिएको यस कृतिमा एकातिर समाजमा विद्यमान संस्कार एवम् परम्परालाई स्वीकार गर्न बाध्य भएकी अबलाको सङ्घर्ष छ भने अर्कातिर पत्नीको कर्कश स्वभावका कारण पैदा भएको युवाको आँटिलो विद्रोहलाई औपन्यासिक रूप दिइएको छ । सरल भाषाशैलीमा प्रस्तुत गरिएको यस उपन्यासमा केटाकेटीहरू निश्छल, निष्कपट हुन्छन् तर प्रौढ मान्छेका बोलीमा छलकपट स्वार्थ रहने भएकाले नयाँ पीढीको जीवन दुःखद् बन्न पुगेको ठहर छ ।

उपन्यासले छोरीको भविष्य सुखमय बन्न नसक्नुको कारण शिक्षाको कमी रहेको, सम्पत्तिको रबाफ देखाउँदा वैवाहिक जीवन सफल हुन नसकेको कुरा उपन्यासकी सहनायिका कुन्तीको माध्यमबाट देखाइएको छ । बालविवाह, अनमेल विवाह एवम् दाइजो प्रथाको प्रभाव समाजमा अत्यधिक परेकाले त्यसको विरोध गर्नुपर्ने आदर्शवादी सन्देश पनि यस उपन्यासमा दिन खोजेको पाइन्छ ।

---

१८. कृष्ण हरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ललितपुर सा.प्र.प्रा.सं. २०५८) पृ. ३ ।

### ४.६.२ सदानन्द अभागी र उनको 'जीवनलीला' उपन्यास (२०६०)

सदानन्द अभागीको **जीवनलीला** (२०६०) नवलपरासी साहित्य परिषद्बाट प्रकाशित उपन्यास हो । औपन्यासिक प्रवृत्तिलाई केलाउँदा यो सामाजिक उपन्यास अन्तर्गत पर्दछ । नारी अस्मिताको रक्षाका लागि नारीलाई नै उठाउनु यस उपन्यासको विशेषता हो । उपन्यासको कथावस्तु लीलाको चरित्रमा घुमेको छ । आजको परिवेशमा हुर्कदै गएका छोरी चेलीप्रति अभिभावकको राम्रो संरक्षण हुन सकेन भने उनीहरूको जीवन कारुणिक बन्न पुग्दछ । त्यसैले उपन्यासकारले अभिभावकत्वप्रति सचेत हुनु पर्ने सन्देश यस कृति मार्फत दिएका छन् । चेलीबेटी बेचबिखनले ल्याएको समस्यालाई केन्द्रबिन्दु बनाएर लेखिएको यस उपन्यासमा स्वच्छन्दतावादी प्रवृत्तिलाई अँगालिएको छ । नाटकीय ढङ्गमा रचिएको हुनाले उपन्यासको कथावस्तु जीवन्त बन्न सकेको छ । सरल र सरस भाषाशैलीमा उखान टुक्का र कविता आदिको प्रयोग गरी फिल्मी शैली अपनाउँदै वियोगान्तमा उपन्यासको अन्त्य गरिएको पाइन्छ । उपन्यासका पात्रहरू उपयुक्त देखिन्छन् । उपन्यासको आरम्भ र अन्त्य नेपालमै हुनु उपन्यासको विशेषता हो ।

### ४.६.३ हरि बस्ताकोटी र उनको 'बिरानिएका पाइलाहरू' उपन्यास (२०६०)

हरि बस्ताकोटी नवलपरासीको बुलिङटार - २ मा स्थायी रूपमा बस्दै आएका युवा साहित्यकार हुन् । बिरानिएका पाइलाहरू २०६० उनको प्रथम प्रकाशित उपन्यास हो । सामाजिक विषयवस्तुमा आधारित यस उपन्यासमा बेरोजगारीको समस्या समाधानका लागि विदेशिने युवाहरूको दुर्दशालाई केलाएर उपन्यास लेखिएको छ । सरल नेपाली ग्रामीण समाज, संस्कृति र जीवन पद्धतिको हाँसो र आह्लादबाट बिछोडिएर विदेश पलायन हुँदाको पीडाको दयनीय अवस्था देखाउँदै स्वदेशप्रतिको प्रेमभाव उपन्यासको विशेषता बनेको छ । पैसा कमाउने र सुख प्राप्त गर्ने रहरमा हृदयभरि सपनाहरू बोकेर विदेश पलायन भएका कति नेपालीको दुःख र पीडा दर्दनाक छ । कति त उतै बिरानिएका छन् भन्दै नेपाली नेपालमा नै पसिना बगाएर आफू मातृभूमिको फूलबारीलाई सञ्चित गर्नु पर्छ भन्नु यस उपन्यासको मर्म हो । सरल सुबोध भाषाशैलीको प्रयोग गर्दै नेपाली समाजमा घट्ने घटना र नेपाली कर्मवादी र भाग्यवादी भएकाले अझ ठगिएका छन् भन्दै उनीहरूको अस्तित्वको खोजी उपन्यासमा गरिएको छ । पात्रविन्यास र परिवेश कथावस्तु सापेक्ष छन् ।

उपन्यास सामाजिक यथार्थवादी धारामा संरचित छ भने जीवनको अस्तित्वको खोजी गर्दै अस्तित्ववादी दृष्टिकोण प्रस्तुत गरेको छ । कथानुरूप पात्रहरू छन् । सामाजिक उपन्यास भएकोले यसले नेपाली ग्रामीण समाज र विदेशी भूमिको परिवेश र वातावरणलाई देखाएको छ । उपन्यासका

प्रमुख पात्र गोपी र गौथली हुन् । पहाडी ग्रामीण जनजीवनको कटुयथार्थता र नारीप्रति सहानुभूति देखाउनु उपन्यासको विशेषता हो ।

## ४.७. नवलपरासी जिल्लाका निबन्ध र निबन्धकारहरू

निबन्ध, विचार प्रधान साहित्यिक गद्य विधा हो । यसमा भाव र विचारको मुख्य भूमिका हुन्छ । सुसङ्गठित विचारले सजिएको लघु आयामको स्वतन्त्र रचनाको रूपमा यसलाई मान्न सकिन्छ । नवलपरासीको साहित्य यात्रामा निबन्ध लेखन र प्रकाशन केही वर्ष अघिदेखि भए तापनि कृति प्रकाशन भने २०४७ सालपछि मात्र सुरू भएको पाइन्छ । यहाँ नवलपरासी जिल्लाका प्रमुख निबन्धसङ्ग्रहको सामान्य चर्चा गरिएको छ ।

### ४.७.१ हुमाकान्त पाण्डे र 'आँशुका अक्षरहरू' निबन्धसङ्ग्रह (२०४७)

वि.सं. २००८ सालमा स्याङ्जा जिल्लाको बिर्घा अर्चलेमा जन्मिएका हुमाकान्त पाण्डे हाल नवलपरासी जिल्लाका स्थानीय बासिन्दा हुन् । प्राध्यापन पेशामा संलग्न हुमाकान्त पाण्डेको **आँशुका अक्षरहरू** निबन्धसङ्ग्रहमा २०४६ सालको जनआन्दोलनको क्रममा घटेका घटनाहरूको विवरण भएको लेखहरू समावेश गरिएका छन् । यसमा पञ्चायती सरकारले गरेको कुकृत्यलाई प्रस्तुत गर्नुको साथै निबन्धकारका व्यक्तिगत अनुभूतिलाई पनि प्रकट गरिएको छ । कृतिका आधारमा निबन्धकार प्रजातन्त्रप्रेमी मानवतावादी साहित्यकारको रूपमा चिनिन्छन् ।

**आँसुका अक्षरहरू** शीर्षकको निबन्धमा धृतराष्ट्रलाई पञ्चायती सरकारको बिम्बका रूपमा देखाएर धृतराष्ट्र अन्धा नभएका भए त्यति दर्दनाक हुँदैनथे होला तर पञ्चायती सरकार आँखा देख्ने भएर लठ्ठी, गोली र गिरफ्तार गरेको कुरा देखाएको छ । एउटै विषय आन्दोलनलाई लिएर लेखिएको यस कृतिमा सरल भाषाशैलीको प्रयोग र घटनाको विवरणात्मक शैली अपनाइएको देखिन्छ । निबन्ध पूर्ण परिष्कात देखिन्छ भने लेखनमा सहजता पाइन्छ । यस कृतिले नवलपरासीको साहित्यमा महत्त्वपूर्ण योगदान गरेको छ ।

### ४.७.२ नारायणप्रसाद खनाल र उनको 'नारायणीका लहरलहरमा' सङ्कलित निबन्धन (२०६१)

नारायणप्रसाद खनालको **नारायणीका लहरलहरमा** निबन्ध त्रिवेणी साहित्य परिषद्द्वारा २०६१ मा प्रकाशित पहिलो निबन्धको कृति हो । यिनको दोस्रो निबन्ध सङ्ग्रह पनि त्रिवेणी साहित्य परिषद्बाट

**स्वप्न-यात्रा र चिठी** शीर्षकमा २०६६ मा प्रकाशित भएको छ । निबन्धको समानार्थी शब्द निबन्धन लेखी नयाँ शब्दको व्युत्पादन गरिएको यस सङ्ग्रहमा २८ वटा निबन्धहरू समाविष्ट छन् । हरेक निबन्धहरू विषय, शैली, शिल्प, विचार र भावका दृष्टिले विविधतायुक्त छन् ।

यस सङ्ग्रहका कतिपय निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भैसकेका छन् । हार्दिक पक्ष, वैचारिक पक्ष प्रबलता रहेका यी निबन्धहरूले वस्तुपरक र आत्मपरक चेतनाको सम्मिश्रण गरेको पाइन्छ । संकलित निबन्धमा यस निबन्ध सङ्ग्रहमा खनालको कवित्व शक्ति प्रबल भएको छ । यसमा हार्दिक कोमलकान्त पदावली, काव्यात्मक मधुरताको प्रचुरता निबन्धका विशेषता हुन पुगेका छन् ।

## ४.८. निष्कर्ष :

भाषाको माध्यमबाट गरिने श्रुतिदृष्टि र अनुभूति मिश्रित जीवन र जगत्को कलात्मक एवम् भावमय अभिव्यक्ति साहित्य हो । यसमा कल्पना तत्त्वको भूमिका महत्त्वपूर्ण हुन्छ । यस परिच्छेदमा नवलपरासी जिल्लाका प्रमुख प्रतिभाहरू र तिनका कृतिहरूको परिचय दिइएको छ । नवलपरासी जिल्लाबाट प्रकाशित भएका प्रमुख कृतिहरू महाकाव्य, खण्डकाव्य, कविता, कथा, उपन्यास, नाटक, समालोचना र निबन्ध विधाको चर्चा यस परिच्छेदमा गरिएको छ ।

# परिच्छेद पाँच
## निष्कर्ष

### ५.१ परिचय

यस परिच्छेदमा नवलपरासी जिल्लाका साहित्यिक सङ्घसंस्थाहरूको अध्ययनबारे अघिल्ला परिच्छेदहरूमा गरिएका अध्ययन र विश्लेषणको परिच्छेदगत सारांश र समग्र निचोड दिई संक्षिप्त मूल्याङ्कन समेत प्रस्तुत गरिएको छ ।

### ५.२ परिच्छेद : एकको निष्कर्ष

यस परिच्छेदमा नवलपरासी जिल्लाका साहित्यिक सङ्घसंस्थाहरूको अध्ययन शीर्षक शोधपत्रको विषयपरिचय र रूपरेखा प्रस्तुत गरिएको छ । यसमा शोधपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि र शोधपत्रको रूपरेखाबारे उल्लेख गरिएको छ । यो परिच्छेद समग्रमा शोध परिचयमूल रहेको छ ।

### ५.३ परिच्छेद : दुईको निष्कर्ष

यस परिच्छेदमा नवलपरासी जिल्लाको भौगोलिक स्थिति, नामकरण र हावापानी, जातजाति धर्म संस्कृति र भाषाभाषिकाको अवस्था, जनसङ्ख्या, शिक्षा र स्वास्थ्य स्थिति एवम् राजनैतिक र आर्थिक अवस्था, नवलपरासी जिल्लाका धार्मिक मठमन्दिर र तीर्थस्थलहरूको उल्लेख गरिएको छ । त्यस्तै नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि लोकसाहित्य र साहित्य सिर्जना परम्पराको कालगत विभाजनसहित उल्लेख गरिएको छ ।

### ५.४ परिच्छेद : तीनको निष्कर्ष

यस परिच्छेदमा नवलपरासी जिल्लाको साहित्यिक सङ्घ संस्थाहरूको अध्ययन अन्तर्गत नवलपरासी जिल्ला प्रशासन कार्यालयमा दर्ता (६ वटा) भएका साहित्यिक सङ्घसंस्थाहरू, दर्ता नभए पनि सक्रिय रहेका साहित्यिक सङ्घसंस्थाहरू (८ वटा), साहित्येतर सङ्घसंस्थाहरूले गरेका साहित्यिक कार्यहरू र यस जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूको साहित्यिक गतिविधिलाई उल्लेख गरिएको छ।

## ५.५ परिच्छेद : चारको निष्कर्ष

यस परिच्छेदमा नवलपरासी जिल्लाका प्रमुख प्रतिभाहरू र तिनका कृतिहरूको सामान्य परिचय दिइएको छ । यसमा नवलपरासी जिल्लाबाट प्रकाशित भएका प्रमुख कृतिहरू महाकाब्य, खण्डकाब्य, कविता, कथा, उपन्यास, नाटक, समालोचना र निबन्ध विधाका कृतिहरूको सामान्य चर्चा गरिएको छ ।

## ५.६ समग्र निष्कर्ष एवम् उपसंहार

नवलपरासी जिल्ला लुम्बिनी अञ्चलमा पर्ने छ जिल्लामध्ये एक हो । यो मध्य नेपालमा पर्ने जिल्ला हो । यस जिल्लाको साहित्यिक गतिविधिलाई अध्ययन विश्लेषण गर्दा यहाँ धेरै साहित्यिक सङ्घसंस्थाहरू, साहित्यिक पत्रपत्रिकाहरू साहित्यिक कार्यमा सक्रिय रहेका छन् । यद्यपि छिमेकी जिल्ला चितवन र रूपन्देहीले जस्तो साहित्यिक ऊर्जा यस जिल्लाले प्राप्त गर्न सकेको छैन तापनि यहाँका साहित्यिक ब्यक्तित्वहरूले पुऱ्याएको योगदान सिङ्गो नेपाली साहित्यमा महत्त्वपूर्ण रहेको पाइन्छ ।

यस जिल्लामा विशुद्ध साहित्यिक सङ्घसंस्थाहरूको रूपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका सङ्घसंस्थाहरू जम्मा नौवटा छन् । यसमा त्रिवेणी साहित्य परिषद्, लाली गुराँस साहित्यिक प्रतिष्ठान, नवलपरासी साहित्य परिषद्, परासी नाट्य समाज, जागरण साँस्कृतिक नाट्य समूह, मध्यबिन्दु प्रज्ञा प्रतिष्ठान, मगर भाषाका आदिकवि रेखबहादुर सारूमगर साहित्यिक प्रतिष्ठान, प्रेमा वाङ्मय प्रतिष्ठान र नारी साहित्य समाज रहेका छन् ।

माथि उल्लेखित सङ्घसंस्थाहरूमध्ये परासी नाट्य समाज र जागरण साँस्कृतिक नाट्य समूह नाट्य क्षेत्रमा योगदान दिने उद्देश्यले स्थापना भएका सङ्घ संस्था हुन् । यी संस्थाहरूले नवलपरासी जिल्लाका लगभग सबै गा.वि.स.हरूमा सडक नाटक प्रदर्शन गरेर जनचेतना जगाउने काम गरेको पाइन्छ। यी मध्ये परासी नाट्य समाज परासी खण्डमा र जागरण सांस्कृतिक नाट्य समूह नवलपुर खण्डमा बढी सक्रिय देखिन्छन् । विशेष गरी यी दुबै संस्थाहरू शैक्षिक चेतना कम भएको ग्रामीण क्षेत्रमा गएर सचेतना फैलाउन क्रियाशील छन् ।

लाली गुराँस साहित्यिक प्रतिष्ठानले कुनै पनि कार्य गरेको पाइँदैन भने मगरभाषाका आदिकवि रेखबहादुर सारूमगर साहित्यिक प्रतिष्ठान जातीय साहित्यिक उत्थानको लागि खोलिएको साहित्यिक संस्था हो । समाजसेवाका क्षेत्रमा एम्बुलेन्स सञ्चालन गरेर यस संस्थाले ठूलो सहयोग पुऱ्याएको छ । साहित्यिक गतिविधिमा यो संस्था सक्रिय हुन सकेको छैन तर यसले रेखबहादुर सारू मगरका कृतिहरूको खोज र अनुसन्धान गर्ने काम जारी राखेको छ । त्यस्तै मध्यविन्दु साहित्यिक प्रतिष्ठानले पनि 'बागीना पाठशाला'को स्थापना गरी ६ वर्षदेखि १४ वर्षसम्मका बालबालिकाहरूलाई नृत्य र गायन प्रशिक्षण दिएर

कला र साहित्यका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने अभियानमा लागेको पाइन्छ । यस संस्थाको अन्य महत्त्वकांक्षी उद्देश्य रहे पनि संस्थाले उल्लेखनीय कार्य गरेको पाइदैन । नारी साहित्य समाज नारी साहित्यको उत्थान गर्ने उद्देश्यले स्थापना भएको साहित्यिक संस्था हो । यस संस्थाले जिल्ला स्तरीय तीजगीत प्रतियोगिता र भानु जयन्तीको अवसरमा कविगोष्ठी कार्यक्रम गरेको छ । आदर्श समाज निर्माण गर्न नारीको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने सोचका साथ 'समाजमा नारी स्रष्टा, साहित्यमा नारी' भन्ने नारा लिएर अगाडि बढे यस संस्थाले नारी साहित्यका क्षेत्रमा उल्लेखनीय कार्य गर्न सक्छ ।

प्रेमा वाङ्मय प्रतिष्ठान नवलपरासीले शिक्षा, सञ्चार, साहित्य र कलाका क्षेत्रमा योगदान पुऱ्याउने उन्नाइस जना व्यक्तित्वहरुलाई सम्मान गरेर सबैभन्दा धेरै सम्मान र अभिनन्दन गर्ने संस्थाको रूपमा जिल्लामा परिचित भएको छ । कृति प्रकाशन, साहित्यिक कोष स्थापना गर्न कम्मर कसेको यस संस्थाको अन्य गतिविधि हेर्न बाँकी नै छ । यो संस्था साहित्यको क्षेत्रमा आशा लाग्दो देखिन्छ । नवलपरासी जिल्लाको अर्को साहित्यिक संस्था नवलपरासी साहित्य परिषद्ले नवलपरासी जिल्लाको साहित्यलाई उर्वर बनाउन कम्मर कसेको छ । 'साहित्यमा जीवन, जीवनमा साहित्य' भन्ने उद्देश्य लिएको यस संस्थाले विभिन्न विधाका उन्नाइसवटा कृति प्रकाशन गरेर महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । स्रष्टा सम्मानमा साहित्य सेवामा समर्पित दश जना व्यक्तित्वलाई सम्मान गर्नु यस संस्थाको अर्को महत्त्वपूर्ण कार्य हो । जिल्लाका ७३ गा.वि.स. मध्ये ६२ गा.वि.स.मा 'घुम्ती साहित्यिक कार्यक्रम' गरेर जिल्लाभरि साहित्यिक ऊर्जा दिने काम नवलपरासी साहित्य परिषद्ले गरेको छ ।

नवलपरासी जिल्लाको सबैभन्दा सक्रिय साहित्यिक संस्थाको रूपमा त्रिवेणी साहित्य परिषद्लाई लिन सकिन्छ । यस संस्थाले २०६७ साल असारसम्म विभिन्न विधाका उनन्चालीसवटा कृतिहरू प्रकाशन गरेको छ । जिल्लाको सर्वाधिक कृति प्रकाशन गर्ने यो संस्थाले महाकाव्यदेखि मुक्तक र हाइकु सङ्ग्रहसमेत प्रकाशित गरेको छ । जिल्ला स्तरीय, क्षेत्रीय स्तरीय र राष्ट्रिय स्तरका करिब ७० वटा साहित्यिक कार्यक्रमहरूको आयोजना गरेर त्रिवेणी साहित्य परिषद्, नवलपरासीको साहित्यिक उत्थानमा निकै सक्रिय देखिन्छ । जिल्ला स्तरीय र राष्ट्रियस्तरका दशजना साहित्यिक व्यक्तित्वलाई सम्मान गरेको त्रिवेणी साहित्य परिषद्ले साहित्यिक कोषको स्थापना गरी कृष्णजङ्ग डम्बरजङ्ग पुरस्कारद्वारा स्रष्टा सम्मान गरेको हो । जिल्लाकै सबैभन्दा पहिलो वैधानिक रूपमा स्थापना भएको यस संस्थाले सुरूका वर्षहरूमा जस्तो काम पछिल्ला वर्षमा गरेको देखिन्न । संस्था स्थापना हुँदाको तदर्थ समिति हालसम्म पनि परिवर्तन नहुनु मुख पत्र 'त्रिवेणी' को एक अङ्क मात्र प्रकाशित हुनु, संस्थाको दर्ता नवीकरण नगरिनु, कहि कतैबाट सहयोग र प्रोत्साहन नपाउनु यस संस्थाका कमजोर पक्ष हुन् ।

नवलपरासी जिल्लामा दर्ता नभए पनि सक्रिय रहेका साहित्य सङ्घसंस्थाहरू आठ वटा छन् । यसमा समस्मृति साहित्य सेवा समिति, अमित स्मृति साहित्यिक युवा समूह, लक्ष्मी स्मृति साहित्य समाज, आदर्श साहित्य समाज, मञ्जरी साहित्य संगम, मध्यबिन्दु साहित्य समाज र साहित्य कुञ्ज रहेका छन् ।

समस्मृति साहित्य सेवा समितिले स्व. बालकृष्ण समको ८६औं जन्मजयन्तीको अवसरमा वृहत् कविगोष्ठी कार्यक्रम गरेपछि यो संस्था निष्कृय भयो । यसले अन्य कुनै गतिविधि गर्न सकेन । अमित स्मृति साहित्यिक युवा समूहले छवटा कृति र दुईवटा भित्ते र हवाई पत्रिका प्रकाशन गर्नुका साथै साहित्यिक प्रतियोगितात्मक कार्यक्रम गरेको छ । लक्ष्मी स्मृति साहित्य सेवा समाज दर्ता नभएका संस्थाहरूमा सबैभन्दा बढी साहित्यिक गतिविधिमा सक्रिय रहेको संस्था हो । यसले पाँचवटा कृति प्रकाशन, तेह्र जना साहित्यिक ब्यक्तित्वको अभिनन्दनका साथै प्रत्येक वर्ष लक्ष्मी जयन्तीका अवसरमा साहित्यिक कार्यक्रम गर्दै आएको छ । यस संस्थाले संस्था दर्ता र आर्थिक साहित्यिक कोषको स्थापना गर्ने आफ्ना भावी योजनालाई सक्रियतापूर्वक अगाडि बढाउन खोजेको देखिन्छ । आदर्श साहित्य समाजले केही साहित्यिक गतिविधिका साथै आफ्नो मुखपत्रको रूपमा 'आदर्श राष्ट्रिय विविध' नामक पत्रिकाको प्रकाशनलाई निरन्तरता दिएको छ । यस संस्थाले एउटा कृति प्रकाशन र दुई जना ब्यक्तित्वलाई सम्मान गरेको छ । मञ्जरी साहित्य सङ्गम र मध्यबिन्दु साहित्य समाज क्याम्पसस्तरमा पढ्ने विद्यार्थीहरूले स्थापना गरेको साहित्यिक संस्था हो । यी दुबै संस्थाहरू क्रमशः दिब्यज्योति बहुमुखी क्याम्पस, चिसापानी र मध्यबिन्दु बहुमुखी क्याम्पस, कावासोतीमा स्थापना भएका हुन् । क्याम्पस तहमा पढ्ने विद्यार्थीहरूको सिर्जनात्मक क्षमतालाई साहित्यमा लगाउँदै साहित्यिक श्रीवृद्धि गर्ने कुशल साहित्यिक स्रष्टा जन्माउने उद्देश्यले 'नलेख्नेले लेखून्, लेख्नेले अझ राम्रो लेखून' भन्दै साहित्यिक गतिविधिमा सक्रिय छन् । यसैगरी यस जिल्लाको अर्को संस्था नवलपरासी साहित्य समाजले 'पलेटीमा गजल २०६६' नामक राष्ट्रियस्तरको गजल वाचन कार्यक्रम गरेर साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण काम गरेको छ । अन्य साहित्यिक सङ्घसंस्थासँग समन्वय गरी विभिन्न साहित्यिक ब्यक्तित्वहरूको जन्म जयन्तीमा साहित्यिक कार्यक्रमको आयोजना पनि यस संस्थाबाट भएको पाइन्छ । त्यसैगरी साहित्य कुञ्ज नवलपरासीले गजल लेखन प्रशिक्षणका साथै मोती जयन्ती र भानु जयन्तीको अवसरमा २०६६ सालमा कविता वाचन प्रतियोगिता कार्यक्रम सम्पन्न गरेको छ ।

अन्य उद्देश्यले खोले पनि साहित्यिक कार्यक्रममा समेत आफ्नो सक्रियता देखाउने संस्थाहरूमा विजय विकास स्रोत केन्द्र, अफिसर्स क्लब, थारू कल्याण कारिणीसभा, विजय एफ.एम., मध्यबिन्दु एफ.एम. र कर्मचारी मिलन केन्द्र रहेका छन् । यी संस्थाहरूले विभिन्न साहित्यिक कार्यक्रमका साथै साहित्यिक ब्यक्तित्वलाई अभिनन्दन तथा सम्मान, साहित्यिक कृति प्रकाशन गरेका छन् । रेडियोका

माध्यमबाट साहित्यिक कार्यक्रमहरू प्रसारण गरी नवलपरासीको साहित्यलाई थप ऊर्जा प्रदान गर्नमा यहाँका एफ.एम. रेडियोहरूको महत्त्वपूर्ण भूमिका छ ।

नवलपरासीको साहित्यिक उत्थानमा यस जिल्लाका साहित्यिक पत्रपत्रिकाहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । समाजलाई चेतनाको स्वर दिन साहित्यिक दृष्टिले प्रकाशित पत्रपत्रिकाहरूको उत्साहजनक भूमिका रहेको छ । नवलपरासीबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूमा **नयाँ कदम, त्रिवेणी, लालीगुराँस, सौदामिनी, देवचुली, हिमायती, इन्द्रधनुष, इन्दु, मिर्मिरे, सिर्जनाका फूलहरू, मञ्जरी, आदर्श, प्रसून, सम्मिश्रण, धरा र भावाञ्जलि** प्रमुख छन् । यी प्रकाशित साहित्यिक पत्रिकाहरू मासिक र द्वैमासिक पत्रिकाको रूपमा प्रकाशित भएको पाइन्छ । हाल **नयाँ कदम, त्रिवेणी, सौदामिनी, देवचुली, इन्द्रधनुष, इन्दु, मिर्मिरे र प्रसून** जस्ता पत्रिकाको प्रकाशन बन्द भैसकेको छ भने अन्य बाँकी पत्रिकाहरूले पनि आफ्नो अङ्कहरूलाई नियमित रूपमा प्रकाशन गर्न नसकेकोले यस जिल्लाबाट नियमित रूपमा प्रकाशित हुने सबल साहित्यिक पत्रिकाको अभाव खड्किएको देखिन्छ ।

नवलपरासी जिल्लाको साहित्य सिर्जना परम्परामा धेरै स्रष्टा र तिनका कृतिहरूले यस धर्तीलाई साहित्यिक ऊर्जा प्रदान गरेका छन् । यहाँ महाकाव्यदेखि मुक्तक र हाइकू सङ्ग्रहसम्म प्रकाशित भएका छन् । स्व. रामनाथ खनालको 'पाण्डु' र 'प्रजातन्त्रोदय' तथा सदानन्द अभागीको 'तीन युग एक कथा' र 'अग्निज्वाला' महाकाव्यहरू यस जिल्लाका उत्कृष्ट साहित्यिक कृतिहरू हुन् । कवितासङ्ग्रहका क्षेत्रमा गोविन्दराज विनोदी, कृष्णादेवी शर्मा श्रेष्ठ, कृष्णा कंडेल, बाबुराम लामिछाने आदिको महत्त्वपूर्ण योगदान रहेको छ । गजल साहित्यमा नवलपरासी ४० दशकबाट मात्र प्रवेश गरेको हो । नवलपरासीका गजल स्रष्टा खगेन्द्र बस्याल, गोविन्दराज विनोदी, घनश्याम न्यौपाने प्रमुख मानिन्छन् । यस जिल्लाको गजल साहित्यलाई उचाइ प्रदान गर्न यिनीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । 'खरानी' नामक उत्कृष्ट नाट्य कृति प्रकाशन गरेर गोपी सापकोटाले यस जिल्लाको नाट्य विधालाई महत्त्वपूर्ण योगदान दिएका छन् । सिङ्गो कृति प्रकाशन नगरे पनि नवलपरासी साहित्य परिषद्का अध्यक्ष विष्णु लामिछानेले नाट्य क्षेत्रमा विभिन्न नाटक र सडक नाटक मञ्चन गरेर नवलपरासीको साहित्यलाई ऊर्जा दिने काम गरेका छन् । समालोचना र निबन्ध विधाको क्षेत्रमा त्रिवेणी साहित्य परिषद्का अध्यक्ष नारायणप्रसाद खनालले पुऱ्याएको योगदान स्तुत्य छ । त्यस्तै कथा विधामा कृष्णादेवी शर्मा श्रेष्ठ, सदानन्द अभागी तथा उपन्यास विधामा हरि बस्ताकोटी र गिरीराज गिरीले कृति प्रकाशनको माध्यमबाट नवलपरासीको साहित्यमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

यसरी नवलपरासीको साहित्यिक गतिविधिलाई सक्रियताका साथ अघि बढाउदै सिङ्गो नेपाली साहित्यिको उत्थानमा यस जिल्लाका सङ्घसंस्था, साहित्यिक पत्रपत्रिका र साहित्यिक व्यक्तित्वहरू र तिनका कृतिले पुऱ्याएको योगदान प्रशंसनीय रहेको छ ।

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

भरतपुर, चितवन

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग, चितवनका छात्र शिव पराजुलीले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको **नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कनसमिति

| नाम | हस्ताक्षर |
|---|---|
| डा. नारायणप्रसाद खनाल<br>प्राध्यापक एवम् विभागीय प्रमुख | ............................................ |
| दीननाथ शर्मा पण्डित<br>उपप्राध्यापक एवम् शोधनिर्देशक | ............................................ |
| गोविन्दराज विनोदी<br>सहप्राध्यापक एवम् बाह्यविशेषज्ञ | ............................................ |

मितिः २०६७/१२/१९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग स्नातकोत्तर (एम.ए.) तह दोस्रो वर्षका छात्र श्री शिव पराजुलीले **नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरुको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । म उहाँको यस शोधकार्यसँग पूर्णतया सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६७।१२।१०

.....................................

दीननाथ पण्डित

**उपप्राध्यापक**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**नेपाली विभाग**

**भरतपुर, चितवन**

# कृतज्ञता ज्ञापन

**नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार गरेको हुँ । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति दिनु भएकोमा नेपाली विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आफ्नो अमूल्य समय दिएर हार्दिक सहयोग गरी मलाई कुशल एवम् स्नेहयुक्त निर्देशन गर्नुहुने शोध निर्देशक आदरणीय गुरु उपप्राध्यापक दीननाथ शर्मा पण्डितप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्न आवश्यक सल्लाह-सुझाव दिनुहुने वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागका सम्पूर्ण आदरणीय गुरुजनप्रति म कृतज्ञ छु । यस्तै शोधपत्र तयारीका लागि विभिन्न पुस्तक एवम् शोधपत्रहरू उपलब्ध गराई सहयोग गर्ने सहायक प्रशासकद्वय शिवप्रसाद पोखेल र विजयराज पण्डित एवम् पुस्तकालय परिवारप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु ।

मैले शोधपत्र तयार पार्ने क्रममा हार्दिकताका साथ सहयोग गर्ने नवलपरासी जिल्लाका विभिन्न सङ्घ संस्थाका पदाधिकारी, जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरूप्रति धेरै आभारी छु। मेरो अध्ययन अनुसन्धानका लागि अनुकूल वातावरण सिर्जना गरी उचित समायोजन गर्नुहुने मेरा मातापिता माधवप्रसाद पराजुली-विष्णुमाया पराजुली तथा प्रसस्त समय दिएर अनुसन्धानमा लाग्न सहयोग गर्ने मेरी जीवन सङ्गिनी ईमा पराजुली र ज्ञानी छोरा समीर पराजुलीप्रति धन्यवाद दिन चाहन्छु । यस शोधपत्रलाई तयार गर्न सहयोग गर्ने मित्र टीका अर्याल तथा टङ्कण कार्यमा सहयोग गरिदिनुहुने दाजुभाइ विविध सेवा सेन्टर एण्ड कम्युनिकेशनका भाइ नवराज श्रेष्ठ तथा नवलपुर अफसेट प्रेसप्रति धेरै आभारी छु ।

अन्त्यमा, **नवलपरासी जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

मितिः २०६७।१२।०१



..............................................

**शिव पराजुली**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**नेपाली विभाग**

**भरतपुर, चितवन**

# विषयसूची

## परिच्छेदः एक


| | | पृष्ठ संख्या |
|---|---|---|
| **१.** | **शोधपरिचय** | **१-६** |
| | १.१. शोधपरिचय | १ |
| | १.२. समस्या कथन | २ |
| | १.३. शोधकार्यका उद्देश्यहरू | २ |
| | १.४. पूर्वकार्यको विवरण र समीक्षा | ३ |
| | १.५. शोधकार्यको औचित्य र महत्त्व | ४ |
| | १.६. शोधकार्यको सीमाङ्कन | ५ |
| | १.७. सामग्री सङ्कलन | ५ |
| | १.८. शोधविधि | ५ |
| | १.९. शोधपत्रको रूपरेखा | ६ |


## परिच्छेदः दुई


| | | |
|---|---|---|
| **२.** | **नवलपरासीको साहित्यिक रूपरेखा** | **७-१६** |
| | २.१. नवलपरासी जिल्लाको परिचय | ७ |
| | २.१.१. नवलपरासी जिल्लाको भौगोलिक स्थिति, नामकरण र हावापानी | ७ |
| | २.१.२. जातजाति, धर्म, संस्कृति, भाषाभाषीको अवस्था | ८ |
| | २.१.३. जनसङ्ख्या शिक्षा र स्वास्थ्य स्थिति | ९ |
| | २.१.४. राजनैतिक तथा आर्थिक अवस्था | ९ |
| | २.१.५. नवलपरासी जिल्लाका मन्दिर र तीर्थ स्थलहरू | १० |
| | २.२. नवलपरासीको साहित्य सिर्जना परम्परा र पृष्ठभूमि | १२ |
| | २.२.१. नवलपरासी जिल्लाको साहित्यको थालनी | १२ |
| | २.२.२. नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि | १३ |
| | २.३. निष्कर्ष | १६ |

## परिच्छेदः तीन


| | | |
|---|---|---|
| **३.** | **साहित्यिक सङ्घ संस्थाहरूको अध्ययन** | **१७-८६** |
| ३.१. | विशुद्ध साहित्यिक सङ्घ-संस्थाहरू | १७ |
| ३.१.१. | दर्ता भएका साहित्यिक सङ्घ-संस्थाहरू | १७ |
| ३.१.१.१. | त्रिवेणी साहित्य परिषद् | १७ |
| ३.१.१.२. | लालीगुराँस साहित्य कला प्रतिष्ठान | २५ |
| ३.१.१.३. | नवलपरासी साहित्य परिषद् | २६ |
| ३.१.१.४. | परासी नाट्य समाज | ३४ |
| ३.१.१.५. | जागरण साँस्कृतिक नाट्य समूह | ३७ |
| ३.१.१.६. | मध्यबिन्दु प्रज्ञा प्रतिष्ठान, नवलपरासी | ३९ |
| ३.१.१.७. | मगरभाषाका आदिकवि स्व.रेखबहादुर सारू मगर साहित्य प्रतिष्ठान | ४२ |
| ३.१.१.८. | प्रेमा वाङ्मय प्रतिष्ठान | ४५ |
| ३.१.१.९. | नारी साहित्य समाज | ४८ |
| ३.१.२. | दर्ता नभए पनि सक्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू | ५१ |
| ३.१.२.१. | समस्मृति साहित्य सेवा समिति | ५१ |
| ३.१.२.२. | अमितस्मृति साहित्यिक युवा समूह | ५२ |
| ३.१.२.३. | लक्ष्मीस्मृति साहित्य समाज | ५६ |
| ३.१.२.४. | आदर्श साहित्य समाज | ६१ |
| ३.१.२.५. | मञ्जरी साहित्य सङ्गम | ६५ |
| ३.१.२.६. | मध्यबिन्दु साहित्यिक समाज | ६८ |
| ३.१.२.७. | नवलपरासी साहित्य समाज | ७१ |
| ३.१.२.८. | साहित्य कुञ्ज नवलपरासी | ७४ |
| ३.२. | साहित्येतर सङ्घ-संस्थाका साहित्यिक कार्यहरू | ७६ |
| ३.२.१. | विजय विकास स्रोत केन्द्र | ७६ |
| ३.२.२. | अफिसर्स क्लब, नवलपरासी | ७८ |
| ३.२.३. | थारू कल्याणकारी सभा | ८० |
| ३.२.४. | विजय एफ.एम. | ८१ |
| ३.२.५. | मध्यबिन्दु एफ.एम. | ८२ |
| ३.२.६. | कर्मचारी मिलन केन्द्र | ८३ |

३.३. नवलपरासी जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरू ८४
३.३.१. पृष्ठभूमि उठान ८४
३.३.२. नयाँ कदम ८५
३.३.३. त्रिवेणी ८५
३.३.४. लालीगुराँस ८६
३.३.५. सौदामिनी ८७
३.३.६. देवचुली ८८
३.३.७. हिमायती ८९
३.३.८. इन्द्रधनुष ९०
३.३.९. इन्दु ९०
३.३.१०.मिर्मिरे ९१
३.३.११. सिर्जनाका फूलहरू ९१
३.३.१२. मञ्जरी ९२
३.३.१३. आदर्श ९२
३.३.१४. प्रसून ९३
३.३.१५ सम्मिश्रण ९४
३.३.१६ धरा ९४
३.३.१७. भावाञ्जलि ९५
३.४. निष्कर्ष ९६

## परिच्छेदः चार

**४. नवलपरासी जिल्लाका प्रमुख प्रतिभाहरू र तिनका प्रमुख कृतिहरूको सामान्य परिचय ९७-१२६**
४.१. नवलपरासीका प्रमुख कवि र काव्यको परिचय ९७
४.१.१. महाकाव्यकार र महाकाव्य ९७
४.१.१.१. रामनाथ खनाल र उनका महाकाव्यहरू ९७
क) प्रजातन्त्रोदय महाकाव्य ९८
ख) पाण्डु महाकाव्य ९८
४.१.१.२ सदानन्द अभागी र उनका महाकाव्यहरू ९९
क) तीन युगः एक कथा महाकाव्य १००
ख) अग्निज्वाला महाकाव्य १००

४.१.२. खण्डकाव्य र खण्डकाव्यकारहरू १०१
४.१.२.१. केशवराज शर्मा डुम्रे र उनको नारी लघुकाव्य १०२
४.१.२.२. केदारनाथ उपाध्याय र उनको संसारदेखि लाग्छ सारै उराठ काव्य १०२
४.१.२.३. कवि सदानन्द अभागी र उनको जीवन लीला खण्डकाव्य १०३
४.१.२.४. श्यामप्रसाद न्यौपाने र झाँसीकी रानी खण्डकाव्य १०४
४.१.३. कवि र कविता सङ्ग्रह १०५
४.१.३.१. कृष्ण कंडेल र उनको बुद्धका आँखामा देश कविता सङ्ग्रह १०५
४.१.३.२. गोविन्दराज विनोदी र मेरो वर्तमानता कविता सङ्ग्रह १०६
४.१.३.३. बाबुराम लामिछाने र प्रतिद्वन्द्वीको खोजी कविता सङ्ग्रह १०७
४.१.३.४. पुष्पराज कोइराला र उनको बिहानी र आकाश कविता सङ्ग्रह १०७
४.१.३.५. एकनारायण पौडेल र उनको बादलका चोटहरू कविता सङ्ग्रह १०८
४.१.३.६. सदानन्द अभागी र उनको आफ्नै व्यथाहरू कविता सङ्ग्रह १०९
४.१.३.७. भूपेन्द्र शर्मा भट्टराई र उनको रित्तो गिलास र अनारका आँखाहरू कविता सङ्ग्रह १०९
४.१.३.८. गोविन्दराज विनोदी र उनको अविश्रान्त कविता सङ्ग्रह ११०
४.१.३.९. चेतनारायण भूसाल र उनको खण्डहर कविता सङ्ग्रह १११
४.१.३.१०. कृष्णदेवी शर्मा (श्रेष्ठ) र उनको सृष्टि सौगात कविता सङ्ग्रह ११२
४.१.३.११. लोकनाथ खरेल र उनको अक्षरयात्री कविता सङ्ग्रह ११२
४.१.३.१२. गोविन्दराज विनोदी र उनको हिमस्पर्श कविता सङ्ग्रह ११३
४.२. गजल र गजलकारहरू ११४
४.२.१. खगेन्द्रप्रसाद बस्याल र उनको दैलातुङ् फाँटबाट शुरूभएको यात्रा ११४
४.२.२. डा. घनश्याम न्यौपाने र उनको यो मौसम ११५
४.२.३. गोविन्दराज विनोदी र उनको निर्मम-निर्मम घडीहरू ११६
४.२.४. गोरखसागर खत्री र उनको फूल मुस्कुराउदा ११६
४.२.५. नवलपरासीका समसामयिक गजलहरू ११७
४.३. नाटक र नाटककार ११७
४.३.१. गोपी सापकोटा र उनको खरानी नाट्य सङ्ग्रह ११८
४.४. समालोचना र समालोचनाकार ११९
४.४.१. नारायणप्रसाद खनाल र उनको केही रहर केही ठहर समालोचना सङ्ग्रह ११९

४.४.२. नारायणप्रसाद खनाल र उनको समीक्षा प्रहर-प्रहरका समालोचनात्मक सङ्ग्रह १२०
४.४.३. नारायणप्रसाद खनाल र उनको समस्या पूर्ति परम्परामा लेखनाथका कविता काव्य, समालोचना १२०
४.५. कथा र कथाकारहरू १२१
४.५.१. रामहरि अधिकारी र उनको बाबुको चेलो कथा सङ्ग्रह १२२
४.५.२. सदानन्द अभागी र उनको पश्चातापको आँसु कथा सङ्ग्रह १२२
४.५.३. कृष्णादेवी शर्मा र उनको घरबेटी भाउजू कथा सङ्ग्रह १२२
४.६. उपन्यास र उपन्यासकार १२३
४.६.१. गिरीराज गिरी र उनको सफलता उपन्यास १२३
४.६.२. सदानन्द अभागी र उनको जीवन लीला उपन्यास १२४
४.६.३. हरि बस्ताकोटी र उनको विरानिएका पाइलाहरू उपन्यास १२४
४.७ नवलपरासी जिल्लाका निबन्ध र निबन्धकारहरू १२५
४.७.१. हुमकान्त पाण्डे र उनको आँसुका अक्षरहरू निबन्ध सङ्ग्रह १२५
४.७.२. नारायणप्रसाद खनाल र उनको नारायणीका लहर-लहरमा निबन्धन् १२५
४.८ निष्कर्ष १२६

## परिच्छेदः पाँच

**५. निष्कर्ष १२७-१३१**
५.१. परिचय १२७
५.२. परिच्छेदः एकको निष्कर्ष १२७
५.३. परिच्छेदः दुईको निष्कर्ष १२७
५.४. परिच्छेदः तीनको निष्कर्ष १२७
५.५. परिच्छेदः चारको निष्कर्ष १२८
५.५. समग्र निष्कर्ष एवम् उपसंहार १२८

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका शब्दहरूको सङ्क्षेपीकृत रूप यसप्रकार छ ः

| | |
|---|---|
| इ.सं. | इस्वी संवत् |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| काठ. | काठमाडौं |
| कि.मी. | किलो मिटर |
| को.ले.नि.का. | कोष तथा लेखा नियन्त्रण कार्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| त्रि.सा.प. | त्रिवेणी साहित्य परिषद् |
| न.प. | नवलपरासी |
| नि. | निर्देशक |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्रका. | प्रकाशक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| वि.सा.सू.स.स.सं. | विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था |
| सं. | संस्करण |
| सम्पा. | सम्पादक |
| स्व. | स्वर्गीय |
| सा.प्र. | साझा प्रकाशन |

# सन्दर्भसामग्रीसूची

## क) पुस्तकसूची


अभागी, सदानन्द, **जीवन लीला,** (खण्डकाव्य), (नवलपरासीः श्रीमती राधा तिवारी, अन्य, २०५९) ।

__________, **नियति** (उपन्यास), (नवलपरासीः चन्द्रप्रसाद रिजाल र अन्य, २०६१) ।

अर्याल, (पाण्डे) भगवती, **नवलपरासीको साहित्यिक गतिविधि,** (नवलपरासीः लाली गुराँस मासिक र अन्य, २०६३) ।

ओझा, रामनाथ र अन्य, **लोकसाहित्य पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** (काठः स्टुडेण्टस बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, तेस्रो सं. २०६०) ।

खनाल, नारायणप्रसाद, **केही रहरः केही ठहर,** (नवलपरासीः त्रिवेणी साहित्य परिषद्, २०४९) ।

__________, **समीक्षा प्रहर प्रहरका,** (नवलपरासीः त्रिवेणी साहित्य परिषद्, २०६१) ।

__________, **समीक्षाका आकारहरू,** (नवलपरासीः त्रिवेणी साहित्य परिषद्, २०६५) ।

__________, **समस्यापूर्ति परम्परामा लेखनाथका कविता काव्य** (नवलपरासीः त्रिवेणी साहित्य परिषद्, २०६५) ।

__________, **स्वप्न यात्रा र चिठी**, (नवलपरासीः त्रि.सा.प.न.प. २०६६) ।

खरेल, लोकनाथ, **अक्षरयात्री**, (कविता सं.) (नवलपरासीः त्रिवेणी साहित्य परिषद्, २०६६) ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** (काठमाडौंः न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०६०) ।

न्यौपाने, श्यामप्रसाद, **झाँसीकी रानी,** (खण्डकाव्य) (नवलपरासीः नवलपरासी साहित्य परिषद्, २०६३)।

पोखे्रल, बालकृष्ण,(नि.) **नेपाली वृहत् शब्दकोष,** (काठमाडौंः ने.रा.प्र.प्र., २०५२) ।

__________, **राष्ट्रभाषा**, (ललितपुरः साझा प्रकाशन नवौं सं. २०५०) ।

पौडेल, कृष्णविलास, **साहित्य सिद्धान्त**, (काठमाडौंः श्री कृष्ण प्रकाशन, २०५९) ।

पौडेल, नारायण मौसम, (सम्पा.) **नवलपरासीका समसामयिक गजल-२** (नवलपरासीः नवलपरासी साहित्य परिषद्, २०६५) ।

प्रधान, कृष्णचन्द्र सिंह, (सम्पा.) **साझा समालोचना,** (पाँचौ सं.), (ललितपुरः सा.प्र., २०५८) ।

बराल, ईश्वर र अन्य, (सम्पा.) **नेपाली साहित्य कोश,** (काठः ने.रा.प्र.प्र. २०५५) ।

बराल, कृष्णहरि र अन्य, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ललितपुर सा.प्र. दोस्रो सं. २०५८) ।

बस्याल, खगेन्द्र, **फूल मुस्कुराउँदा**, गजलसङ्ग्रह (नवलपरासीः नवलपरासी साहित्य परिषद् २०६३) ।

____________, **अविश्रान्त,** (कविता सं.), (नवलपरासीः वि.सा.सू.स.स.स., २०५८) ।

भट्टराई, भूपेन्द्र शर्मा, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति,** (नवलपरासीः श्यामप्रसाद श्रेष्ठ, २०६२) ।

____________, **रित्तो गिलास र अनारका आँखाहरू,** (नवलपरासीः नवलपरासी साहित्य परिषद् र अन्य, २०५८) ।

भूसाल, गुणराज, (सम्पा.) **नेपाली नाटक र कविता,** (काठः क्षितिज प्रकाशन, २०५८) ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौंः ने.रा.प्र.प्र., २०६०) ।

विनोदी, गोविन्दराज, **हिमस्पर्श,** (कविता सं.), (चितवनः पल्लव साहित्य प्रतिष्ठान, २०६६) ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** (वाराणसीः भूमिका प्रकाशन, २०५३) ।

**ख) शोधग्रन्थसूची**

काफ्ले, टङ्कप्रसाद, **नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतिगत विशेषता,** (अप्रकाशित स्नातकोत्तर त्रि.वि. शोधपत्र, केन्द्रीय नेपाली विभाग, किर्तिपुर २०६३) ।

पौडेल, टङ्कप्रसाद, **गोविन्दराज विनोदीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर २०६०) ।

पौडेल, दुर्गा, **साहित्यकार सदानन्द अभागीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन -** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर २०६४) ।

**ग) पत्रपत्रिका सूची**

सिंह, श्रीज्ञानु, *परासीको साहित्य यात्रा,* **स्वदेश,** साहित्यिक त्रैमासिक (वर्ष १०, **अङ्क** २, २०४५)।

खनाल, नारायणप्रसाद, *नलेखिएको इतिहास, त्रिवेणी साहित्य परिषद् नवलपरासी,* साप्ताहिक चितवन (वर्ष २, **अङ्क** २४, २०५४) ।

अभागी, सदानन्द, *सृष्टि सौगात नियाल्दा,* **जनमत** साहित्यिक मासिक, (वर्ष २६, **अङ्क** ४, २०६६) ।

सापकोटा, धर्म, *नेपाली साहित्यिक क्षेत्रमा विजय विकास स्रोत केन्द्र* **रजत स्मारिका,** (२०६०) ।

ज्ञवाली, हिमलाल, (सम्पा.) *नवलपरासीका लेखकहरूको परिचय,* **लालीगुराँस** मासिक (वर्ष २८, **अङ्क** १, २०६४) ।

## परिशिष्ट

## परिशिष्ट-१

**क. शोध प्रयोजनका लागि साहित्यिक सङ्घ संस्थाका पदाधिकारीले भर्नुपर्ने ।**

१. वास्तविक नामः

२. साहित्यिक नामः

३. साहित्य लेखन आरम्भ र साहित्य लेखनको उद्देश्यः

४. तपाईंद्वारा लिखित, प्रकाशित कृति र प्रकाशोन्मुख कृतिहरूः

५. तपाई सम्बद्ध रहेको साहित्यिक संस्थाको नाम/पृष्ठभूमि र परिचयः

६. संस्थाको स्थापना मिति, दर्ता नं., कार्य समिति शुरुदेखि वर्तमानसम्म क्रमशः

७. संस्थाको उद्देश्यः

८. नवलपरासीको साहित्य विकासमा तपाईको संस्थाको भूमिका

९. पुस्तक प्रकाशन

| क्र.सं. | कृतिको नाम | लेखक | विधा | वर्ष |
|---|---|---|---|---|

१०. पत्रपत्रिका प्रकाशन क्रमशः

११. अभिनन्दन र पुरस्कार क्रमशः

१२. भावी योजनाः

१३. यस जिल्लाको साहित्यिक विकासमा तपाईको धारणा

१४. अन्य केही सुझाव

# परिशिष्ट-२

## नवलपरासी जिल्लाको नक्सा

